# प्रगति

द्वैमासिक साहित्य संकलन

अंक : १०

सम्पादकः नारायणप्रसाद बाँसकोटा

# द्वैमासिक प्रगति


वार्षिक मूल्य १२।–　　　　एक अंकको ३।–

वर्ष २　　　　अंक ४　　　　पूर्णाङ्क १०


## उपक्रमणिका


❀ कविताः

| | | |
|---|---|---|
| –वसन्त | १ | लक्ष्मीप्रसाद देवकोटा |
| –अन्नपूर्णा | ४ | माधवप्रसाद घिमिरे |
| –ढुंगाको आत्मकथा | ६ | मातृकाप्रसाद कोइराला |
| –प्रसूता | ८ | मोहन कोइराला |

❀ कथाः

| | | |
|---|---|---|
| –उ कसको हो ? | १२ | शंकर लामिछाने |
| –टुडिखेलको आत्मकथा | २४ | केशवराजा पिँडाली |
| –आमा | ३३ | बिजय मल्ल |
| –सिन्दूरको चाहना | ४४ | कृष्णबम मल्ल |
| –नया बुहारी | ५१ | शंकरप्रसाद कोइराला |
| –भ्याउँकिरी | ५४ | गोपालचन्द्र गौतम |

❀ आलोचनाः

–प्राथमिक नेपाली साहित्यः १
इन्दिरस तथा विद्यारण्यकेसरी अर्याल ६५　　ईश्वर बराल
–भानुभक्तः एक अध्ययन　　८०　केदारनाथ नेउपाने

❀ निबन्धः


| | | |
|---|---|---|
| –म किन लेख्छु ? | ९० | जनार्दन सम |
| –नेपाल र तिब्बतको सम्बन्ध | १०३ | चित्तरंजन नेपाली |
| –भीमसेन थापाको पतन | ११५ | बाबुराम आचार्य |
| –यो घाँसी (?) | १२३ | इन्द्रसुन्दास |
| –नेपाल स्वर्ग हुन्छ वा ? | १२६ | हरिहरनाथ रेग्मी |


❀ एकांकीः


| | | |
|---|---|---|
| –प्रतिक्रिया | १३५ | गोठाले |
| –प्रभात | १४६ | गोविन्दबहादुर मानन्धर |
| –सर्टिफिकेट | १५७ | रमेश विकल |


❀ साहित्य विवेचनः


| | | |
|---|---|---|
| –छन्द रसालंकार | १६४ | मुरलीधर भट्टराई |


❀ लोकसाहित्यः


| | | |
|---|---|---|
| –हामाङ्के लोकगीत्को एक झलका | १७६ | सत्यमोहन जोशी |


❀ अनूदित साहित्यः


| | | |
|---|---|---|
| –स्वदेशी बन्धु ! | १८८ | खलील जिब्रान |
| –साहित्य | १९३ | रवीन्द्रनाथ ठाकुर |
| –'को भाग्दी' | २०४ | हेनरी सिन की वीज |
| –नगर्ने काम | २०६ | एण्टन चेखब |
| सम्पादकीय | २१७ | |

# प्रगति

## द्वैमासिक साहित्य संकलन

वर्ष २, अंक ४ ] सम्पादकः— नारायण बाँसकोटा [ पूर्णांक १०

लक्ष्मीप्रसाद देवकोटा

### वसन्त

आज स्वप्निल वस्तु बादल मात्र नभमा झल्किरेछन्
आज उत्तर मात्र केवल विउँझदा रवि टल्किरेछन्
मधुमासको खालि छ स्वप्ना शीतबिन्दु टल्किरेछन्
रोई निद्रित प्रकृतिका ती दृक्कणीझैं झल्किरेछन्
आलुबखड़ा गिखिदा छन्, मुस्कने छन् सोई सोई,
स्वप्नमा प्रियतम मिलेझैं, विरहिणीकन रोई रोई
कब्रमा पनि ज्यान रमरम बीजले पायो विचित्र
अल्पप्रयान्तप्रभाले मन्त्र मन्त्री भित्र ! भित्र
आज केले जगत् छोयो ? सूक्ष्म स्नायु चल्किरेछन्…
विश्वयुगका अन्त, आरम्भ, आज दिनमा झल्किरेछन् !

स्वर्गकी पर्वै रश्मिदेवी, सातरंगी वेश झलझल,
बादलधोंजाबाट हेरी प्रातवनमा बोल्थी कलकल,
देखें मैले उसका करमा कुसुमका सब बीज झिलमिल,
छर्थी छरबर अमृतकण झर हिउँदखँड़हर शून्य भूपर।
सोधें मैले, " को हौ बाला ? " ··· ··· लाली सुन्दर गडवाला
बोली ढल्की, स्वर्ग झल्की, ' अमृतकन्या ··· स्वर्ग–प्याला
बिन्दु बिन्दु छर्छु भूमा ··· जीवन जादूधन उज्याला
बिउझने छन् ··· रंग छिरबिर प्रकृति होलिन् पुष्प–झझमल !
मृत्युको अब राजीनामा जर्जर–दलमा किर्मिरायो
अमृतको अब चल्छ शासन, आशा जन्मी दुख हरायो।
पालुवा-सपनी अनारले, प्रथम कोपको फूल देखी,
जसको मधुमा मुक्ति–फुरफुर नाच्छे पुतली चूस लेकी,
गहुँको हरियो बाल गवँरा नाच्छ, उसको नृत्य सदा
रेशम–शैशव कल्कलाउँदो हुन्छ सुन्दर, शीत झर्दा।
दश बजेका भूत कुइरा बाफ उड्छन चीसा आली,
जागरणकी एक लहरी चल्छे चीसा कुहुक फाली,
तुषार-तपस्या सिद्धियो ? जा पी मधुको मधुर प्याला
एक चर्को, छोटो, मीठो क्षणको मूर्छानन्द ज्वाला
एक तपस्वीको उज्यालो जिन्दगी ली दिव्य नूतन
फिर ! ए मन आजाद स्वर बन्, स्वप्न–प्रस्फुट कल्प–नन्दन !
स्वर्गको छाया छ आज ··· अमरताको स्नायु–स्पन्दन
मृत्युको साम्राज्यमा छ अमरताको नृत्य–रंजन
शून्यपटमा अक्षर साना मौन–हृतमा अश्रुत–गाना
यथार्थलाई छेडछ आज स्वप्नको पर्यै फुर्दो दाना
आज सुन्दर गर्भमा छ ······ आज जीवन गर्वमा छ
जागरणको बन्द दृगको स्पर्श–ज्योति पूर्वमा छ
युगयुगौंका गत वसन्त आज वानप्रस्त जरामा

काम गर्छन् मंत्र भर्छन् ···सार भर्छन् नव सुरामा
भूत जो छ वर्तमानमा पालुवाको देख्छ विस्तार
नव्य रंगमा, भव्य ढंगमा, दिव्य अद्भूत जन्मसार !
आत्मा एउटै थवै दुगुर्छ हिउचूलीमा, वनथलीमा ?
प्रकृति–आत्मा एक व्यापक तारादेखि भू–धुलीमा ?
के त्यो सम्झी, सपनी चल्छ ? पूर्वजीवन यस थलीमा ?
भाव्दछु यो विश्वमा छ जिउँदो कोही ? सुत्ने, जाग्ने ?
भुल्ने आफ्नो गौरव एक क्षण ? फेरि सम्झी पुष्प लाग्ने ?
अनन्त मनको विपाद, आनन्द···घाम–छाया चंचलीमा।
वासन्तिक यो प्रकृतिनिद्राको छ जो गोधूली बेला।
सिर्जना या शक्ति कोही––आत्मा कोही–केही होला ?
मेरो आत्मासाथ त्यसको सहभाव गहिरो पाछु फेला
के यो हाम्रो हिउँद–जीवन नव वसन्ती प्रात ठेला ?
आज तोरी मात्र हिल्छे कोसा लाग्दी पीतवदनी
आज केवल सृष्टिधूली तुल्य घन छन् नभमा, अवनी
अर्द्ध निद्रित······खग उदासी······रमरम आशी ?
अप्सरा सिर्जन सुतेकी, लांचिला लोचन मुदेकी,
गाउँदो छु यो प्रभाती, भावभंगी––मीठा––लजिला––
प्रत्युत्तरको दिलको प्यासी।
प्रेयसी छन्, अर्द्ध चेतन······पलंगनिर यो भाव–रोदन···
दिलको रूनझुन······हीनगुंजन······
केवल कोल्टो फर्किदाको, हर्ष झुनझुन······
जागरणको लज्जा–सुन्दर कलिलो चाला प्यासदो मन
एक परेलाको चलाइलाई तत्पर जीवन–अर्पन
कलीलो लच्कीलो अधरको लालिमाको प्रथम दोलन
होशको बहिलो लहरकन
पखिनाको चर्को क्षणको अमर जीवन ?

# अन्नपूर्णा

माधवप्रसाद घिमिरे

मेरा प्यारा लमजुङ तन्हौं पोखरामा गएर
जौबारीका तल लहलहा धानका खेत हेर
मालिधनी हुन् सकल यिनकी अन्नपूर्णा हिमाली
बस्छिन् माथि ललित जसको पाइताला पखाली

— १ —

राखी छाती नरम कलिला मेघको खातमाथि
देख्छिन् स्वप्ना मधुर जब यी शैलका सेजमाथि
स्निग्धच्छाया तल दश दिशा डुल्दछन् शीतला भै
उठ्छिन् धारा तलतिर धरा शश्यले श्यामला भै

— २ —

पूर्वी हावा हरर बहँदै खेत खेल्छन् बयेली
उर्ली लाखौं लहर छविका छाल पर्छन् तरेली
वाली फुल्छन् नव कृषकका बालिका झुत्ती खेलो
सिक्छिन् बालापन ललितको देश लीला नवेली

— ३ —

चल्छन् वास्ना लहर झिनुवा धानमा फूल खेली
निद्रा ताड्छन् शरद ऋतुका रात आई जुनेली
खेतीवाला युवक अनि त्यो प्रीतिको गन्ध पाई
टाढा पाली मनितिर कतै बस्छ वंशी बजाई

— ४ —

गोलैंचीको कुसुम कलिलो कानमा स्यूरिएका
काटूँ बाली भनि अलिकता खेतमा न्यूरिएका
काढी गाला उपर पसिना गाउँछन् बैंसवाली
रटछन् हाँसीकन सुनसरी धानवाला उचाली

—५—

मियो गाड़ीकन अब खलामाथि मंसीर माश
खेतालाका युवक–युवती नाच्दछन् धाननाच
नाच्दा नाच्दै अवयव जसै गल्दछन् उर्वशीका
डुब्छन् डांडा परतिर अनी चन्द्रमा द्वादशीका

—६—

माहेन्द्रीको तटतिर कुनै एउटा भेक होओस्
चौरालिमा वसी हिमचुली देखिने लेक होओस् ।।
होऊन् मेरी चिर सहचरी सुन्दरी ग्रामबाला
सुन्गाभाका कुसुम जसका चुम्दछन् चारु गाला

—७—

भालेपोथी ढुकुर रुखमा आउलान् एक जोडी
छाया ओढीकन दुइ जना गाउँला खेत गोडी
बोकी बास्ना वन–कुसुमको साँझमा आउँला म
हाँसी खेली सकल जनको माँझमा गाउँला म

—८—

सारा बाली, सकल पशुकी स्वामिनी स्नेहपूर्णा
हुन् मेरी नै गिरि शिखरकी वासिनी अन्नपूर्णा
खोज्ला छोऊँ भनि यदि कुनै ज्योतिको यो शरीर
हूँ नेपाली युवक, त्यसकै निम्तिमा बन्छु बीर

—९—

सेरोफेरो सकल हरियो आज मेरो छ हेर
बग्छिन् वेँसीतिर गिरिनदी दूध–धारा दुहेर
'छायाक्षेत्र'–प्रथित गिरिमा ज्योतिको राशलाई
बस्छिन् मेरी प्रिय हिमचुली प्रीतिमा मुस्कुराई

—१०—

***

मातृकाप्रसाद कोइराला

# ढुँगाको आत्मकथा

घेरै घेरै पहिले जब मनुवाको मन जन्मेको थिएन,
कोकिलको कलिलो कंठको स्वर पनि खुलेको थिएन,
हाम्रो पृथ्वीलाई ज्वरो आयो — कामज्वरो आयो —
पृथ्वीको सारा शरीर थरथर थरथर काँपन थाल्यो
उसको मुटु कसैले अँठ्यायो ।

त्यस कम्पनमा, त्यसै हिल्लोलमा मेरो पिता जन्मे —
हिमालयको आभिजात्य मात्र होइन अभिमान पनि लिएर,
समस्त अलगाइ बटुली एकै ढीका, एकै पहरो, एकै चट्टान भएर
फेरि आयो अर्को तूफान, अर्को झंझा, हुरी र गर्जन लिएर,
लाखौं लपका बिजुलीका निस्के फन फन तेर्सा र सोझा भएर
त्यसपछि आयो मुसलधारे पानि, करका धारा आकाशबाट तेर्सिएर
हिमालयको मन डग्यो, छातीमा चिरा परे ।
त्यसै बेलामा मेरो जन्म भयो स्रोतस्विनीको गर्भबाट;
मनुवा जन्मिसकेको थियो, नाउँ मेरो राख्यो ढुंगा ।

—: २ :—

अहंकारीले भन्यो जड, पत्थर, चेतनाहीन, गतिहीन
म इखिएँ, नदीका स्रोतमा उछिट्टिन थालें, गुड्न पनि थालें,
गतिहीन भन्नेलाई गतिको आभास पनि दिएँ ।
जीवनको स्रोत भनौं कि नदीको स्रोत,
विभिन्न लहरको थपेडामा — आघातमा उफ्रन थालें ।
त्यस बेलासम्म मेरो रूप थिएन आकार थिएन,
बिस्तारै बिस्तारै रूप र आकार निस्कँदै आयो ।
जति म लहरको थपेडामा गुडें उत्ति नै म विकसित भएँ ।
म बाटुलिँदै गएँ, मेरो व्यक्तित्व छुट्टै हुनथाल्यो,
चोसा, चेप्टा, तेर्सा, ठाडा मेरा जाति समुदायमा,
मेरो बेग्लै व्यक्तित्व निस्क्यो ।

-: ३ :-

त्यसै बेलामा आयो यौटा भावुक मेरो रूपमा मुग्ध भएर
उसले भन्यो-यो पूजनीय छ किनभने यो प्रकृतिको पावन प्रतीक छ।
उसले मलाई श्रद्धा दियो, आदर दियो र यत्न पनि
सानो डल्लो ढुंगा सुनको सिंहासनमा बस्न पुग्यो,
देवता भएर, भावनाले चेतन अनि अनुप्राणित भएर।
अहंकारीले फेरि भन्यो—ढुंगा त होस् नि
जत्तिकुकै धाक लगाए पनि।
मैले उत्तर दिएँ—अहंकारी मानव!
तेरो यो जंगम शरीरबाट आत्मा भिकिदिएमा
तँमा र ममा के फरक छ?
भावना र आत्माको भिल्को नै के तेरो प्राण होइन?
भावनाको चेतनाले नै तँ जीवित छस् भने,
म पनि त्यसैले जीवित छु।
यदि ममा भावनाको शक्ति नभएको भए
सोमनाथ र विश्वनाथका कथा छुट्टिन्थे,
पद्मिनी र राजपूतरमणीका बलिदान खेर जान्थे
मैले चेतना लिन धेरै कष्ट सहेँ,
उफ्रेँ, पछारिएँ, गुडेँ, बगेँ,
बिजुलीका वेगवान प्रहार पनि सहेँ।
अहंकारी आज तँ ती सबैलाई व्यर्थ तुल्याउन चाहन्छस्?
श्रद्धाको त्यो धारा जसले तँलाई मानव बनायो
उसलाई उल्टो बगाउन चाहन्छस्?

:)—०—(:

मोहन कोइराला

# प्रसूता

अलिना परेलाका डीलमुनि
समुद्री छालले कसरी ड़ोऱ्याउंछ !
सुन्दर चमेलीका उन्माद वासना
मनोहर गुलाफका सिंचन प्रलोभनहरू
चरीको च्यॉंखमा बोकिने
टाढा टाढाका प्रस्फुटित प्रस्वाशहरू
अलिना परेलाका डीलमुनि
समुद्री छालले कसरी डोऱ्याउँछ !!!
भ्रमरलाई एकान्तमा नकच्चरिएर
फूलले के लुटाउँछे ?
त्यो परदेशी कोपिलाको छातिमा
उडेको पुतलीले के भन्छे ?
भ्रमरलाई एकान्तमा फुलेकी फूलले
किन लोभ्याउंछे ?

युवती छन् मोती र पन्नाका वरिपरि छन्
यहाँ जो छन्
अरू ती छन् कालिमाटी र कमेराका
कलाकारहरू,
राता नीला संगमरमरका,
सेता बदामी हस्तीहाड़का पनि ती छन्
जहाँ पुरुषत्वले विभाजन गर्दछ—
रातो पहेँलो माटोले पोतिएका
लोभिलो भित्ताको पुग्रता
तिनै युवतीका गाला हो —
तर माटोको बोक्रो भन्दा

हस्तीहाड्का टुक्रा प्रकृतिद्वारा
नै घमण्डी बन्छन,
जुन घमण्ड अपराध हो
देशको धोका हो ।

❀ ❀ ❀

गर्विला आइमाइका छाती
एवरेष्टले चुचुरा तन्काए झैं
संसारलाई हाँक दिन्छ;
जसले यात्रीको ध्यानको पर्वाह गर्दैन,
आफ्नो प्रेमीको योजना हत्या गर्दछ;
रोगले बनाएका मस्त आसव पिएका
नयाँ नयाँ घाउ र पीडाले टन्केर
बचाएका उत्तेजनात्मक स्त्रीत्वहरू-
आफैं रोगले खिन्नपुष्ट बिरामीसित
एकै कष्ट र हताशले भस्म बन्छ,
बुलबुलिन्छ ।

❀ ❀ ❀

अथवा अमरताको सिहानीमा
अनन्तौं मृत्युहरू विना रोगले
छटपटाउँछन ;
खुम्चिन थ्याउन लागेका प्रसन्न
दिन-रातमा
बाँकी बसेका पतझरहरू
भुतुक्कै मरेकाले केही भन्न राखेझैं
अशक वासन्ती मन्त्र पहाडी टुप्पामा
फ्याँकिसन्छ ।

❀ ❀ ❀

अर्कोतिर

ग्रीष्म ऋतुमा मजूरको पुच्छरले हम्कन सक्ने
फिरन्ते समुद्री कन्यासित
शरद्को समुद्री चट्टाननिर उभिएका
झगडिने निहुँ झिक्तै
स्वर्गदूत बिदा हुन्छन्, विस्मात फुरकाउँदै;
जसले हावाको पात र
माटाको जरा चिन्हेनन्,
जान्न स्वाद र पता लगाउन
रङ्ग रुचाएनन् !
ती नौनी दिलले पनि केही गुने
वैसै थियो—
अरु नीलढोडनसे बोक्सीले
ज्ञानको थैली कति भरे
त्यसको लेखो लेखो नै छ अझ।
बजारिया हाँसोले भरिएका फूलहरू
घात विश्वास गर्दै बटुवा ढुक्ने
गोसाइंकुण्डका हत्यारा वेश्याहरू
तिनीहरूले गोसाइंकुण्ड र दूधकुण्डको
मिश्रित शीतल पक्वान्नमा
भावनाको नुनीलोसम्म फेला पारे वैसै हो—
ओसिलो बसन्तले दुःखी ओठ—
उघार्ने मौका ताक्छ;
बसन्तका हजारौं फूलको बासनाहरू
हजारौं सुत्केरी ढोका उघ्रेझैं
वायुमण्डल गम्किन्छ ।
ती उन्मत्त सुत्केरीहरू निर्लज्ज दोबाटोमा
छाती र आधी तिघ्रा निकालेर
तातो घाम र बसन्तको यौवन

अंग—अंगमा मलिरहन्छन् घसिरहन्छन् ।

❀ ❀ ❀

नजीकै कतै शिशुशालामा
बच्चा–कीरा भोक प्यासले चित्कार गर्छ–
आर्की निदयी धाई डाह र प्रेमले
एउटा पीप–रगतले टन्केको चुचो
बिना हिच्किचाहट बच्चाको ओठनिर
फोरिदिन्छे ।

शंकर लामिछाने

# उ कसको हो ?

न्यायालयमा सियो राख्ने ठाउँ पनि थिएन ...... नत्र एउटा सियो खसेको भए पनि सुनिन्थ्यो होला ...... त्यस्तो भीड र शान्ति थियो। आज शायद यस शताब्दीको सबैभन्दा आश्चर्यजनक मुद्दाको सुनवाई हुने दिन थियो। ऐन तोडे बापत सरकारी वकीलले फ्रैंक कापरालाई सजाय दिइयोस् भनी जोडदार बहस गरेका थिए। उता फ्रैन्क कापराका वकीलको ...... सिफारिसमा उसलाई आफ्नो सफाइमा आधा घण्टा बोल्ने अनुमति दिइएको थियो। ......

यो फ्रैन्क कापरा को हो ?– यसलाई लिएर बडो जोडदार बहस चलेको थियो। कैयन् महीना पत्र-पत्रिकामा यसको चर्चा भएको थियो। 'डेली गजेट' -ले रविवार विशेषाङ्कमा पूरा एक पेज उसको जीवनको चर्चालाई लिएर व्यय गरेको थियो। यस खोजपूर्णलेखको शिर्षक नै थियो war between Science and conscience (ज्ञान र विज्ञानको लडाई)। आफ्नो विशेष वैज्ञानिक प्रतिनिधिको वर्णनानुसार 'डेली गजेट' लेख्दछ ...... फ्रैन्क कापराको यस केसले आज हाम्रो संस्कृति तथा दृष्टिकोणलाई नै भयानक धक्का दिएको छ। हाम्रो समाज अहिले एउटा यस्तो परिस्थितिमा पुगेको छ जहाँ समाजका व्यक्तिका हैसियतले हामी सबैको कर्तव्य हुन्छ कि हामीले आज निर्णय गरौं कि हामीलाई विज्ञान मन पर्दछ अथवा ज्ञान। यसै निर्णयमाथि भविष्यको समाजको जग बस्दछ। आजको फ्रैन्क कापरा हाम्रो भोलिको समस्या हो।

'डेली गजेट'को वैज्ञानिक प्रतिनिधि उपरोक्त विषयमा आफ्नो दलील पेश गरी लेख्दछ ... "फ्रैन्क कापरा, उसको त्यो नाम होइन जो आमा बाबुबाट दिइएको होस्; न फ्रैन्क कापरा एउटा कुनै व्यक्तिको नाम हो। फ्रैन्क कापराको शरीर फ्रैन्क भन्ने मानिसको तथा मस्तिष्क कापरा भन्नेको हो। र यो चमत्कार गरेका थिए डा॰ हडसनले। यसभन्दा अगाडि म कापरालाई चिन्हाउँ, म चाहन्छु यस अखबारका

पाठकहरूले फ्रैन्क तथा कापरा दुवैको व्यतित जीवनको बारेमा केही जान्न आवश्यक होला। सन् १९... को फरवरी महीनामा वाशिङ्गटन अस्पतालमा रात्रीको ड्यूटीमा खटिएको बेला डा० हड्सनको अगाडि एक्सिडेण्टमा परेका दुई व्यक्ति एकैसाथ ल्याइए। डा० हड्सनले देखे कि फ्रैन्कको मस्तिष्क दिग्रेछ र ऊ एक छिनमा भयानक चित्कार गर्दछ। मोटर जुध्नेअगाडि शायद जुन डरको आघात उसको मनमा पऱ्यो त्यो सन्तुलित हुनसकेन्। उता कापराको शरीर क्षत विक्षत भएको रहेछ। उसको बोल्ने शक्ति हुन्जेल उसले डाक्टरसँग यही अनुरोध गऱ्यो कि उसलाई कुनै हालतमा बचाइयोस्। ...मेरी पत्नीको निम्ति डाक्टर! उसको अन्तिम शब्द नै यही थियो रे! डा० हड्सनले मसँगको भेटमा भने .. "मैले सोचेँ, किन दुई व्यक्तिको जीवन नाश हुनुसट्टा एकको मात्रै नाश नहोस्। मैले कापराको मस्तिष्क झिकेर फ्रैन्कको टाउकोमा हालिदिएँ। कापराको मृत शरीर गाडून पठाइयो तथा भोलिपल्टको अखबारमा उसको आकस्मिक मृत्युको विवरण एक्सिडेण्ट कोलममा छापिएको थियो।"

"......विलियम फ्रैन्क : धनी व्यवसायीको एक मात्र पुत्र। उमेर पच्चीस वर्ष। रेडियोलजिष्ट। एक हप्ताअघाडि विवाह सम्पन्न भएको। उसको बाल्यावस्था निकै नै सुखमा वित्यो। खेलकूदमा अधुरा। सिनेमा हेर्न जाँदा बाटोमा दुर्घटना ग्रस्त।"

"......हेनरी कापरा पचपन्न वर्षको नामी वकील। बीस वर्षको प्र्याक्टिसमा धन इज्जतको साथै सुखको आर्जन। अफिसबाट घर फर्कन लाग्दा बाटोमा दुर्घटना–ग्रस्त।"

विलियम फ्रैन्क र हेनरी कापराको पूर्वजन्मको यस विवरण-पछि 'डेली गजेट'-को वैज्ञानिक प्रतिनिधिले फ्रैन्क कापराको जन्मको विवरण प्रस्तुत गर्दै अगाडि लेख्दछ...... "सात दिनपछि जब फ्रैन्क कापरलाई सर्वप्रथम होश आयो, जब उसले डाक्टरसँग आफ्नू चेन्जको बारेमा आश्चर्य गऱ्यो, डाक्टरले उसलाई सम्पूर्ण घटनाको जानकारी गराए। डाक्टरको भनाइअनुसार उसले जुन प्रश्न पहिलो पटक आफ्नो मुखबाट निकाल्यो त्यो थियो ...."म के त? ... ...

विलियम फ्रैन्क अथवा हेनरी कापरा ?"

"फ्रैन्कको शरीर कापराको मन·····अतः फ्रैन्क कापरा····"

"मेरो घर मेरी स्वास्नी ? ···· ···· "

······फुसफुसाहटको एक लहर त्यस कोठामा उठ्यो। सबैको आँखा जजको मेचपछाडि ढोकाको पर्दामा पर्यो। पछिल्लो लहरमा बग्दै आएझैं जज त्यस ढोकाबाट बाहिर निस्के। जजको उपस्थिति तथा मेचको आशनग्रहणपछि श्रोतागणलाई फेरि उत्सुकताको शान्तिले छित्यो।

"फ्रैन्क कापरालाई ल्याइयोस् !" जजले शान्त तथा उच्च स्वरमा भने।

त्यही आदरको मात्र जरूरत भए झैं तुरुन्त फ्रैन्क कापरालाई दुइतिरबाट घेरेर पुलिसका कर्मचारीले अपराधीको काठघरमा प्रस्तुत गरे। निधारमा कपालदेखि आँखिभौंसम्म काटिएको दाग्नो धर्को बाहेक उसको अनुहारमा अरू केही थिएन। फस्ट क्लासको सूट उसको पचीस वर्षको पठ्ठो जिउमा निकै ने सुहाउँनथ्यो; निमेषभर उसको आँखा डाँठ हडसनमाथि अड्यो; उसले मुस्कुराउने प्रयत्न गर्यो तर उसको मुखमा चिन्तामा ती हाँसोको रेखा बगेर मात्र गए, जन्म सकेनन्। उसले दृष्टि अकोंपट्टि घुमायो। दर्शक-ग्यालरीको प्रथम पङ्क्तिमा बसेका आमा-छोरी झैं दुइ नारीमाथि उसले आफ्नो दृष्टि केन्द्रित गर्यो। ती नारीको आश्वासनयुक्त मुस्टो हल्लाइमा उसलाई हाँस्न कर लाग्यो। उसका देखिएका दाँतका पंक्तिको तथा मुस्कुराहटको अर्थ ······ 'म निर्धक्क छु' ······ भन्ने लाउन कसैले पनि चुकेन होला।

प्रेस फोटोग्राफरहरूले मौका चुकेनन। सयकडौं फ्लास् लाइट झण्डै एकैसाथ चम्के। फ्रैन्क कापराको त्यो हाँसो सयकडौं ठाउँमा बन्दी भयो ······ अब भोलि बिहान चियाको टेबिलमा त्यो हाँसो लाखौं आँखामा पर्ने छन्।

सरकारी वकीलले कथा शुरु गरे ···· ···· न्यायालयको अनुमति पाए म छोटकरीमा फ्रैन्क कापरामाथि जुन दोषारोपण गरिएको छ त्यसको विवरण दिने छु !

जजले अनुमति दिए, तर दिनुभन्दा पहिले उनको दृष्टि फ्रैन्क कापरामाथि दौडियो। जजले पाए ...... उसको दृष्टिमा कौतुहल रति मात्र पनि छैन, त्यसमा बरु बेवास्ताको आभा थियो।

सरकारी वकीलले शुरु गरे ...... यस अपराधी जसको नाम फ्रेन्क कापरा अथवा विलियम फ्रेन्क अथवा हेनरी कापरा हो, यसको मुख्य अपराध आजको सभ्यसमाजमा दुराचार फैलाउन दुई ओटी स्वास्नी राख्ने र दुइ विभिन्न व्यक्तिको जायजथामाथि कब्जा गर्ने षड्यन्त्रमा डा० हडसनको साजिसमा भाग लिनु हो। यो मानिस फ्रैन्क कापराकै भनाइअनुसार ...... जसको पूर्ण विवरण त्यस फाइलमा गाभिएका छन् तथा हजूरको टेबिलमाथि नै छन्। ...... उ आफूलाई विलियम फ्रैन्कको जिउ तथा हेनरी कापराको मस्तिष्क भएको मानिस हुँ भन्ने कबूल गर्दछ जो नितान्त वाहियात र पागलपन सिवाय केही होइन तथा यसरी उसको दावा कि दुइ व्यक्तिको संयुक्त अधिकार उसलाई प्राप्त हुनु पर्छ, तथा यसरी उनको सम्पत्तिमाथि पनि उसको तथाकथित दावा एकदमै झूठो साबित हुन्छन्। सम्पत्तिको विषयमा निर्णय गर्नु अगाडि यस न्यायालयलाई मेरो एउटा प्रार्थना छ कि ती मृत दुई व्यक्ति विलियम फ्रैन्क तथा हेनरी कापराका विधवाहरु ......

"यस वाक्यमा हाम्रो विरोध छ," संयुक्त स्वरमा आमाछोरी झैं देखिएका दुई महिलाले भने ......" हामीलाई विधवा भनेर सरकारी वकिलले हाम्रो इज्जत तथा धर्म अनि प्रेमको जुन अपमान गरिरहेका छन्, त्यसमा हाम्रो विरोध छ। न्यायालयसँग हाम्रो अपील छ, कि हाम्रा पतिलाई मृत तथा हामीलाई विधवा भन्ने बोलीको प्रयोग नगरियोस् वकीललाई हामीसँग क्षमा माग्न बाध्य गराइयोस्, नत्र हामीलाई मानहानीमाथि मुद्दा दायर गर्ने अनुमति दिइयोस्। हामी न्यायालयसँग अपील ......... "

जजले अनुमति दिए तथा भने ...... "सरकारी वकीलका ती शब्दप्रयोगमाथि आइएका आपत्ति सर्वथा उचित छन्, कारण मुद्दा निर्णय नहुन्जेल उनीहरुलाई ठोकुवा गरेर केही भन्ने हक छैन। न्यायालयको अढ्र छ कि उनी माफी मागून्।"

मुखको लज्जित रक्तवर्णलाई सकेसम्म छोप्ने प्रयत्न गर्द बडा मुश्किलसाथ सरकारी वकीलले भने …… "न्यायालयको यस आदेशमा म झुक्दछु। श्रीमतीहरूसँग मेरो माफीको अपील छ।"

दिइयो भने झैं टाउको हल्लाउँदै ती दुइ महिला गर्वसित आफ्नो मेचमा बसे।

हाँसोको एक झोका आँधी झैं कोठाभरी रँगमगियो। सरकारी वकीलले आफ्नो दलील पेश गर्दै भन्न थाले …… "सम्पत्तिका विषयमा निश्चय गर्नु अगाडि यस न्यायालयलाई मेरो एउटा प्रार्थना छ कि ती भूतपूर्व व्यक्ति विलियम फ्रैन्क तथा हेनरी कापरा…"

"भूतपूर्व शब्दहरूमाथि पनि हाम्रो विरोध छ।" महिलाहरू उठेर भने।

"माफ गर्नोस्, ती व्यक्ति विलियम फ्रैन्क तथा हेनरी कापरा दुवैका श्रीमतीहरूलाई भ्रष्टाचार तथा समाजका सामु लज्जित हुने काम गर्नेलाई सहयोग एवं कुनै अज्ञात कारणवश बाध्य समेत गराउन खोजेकोले यस व्यक्ति, जो आफूलाई फ्रैन्क कापरा भन्छ,–लाई दण्ड दिने व्यवस्था गरियोस्। मेरो भन्नु यति मात्र हो।"

सरकारी वकील आफ्नो ठाउँमा बसेको आधा घण्टासम्म केही बोलेन। अनि जब बोल्ने सुरसार हुन लागेको थियो जजले आफ्नो आदेश सुनाए। …… "अरूको बयान लिनु अगाडि तथाकथित फ्रैन्क कापराको बयान होस्।"

फ्रैन्क कापराले आफ्नो टाइको गाँठो अलि खुकुलो पार्‍यो। आफ्नो वरिपरिको वातावरणमाथि दृष्टि घुमायो अनि गला साफ गर्दै भन्न थाल्यो …… "माई लर्ड! मेरो स्वास्थ ठीक नभएको हुनाले मेरो बयान जो मैले सरकारी गवाहको सामुन्ने आफ्ना वकीललाई आफूले बोलेको लेइन लगाएको छु, त्यसलाई यहाँ पढ्ने अनुमति दिइयोस् तथा ती लेखिएका शब्दलाई मैले बोलेको बयानको मान्यता दिइयोस्। न्यायालयमा मेरो यो अपील स्वीकृत होस्।"

शब्दावलीमा विस्मयको चिन्ह मेटिएर क्षीणहुँदै जसरी सिद्धिन्छ अनि तुरुन्तै त्यसको मुनि एउटा विश्राम बिन्दु जसरी अड्डछ त्यसरी

नै त्यस हलमा श्रोतागणको विस्मयात्मक स्वर लहरी पछाडि जन्म्यो र क्षीण हुँदै समाप्त भयो एउटा बिन्दुमा !! त्यस बिन्दुको काम गर्‍यो फ्रैन्क कापराको वकीलको हातको सेतो कागतले ।

पढ्ने अनुमति पाएकोमा कापरातिरबाट धन्यवाद दिँदै वकीलले शुरु गरे । उनी बिस्तार, प्रत्येक शब्दलाई शुद्ध उच्चारण गर्दै बोलिरहेका थिए…… शायद उनको आशय थियो होला कि संवाददाताले सर्टह्याण्डबाट बयानको कुनै पनि शब्द नउम्काओस् ।

"फ्रैन्क कापराको हैसियतबाट आज यस न्यायालयको सामुन्ने धर्म, ईश्वर तथा इमानलाई साक्षी राखेर जो भन्दै छु त्यसको प्रत्येक शब्द ठीक छन्, कुनै पनि बनावटी होइनन् । तर ती शब्द-भन्नु अगाडि म आफ्नै बारेमा केही बताउन चाहन्छु । समाज, नियम तथा त्यसको न्यायमा म एउटा अनौठो प्राणी भए पनि म आफ्नो निम्ति अनौठो केही पनि छैन । कमसेकम अहिले यस सरकारी साक्षी तथा मेरा वकीललाई बोलाएर सामुन्ने राखी लेखाइरहेको बेला मलाई अनौठो केही लाग्दैन, आज मेरो निम्ति मेरो व्यक्तिगत समस्याको हल भइसकेको छ, चाहे मेरा व्यक्तिगत समस्या समाजको निम्ति समस्यै रहुन् ! आज अरूहरू जसरी यस मुद्दालाई आश्चर्य मानेर यसको परिणाम जान्न उत्सुक होलान्, त्यत्तिकै मा त्यसभन्दा पनि बढी उत्सुक म त्यस घडी थिएँ जब डा० हड्सनले मलाई पुनर्जन्म दिए । त्यस बेला मेरो समस्या थियो…… म को हुँ ? के हुँ ? किन हुँ ?"

सरकारी वकीलले जुरुक्क उठेर भने—"माई लर्ड, दोषीको बयानमाथि मेरो आपत्ति छ । यस आधारमा कि ऊ आफ्ना मनगढन्त साहित्यिक कथनको भरमा न्यायालयको सामु एउटा काल्पनिक कथनको सिर्जना गरी अर्कै विषयवस्तुलाई महत्व दिन लागिरहेछ । उसले बयान दिनलागेको तथ्यसंकलन पुलीसले गरिसकेको छ । यस संग्रहित कथनमा उसको आपत्ति छैन भनी सहीछाप गरेको कागत पनि सरकारसामू टेबिलमा पेश गरिएको छ ।"

फ्रैंक काप्राको वकीलले जवाफ दियो… “माई लर्ड, अहिलेसम्म मेरा क्लाइन्टको बयानमा त्यस तथ्यको खण्डन गरिएको छैन। उ त केवल आफ्नो मनस्थितिको वर्णन गर्दैछ। तथा त्यसको आधारमा उसका पत्निको जीवन कसरी मोडियो त्यता जाँदैछ। वर्तमान घटनाका समस्याहरूसँग अवगत गर्न माई लर्ड, मलाई अनुमति दिइयोस् कि म जर्ज वेरोकदोक पढ्न पाऊँ। यस बयानको समाप्तिपछि मात्र सरकारी वकीललाई केरकार गर्ने मौका दिइयोस्।”

जजले भने—‘अगाडि पढ़।’

वकीलले शुरु गऱ्यो…… “कोर्टको अनुमति पाए म माथिको एक वाक्य दोहऱ्याई पढ्दछु। त्यस बेला मेरो समस्या थियो म को हुँ? के हुँ? र किन हुँ? डा० कुसनले मलाई मेरो परिचय दिए र त्यस नवीन अपरेशनको बारेमा सम्पूर्ण कुराको ज्ञान गराए। डाक्टरसँग मेरो अर्को प्रश्न थियो – मेरो घर? मेरो स्वास्नी? यसको पनि जवाफ डाक्टरबाट पाएँ… हुँदैन, तर जुन घर पर्दैन त्यसलाई सत्कार; अर्कीलाई तलाक देउ।… म बाहिर निस्के। सड्कमा आएँ। प्रत्येक वस्तु परिचित थियो। सड्कमा उही चहल–पहल, उही जीवन थियो। हेनरी काप्राकी पत्नीलाई फोन गरेँ तथा कास्मोपलिटन होटलमा उसँग भेट्ने कुरा भयो। होटेलको फ्लाटमा ढोका खोलेर कोठाभित्र पस्नासाथ जब मेरीले मलाई आलिङ्गन गरेर म्वायी खाई तथा टौसिएर भन्दै भनी– प्रियतम तिमी यस्तो निर्दयी कसरी भयौ? सात दिनसम्म म वियोगको नर्कमा जलिरहेँ। त्यस बेला मेरो मनमा झिमिक्क पाप भन्ने विचार आएको थियो। तर जब म सम्हालिएँ मैले पाएँ कि म उसको प्रेमालिङ्गनका प्रतिउत्तर दिइराखेको रहेछु।

खाना खाइसकेपछि जब हामी कउचमा बसी सिगरेटको धुँवामा अलमलिरहेका थियौं मैले मेरीको सुनौला रंगसँग खेल्दै प्रश्न गरे…
“मेरी पउटा घटनाले मेरो विचारधारा नै बदलिएको। आजको मेरो सोच्ने दृष्टिकोण तथा विषयमा पनि यत्ति फरक छ कि मलाई डर छ तिमी

त्यसलाई मन पराउने छैनौ। तिमी मलाई तलाक दिन्छ्यौ त ? हाम्रो विवाहको एकै महीना पनि भएको रहेन छ र त्यसै महीनाभित्र मेरो मुखबाट तलाकको कुरा सुन्दा मेरीको अनुहारमा जुन आकस्मिक परिवर्तन भयो त्यो म अहिले बयान गर्न असमर्थ छु। जे होस् ! विस्तारै मैले त्यस घटनाको बारेमा सम्पूर्ण कुरा उसलाई बताएँ। मेरीले जवाफ दिई··· "प्रियतम ! मैले तिम्रो विचारधारा र दृष्टिकोणसँग प्रेम गरेको होइन। मैले तिमीसँग प्रेम गरेको हुँ। आज कुनै भयानक बिरामीको परिणामले तिमीले यदि स्मरणशक्ति हराएको भए के म तिमीलाई त्यागेर हिड्दथें ? अथवा तिमीले कुनै टेररिष्ट ग्रुपमा साथ दिएको भए तिम्रो त्यस विचारधारामा म के तिमीलाई घृणा गर्दथें ? मैले तिमीलाई प्रेम गरेको हुँ··· तिम्रो शरीरको प्रत्येक त्यस कणलाई जसमा विचार छैन, जसमा दृष्टिकोण छैन, जसमा म छु। तिम्रो वाणी, तिम्रो स्वभाव, तिम्रो बोल्ने ढंग, तिम्रो जे पनि मेरो प्रेमको पात्र हो। यसपछि मैले अर्को प्रश्न गर्न आवश्यक ठानिन। यसरी म मेरीतिरबाट निर्धक्क भएँ। यस्तो स्मरणशक्ति हराएको भन्ने थाहा दिएर हामीले आफ्नो जीवन निर्धक्क बिताउन थाल्यौं।"

"अब म मारगरेटतिर आउँछु। मेरी म माथि उसलाई जम्मै घटनाको सत्यता बताउन सफल भएँ। उ ज्यादै नै समझदार तथा बुद्धिमान छ। उसले मलाई भनी कि हाम्रो तीस वर्षको वैवाहिक जीवनमा उसले कहिले पनि मेरो शरीरमाथि आफ्नो जबर्जस्ती अधिकार गर्न चाहिन। उसले सदा मेरो प्रेम खोजेको छ— उसको भनाइ मेरो हार्दिक प्रेम चाहिं। आज यदि म उसलाई पहिलेभन्दा नै प्रेम गर्न सके···"

"र यो कुरा गाह्रो रहेनछ। शरीरले उ मभन्दा ज्यादै बूढी छ तर विचारले र मनले उ मेरी दौंतरी हो। मेरीसँग मेरो सम्बन्ध शारीरिक हो भनी जसरी म इन्कार गर्दिन उसरी नै म भन्छु मारग-रेटसँग मानसिक सम्बन्ध मात्र छ। मेरो शरीरको तृष्णा जसरी मारगरेट मेट्न सक्दिन, उसरी नै मेरी मनको आदरलाई छुन सक्दिन। मेरो मनको निम्ति जसरी मारगरेट आवश्यक छ उसरी नै मेरी मेरो-

तिम्ति। यसपछि मैले डा० हडसनसँग यस विषयमा कुरा गरेँ। डाक्टर त यहाँसम्म मञ्जुर थिए कि हारमन्सको स्त्रीगुणयुक्त इन्जेक्शन दिएर उनी मारगरेटमा नव-यौवनको प्रादुर्भाव गर्न सक्दछन्। तर मारगरेटले मानिन। उसलाई डर थियो कि यौवनको प्राप्तिपछि समस्या झन् जटिल हुनेछन्। वासनाग्रस्त भएर कहीं उसमा द्वेष तथा डाह उत्पन्न नहोवोस् तथा मेरी र मारगरेटको विषयमा सौताको कुत्सित भावना नआओस्। उ मेरो मनका विचारकी सहगामी भएर पनि मलाई पुत्रको तथा मेरीलाई बुहारीको माया दिन चाहन्थो। यसभन्दा बाहिर हामी कहिले पनि गएनौं र हाम्रो अर्को सम्बन्ध कहिले पनि भएन।"

"रह्यो यो शंका कि मैले यस उपायबाट धन कमाउने तथा अर्काको जायजातबाट मोज गर्न विचार गरेको छु यसलाई म मान्दिन। मेरो शरीरमा पच्चीस वर्षको जवानको रगत दौडिन्छ तथा मेरो विचार परिपक्व छ। म वकालत पनि गर्न सक्दछु हेनरी क्रापरा झैं तथा आफ्नो एउटा स्थानीय पसल खोलेर स्वतन्त्ररूपले रेडियोलजीको बेपार पनि चलाउन सक्दछु विलियम फ्रैन्क झैं। मलाई धनको लोभ छैन। मलाई सुख चाहिएको छ र मेरो सुख एउटी आइमाइबाट पुग्दैन मलाई सुख दुइटी विभिन्न नारीको सहवास चाहिएको छ जो पचास तथा बीस वर्षकी होऊन्। र ती आइमाइ मेरी र मारगरेट नै हुनुपर्दछ। कारण म ती दुवैलाई अत्यन्त नै प्रेम गर्दछु।

"न्यायालयसँग मेरो अनुरोध छ कि मेरो यस केसलाई सर्वसाधारणका नियमको माध्यमबाट नहेरी तथा यसलाई विशेष दृष्टिकोणले हेरियोस्।"

फ्रैन्क क्रापराको बयानपछि पनि कोर्टमा शान्ति व्याप्त थियो। करीब एक मिनेटको उकुसमुकुसपछि कतिपय कण्ठबाट लामो निस्वाश निस्कयो। सरकारी वकीलले मौका गुमाएनन्। कोर्टको अनुमति प्राप्त गरेपछि प्रश्नहरूको ताँति लगाए।

ती यसरी छन् : ............

" यसको के सबूत छ कि तिम्रो मस्तिष्क हेनरी कापराकै हो ?"

" यसभन्दा बढ़ी सबूत के हुन सक्दछ कि तीस वर्षको वैवाहिक जीवनका कतिपय घटनाको जो पति-पत्नीका बीचमा घटेका छन् त्यो म अहिले नै भन्न सक्दछु ।"

" तर, हेनरी कापरा सिगार अत्यन्त नै पिउँदथे। तिमी आजकल चुरोट नै खाँदैनौ नि ?"

" ठीक हो। मेरो मनले सिगार खान माग्यो तर शरीरले सहन गर्न सकेन। विलियम फ्रैन्क चुरोट पनि खान्नथिए। आखिरमा दुवैको माध्यमिक बाटो अपनाएर आज म फ्रैन्क कापराको हैसियतले चुरोट खान्छु।"

" अँ! तिम्रै भनाइ अनुसार तिम्रो मस्तष्किमा वकालत गर्ने गुण हुन सक्दछ। तर तिम्रो बयानमा उल्लेख गरिएको छ कि तिमी रेडियोलजीमा पनि ज्ञान छ भन्छौ, यो कसरी ?"

" मेरो हात तर अरू इन्द्रिय त्यस क्रियात्मक क्षेत्रमा निपूण थिए। मैले अलिकति मेहनत गरेर ती ज्ञान आफ्नो मनमा समाउन सके। अझ आश्चर्य यो सुनेर लाग्ला कि म चेसको गजबको खेलाडी भएको छु। हेनरी कापरा चेस खेल्ने जान्दैनथे तर विलयम फ्रैन्क त्यसका प्राथमिक चाल क्लबको जीवन बिताएर जान्दथे।"

जीवनमा, तिम्रै भनाइ अनुसार यी दुइ कुरामा माध्यमिक बाटो अपनाउन सक्यौ भने वैवाहिक जीवनमा माध्यमिक बाटो लिने प्रयत्न किन गरेनौ ?

" यही निर त हाम्रो दृष्टिकोणमा अन्तर छ। अहिलेको समाज या त विलियम फ्रैन्कले या हेनरी कापराकै कर्मठ बनेर एकै दृष्टिकोणबाट हेर्न प्रयास गर्दछ। तर यस समस्यालाई हेर्नु

पर्दछ फ्रैन्क कापराको दृष्टिकोणले। पच्चीस वर्ष कामोत्तेजक रगत र पचपन्न वर्ष शिथिलता जब एकै शरीरमा व्याप्तछन् त्यस्ता शरीर र मनको दृष्टिकोण निश्चय नै अनौठो हो। वासनामा डुबेको बेला मेरो हातमा यति शक्ति हुन्छ कि म केही कुरोलाई ध्वंस पनि गर्न सक्छु ! साथै थाकेको बेला ममा यति शक्ति रहँदैन कि कामवासनाको विषयमा सोच्न सकूँ त्यस बेला अध्यात्म-बाद मेरो आखामा नाच्दछ ! यस परिस्थितिमा बीचको बाटो कहाँ? तिम्रो भनाइ अनुसार त मैले पैंतीस चालिसकी यस्ती आइमाइसँग विवाह गर्नु पर्थ्यो जसमा वासना ढलेको तथा धार्मिक प्रवृति बिउँझेको मनस्थिति होस्। योभन्दा हास्यस्पद त यो हुने थियो यदि तिम्रो ध्येय हाँसो उडाउनु नै हो भने— कि तिमी मलाई भन कि म अविवाहित जीवन बिताऊँ। दिउँसो र र बेहान चर्च धाऊँ तथा बेलुका र राती वेश्या गमन गरूँ ? "

यति भनेर फ्रैन्क कापराले जसै हावामा चिन्ह बनाएको थियो हाँसोको बम फुटेझैं भयो त्यस हलमा !

सरकारी वकीलले आपनो बेइज्जत ठानेछ क्यारे, भन्यो— "यो हो र भावनामा बग्नु मेरो काम होइन । तिमीमाथि जुन दोषारोपण गरिएको छ यो तिमीले पनि सकारेपछि मेरो कर्तव्य यति हो कि म चूप लागूँ र न्यायालयको न्यायलाई प्रतिक्षा गरूँ। मलाई अरू केही सोध्नु छैन। "

जुरीहरूको रायमा विचार विमर्श गर्न आधा घण्टाकोलागि विश्राम दिइयो। जज—जूरी भित्र कोठामा पसे ! त्यस आधा घण्टामा कति चोटी लफ्स लाइट मिके, कस्तो सनसनी भयो त्यो कोठ मा, त्यो भन्नु बेकार छ।

जुरीको राय र बहुमत अनुसार जजले जो निर्णय त्यस बेला गरे ती लाइनहरू यस प्रकार छन्:——

"तथा कथित फ्रैन्क कापरालाई अध्ययन गर्न विभिन्न क्षेत्र-

का विशेषज्ञहरू खटिउन तथा तीन महिनाको अवधिपछि विशेषज्ञहरूले आफ्ना संयुक्त वक्तव्य यस न्यायालयमा पेश गरून् र त्यस अवधिसम्म फ्रैन्क कापरा पुलीसको रेखदेखमा अविवाहित झैं एक्लै स्वतन्त्र जीवन निर्वाह गर्न सक्छन् तर मुद्दाको निर्णय नहुन्जेल यस क्षेत्रभन्दा बाहिर जाने अथवा मेरी फ्रैन्क र मारगरेट कापरासँग अरूको उपस्थिति न भई भेट गर्न सक्ने छैनन्।

त्यस तीन महिनाको अवधिमा न्यायालयले आशा गर्छ विशेषज्ञको त्यस कमिटीले यो छुट्याएर प्रमाणित गर्ने छन् कि फ्रैन्क कापरा कसको हो ? त्यस अवधिसम्मलाई यो मुद्दा स्थगित गरियो।"

केशवराज पिंडाली

# टुडिखेलको आत्मकथा

[ टुडिखेल काठमाण्डू शहरमा बनेको एउटा ठूलो मैदानको
नाम हो। यो जीवनी त्यही विचरो टुडिखेलको हो
जो उसले आफ्नै मुखबाट बयान गर्दछ। ]

म टुडिखेलको नामले सारामा परिचित छु। मेरो जन्म भएको करिब करिब दुइ शताब्दी जति नै भयो होला पनि। तर आधुनिक काट–छाट, रंग–रूपमा आएर अझि चित्ताकर्षक भएको त त्यस्तै सय वर्ष जति भयो होला। म यसैबेलादेखि नै काठमाण्डूको मुटु कहलिएको छु। मैले यस्तै निश्चल र शान्त रहेर नेपालको धेरै धेरै उलटफेर हेरी-सकेको छु। थरिथरिका शासनको उपभोग मैले गरेँ। कैयन राजा मन्त्री, भारदार र सर्वसाधारणहरू मैले सुमरेँ। नेपालका कैयन कैयन पुस्तालाई मैले आफ्ना छातीमा हुर्काएँ, काखमा खेलाएँ। मेरा छातीमा कत्रा कत्रा समारोहहरू भए। मेरा काखमा कति कति महत्व-पूर्ण मन्त्रणाहरू भए। कस्ता कस्ता घोषणाहरू गरिए। कतिले छातीमा आएर ताण्डव–नृत्य पनि गरे, दुइ दिने अक्कड देखाए, बिलाए पनि। तर म शताब्दीपूर्व पनि थिएँ आज पनि छु र नजाने अझ अरू कति दिन बाच्नु पर्नेछ।

सुरु सुरुको कुरा हो काठमाण्डू त्यति बाक्लिएको थिएन र न त त्यस विधि सिलिङ र बिलिङ मानिस नै तिनताक थिए। मानिसको संसर्गमा म त्यति आइसकेको थिइन। तिनताक मेरो स्वास्थ्य, उपचार आदिको पूरा पूरा ख्याल राखिन्थ्यो। मेरो सौन्दर्यमा पनि निकै वृद्धि हुँदै जान थाल्यो। मेरा चारैतिर वृक्षहरूका शीतल छाया बने। म पनि रिष्ट–पुष्ट भएँ। मानिसहरू मतिर केही आकृष्ट पनि हुन थाले। तर मलाई भने अझै पनि चित्त बुझेको थिएन। त्यो म देखि पश्चीम पट्टिको भद्दा ढिस्कोले मेरो सारा सौन्दर्यलाई नै खपलक खाइदिएको थियो। आखिर त्यो दिन पनि आयो। भद्दा ढिस्को उड्यो। त्यस ठाउँमा खडा

भयो हस्पतालको सुन्दर भवन। सौन्दर्यको चार चाँद थपियो। म खुशीले पागल भएँ, नाचेँ, गीत गाएँ। तर ती अग्ला घण्टाघर र धरहराले मलाई भने कि उनीहरूका उच्चताको अगाडि म नीच थिएँ, तल्लो थिएँ। मानिसको पैतलामनिको जमिन थिएँ। यी दुइका यस्ता ताना सुन्दा सत्त मलाई न कहिले काहीँ सारै दिक्क लाग्दथ्यो। म सुन्थेँ, सहन्थेँ। तर सहनुमा ठूलो रहस्य रहेछ पछि पो थाहा पाएँ। धरहराको दुवै बाजीको कम्मर भचाइँ र घण्टाघरको एकबाजीको जगैसम्मको उखडाइले दुवैको श्रेष्टपनको शेखी ठण्डाराम परेछ। अब हामी सबैको समानताको व्यवहार छ।

यी थिए मेरा बालककालका दिन। मैले जवानीमा टेकेको मात्र के थिएँ, जकडिएँ म पनि सामन्ती शासनको कडा जन्जीरमा। मेरो निम्ति त त्यो शासन एक किसिमले फौजी शासन नै थियो। उफ! झण्डै सय वर्ष नै फौजी अनुशासनमा रहनु पर्‍यो। जिउ विग्रेको विग्रै नै भइदियो। बिहान सूर्योदयदेखि सूर्यास्तसम्म एउटा नागरिकलाई पनि मकहाँ फड्कन दिइन्नथ्यो। प्रतिदिन लगातार पाँच छ घण्टाको पल्टनियाहरूको क्रूर प्रहारले म टाउकै उठाउन पनि पाउन्नथेँ। कवायद छुट्दथ्यो, थिलथिलो भएको जिउ यता सुमसुम्यायो, आङ मर्कायो, हाइ गर्‍यो, सुतैँसुतामा दिन बितायो, साँझ परिहाल्दथ्यो। यति मात्र कहाँ र! त्यस फौजी-शासनले उहाँ भने नागरिकहरूलाई मकहाँ आउन पनि बन्धन लगाइदिएको हुन्थ्यो, आफू भने बग्गी, मोटर, घोडा र हात्तीमा चढेर मेरा छातीको बीचमा चाहेको बेलामा दौडन्थे। मेरा शरीरभरी बग्गी, मोटरका पांग्राको लीक, घोडाका खुरको डाम, हात्तीका पाइलाका स्वाङ अनगिन्ती हुन्थे।

तपाईंलाई थाहै होला वर्षाका दिनमा मेरा अंग-प्रत्यङ्गबाट जवानी फुटेको हुन्छ। यस ऋतुमा मेरो शरीरले अत्यन्त कोमलता, मृदुता र सौन्दर्य लिएको हुन्छ। मेरो यस बेलाको सौन्दर्य देखेर नलोभिने कुन युवक र युवती होलान। मलाई यस्ता समयमा लोभिएर आएका ती युवक युवतीसँग छेडछाड पनि गर्न मन लाग्दछ। यस्ता अवस्थामा कसैले

मलाई चलाइदिन्छ र मोटर गीडाएर लीक बनाइदिन्छ, हात्ती नचाएर भ्वाङ पारिदिन्छ, घोडा कुदाएर चेहरा नै क्षतविक्षत पारिदिन्छ भने अब मलाई कति रीस उठ्लो। दुनियाँमा आफ्नो सौन्दर्य नष्ट भएको कमले मात्र हेरिरहन सक्दछ।

शनिबार एक दिन पल्टनियाहरूको सिन्की खुँदाइबाट मैले पूर्ण विश्राम पाउँदथें। त्यसदिन उमङ्गले मेरो हृदय त्यसै छचल्किन थाल्दथ्यो। मलाई कुनै बदमासी गरूँ गरूँ भने जस्तो भएर आउँथ्यो। त्यो दिन श्रावण महीनाको कुनै शनिबारको दिन थियो। पानी झम झम परिरहेको थियो। तरङ्गित र उद्वेलित भएर म उमंगकासाथ सडकको तमाशा हेरिरहेको थिएँ। घण्टाघरतिरबाट एउटी अत्यन्त नै सुन्दरी युवती छाताको आडमा मस्त हात्तीको चालमा आइरहेकी थिइन। उनलाई देखेर मेरो हृदय धक्क भयो। मैले मनमनै भन्नथालें ती सुन्दरीले सडक छाडेर मेरो छातीबाट त्यसै चाल्के हिँडिदिए कस्तो हुन्थ्यो? आएर एक क्षण मात्र मेरो काखमा बसिदिए झन कस्तो हुन्थ्यो ?? सुन्दरी मतिर आएमा मैले उनलाई चिप्ल्याएर हिलोमा लडाइदिने योजना पनि मनमनै गरें। किन हो किन ? म भन्न सक्दिन वर्षा याममा यस्तो बदमाशी मलाई बराबर गर्न मन लाग्दछ। अतः म ती सुन्दरीको स्पर्श पाउन छटपटिन थालें। लालायित भएर म उनीतिर हेर्न थालेँ। सुन्दरी पनि मेरो हृदयको पुकार सुनेर आइन आइन जस्तो भतो मेरो हृदय खुशीले उर्लन लाग्यो। यत्तिकैमा ठेउमा संगीन लिएर पालो बसेको सिपाही चिच्यायो "हे! सडकबाट" सुन्दरी त्यसै खुम्चिन, लज्जित जस्ती भइन र किनारै पुगिन सडककै बीचमा। यता म रीसले चूर भएँ। लाग्यो दौडेर गएर सिपाहीलाई चिथरूँ, बजाउँ गालामा चट्क्याङ्ग पारेर। तर म गर्न के सक्दथें र ? अनि त मलाई सारै रुन मनलाग्यो। कहिले कहीं त मलाई आत्महत्यासम्म पनि गरूँ गरूँ लाग्दथ्यो। के गर्नु! त्यो नजरबन्दीले म सारै पिल्सिसकेको थिएँ। यस्तै पीर, यस्तै ग्लानीमा शनिबारको दिन पनि बित्यो; रात पर्दथ्यो; मानिसहरूको आवागमन खुल्थ्यो। तर मेरो खिन्न मनमा कसै गरे

पनि उल्लास फेरि भरिँदैनथ्यो । चाडै नै म सुति पनि हाल्दथेँ ।

मध्यरातमा मोटरको प्रकाश र पाम्राका खिचोमिचोले म बिउ-झन्थेँ । देख्थेँ कुनै हजुर रोमान्स गर्न एक युवतिकासाथ मोटरबाट ओर्लिरहेछन । मैले स्वयं भने कसैसँग एउटा शिष्ट हास्यसम्म गर्न नपाऊनु, उल्टो मेरै छातीमा यिनीहरूको अश्लीलता । म भतक्क हुन्थेँ, दाह्रा किट्दथेँ, सुरमुरिइन्थेँ । तर बगिहाल्न त के सक्तथेँ र !

उता युवती भन्थी- "मेरो हजुर ? म सक्तै हजुरविना बाँच्न सक्तिन ।"

पुरुष रक्सीले लटपटिएको जिब्रोले जवाफ दिन्थ्यो — "मेरो रानीभन्दा पनि मलाई तिमी प्यारी छौ । म तिमीलाई बीस हजारको घर, बीस हजारको जग्गा र बीस हजारको नगद दिन्छु ।" प्यारको मूल्य थैलोले चुकाउने प्रण उ गर्दथ्यो । मलाई झन् रीस उठ्दथ्यो । दुवै जनालाई मुक्सुक्याएर लगारिदिऊँ जस्तो झोक चल्दथ्यो । विवशप-नबाट त्यसै टक्टकिन्थेँ । मुन्टो फर्काएर बस्दथेँ । मोटर फर्केको आवाज आएपछि फेरि सुत्ने कोशिश गर्दथेँ । तर निद्रा ब्यानजालो पर्दैनथ्यो । छटपटीमै रात त्यसै छर्लङ्ग हुन्थ्यो । बिहान हुन पाएको छैन फेरि सुरू भइहाल्दथ्यो पल्टनको कवाज र अनि "हे ! सडकबाट" को कर्कश आवाज । यो एक दिनको, एक महीनाको कथा होइन यो हो प्रत्येक रात, प्रत्येक दिन जस्तो घटिरहने वर्षौंको कहानी ।

प्रजातन्त्रका साथै मेरो नजरबन्दी पनि खुल्यो । म अब स्वच्छन्द छु, मलाई अब मान्छे भेट्न लालायित रहनु पर्दैन । म अब जोसँग जुन बेला पनि भेट गर्न सक्दछु । तर अफशोच छ, नागरिकहरूले मेरो कदर गरिदिएनन् । दिन प्रतिदिनको मान्छेबाट मैले उपेक्षा नै पाउँदै जान लागेको छु । बाँच्नु छ मैले अझ कति दिन तर साराको तीव्र चाहना हुँदा हुँदै पनि संरक्षणको अभावबाट मेरो सौन्दर्य नष्ट भ्रष्ट हुन लागिरहेको छ । मेरो छेउछाउका रूखहरू पनि मरिसके, नयाँ रूख लाउने र तिनको संरक्षण गर्ने कुनै प्रबन्ध छैन । नागरिकहरूले हुँदा हुँदा अब त ममा र सडकसम्ममा पनि केही भेद सम्झेनन् । मेरा छेउछाउका

छाला सारा खुम्चिइसके। म कति संकुचित भइसकें कसैलाई थाहै छैन! चन्द्रशमशेरको सालिकबाट उता लुमडीसम्म र यता बिजुली अड्डासम्म दुई दुई पगदण्डी बनेर म तीन टुक्रा हुन लागिसकें। मेरो बीच छातीबाट आज झन् बढी मात्रामा ट्याक्सी, झण्डावाल मोटर, लहरी, बस दौडन थालेका छन्। फटफटे साइकल दौड्ने त झन हिजो आज बयानै भएन। हुँदा हुँदा अब त झन् बुल्डोजर र ट्राक्टरले समेत निर्दयतापूर्वक मेरो छाती पिध्न थालेका छन्। उफ! त्यस दिन जब बुलडोजर मेरो माझ छातीबाट राक्षसका दाह्रा जस्ता पाँग्रा लिएर घचर घचर हिंडन थाल्यो मेरो पीडाको केही बयानै भएन। हात खुट्टा त्यसै तुनुक्क तानो म घोर यातनाले चटपटाउन थाले। मानिसको कुँडुलो त्यस घचर घचर दैत्यको पछि लागेको थियो। कसैले त्यस दैत्यलाई छेक्ला, सडकतिर पठाइदेला भनेर कत्रो आशाले त्यस थिचिएको अवस्थामा पनि मैले बडो मुश्कीलले मुण्टो उठाइ मान्छेतिर हेरें। तर हरे! कसैले चूँसम्म पनि गरेको हैन, दैत्यका तीखा दाह्राले उधिनिएको मेरो छातीको त्यो घाउ यो वर्षाको दिनमा पनि पुरिन सकेको छैन।

यी नागरिकहरूलाई मैले सधं काखमा लिएको, आनन्द दिएको त कुरै छाड्नुहोस्। यिनको निम्ति अझ मैले के के बलिदान गरेको छु त्यो सोध्नुहोस्। टाढ़ाको कुरा किन? नब्बे सालको भूकम्प त अहिल्यै कसैले बिर्सेको छैन होला। माघ दुई गते साढ़े दुइ बजे दिउँसो काठमाण्डू सहर स्वाह्र्याम् भएको थियो। हजारौं मानिस किचिएर मरे। जो बाँचे तिनलाई प्राण बचाउन धौ धौ पऱ्यो। त्यस बेला सारालाई मैले आफ्नो विशाल छातिमा ल्याएर निर्भयता दिई कीलो ठोकाई ठोकाई पाल टाङ्न लगाएँ। भूइँचालाले मेरो छाती पनि त थिचिएको थियो नि, तर मैले आस्थासम्म पनि नभनि सारालाई आश्रय, दिएँ सुश्रुषा गरे, स्याहारें। आज तिनकै अगाडि दैत्यले मेरो छाती विदीर्ण पारेको यी तमाशा हेर्दछन्, चूँसम्म पनि बोल्दैनन्। मान्छेको जात कृतघ्न हुँदो रहे छ।

अझ मैले अरू कति शताब्दीसम्म यस दुनियाँमा रहनु पर्ने छ। जवानीका दिनमै मेरो सौन्दर्य कसैको लापरहवाहीले गर्दा नष्ट हुन

लागिरहेँ छु । मेरो सौन्दर्यको संरक्षणबारे म कतै खासखुससम्म पनि सुन्दिन । टुँडिखेल जस्तो पट मैदानलाई बन्दोबस्त र सन्दोबस्तको कुरा के थाह, भनेर कसैले भन्ला पनि । तर सुन्नुहोस् महाशय, मलाई मन्त्रालयदेखि लिएर दरबारका कुरा, घरबारका कुरा, डकैतीका कुरा, कालो बजारका कुरा, घूसखोरीका कुरा, यहाँसम्म कि सासू- बुहारी नन्द–आमाज्यू, देउरानी–जेठानीहरूका गैह कुरा मलाई थाहा हुन्छ । संक्षिप्तमा सम्झनोस् मलाई राजकाज बद्लिनेदेखि लिएर पोइल जानेसम्मका कुरा पनि थाहा हुन्छ । जोरी खोज्नेहरूको म सात पुस्ताका पुराण भट्याइदिन सक्दछु । के सम्झेको छ मलाई ? म देश विदेश नडुलेको, नघुमेको भएर के भयो र ? मसँग ज्ञानको गरिमा, बुद्धिको सागर र अनुभवको पेटारो नै छ । यता राजनीति, साहित्य विज्ञान, दर्शनदेखि लिएर धर्मशास्त्र, कोकशास्त्रसम्म र उता सिनेमा, नाटक फुटबल, क्रिकेट, भोलिबलदेखि सोह्र कौडा, तीन पातेसम्मको पनि मलाई पूर्ण ज्ञान छ । सोध्नोस् तैंलाई यो औंधीको ज्ञान कहाँबाट भयो भनेर ? कस्ता कस्ता मान्छेलाई मैले सुमरेर आएको छु, तपाईंलाई के थाहा ? फेरि 'पुस्तका भवेत पण्डित' के यो कुरो टुँडिखेललाई मात्र लागू हुदैन र ? मान्छे दस-बाह्र वर्षको एउटा सानो अवधिमा चारओटा किताब पढेर कलेजबाट के निस्केको हुँदैन, आफूलाई विद्वानहरूको शिरोमणि सम्झन्छ भने मैले त शताब्दीदेखि अनेक शास्त्रको श्रवण गरेर आएको छु त म किन आफूलाई मान्छेभन्दा श्रेष्ठ नसम्झूँ ? यस वैज्ञानिक युगमा मान्छेले किताबका अक्षर पढ्न गह्रो भो भनेर ती किताबका टेलीहरू इच्छा गर्यो कि आफैं बोल्ने तुल्याउन लागिरहेछ । तपाईंलाई इर्ष्या लाग्ला ! मलाई यो सौभाग्य बालककालदेखि नै प्राप्त भएर आएको छ । मकहाँ किताबको रूपमा राजा बोल्दछन, मन्त्री बोल्दछन, पण्डितजी बोल्दछन, व्यवसायी बोल्दछन, सद्गृहिणी बोल्दछन, कुलटा बोल्दछन, मास्टर साहेब बोल्दछन, मूर्खाधिराज बोल्दछन, के मात्र बोल्दैनन् मकहाँ आएर ! थरीथरीका जातजातका मान्छेको फेला मैले पर्नु परेको छ । देव स्वभाव, मानव स्वभाव,

दानव स्वभाव, बाँदर स्वभाव, कुकुर स्वभाव, कति गिन्ती म गरूँ? मान्छेका प्रत्येक स्वभावबाट म परिचित छु।

कैयन् वर्षसम्म प्रत्येक वर्षको एक पटक सोह्र कौडीको छक्छकको रमझम मैले गराइन कि? जाडोको दिनमा घाम तपाएर बेकारहरूलाई तीनपाते र साइटिङ त आफ्नो काखमा राखेर म अहिले पनि निर्धक्कसँग खेलाउँदैछु। समयको गतिकासाथै हिजो आज पाश्चात्य खेलकूदतिर मेरो पनि शौख बढ्दै गइरहेको छ। त्यो तपाईंले देखिहाल्नु भएको होला।

एक दिनको कुरो। वर्षाकै दिन थियो तापनि त्यस दिन आकाश छ्याङ्ङै खुलेको थियो। त्यस दिन निकै बढी मात्रामा मानिसहरू आएका थिए। म यो सबै देखी देखी रमाइरहेको थिएँ। देखेँ पर छेउमा दुई-चार स्त्री-पुरुष सशंकित हुँदै कानेखुसी गर्नलागेको। मेरा अनुभवी आँखाले मामला चर्कै हो भनेर ताडी हाले र मेरा सम्पूर्ण श्रवण-शक्ति लाग्ने त्यतैतिर। कुरा बुझि पनि हालेँ; दुइटी सुन्दरी नेपाली युवतीहरू विक्रीका निम्ति हवाइजहाजबाट बाहिर पठाइने योजना त्यहाँ बन्न लागेको थियो। चिच्याएर पुलिसलाई डाकी पक्डाइ दिऊँ जस्तो लाग्यो। तर मेरो असमर्थता! त्यसै खुम्चिएँ। "मलाईको बरफ!" थर्मस लिएर एउटा मान्छे कराउँदै आयो। एउटा किशोरले बरफ किनेर हत्केलमा लियो। चोल झम्टा दिएर ठिटाको हातबाट बरफ उडाइदिउँ जस्तो झोक मलाई चल्यो। तपाईँलाई थाहा छैन मैले अस्तिभर्खर यस्तै बरफ बनाउने एउटा व्यापारीले आफ्नो मित्रलाई मलाईका बरफ बनाउने प्रकरण बनाएको सुनेको छु। सत्ताइस दिनसम्म ट्याम्पामा रहेर कोरा समेत परिसकेको बासी पानी, मैदा र चीनी अनि केही रंग! बस् यत्तिले भयो मलाईको बरफ। छीः छीः छीः यो पनि मान्छेले खाने कुरा हो। अनि हैजा लाग्यो रे, ज्वरो आयो रे, पित्त भयो रे, बाथ भयो रे! घृणाले त्यस बरफ बनाउनेको नाममा मैले थुकेँ।

यता मेरो छातीतिर केही चर चर दुखेको जस्तो भयो। यसो हेरेँ-एउटा जीप बड़ो वेगसित दुत्तिएर आइरहेको थियो। नजीकै तीन

चार बालकहरू खेलिरहेका थिए। ड्राइभरले मोटरलाई बसमा ल्याउन सकेन। मैले सम्झेँ बिचरा बालकहरू अब धूजा भए। वर्षाको दिन म त चिप्लो छँदै न थिएँ। मलाई तुरुन्त एउटा अकल सुझयो। इत्तर पत्त जीपको पछिल्तिरको पाङ्ग्रा स्लिप गराइदिएँ। मोटर फन्न घुमेर मोडिएर अड्यो। मलाई चोट कम लागेन, तर खुशी यही थियो कि बालकहरूलाई छाँयाले पनि भेटेन। सारा मानिसहरू त्यहीं एकत्र भए, कुलिचएको भए "राम्ररी हाँक्न पर्दैन, साराको यही आवाज थियो। "मोटर हाँक्ने सडकबाट हो, टुडिखेलबाट होइन!" —भन्ने आवाज़ कसैले निकालेन। दिक्क लागेर आयो, अनि ध्यान अर्कैतिर दिएँ।

देखें—तीस चालीस व्यक्ति एउटा मान्छेको भाषण सुन्न लागेका थिए। मैले पनि कान ठाड़ा ठाडा लगाएँ। विषय थियो—अन्तरराष्ट्रिय राजनीतिको। महाशय भन्नथाले—संसार दुइ गुटमा विभक्त छ। एकतर्फ अमेरिका, रूस र पाकिस्तान अर्कोतर्फ चीन, बेलायत र भारत। यी दुवैको बीचमा चाँडै नै लडाइ हुन्छ!! नेपाललाई दुवै गुटले आफ्नो आफ्नो गुटमा तान्ने पक्षमा छन् तर हाम्रो नीति तटस्थ रहने हुनु पर्दछ। मलाई लाग्यो-नेताजीलाई गएर उल्टो लोप्पा ख्वाइदिऊँ जस्तो! महाशयलाई रूस र चीनको अमेरिकासँग के कस्तो सम्बन्ध छ स्वयं ज्ञान छैन फेरि गर्नुपर्छ चार जनाको अगाड़ि उभिएर भाषण। सुनाउनु आफ्नै स्वास्नीलाई गएर। तर ताडीफ त यो थियो कि त्यहाँ यही भाषण सुन्न पनि झण्डै सय जना पुगिसकेका थिए। मुख बाएर अण्टसण्ट बक्न पाएको छैय श्रोता बनिन्छन र क्षणमै नेता बनिन्छ र नेतृत्व हात लाग्दछ भने यस भेडा–बाख्रा–धसानलाई के भन्ने? मलाई लाग्यो हिलोले साराको मुखैसुखमा हिलो छ्याप्दै ल्याऊँ सबैलाई टुडिखेलबाहिर र सुतूँ निश्चिन्त भएर महानिद्रामा।

"बहिनी! आजकल बिहान तोपको आवाजमा टुँडिखेल घुम्न आउने कायमै छ कि छाड़िदियौ?" कुनै नारीले कसैलाई सम्बोधन गरी सोधेको आवाज कानमा पर्‍यो

"छाडें दिदी ! धेरै भइसक्यो । यहाँ यो व्यारेक बनेदेखि त्यति सबेरै एउटी युवतीले अब निर्भय भएर टुँडिखेलको भ्रमण गर्न कहाँ सक्ने ? बेरैले आउन छाडिसके ।" कुनै युवतीको चिरपरिचित सुमधुर कण्ठबाट जवाफ निस्क्यो । "तपाईं नि दिदी ? सुनधारा नुहाउन आउँदै हुनुहुन्छ कि ?" फेरि पनि सोधिन ।

"कहाँ नुहाउन आउने बहिनी ? किस्सा उही त हो नि । त्यहाँ झन पल्टनियाँको घुइँचो कहिले हराउदैन । नुहाउने, भाँडा माझ्ने,लुगा धुने पल्टनियाहरूको ताँति चलिरहेको हुन्छ । त्यस ठाउँमा कसरी नारीले नुहाउँन सक्दछे ! अमला, विमला, कमला, सरला, साराले आउन छाडिसके ।" उनले जवाफ दिइन् ।

म धेरै दिनदेखि युवतीहरू बिहान, बिहान घुम्न नआउनाको कारण पत्ता लगाउने कोशिशमा थिएँ प्रतिदिन तोपको आवाजमा आएर आफ्ना सुकोमल चरणले मलाई बिउँझाइ दिने सद्गृहिणीहरूप्रति मेरोआत्मीयताको भाव भइसकेको छ । म तिनीहरूको श्रद्धा गर्दछु । म तिनीहरूलाई आदर गर्दछु । धेरै दिनदेखि देख्न नपाएर आज अचानक भेट्दा र अब फेरि भेट हुन पनि नसक्ने कारण सुन्दा मेरो आत्मीयता उम्लेर आयो । हृदयमा भक्कानु पर्न थाल्यो । म रोएँ, खूब रोएँ युवती गइन; मैले देखुन्जेल उनलाई नै हेरिरहेँ । नाकमा कतैबाट छ्वास्स दुर्गन्धको मुस्लो पस्यो । यसो फर्केर हेरेँ—एउटा नराधम मेरो नाकैमनि बसेर मल-त्याग गरिरहेको थियो ! घृणा र रीसले मेरो नाकमुख सबै चेप्रिए । मैले फरक्क मुण्टो बटारेँ । अनि सोचेँ आज यिनीहरूलाई खानेठाउँ, बस्नेठाउँ र मल–त्याग गर्ने ठाउँसम्मको पनि भेद छैन भने गरेँ यिनीहरूले मेरो रक्षा अनि देशको रक्षा र उन्नति । मैले चारैतिर अन्धकारै अन्धकार देखेँ । मलाई निराशाले छोपेर ल्यायो । मैले मनमनै भने मलाई यो स्वतन्त्रता के कामको भयो र ? आँखाबाट अविच्छिन्नधारा आँसु बग्न थाले । म त्यो दिन खूब रोएँ ।

विजयबहादुर मल्ल

# आमा

सहरको बाहिरी भागमा एउटा सानो बस्ती छ। त्यहाँ दुइ तीन पसलहरू छन्; चामलको, तरकारीको, चुरोट–सुपारीको तथा तिलौरीको र छुट्टै टीनले छाएको अत्यन्त होचो मासुको अर्को पसल छ बस्तीको पुछारमा।

यो एउटा अनौठो बस्ती हो, सर्वजात, सर्ववर्ग तथा सब–श्रमजीवी यहाँ पाइन्छन्। बज्रकर्मी, डकर्मी, ज्यामी, ज्यापू, कौ, कसाईं पोड़े, च्यामे इत्यादि, इत्यादि। सबैको आफआफ्नो नीजी परम्परा, सामाजिक रीतिथिती र व्यवस्था छ। बौद्धधर्म्मावलम्बी, हिन्दूधर्म्मावलम्बी, अछूत–सम्मिश्रित सबै छन्। तर अनौठा छ कसैलाई कोही विदेशी लाग्दैन। सबै आफ्नै ढंग र पेशामा लागेका छन्। फोहर, मैला ओसारेर ल्याउने च्यामे, राँगोको भारीभर कम शरीरको टुक्राटुक्रा बोकेर आउने कसाईं बाक्लो पटुकामा ज्यावल घुसारेर हिड्ने बज्रकर्मी, खर्पन तथा कोदाली काँधमा हल्लाएर हिड्ने ज्यापु, सबै नियमित रूपले आफ्आफ्ना दैनिकचर्यामा लागेको हुन्छन्। रातमा रक्सी तथा जाँड पिएर यिनीहरू सडकमा ढलमलिंदै हिंडेका देखिन्छन्; बस्तीको मध्यभागमा रहेको नासद्योको पाटीमा तिनीहरू झुम्मिरहेका हुन्छन् या रक्सीको सुरमा झगडा गरिरहेका; यात मोटो साहूको पसल सन्तिरको फलैंचामा बसेर चुरोट अथवा तमाखू खाइरहेका हुन्छन्। कुनै घरबाट आइमाइहरुको उच्च स्वर या झगड़ातगडा अथवा अपशब्द फलाकीरहेको सुनिन्छ, अथवा टाढा खेतबाट काम सिध्याएर ज्यापू तथा ज्यापूनीहरु एक हूल बत्ती बाली फर्केका हुन्छन, यो केटाकेटीहरूका बथान कल्याङर बल्याङ गरी सडकमा खलबली मच्चाइरहेका हुन्छन्। अथवा चाडबाडको दिन बाँसुरी फुकेर ज्यापूहरू आगामी पर्व मनाउन तरखर गरिरहेका हुन्छन् या साल्मीहरू बत्ती बाली गूँलामा स्वयम्भु परिक्रमा गर्न जान ढोलक बजाउन सिकिरहेका हुन्छन् या आइमाइहरू तीखो स्वरले

सिनाज्या मे··· ( रोपाइँगीत ) गाएर दिल बहलाइरहेका हुन्छन्। यो बहुतै पुरानो रिवाज यो बस्तीमा आजपर्यन्त जीवितै छ।

यही, यही बस्तीमा कुलमान, याने कुलमाँ बज्रकर्मीको घर छ तीन तले। उसकी जहान श्रीमाया र एकली छोरी ज्ञानी मैंजु यी तीन व्यक्तिको एक परिवार यही घरमा बस्दछन।

कुलमाँ बज्रकर्मी हरेक दिन सबेरै उठेर नाशःको परिक्रमा गरी स्वयम्भू जान्छ; बुद्ध भगवानको दर्शन गरेर फर्कन्छ र भात खाएर काममा जान्छ; उसको पछाडि त्यही बस्तीका एक दुइ मुराहरू ज्यामीको रूपमा निरन्तर पछिलागेका हुन्छन्। उ कति बजे घर फर्किन्छ, कसैलाई पत्तो हुँदैन। त्यस बस्तीमा उसको बानी र स्वर बहुतै कम सुनिन्छ र उसको व्यवहार यस बस्तीकोभन्दा यति पृथक छ कि भनिसक्नु छैन। तर तैपनि यो बस्तीलाई यसको ख्याल छैन। यो एक साल देखि होइन बीसौं सालदेखि यस्तै चालले चल्दै आएको छ। कुलमाँ बज्रकर्मीको चरित्र तथा व्यवहार यहाँ अलिकति पनि कसैलाई खट्कँदैन। बरु आश्चर्य त सबैलाई यस बखतमा हुन्छ कि कुनै पर्वमा कुलमाँ पनि आफ्नो पुरानो दापा लिएर यस बस्तीका नौजवानहरूको बीचमा दापा बजाउने प्रतिस्पर्धामा सामेलिन आउँछ र पसीनाले लथपथ नहुन्जेल दापा बजाउँदै रहन्छ र हँसी दिल्लगीमा सरीक हुन्छ। तर बीस वर्षको बीचमा यस्तो एकाधवार नै भएको होला।

तर यसको एकदम विपरीत उसकी जहान श्रीमाया छ। या यसो भनौं उसले आफ्नो पोइबाट हुनगएको बस्तीको क्षतिपूर्ती गरिरहेको छ। जतासुकै तपाइँ जानोस् श्रीमायाको तीखो नाके स्वर सुनिन्छ, चौंबलको मोटो साहूसँग गफ मारिरहेको या ढुंगे धारामा लुगा धोइरहने बस्तीका तरुनी बूढी आइमाइहरूसँग घरधन्दाका समस्याहरूमा अल्झिरहेकी, या धान सुकाइरहेका ज्यापूनीसँग गोलमा बसेर यताउताका बाह्रसत्ताइस कुरा गरी हाँसिरहेकी, या त घामतापी तेल घसिरहेका आइमाइलाई जिस्क्याएर ठट्टा गरिरहेकी, या तरुण युवकहरूलाई व्यंग मारेर गिज्याईरहेकी, या कसैको घरमा बिहे या यस्तै किसिमका ठूला ठूला काम परिआएको रहेछ भने सहाएतार्थ अघि स-

रिरहेकी। श्रीमाया यस बस्तीका बूढा-बुढीदेखि लिएर बच्चा-बच्ची सम्मको मनोरन्जनको, आनन्दको साधन भैं भएकी छ सबैको घरको द्वार उसको निम्ति खुला छ; यहाँसम्म कि हरेकको झगडा समेत मिलाउन उ पुग्दछे।

केही वर्ष यता उसको चालचलनमा केही परिवर्तन भएको छ। पहिलो जस्तो खालि ख्यालठट्टा गर्दै उ हिड्दिन। उसको कुराकानी तथा व्यवहारको धारा एक नयाँ दिशातिर मोडिएको छ। आजकल केटाकेटीलाई पढाउनु पर्दछ भन्ने कुरा उसको मुखैमा झुण्डिएको छ उ भन्छे ··· यो के कुरा हो कि छोरा भन्ने कुरा पाउनै पर्दछ ? के छोराको काम छोरीले दिनसक्तिन र ? तर हो, छोरीलाई पनि छोरालाई जस्तै तालीम गर्नु पर्दछ। तालिमले के हुँदैन ? दृष्टान्त स्वरूप उसकै छोरी ज्ञानीमैजु सामुन्ने छ।

अचेल उ भन्दछे मलाई छोरो नपाएकोमा कुनै अपशोच छैन। ज्ञानी मैजूले अहिले जुन रीतले पढ्दै गइरहेकी छ, यस्तै गर्दै गई भने एक दिन बाबुआमालाई पालनपोषण गर्न समर्थ हुनेछ।

यो श्रीमायामा परिवर्तन केही वर्षदेखिन आइरहेछ। ज्ञानी मैजूलाई आफ्नो बहिनीको आग्रहले स्वीटर बुन्ने स्कूलमा भर्ना गरिदिएर उसले केही पढ्न र केही सिक्न थालेपछि श्रीमायाको छोरो नपाएको असन्तुष्ट, रिक्त मनमा यो कुरा फुरेको हो। त्यस बखतदेखि उ यस कुराको यसरी प्रचार गर्दै हिँडदछे कि केही दिनमा नै ज्ञानी मैजूको पढाइको प्रगतिभन्दा यसको प्रचारमा अत्यधिक प्रगति भयो।

त्यस बेलादेखि उ कसैकहाँ गयो कि भनिहाल्छे·· छोरा-छोरीलाई पढाउन पठाउ; ज्ञानी दिउँसो पो स्कूल जान्छे, बिहान-बेलुकी त तिम्रा छोरीहरुलाई पढाइ दिने गर्ली हुन्न र ?

बाटोमा कुनै ज्यापू अथवा ज्यापुनी भेटियो भने उ भन्दथी··· तिम्रा छोरीहरुलाई गन्जी स्वीटर बुन्न सिक्न पठाउदैनौ, खालि के खेतैमा जोताएर तिनीहरुलाई बिगार्छौ ? उनीहरुले जिस्किएर यसो भन्दा कि गन्जी स्वीटर बुन्न सिकाएर मुखमा माड कसरी लाग्छ ? रिसाएर

मुण्टोवटाइ भन्दथी" हो लाटी, म्वांम्री तुन्याएर पोइको हात चटाउन पटाउनु क्या !

मासु किन्न जाँदा पसलेलाई पनि यही सुनाउदथी । उपदेशका ताँती झाड्दथी ।

केही दीनभित्रमा नै यसको क्यै असर पर्दै गयो । त्यस वस्तीका एक दुइ बालिकाहरू ज्ञानी मैजूकहाँ बुन्ने सियो लिएर दाखिल हुन थाले । बाह्रखरीको पढाइ पनि शुरु भयो । अनि त्यसपछि केही दिनमा ज्ञानी मैजूका समवयस्की तरुनी युवती-हरू पनि गन्जी स्वीटरका बुट्टाहरू सिक्न जम्मा हुन थाले । यसरी कुलमाँ वज्रकर्मीको घर गुल्जार हुनथाल्यो ।

तर कुलमाँको चर्यामा यसले कुनै बाधा उपस्थित गरेन । न त उसको कौतुहललाई नै केही वृद्धि गर्‍यो । उसको पुरानो आफ्नो चालचलन उसनै रूपले चलि नै रह्यो ।

तर श्रीमायालाई भने फुर्सत छैन । उसको निम्ति हरेक नयाँ कुरा छ, कुनै घरका ठीटाठीटीहरूले पढ्न–लेख्नमा केही उन्नति गरुन् या केही नयाँ बुन्ने बुट्टा सिकुन्, के यो नयाँ घटना होइन ? रामचाले दुनौट कण्ठ पार्‍यो, रम्भाले स्वीटर बुनी, लँतले किताब सिध्यायो, के यो प्रिय कुरा होइन ? यिनी-हरू सबैका घरमा यसको सूचना दिनु के आवश्यक छैन ? श्रीमा-या हरेककहाँ पुग्दथी, हरेकको विषयमा चर्चा गर्दथी र आफ्नो सन्तोष या असन्तोष जताएर फर्कन्थी । घरमा आएर आफ्नो कामको स्याबासी पाउन खोजेझैँ छोरीलाई सबै इतिहास सुनाउ-द्थी र फेरि हप्काउँदै भन्थी–यसरी ज्यादै मेहनत नगर्नु; ओछ्या-नमा परिस् भने तँलाई कसले स्याहार्दछ । तर ज्ञानी मैजूमा पनि उसको वातुमाझैँ केही असर पर्दैन; उ पनि आफ्नै ढंगमा चलि-रहन मन पराउँदछे ।

तर श्रीमायालाई यसको पर्वाह छ– छोरीको स्वास्थ्यको

ख्याल उसलाई छ। सबेरै साहूको पसलमा गएर उभिएर, सधैंझैं दोहऱ्याउँदै भन्छे उसको ज्ञानी मैजूलाई कुखुराको फूल, इत्यादि चाहियो। उसैसँग सल्लाह लेउ कि कुन चाहीं पदार्थ खुवाउँदाखेरि शरीर हृष्टपुष्ट र बलियो हुन्छ। कसैले जिस्काउँदै उसलाई केही भन्यो भने उ यसरी जवाफ दिन्थी कि मानो यो अत्यन्त गम्भीर विषयमा उ छलफल गर्न लागेकी छ। जो यसरी परिश्रम गरेर पढ्न लागिरहेछ के उसको निम्ति आफूले नखाएर पनि हेरविचार गर्नु पर्दैन? तर उसलाई अलिकति खेद छ कि उसको पोइ कुलमाँ यसमा कुनै पनि दिलचस्पी लिंदैन। मानो यत्रो ठूलो कुरा उसको निमित्त मामुली भइरहेछ। छोरीको यत्रो करामत उसको निमित्त थप्पै महत्वको भएको छैन; पत्थर समान उ टुलु-टुलु हेरिरहन्छ, एक वचन छोरीलाई मायाले पनि सम्बोधन गरेको छ कि छैन उसलाई यसमा पनि संका लाग्दछ। एकपल्ट जोइपोइमा ठकठाकठुकठुक पनि परिसकेको छ– तर कुलमाँको मौन मुद्रा अविलचित रहन्छ। कोही वास्ता गरोस् अथवा नगरोस् उसलाई के? उनले आफूले सकुन्जेल स्याहार सुहार गरी हालेकी छः अगाडि पनि गर्दै जाने नै छ।

यही बीचमा एउटा नया कुरा घटछ। श्रीमाया सल्लाह-साउती गर्न गएझैं हरेक घरघरमा पुग्छे र भन्छे– ज्ञानी चाहन्छे कि नर्स बनूँ– के यो विचार ठीक छैन? मैले न भनि दिए कि तेरो इच्छा भए पढ् के यो पनि ठीक छैन? डाक्टरनी जस्तै हुन्छेरे! मैले सोधेँ– तँलाई कसले पढाइदिन्छ? एउटा माष्टरसँग बन्दोवस्त मिलाएको छ रे, मैले पनि हुन्छ भनिदिएँ। कसो ठीक भएन न?

सबै ठाउँमा बतासिंदै घुमेर सल्लाह दिएर उ घर फर्कंदा एउटा बीस एक्काइस वर्षको दुबलो पातलो गहुँगोरो ठिटोलाई ज्ञानी मैजूकहाँ बसिरहेको उसले देख्यो। यही माष्टर हो!! उसले ठम्याई र आफ्नो मनको कौतुहलपूर्ण भावनाहरूलाई रोक्न नसकेर भनिहाली– साँची ज्ञानूले डाक्टरी पढ्न सक्छे र?

यसको जवाफमा मास्टर साहेबले जसरी भन्यो त्यसले उसलाई संतुष्ट परिदियो। सबैले पढ्न सक्दछन् भने उसकी छोरीले किन पढ्न सकिन्नन ? तर डाक्टरनी होइन नर्स। यसको निमित्त उसमा त्याकत पूरा छ खाली अंग्रेजी अलिकति बढ्ता पढ्नु पर्दछ ।

तर उसका अरू प्रश्नहरू यस्ता अप्रासंगीक र खालि छोरीको बयानमात्रै थिए कि ज्ञानी मैंजूले आखिर लाजले मुख रातो पार्दै असन्तुष्ट भएर आमालाई भनिहालि कि भइहाल्यो आमा तपाइँ माथि जानुहोस् ।

तर श्रीमायाको धीत मरेको थिएन– के छोरीको बयान गर्नु अपराध हुन्छ र ? असभ्यता हो र ? नैपनि छोरीको मन राख्दै यति त भनेर नै निस्कीन् कि हेर्नोस् राम्ररी पढाइ दिनुहोला; हामी गरीब छौं नैपनि सकेको सेवा गर्नेछौं।

अब ज्ञानी मैंजूलाई पढाउन दिनदिनै मास्टर साहेब घरमा आउँछ । नर्ससम्बन्धी हरेक नया कुरा, हरेक शरीर सम्बन्धी तसवीर, इन्जेक्शनका सिरिन्ज, ट्यूब, आदिका बयान श्रीमायाले छोरीले पढेको सुन्दासुन्दै कण्ठस्थ पारिसकेको छ। एक दुइ रोगका लक्षणहरू पनि थाहापाइसकेकी छ। अब झारफूकमा उसको विश्वास कम हुँदै जानथालेको छ। यसको प्रचार पनि थोरै दिनमा नै उसले गरिहाली। जहाँ गयो यसैको चर्चा गरेर हिड्दथी। साबु–पसलमा सफाइको पाठ पढाउदथी; छोराछोरीका आमालाई तन्दुरुस्त हुन सिकाउँथी र सबैलाई रक्सीको खराबीको बयान गरेर हिड्दथी ! र यसको साथसाथै उ आफ्नो मनको गुह्य कुरा पनि पोख्तै हिड्दथी । उसकी ज्ञानी मैंजू छोराभन्दा पनि कमाल भएर निस्की,–यसबाट उ कति सन्तुष्ट छ, कति प्रशन्न छ । अब उसलाई बुढेसकालको के भय ? छोरो भएन भन्ने के को पीर ? तर यस प्रभाव कुलमोमा

किन्चित मात्र पनि परेको छैन मानों उसलाई यसमा दिलचस्पी लिनुको केही प्रयोजन नै छैन। बिहान उठनु, स्वयम्भू जानु, भात खानु र काममा गइहाल्नु– कहिले यसो सोध्नुसम्म पनि छैन कि ज्ञानि के गर्दछे ? खालि दिनभरीको ज्याला ल्यायो, मूक भएर बस्यो ट्वाल्ल ट्वालती हेर्यो । श्रीमायाले पनि पोइको यस उपेक्षालाई कोट्याउन छाडि सकेकी थीइ।

एक दिन ज्ञानी मैंजू सबेरै बाहिर निस्केकी रात परिसक्यो घर फर्किन। सँधैं फर्कने टायम नाघेर एकदम अन्धकार रात परिसक्यो तैपनि फर्किन; श्रीमायालाई छटपटि भयो, बाहिर निस्केर खोज्ने मन गरि तर कहाँ गएर खोज्ने! मन मारेर त्यसै बसी। एक छिनपछि केही नलागेर सुतेको पोइलाई उठाउँदै भनी– ज्ञानी आज कहाँ गइछ अफ फर्केकी छैन, रात बढ्दै गयो, तोप पनि पड्क्यो, बस्ती सूनसान भयो तैपनि ज्ञानी फर्केकी छैन। यस बेटायममा उ बाहिर निस्कन सक्दिनथी! आशंका र भयले छर्लङ्ग रात काटी।

झिसमिसे उज्यालोमै श्रीमाया माष्टरको घर पुगी, उसको पोइ उभन्दा अगाडिनै त्यहाँ आएर गइसकेको रहेछ। माष्टर पनि उसैको साथमा बाहिर निस्किसकेको रहेछ। अस्पतालमा गई, त्यहाँ ज्ञानू हिजो आएकी नै रहिनछ; पाटन दौडी आफ्नै बहिनी कहाँ, त्यहाँ पनि पत्तो लागेन; माइत र यत्र तत्र घुम्दै साँझमा घर फर्की। पोइ कोठामा थुचुक्क बसिरहेको रहेछ, चिम्लेको आँखाबाट एकदम पसीना, आँसुको धर्को छुटेको छ उसले सहन सकीन; मक्कानो फुटि हाल्यो, हिक्का लिएर रुन लागी। उसको पोइ रात परिसकेपछि घर फर्कदा कराउँदै ढलमलिदै आइरहेको थियो रे। कैयन वर्षपछि आज उ रक्सी पिएर आएछ।

आफ्ना इष्टमित्र, चिनजान र सम्बन्धीहरू कहाँ भोलिपल्ट दिनभरी खोज्दा पनि ज्ञानुको केही अत्तोपत्तो लागेन। भक्तपूर फुपूकहाँ पनि हेर्न पठाई त्यहाँ पनि उसको केही पत्तो लागेन।

कुलमाँ काममा गएन । दिनभरी यसै बस्तीमा घुमिरहेको थियो । दापा बजाउने मण्डलीमा धेरै बेरसम्म दापा बजाउँदै थियो । रक्सी धोकेर बेसूरमा हुँदा उसको त्यहाँ एक जनासँग झगडा पनि भएछ ।

तर श्रीमाया घरको आँगनबाट बाहिर निस्किन । यो शंका निश्चित भइसकेको थियो कि ज्ञानी मैजू कतै पोइल गई आफ्नो केही गहना लिएर ? तर कहाँ ? को सित ? उ पोइल गएकी हो– यसको केही खबर छैन– यसभन्दा अर्को केही कुरा पनि हुन सक्दछ ? कसैले उसलाई इबी गरेर मारि दिएको भए ? गहना देखेर लुटेको भए ?

यी सबै शंकाहरू उठ्थे, श्रीमाया कहालिन्थी, आकुल व्याकुल भएर रुन्थी, आफूलाई संमाल्थी ; फेरि लाजले संकुचित हुन्थी कि ज्ञानीले पनि सोध्दै नसोधिकन पोइल गइदिई ! कसरी अरूका अगाडि अब उभिन जानू ! बस्तीमा सबैलाई यो कुरा थाहा भयो, कोही कोही श्रीमायालाई सम्झाउन आइपुगे । ज्ञानी मैजूले सिकाइ राखेका उसका सँगिनीहरू पनि सुटुक्क आएर आश्वाशन दिए । तर श्रीमाया आफैमा अलमलिरहेकी थिई कि उसको जीवनमा यो के भएको हो ? उसले ज्ञानीबाट यस्तै आशा गरेको थिई र ? उसलाई आफू यसरी रित्तिएको जस्तो लाग्यो कि उसको अब जीवनमा केही काम बाँकी छैन, क्यै बाकी नै छैन ।

त्यस दिनदेखि उ बाहिर निस्किन । कुलमाँ दुइ तीन दिन बस्तीमा रातरातभर रक्सी पिएर दापा पिटेर होहल्ला मचाएर मस्त थियो र अनि त्यसपछि यस्तो मूक भयो कि कसैसँग बोल्दै बोलेन र नियमितरूपले काममा जान लाग्यो ।

तर सात दिनपछि ज्ञानी मैजू घर फर्कि रात ढल्कि सके पछि । ज्ञानी खास्टोले मुख राम्ररी ढाकेर घरको ढोकासम्म आएकी थिई र ढोका बच्याइने विक्तिकै ढोका पनि उघ्रेको थियो । छिडी-

मा उभिएर एकछिन उसले लामो सास फेरी । उसलाई बस्तीमा कसैले देखेको थिएन । तर घरमाथि उक्लन उसको साहस भएन । उ घरभित्र पस्ने नै निश्चय गरेर आएकी थिई— तर उसको मन अगाडि बढ्न सकेन, भयले मुटु हल्लन्छ । कुन अनुहारले आमालाई हेर्ने हो, बाबुसँग कसरी सामुन्ने पर्ने हो, या कहाँ गएकी थिइस् भनी सवाल गरिहाल्यो भने जवाफ के दिने हो ?... उसले यहाँ सबै बिर्से जस्तो भयो । तर बल गरेर पनि फेरि संझने कोशिश गरी कि आफूले यहाँ आउनुअघि के के कुराहरू अड्कल गरेकीथिई । " भादगाउँमा फुपूकहाँ गएकी थिएँ, त्यहाँ बिरामी जान्न जाँदा..." यही त सबैभन्दा तर्कसंगत उपाय छ । मलाई कोही खोज्नै गएको भए पनि त्यति टाढ़ा को जान सक्तछ ? तर गएको भए ?

अब उसलाई यहानिर शंका उत्पन्न हुन्छ, लाज लाग्दछ, अत्यास लाग्दछ, दिक लाग्दछ, आफैमाथि रीस उठ्दछ । फटाहालाई विश्वास गरेर बेपत्तामा अन्धो भएर उ किन हाम्फाली ? त्योसित किन गएकी ? कसको दोष ? एउटी निर्धो आइमाइलाई फकाएर घर लैजान्छु भनेर गहना सबै ठग्नु त्यसको दोष कि उसको दोष ? त्यो ठगलाई भेट्टाउँदी हो त त्यसलाई के गर्दि हो ? कोठामा एक्लै छाडेर भाग्ने भएको ? भोकै राखेर । तीन दिन कसरी बसी ? यदि त्यो घरपटि भाउजूले सहायता नगरेकी भए ? भोकले सुकेर मर्दिन थी ? तर अब उसले के गर्ने ? माथी कसरी जाने ? भादगाउँमा फुपूकहाँ ब भनौला तर गहना खोइ भनी सोधेमा...... ?

घण्टौ त्यहाँ नै उभिएर ज्ञानीमैजू एउटा टुंगोमा आउन चाहन्थी । कुराहरू अजमाउँथी, दोहऱ्याउँदथी, आफ्नो बितेको मनोभावनालाई केलाउँदथी, आफूलाई पागल सम्झन्थी, निराश हुन्थी । फेरि साहस बटुल्थी, निर्णय गर्न खोज्दथी । एक वेग उसको मनमा आयो यदि यस्तै गरेर यहाँ छिंडीमा खुट्टा टुख्ने

गरी उभिनु नै छ भने यहाँ किन आएको ? उसको खुटा अगाडि बढ्यो, भ्र्याङ् उक्ली । तर एक दुइ खुटकीला चढ्ने बित्तिकै उसको पाइला धीमा भयो। कोठामा बा हुनुहुँदो रहेछ भने...। गर्धन लम्क्याएर मटानको कोठातिर हेरी, ढोका बन्दरहेछ। झटपट उक्ली; सरासर माथि गएर चोटाको कोठालाई उघार्न धचयाई तर बन्दरहेछ। बुइगलबाट आमाको अवाज आयो को हँ ?

धेरै बेर नबोलि बस्नु झन अपराधी जस्तो हुन्छ भने कुरा सम्झेर ज्ञानी मैजू मनका सबै कमजोरीहरूलाई बलपूर्वक समेटर एकै बेगले गम्भीरतापूर्वक बुइगलमा उक्ली। श्रीमाया भात पस्कन लागेकी रहीछ। उसको अनुहार ज्ञानी मैजूलाई देख्ने बित्तिकै एकचोटी धपक्क बल्यो। तर अर्को क्षण एकदम उदास भयो। अनि सुस्तरी भनी... भर्खर आएको ? माथि आईज।

ज्ञानी मैजू बुइगलको मानो भ्यालमा गएर बसी। उसकी आमाको उदास चेहरमा पहिलेको उल्हास र वात्सल्य केही थिएन। तर तैपनि आमाको अनुहारको एकाग्रतापूर्वक भावहरू पढ्न थाली। उसकी आमाले भात पस्की सिध्याएर उसलाई बिस्तारै भनी... तैंले भात खाएको छैन होला, लौ खान बस।

तर ज्ञानी मैजू भ्यालमा बसिरही तल ओर्लिन। आमाको स्वरमा भएको उदासीनता र अनाशक्त ध्वनिको अर्थ लाउन लागेकी थिई। त्यो स्वर एकदम भिन्न थियो... उसको आमाले सधैं उसँग बोल्ने स्वर थिएन।

अर्कोचोटी श्रीमायाले फेरि भनी... किन नखाएको ? भात चीसो भयो।

यस स्वरमा पनि उपेक्षा थियो ? सदा बोलेर आएको स्नेह थिएन। पराइले बोलेझैं थियो।

श्रीमायाले एकछिनपछि फेरि भनी... भात खान मन छैन ?

कृष्णवम मल्ल

# सिन्दूरको चाहना

"याद छ? तिमी सानी दुलही र म सानो दुलाहा बनेर माथि बुइगलमा खेल्दथ्यौं।" कीर्तिलालले सोध्यो।

सावित्रीले शरीर अवाफ दिई, "बालकपनका कुरा पनि तिमीलाई कत्ति संभना भइराख्दछन?"

कीर्तिलालले भन्यो, "संभेका होइन। अदृश्य मनका तह-बाट ती सबै मौका पाएर निस्कन्छन।"

अदृश्य मन के हो?—सावित्रीले बुझिन।

कीर्तिलालले फेरि भन्यो, "ती दिन कति सुखमय थिए जब सावित्रीरानी र कीर्तिलालको शैशव राज्य थियो।"

सावित्रीले चेहरा उज्यालो पारेर आफ्नो स्वीकृति जनाई।

यसरी सावित्रीको जीवनमा कीर्तिलालले फेरि पदार्पण गर्‍यो-जब ऊ एकाइस वर्षकी विधवा थिई।

उनीहरू बालककालमा एकै चोकमा सुख- फर्काएका घरमा रहन्थे- त्यही चोक, चोटा, बुइगल र बैठकमा खेल्दथे। बाह्रवर्षको उमेरमा सावित्रीको विवाह भयो, औ त्यसपछि कीर्तिलाल पनि पढ्नलाई बनारस गयो।

अहिले पतिको मृत्यु भएको डेडवर्षपछि सावित्री माइत आएर रहन लागेकी थिई— औ कीर्तिलाल पनि एम. ए. को परिक्षा दिएर नोकरी खोज्न घरै आएको थियो। अब सावित्रीलाई बच्ची होइन, एक शर्मिली नारीको रूपमा उसले पायो। उसका मुहारमा जवानीको झलक थियो— तर कति मधुरो! चंचलता होइन गंभीरता थियो। उसमा श्रृंगार थिएन, तर व्यक्तित्व थियो। उसको विध-

पस्केको भात त्यसै फाल्नु हुदैन क्या ?

यो भनाइको भावमा पनि छोरीलाई खाने आदेश दिएभैँ अधिकार थिएन ... यो स्वरमा लावण्य थिएन, हार्दिकता थिएन । ज्ञानी मैजूले सहन सकिन, उसकी आमा उसलाई कहाँ गएकी थिइस् भनेर किन सोद्धिन ? किन रिसाएर उसलाई गाली गर्दै हप्काउन आउदिन ? किन, किन रिसाएर उसलाई केरफेर गर्दिन ? उसलाई के अब अछूत संभेको हो कि ठूलो अपराधी संभेको हो ? उसले कराएर भनी... म भात खान्न । र खुट्टाले थाल-लाई पर हटाइदिई, दालको कचौरा गुड्दै परसम्म हुत्तियो । दाल सबै पोखिएर सामुन्ने बसेकी आमालाई छिटा पर्‍यो । ज्ञानी मैजू-ले अब झन रिसाएर कराउँदै भनी... मलाई भात खान मन छैन भनेपछि कसैको कर लाग्दछ ?

दालको कचौरा र थाललाई मिलाउँदै श्रीमायाले झन उदास स्वरले भनी... भइहाल्यो त !!

ज्ञानी मैजूलाई अब झन् सहिसक्नु भएन । उद्वेग झन तीव्रतर हुँदै ऊ कराउँदै रुन लागी... म कहाँ गएकी थिएँ र! त्यसै अर्कालाई दोष लाउने ! भादगाउँमा कुप्रुकहाँ जान पनि नहुने ! विरामी हेर्न गएको थिएँ । त्यसै अर्कालाई दोष लगाउने !

श्रीमायाले शान्त सुस्त स्वरले भनी... के भयो त मैले तँलाई के भनेकी छु त ? के दोष लगाएँ र ? भै हाल्यो किन रुनु पर्‍यो ? ज्ञानी मैजूले रुँदै भनी... भादगाउँमा जान पनि नहुने । ज्ञानीको नजिकै आएर श्रीमायाले कपाल सुमसुम्याउदै भनी– भइहाल्यो, नरो अब भात खा !

—✻×✻—

वापनले कीर्तिलालको हृदयलाई अवश्य छोयो। ऊ सोच्दथ्यो- साबित्रीको कोमल हृदयलाई उफ! वृद्धियापनको छाया कसरी ग्रहण गर्न खोज्दो हो!

धनमान र धनमायालाई आफ्नी छोरी सावित्रीको अवस्था पानीले भिजेको पोल्ने सिस्नो जस्तै थियो।

"सावित्रीलाई किन तकलिफ दिने? सिधा पण्डितले उठाएर लगे भइ हाल्दछ।" बूढो धनमानले आफ्नी स्त्रीलाई सुनायो। त्यो लामो दाम्पत्य जीवनमा सावित्रीका विषयमा जति दुवैको एक संझना हुन आएको थियो—शायद त्यति अरू कुनै कुरामा भएको थिएन। दुवै चाहन्थे छोरीलाई विधवापनको संझना नरहोस्। त्यसैले सावित्रीले थाहा नै नपाई पण्डितले सिधा उठाए। केही बेरपछि सावित्री आएर भनी, "आमा, आज औंसी हो क्यारे? मैले उहाँका नाममा सिधा दान गर्ने गरेकी थिएँ।"

धनमायाले भनी, 'तेरै हातले दान गर्नु भन्ने के छ र? पण्डित सिधा लिएर गइसके।"

सावित्रीले देखी— बाबुका आँखामा आँसु। ती आँसु केका निमित्त थिए उसलाई संझन बेर लागेन। उसको मुटुमा गाँठो पर्‍यो, आफ्नो हालतमा होइन— तर बाबुको दसामा। ऊ खप्न नसकी बाहिर निस्की।

अनि त्यस दिनदेखिन् त्यस घरमा?

आमा बाबुको हालत संझी सावित्री आफ्नो विधवापन लुकाउन कोशिस गर्दथी। धनमान र धनमाया त्यसको याद दिलाएर छोरीलाई रूआउन चाहन्नथे। श्रावणको घना कालो बादलबाट वर्षा रोक्न ती तीनै जना प्रयत्नशील रहन्थे।

तर केही दिनपछि साहिंला बाजेका घरमा दुलही भित्र्याई साहिंली बज्यै चुलोपानी गर्न लाग्दा उनकी सदुवा छोरीले सावि-

त्रीमा इसारा गर्दै भनिन, "विधवा भएर पनि सुभकामना उभिने कत्रो अभिमान ? आफ्नो नाश गरेर नपुगी अर्काको पनि सर्वनाश गर्न खोज्ने कस्तो बानी ?"

सावित्रीलाई त्यो वाक्य राम्रो लागेन । तर केही न बोली उ बाहिर निस्की । धनमायाका आँखाबाट आँसूको वर्षा भयो ।

तबैदेखिन् धनमान, धनमाया, र सावित्रीले मनैमनमा एकले अर्कोलाई नभनी 'कसैको' घरको विवाहमा फेरि कहिल्यै नजाने निश्चय गरे ।

अर्को दिन सावित्रीले कीर्तिलालसंग सोधी, "के विधवा अरुको विवाह पनि हेर्न नहुने ?"

कीर्तिलाललाई अघिल्लो दिनको घटना थाहा थियो । उसले भन्यो, "विवाह हेर्न नहुने भए निमंत्रणा केको निमित्त ?"

अरू केही मन नपाई सावित्रीले थपी, "त्यसै दिदा होलान् ।"

त्यस समय उसको अनुहार अतिनै दुःखले भरिएको थियो । उनको अगाडि दुःख देखाउन नचाहने कीर्तिलालले पनि मुख अँध्यारो गरायो ।

एक क्षण पछि सबै बिर्से जस्तो गरी कीर्तिलालले भन्यो, ' मेरो नयाँ नोकर साँच्चिकै बुद्धु छ । हीजो हाँस्ता हाँस्ता हामी थाक्यौं ।"

सावित्रीले सोधी, "किन हाँसो उठ्यो ?"

कीर्तिलालले बोल्यो, "केही साथीहरू चियाका निमित्त निमंत्रित थिए । मैले उसलाई एक प्याला धारामा लगी पखाल्नलाई दिएँ । प्याला लिएर गएको नोकर पन्द्र मिनेटसम्म पनि आएन हाम्रो चिया ठंडा भयो । मित्रहरूले मलाई नोकर प्याला लिएर भाग्यो भनी गिज्याउन लागे । नयाँ, नयाँ नोकर ! मलाई पनि शंका लाग्यो म हैरान भएँ केही रीस पनि उठ्यो । आखिर मैले नोकरलाई ढोकामा उभिएको देखेर सोधें – खोई प्याला ? उसले प्याला धारामै छोडेर आएको थियो– त्यति बेरसम्म उ धारामै खड़ा थियो, किनकि मैले उसलाई धारामा गएर प्याला धुनलाई ता भनेको थिएँ–तर लिएर आउने

आज्ञा दिएको थिएन। मेरा मित्रहरू खूब हाँसे—म पनि हाँसे। कस्तो बुद्धु !"

सावित्री यो सुनेर खूब हाँसी- मरीमरी हाँसी। उसले हाँस्तै सोधी, "तब चिया त बिल्कुलै ठंडा भयो होला ?"

कीर्तिलालले भन्यो "फेरि अर्को बनाउनु पर्‍यो।

सावित्री फेरि हाँसी— खूब हाँसी।

यसरी कीर्तिलाल सावित्रीको सुकेको बगैंचामा बसन्त-बहार ल्याउने कोशिस गर्दथ्यो। सावित्रीको सफ्फूर्तिमा ऊ उत्थान थियो।

दिन—दिनको कीर्तिलाल र सावित्रीको मिलन उनका बाबु र आमालाई मात्र होइन, तर छिमेकीलाई पनि खेल्न लाग्यो। अरूको चरित्रलाई शंकालाग्दो बनाई कुरा गर्ने छिमेकीलाई स्त्री पुरुष सम्बन्धी कामनाको विकराल विकार कीर्तिलाल सम्झन्थ्यो। तर सावित्रीको बाबु छोरीको बदनामी हुन लाग्ला भनी डराउँथ्यो। त्यसैले उसले एक दिन छोरीलाई भन्यो, "बाबु, छिमेकीको मुख टाल्न सकिन्न। तर तिमी कीर्तिलालसंगको आफ्नो भेटघाट कम गराउन सक्छौ ?"

सावित्री बाबुको मुखबाट यो कुरा सुन्दा एकक्षण अवाक भई। तर उसको हृदय उर्लिएर आयो। ऊ केही बोल्न चाहन्थी तर सकिन। नजीकै बसेकी आमाको काखमा घोप्टिएर ऊ घुँक घुँक रुन थाली। धनमान पनि रुन थाल्यो। धनमायाको हालत झन् खराब थियो। कति बेर सम्म त्यो दिन सबै रोए केही पत्तो भएन। बेलुकीको खाना कसैले बनाएन।

अर्को दिन सावित्रीले कीर्तिलालसँग सोधी, "के विधवा पुरुषसँग मिल्न पनि सक्तिन ?"

कीर्तिलालले यस प्रश्नको तात्पर्य राम्ररी बुझेको थियो। उसले भन्योः- "आत्मबल भए किन नसक्नु ?"

सावित्रीले एक क्षण चुप लागी फेरि सोधी, "आमाबाबुलाई रुआएर पनि ?"

"यस प्रश्नको उत्तर म कसरी दिन सक्तछु ?" कीर्तिलालले भन्यो।

तब सावित्रीले भनी, "त्यसो भए अब तिमी मसँग मिल्न नआऊ।"

कीर्तिलालले पनि भन्यो, "तिम्रो इच्छाको उल्लंघन म कहिल्यै गर्ने छैन।"

अनि ऊ बाहिर निस्क्यो–गयो–फर्केन।

सावित्री रोइ–कोठाको ढोका बन्द गरेर रोई। ऊ तबसम्म रोइरहेकी थिई जबसम्म आमाले ढोका घचघच्याइन्। त्यस दिन देखिन् आफ्नो जीवन उसलाई नीरर्थक प्रतीत हुनलाग्यो। कीर्तिलाल उसका हृदयको दियो बनेको थियो। ऊ गयो,- फर्केन। उसको मनमा अब अंधकार थियो। तैपनि ऊ बाबुआमाको अगाडि हँसिली भएर देखाउन चाहन्थी। तर बिचरीलाई के थाह थियो–हृदयको प्रतिबिम्ब उसको आफ्नै चेहरा पनि थियो? त्यसैले कहीहे काहीं धनमाया भन्दथी, "बरू म मरेकी र उसको पोइ बाँचेको भए कति असल हुने थियो।"

धनमाया भन्दथ्यो, "म मरेको भए पा छोरीको सट्टा तेरो विधवापन हुन्थ्यो।"

तब आँखाभरी आँसू काढ्दो बुढिया भन्दथी, "कति निर्मोही छौ, मलाई एक्लै विधवा बनाई जान चाहन्छौ।"

त्यसैले धनमानलाई फेरि भन्नु पर्दथ्यो, "हो ठीक हो; हामी दुबै एकसाथ मरेर उसको पोइ बाँचेको भए पो असल हुने थियो।"

बाबुआमाका यस्ता कुरा कहिले कहिं कानमा पर्दा साबित्री विचलित भएर पागल बन्न खोज्दथी।

उसका मनमा आफ्नो विधवापनको तीरस्कार भयो। तर उफ़! उसको विधवापन ऊ आफैं थिई; त्यसैले त्यो तीरस्कार उसको आफ्नै तीरस्कार थियो। उसले के बिराएकी थिई जो ऊ आफैं आफ्नै तीरस्कार पनि सहोस? उसको लोग्ने मर्‍यो– उसले मारेकी होइन। फेरि सबै त्यो किन? किन उसका आफ्नै आँखामा कहिल्यै नसुक्ने आँसू? किन उसका बाबुआमाको त्यो क्रन्दन? दुर्लबता ...? ठीक हो आत्मबल चाहिन्थ्यो। यही न कीर्तिलाल ऊसंग चाहन्थ्यो?

अरूका बरियातमा उसको अवहेलना भयो–अरू पुरुषसँग मेल गर्ने उसको अधिकार रहेन ! सबै उसलाई अपसगुन ठान्दथे। छिमेक... ...समाज... ? उसले ठानी त्यस विकराल समाजका जालबाट उसले आफ्नो मुक्ति अवश्य गराउनु पर्दछ। प्राण दिएर ? उफ ! उही दुर्बलता ? त्यो मुक्ति होइन आत्माघात हो– अप्राकृतिक हो– अगति हो। तब फेरि ? उसले सोची... वेश्यावृत्ति ? जरूर त्यसमा आर्थिक स्वतन्त्रता मिल्ने छ– ऊ आफैं उभिएर आफ्नै पैसाले आफूलाई चिढाउने संसारलाई सजा दिन सक्ने छ। तर उसले फेरि सोची हुँदैन... हुँदैन, त्यो घृणित जीवन हो ...पतन हो। पतित भएर बाँच्नुभन्दा आत्माघात नै जातिहो।

तब फेरि के ? उसले केही सोच्न सकिन। अनि ऊ अत्तासिएर चोकमा पुगी। चोकको पल्लो कुनाबाट हेर्दा कीर्तिलाल बैठकमा देखियो; दुवैको आँखा जुदे। दुवैको हृदय भरियो।

अर्को दिन कीर्तिलाल आएर भन्यो, "आउनता आएँ. आशाको उलंघन ता भएन ?"

साबित्री मुस्कुराई। कीर्तिलालको निमित्त बस्ने आसन दिई; उसले भयालमा उभिएर भनी, "साते दिन भयो नदेखेको, तर तिमी निकै दुवलाएछौ."

साबित्रीको चेहरा पहेंलिएको देखेता पनि कीर्तिलाल त्यस विषयमा केही भन्न चाहन्नथ्यो। त्यसैले उसले भन्यो, "नोकरीको निमित्त चाकरीमा दौडधूप गर्दछु– दुबलाएँ पनि हुँला। फेरि तिमी नै भनन, के यी सात दिन सात वर्ष जस्ता थिएनन् ?"

"मलाई ता लागेनन्। किन तिमीलाई त्यस्तो भयो ?" मानों केही नजाने जस्तो गरी साबित्रीले जवाफ दिई।

कीर्तिलालले भन्यो, "त्यो हृदयमा दया र माया भएको भए पो ! यो हृदय के चाहन्छ सम्झने भए पो।"

साबित्रीले झनक्क भएर भनी "के तिमी विधवा साबित्रीसँग बोलिरहेछौ ? विधवाको कस्तो दया र माया तिमी चाहन्छौ ?"

कीर्तिलाल एक क्षण केही बोल्न सकेन। उसले बिस्तारै भन्यो, "मैले ठट्टामा केही भनें, तिमी रिसायौ।"

सावित्रीले दाँत देखाएर भनी, मैले पनि ख्याल गरेकी।"

फेरि दुवै मुस्कुराए।

सावित्रीले एकाएक मलिनो आवाजमा भनी— "मैले तिमी-लाई घरबाट निकालें— न राम्रो लाग्यो होला। तर मेरा यी दिन कसरी कटे मैं जान्दछु। के गरूँ? समाजको डर थियो। अब मैले त्यसलाई जीतें।"

"खुशीको कुरा— तिमीमा आत्मबल आए छ! ख्याल मात्र तिमीले गरेकी हौ कि?" हाँसेर कीर्तिलालले सोध्यो।

"परीक्षा गर्न सक्छौ।" उसले जवाफ दिई।

"सुनौं त- अब तिम्रो के चाहना छ?" कीर्तिलालले एक कान माथि फर्काई भन्यो।

सावित्रीले जवाफ दिई— "म आफ्नो सिन्दूरको चाहना गर्दछु— बाँच्न चाहन्छु बाँचेर मरेकी हुन चाहन्न।"

"लेऊ हात यहीं छ।" कीर्तिलालले भन्यो।

"दयाको भीख मैले मागेकी होइन— प्रेम चाहन्छु।" आँखा आँसूले भरी सावित्रीले भनी।

कीर्तिलालले भन्यो, "मेरो हृदयभित्र पसेर हेर।"

"सिन्दूर दिने हातको म इच्छुक छु। अरू सदवा नारीकै बराबर हुन म चाहन्छु। किन कम हूँ! तिमी तयार छौ?" उसले सोधी।

अनि कान तीखा बनाएर आँखा चौडाई उसले हेरी— त्यस समय उसका बाबु र आमा दुवै कोठाको संघारमा खडा थिए— औ जवाफको निमित्त कीर्तिलालले मुख बाहेको मात्र थियो।

—०॥०—

शंकरप्रसाद कोइराला

# नयाँ बुहारी

आमा जति छिटो बत्ती कात्नु हुन्छ, उत्ति छिटो कुरा गर्नु हुन्छ। वहाँले मलाई अघिल्तिर डाक्नु भो र बसाल्नु भो, अनि भन्नु भो— "तँलाई म आज नयाँ बुहारीको कुरा सुनाउँछु।"

एउटा तीन-सुते बत्ती कातेर ढककीमा राखिसकेपछि आमाले मलाई भन्नु भो— "राधालाई चिनेको छैनस् ? हो, डिट्ठिनी बज्यैकी छोरी। उनी घरबाट आएकी रैछन्। आज भन्थिन्–उनको घरमा अस्ति शहरबाट मामा ससुरा–सासु दुवै जना आएका थिए रे। राधाकी सासुसँग कुरा गर्थे रे–भर्खरै कान्छो छोरोको बिहे गरेक रहेछन्। दिनभरी राधा नयाँ बुहारीको कुरा सुनेर बसिछन् —" आमाले बोच्चैमा मेरो हातबाट किताब तानेर आफ्नो बगलमा राख्नु भयो— "टाउको उठाएर सुन्। अहिले किताब हेर्नु पर्दैन।" मलाई पत्ता थिएन आमालाई छिमेकीहरूका नातासम्बन्धी विषयमा पनि अनेक कुरा थाहा थियो।

"राधा भन्थिन्— नयाँ बुहारी पढ्न जान्ने, लेख्न जान्ने भनेर सासु दुइ–चार दिन चूप लागेर बसिछन्। सुनिस्, दुई चार दिन भएपछि थाहा पाइन— नयाँ बुहारीको नयाँ चाला पो रहेछ। के अराउनु, के सिकाउनु ? तँ भन्दो होलास मनमनै नयाँ बुहारी असल रैछन्। कुलच्छिनी, सासु–ससुरा कसैलाई पो नटेर्ने कहाँकी ठाडी रैछ। राती सासुको गोडा मिचेर सुत्नुपर्छ, ससुरालाई दर्शन गर्नु पर्छ भन्ने पनि उसलाई थाहा रैनछ। नगरेपछि थाहा भएर पनि के ? आफूले जानेको पढेको कुरा काममा लगाए पो राम्रो देखिन्छ। भन्नचाहीँ कुलिन बुहारी, त्यसले जानेर के काम लाग्यो ? पढेको के काम ? सासुले काम गरेको हेरिरहन सक्ने। अरु दुइटी बुहारी भने

सासुको माया गर्ने। भात पकाउन नदिने; घर लिप्ने। कान्छी बुहारी भर्खर चुल्हो जोरेकी सधैं बुहारी नानी।"

आमाले बत्ती बटाई ढक्कीमा राख्नु भो र खरानीमा औंला दल्दै भन्नु भयो— "कुलकी छोरी– मलाई चाहिन्न, यस्ती कुलकी छोरी। असल शील-स्वभाव भए मलाई पुग्छ। धनीकी छोरी सब कुरा देखेको, सुनेका-जानेका भन्ने कुरा मात्रै त्यस्ताले पनि मान्यजनलाई मान्छन् ? ढोग्छन् ? उनीहरू नमस्कार गरे पुग्छ भन्छन्, सासुको गोडामा ढोग्ने चलन कहाँ हरायो ?"

अहिले मैले टाउको उठाएर सुनें आमाले भन्नु भो— "राधा भन्थिन् महिनाको चार दिन परसरेको बेलामा दनि कान्छी बुहारी-लाई लोग्नेसँग कुरा गर्नु पर्ने रे। सासु-ससुरा, जेठाजु-जेठानीको मान मर्यादा हुनु पर्छ। सँधै कोठामा पुग्ने हतपत, लोग्नेलाई भेट्ने हतार। दुइ तीन महिनापछि त परसरेको पनि देखिएन रे। सासुले सबैसँग कहिन— छोरीलाई माइत आएको बेला सुनाइन्— नयाँ बुहारीको यस्तो चरित्र; पर नसर्ने, कसैलाई नटेर्ने, धर्म-कर्म, पूजा-आजा कुनै कुरा छैन। यस्तो अघोर पाप पनि संसारमा अरू हुन्छ ? परसरेको बेला पुस्तक छुनु पनि अधर्म भनेको छ शास्त्रले।"

आमाले अगाडी जे भन्नु भयो, मैले वडो संकुचित भएर निहुरेर सुनिरहें— "अनि घरमा अनुमान गरेछन्— कान्छी बुहारीले पेट बोकेकी हो। अरू बुहारी दुइ-तीन वर्षमा गर्भवती नभएका, कान्छी बुहारी दुइ-तीन महिनामै गर्भवती भई। सासु मनमनै औधि हर्ष मान्न लागिन्। त्यसपछि कान्छी बुहारीलाई बोलाउन पनि आफैं जाने; आफ्नो अगाडि राख्ने। नयाँ कान्छी बुहारी उनलाई मन पर्न लाग्यो। नयाँ नयाँ साडी, हातमा झुण्ड्याउने ( पर्स ) किन्नलाई रूपियाँ दिने गर्न थालिन्। माहिलीं बुहारीले यस्ती चाल पाएर माइत गएकी दुइ दिनलाई भनेर छ महिना भो आएकी छैन रे, आठ—नौ महिना भइ-

सक्यो रे कान्छी बुहारीले पेट बोकेकी होइन रहेछ । उसको परनसर्ने नयाँ चलन पो रहेछ ।" यति भनेर आमाले मतिर मुख फर्काउनु भो र आफ्नो बगलमा राखेको किताप मलाई दिँदै भन्नु भो—"तँलाई यही कुरा सुनाउँ भनेर डाकेको । जा अब पढ् । मसित अब पढे–लेखेकी दुलही बिहे गर्ने कुरा नगर् कान उखेलिमाग्लास् ।"

—o:*:o—

गोपालचन्द्र गौतम

# म्याउँकीरी

म्याउँ-म्याउँको झन्कारले रात्रीको चकमन्न वातावरणलाई खलबल्याउने म्याउँकीरीले शायद तपाईंहरूको जीवनमा कुनै महत्व नराख्दो हो। उसको एकोहोरे म्याउँम्याउँको अलापमा तपाईंहरूलाई गीतको मधुरतान नसुनिंदो होला। तर मलाई भने म्याउँकीरीको झंकारले पाप्रीसकेको स्मृतिलाई कोतिन लगाएर आजभन्दा पाँचवर्ष अघिको एउटा घटना र त्यसको तिक्त परिणाम शुरूदेखि अन्तसम्म सोच्न कर लगाउँछ। म म्याउँकीरीहरूको एकोहोरे झंकारमा पनि मधुर संगीतको हाँडा-काँडा हल्लाउने तान स्पष्ट रूपले सुन्दछु।

मलाई लाग्दछ मेरी म्याउँकीरीले मरीसकेर पनि मलाई बिर्सीन सकेकी रहीनछीन। आफ्नो मप्रतिको अतृप्त प्यारलाई अहिलेसम्म म्याउँकीरीहरूसित मिसिएर दर्शाउँदै छिन। मलाई पश्चाताप-को भुङ्ग्रोमा पिल्सिएर भस्मखरानी पार्नलाई उनी मेरो जीवनभरी कराइ रहनेछिन। म मरेर जाउँला तब शायद उनी अलोप भएर जानेछिन; अनि शुद्ध म्याउँकीरीहरूको मात्र झंकार कायम रहने छ।

म्याउँकीरी त्रिशुली नजीचको नुवाकोट भन्ने गाउँकी लडकी थिइन्। मेरो उनीसित परिचय साँच्चै नै आकस्मिक ढंगबाट भएको थियो।

मधेसको जन्म भएकोले मलाई आफ्नो देशको पहाडी प्रदेशहरू घुम्ने चौपट्टै रहर थियो। तर समय र परिस्थितिले नजुराएकोले मेरो रहर मनमा नै दबेर बसेको थियो। एकदिन घरमा 'पाल्पा को जाने' भन्ने प्रश्न खड़ाभो मेरो दबेर बसेको रहरले मलाई चिमोट्यो- "लौत अब मौका यही हो, किन चूप लागेको"- मैले 'म जाने' भनेर आफ्नो

स्वीकृति दिएँ। मोलिपल्ट एउटा मानिस साथ लिएर म पाल्पा-तिर हिंडि पनि हालें।

पाल्पा पुगेर मैले दुइ-तीन दिनमै आफ्नो गर्नुपर्ने कामहरू गरिसिध्याएँ। अब घर फर्किनुपर्ने थियो, तर मेरो पहाडी प्रदेश घुम्ने रहर पुगेको थिएन। मैले पहाडै-पहाड काठमाण्डू गएर मधेश झर्ने विचार गरें। साथमा आएको मानिसलाई त्यहींबाट घर फर्काएर म काठमाण्डूँ तर्फ लागें।

बाटाका मोहक पहाडी दृश्यहरूलाई देखेर मेरो मन अति आनन्दित हुन्थ्यो। म मनैमन मधेसको उराठ जीवनको तुलना यहाँको खहरे, वन-डाँडा र सनक्याँग वेसीको सरस वातावरणमा जन्मेर हुर्केको जीवनसित गर्थं। संगीतमय खोला र संगीतमय डाँडा-काँडा, पाखा-पर्वत देखेर, मेरो मन मधेशमा सुनेको– "पहाडका डाँडो काँडा पनि गीत गाउँछन्" एकाएक सम्झिन्थ्यो। साँच्चिनै 'डाँडाकाँडा पनि गीत गाउँछन्" भन्ने कुरा सत्य रहेछ। बाटाका दुवैतिरको उँचो उँचो पहाडको भिरालोमा मकैको खेत भित्र, घाँस काट्दै गीत गाउँदै गरिरहेका पहाडी बालाहरूलाई बाटामा हिंडिरहेको बटुवा देख्दैन, तर संगीतका सुरीलो तान भने टड्कारो रूपले सुन्छ– त्यस हालतमा डाँडा-काँडा पनि गीत गाउँछन् भन्ने भान उसलाई पर्छ भने के आश्चर्य!

उकालै-उकालको हिंडाइ र सुटुकुट्ने उकालोको चपेटाले मेरो शरीर क्लान्त हुन्थ्यो। तर बाटामा घाँस-पात, चिजबिज डोकोमा बोकेर आइगईरहेका पहाडी किशोरीहरूको संगीतले मलाई थकाई आउँ-थ्यो, जान्थ्यो।

संगीत पिएर, संगीत ओकेलेर बाँचेका हृष्टपुष्ट, सुसौन्दर्यका अनुपम नमूना पहाडी किशोरीहरूलाई देखेर मेरो मनमा अभिमान भएर आउँथ्यो–काश्मीरी र तजाकिस्तानी सौन्दर्यसित हाम्रो देश पनि दाँजो गर्न सक्छ।

कहीं-कहीं पहाडी रमणीहरूको स्याउला काट्ने जथ्थाले "लोग्ने हिन्दुस्तानमा, हामी बस्छौं घरमा; सरकार पोइल जान देऊ" भनी गीत गाएको सुनेर, मेरो मन उनीहरूको उच्छृंखल स्वभाव भन्ठानेर घृणाले भर्दैनथ्यो। बरु उनीहरूको यस मार्मिक याचनाले मेरो हृदयमा रीस पैदा हुन्थ्यो; आँखाको अगाडी रोटी–रोजीको तलासमा ताँती लागेका पहाडी युवकहरूको चित्र खिचिन्थ्यो तथा हिन्दुस्तानका कुनाकाञ्चामा छ्याप छ्याप्ति फिजिएर कान्छा, बहादुर, पहाडी, साथी, बोका आदि नामले बसेका नौजवानहरूको सम्झना भएर आउँथ्यो।

यसप्रकार, पहाडी सौन्दर्य र पहाडी संगीतको बहार लिंदैः त्यहाँको गरीबी र मजबूरी, मीठा र सिस्नुको झोल हेर्दै तथा चार पांच ठाउँमा राती बास बसेर— त्यहाँका युवक, युवती, बाल, वृद्धले दिन भरी गीत गाएर, बन्जर कोरेर जंगल फाँड्र थकीत भई मिठो निद्रा लिएको बखतमा, खोलाहरूले तिनीहरूलाई विश्राम दिनको निम्ति लोरी गाएको सुन्दै म एक दिन त्रिशूली बजार आईपुगें।

चटक परेको स्यानो त्रिशूली बजार त्रिशूलीको नीलो पानीले घेरिएको अत्यन्त रमणीय देखिन्थ्यो। बजारमा पस्नेबित्तिकै मलाई मानिसहरूको घुइँचो बीचबाट गुज्रिनु पर्‍यो। हिंडदा-हिंडदा मेरो खुट्टा एक ठाम पुलमाथि पुगेर टक्क अडिएँ तल प्रचंड बेगले हमला गर्दै त्रिशूली बगीरहेकी थिइन्। तेसै बखत एउटा मानिसको मुखबाट सुनें–जंगबहादुरले घोडा सहित यसै पूलमाथिबाट हाम्फालेका रहेछन।

यहाँ आई पुगेपछि मलाई अत्यन्त थकाई महसूश हुनलागेको थियो र दिन पनि ढल्नै आँटेको थियो–सबै तिरबाट यहां बस्नै पर्छ भन्ने आग्रह गरेको जस्तो लाग्यो। मैले राती त्यहीं बास बस्ने विचार गरें। तर तेसै बखत सम्झना भएर आयो, ऐतिहासिक नगर नुवाकोट यहीं समीपमा छ। अत्यन्त थाकिसकेको थिएँ तर जुन रहरले घरदेखि

यहाँसम्म डोऱ्याएर ल्याएको थियो कराइ हाल्यो—" अलिकति त हो नि, फेरि कहिले हेर्न पाइन्छ !" म सुस्तरी झोला झुण्ड्याएर नुवाकोट तिर हिँडे ।

नुवाकोटको मन्दिरहरूको गजूर हेरेर जीउ सिरिङ्ग हुन्थ्यो, कतिमाथि जानु पर्ने रैं छ । कसैगरी म सुईसुई गर्दै आधा बाटोसम्म पुगें । यहाँदेखि मेरो हिम्मत माथी उक्लने भएन । म त्यहीं रूखको छहारीमा विश्राम लिन थाले ।

बसेको एकैछिन भएको थियो कि तलतिरबाट पहाडी लडकीहरूको एउटा हुलले गाएको संगीतको मधुर तान मेरो कानमा पऱ्यो । त्यो तान झन् झन् ओर आउन थाल्यो । मैले अनुमान गरे संगीतकी रानीहरू यतैतिर आइरहेका रहेछन् ।

साँच्चीनै एकहुल गीत गाउँदै उक्लीरहेको मेरो आँखाले पनि देख्यो हुलका लडकीहरूले पनि मलाई देखेछन् क्यारे, गीत एकछिन टक्क अडियो । तर, "तँलाई देखेर हाम्रो संगीतको मुहान थोरै रोकिन्छ" भने जस्तो गरी हुलमध्येकी एउटी लडकीले तुरुन्तै भट्याइहाली । यस पटकको गीत त्यस लडकीले मलाईनै लक्ष्य गरेर गाएको जस्तो लाग्यो । गीतको भाव यस प्रकारको थियो-ए लाहुरे दाई, साँझ पऱ्यो छिटो जाउ; तिम्रो कान्छी सँगारमा बसेर तिमीलाई सम्झँदै, रूँदै गरिरहेकी होली" । मेरो पनि मुख जवाब दिन चट्पटियो, तर आउँदैनथ्यो; त्यसै चूप लाग्नु पऱ्यो ।

मेरो खाकी कमीज र खाकी पैण्ट तथा तोनरांगेँ झोला देखेर उनीहरूले म लाहुरेनै हुँ भन्ठाने छन् ।

लडकीहरूको हुल मनिर आइपुगेको थियो । त्यही गीत गाउने लडकीले "देशको चूरोट हमीलाई पनि एउटा ख्वाउन, लाहुरे दाइ" भनेर मसित मांगी । मैले फूलमार चूरोट बगलीबाट झिकेर बढाएँ । चूरोट हातमा लिएर उसले भनी-"तिमीले त एउटा चूरोट ख्वाए पनि आफ्नी कान्छीलाई दिन घट्लो जस्तो गरेर यही फूलमार चूरोट तेर्सायौ । त्यो पनि छातीमा मुड्की हानेर दिएको जस्तो छनि" ?

म उसको घोच्ने कुरो सुनेर हाँसी मात्र दिएँ। तर तेसै बखत हुलकी एउटी अर्की लडकी बोली— "ए मयाँउकीरी, विचरा कत्ति वर्ष पछि परदेशबाट घर फर्कीरहेका लाहुरेदाइलाई घेरै कान्छी-कान्छी भनेर नसम्भा न; तँलाइनै कान्छी भन्ठानेर अंह्याउला।" हुलका सबै लडकीहरू हाँसी दिए। तर त्यो लडकी लाजले राती भई, मैले देखेँ उसका आँखा नचाहेर पनि तल गाडिए। मलाई उसको लजालु मुख भन् राम्रो लाग्यो।

म सोच्न थालेँ—मयाँउकीरी संगीतकी रानी; बनकी गुराँस, एकान्तरमा फुल्ने, एकान्तमा ओइलाएर भर्ने जसको रूप, जोबन, कण्ठको महिमा नै यत्तिकै छ"। म निकै बेरसम्म विचारमा तल्लीन भए छु। हावाको सेरोठोले मलाई बिउँभायो। लडकीहरू गैसकेका रहेछन, साँभ भमक परिसकेको थियो। म पनि बिस्तारै माथितिर लागेँ।

गाउँमा पुगेर बास खोज्न भनी भौँतारिन थालें। एक दुइ ठाउँमा बास पाइन्छ भनेर सोद्धा 'यो भट्टी होइन' भन्ने रूखो जवाब पाइयो। भट्टी कतातिर रहेछ त भनेर खोज्दै थिएँ कि एउटा कुनाबाट आवाज आयो— "लाहुरे दाइ यता यता, बास पाइन्छ आउनुस्" म त्यतैतिर लागेँ। एउटा बूढो मानिसले बोलाएको रहेछ।

बल्ल-बल्ल बास पाइयो भनेर मेरो मन खुशी भयो, मलाई बस्नको निम्ति एउटा परालै गद्दा र कम्बल मिल्यो। थकाइ ज्यादै लागेकोले पल्टेको मात्र के थिएँ, निदाए छु।

"लाहुरे दाइ, लाहुरे दाइ"-को आवाजले निदाएको एकै छीनपछि मलाई बिउँभायो। सामुन्ने मयाँउयीरी टुकी लिएर उभिएकी थी। मैले उसलाई देखेँ, उसले मलाई देखी। मलाई आश्चर्य लाग्यो, उसलाई लाज लाग्यो—सेता गालाका पाटा राता भए।

"ओ हो! कस्तो अचम्म' म त तिमी कहाँ पो त आईपुगे छु" मैले

हाँस्दै भने । उ केही बोल्दीन । कुन्नी के हो भन्न आएकी थीई, त्यो पनि भन्न नसकेर टुकी मात्र राखेर गई ।

थकाई असाध्य लागेको थियो, कपाल पनि अलि–अलि दुख्न थालेको थियो; त्यस रात केही खान–पिन नगरेरै म सुतें ।

राती मलाई निश्लोट ज्वरो आए छ । मेरो अँहँहँको आवाजले र 'पानी खाउँ' भन्ने बोलीले घरवालाहरूलाई कतिपटक बिउँझाएको रहेछ । बिचरी भयाउँकीरीलाई आफ्नो मधुर स्वप्नको झल्को छाडेर कैयौं पटक मलाई पानी ख्वाउन आउन परेको रहेछ ।

राती मलाई निश्लोट ज्वरो आएको थियो भन्ने सुनेर मेरो मन एक पटक झसङ्ग भयो । मेरो कानमा– "लाहुरे दाइको रेली माई फेरनै राम्रो......" भन्ने गाना गुन्ज्यो; मैले बिस्तारै आफ्नो हात पैण्टको खल्तीमा पुराएँ, बेग आफ्नो ठाममा नै रहेछ ।

मलाई किन हो आफ्नो त्यस असहाय अवस्थामा अरूहरूभन्दा भयाँउकीरीमाथी नै बढ्ता विश्वास हुन गयो ।

राती आएको ज्वरोले बिहान एकछिन ओर्लिएर फेरि दिउँसो छोपि हाल्यो । म ४ ५ दिनसम्म बिचेत भएछु । मेरो शरीर दुब्लाएर सिट्ठी भयो ।

केहीगरी एकहप्ता पछि मलाई ज्वरो आउन छोड्यो । म मृत्युको मुखबाट बाँचें । घरवालाहरू पनि खुशी भए ।

मेरो जीवन बचाउने श्रेय सबभन्दा बढ्ता भयाँउकीरीलाई रहेछ । एक दिन उनकी आमाले आएर भनीन्— "लाहुरे बाबू, तपाइँ त बिचेत हुनु भो, हामीलाई डर लाग्यो । रातभरी दिनभरी कराउनु हुन्थ्यो, भयाँउकीरी जहिले पनि रात–दिन नभनी तपाइँनेर बसेर तपाइँको सेवा गर्थि । अरू कति मानिस यो भट्टीमा आए, गए, तर भयाँउकीरीले कसैलाई पनि हेरीन । तपाईंलाई भने हामीले एक बचन

भन्दा यसतरी केही महिनासम्म सेवा गरी, सारा गाउँघर छक परेको छ।" मेरो हृदय यस भनाइलाई सुनेर मयाँउकीरी प्रति दया, श्रद्धा भक्ति र अरू नमालूम के केले हो भरिएर आयो, आँखाबाट आँसु पनि खसे।

मेरो जीवनको निम्ति त्यत्रो त्याग देखाएकी देवीलाई मैले अहिलेसम्म दुइ वचन श्रद्धा र भक्तिको चढाउन पाएको थिइन। अब ठीक भैसकेको थिएँ। तदर्थ उ घाँसपात ल्याउन बिहान घरबाट निस्कीन्थी फेरि कुन बेला आउँथी, कुन बेलर जान्थी मलाई थाहा हुन्दैनथ्यो।

एक दिन मैले घरमा मयाँउकीरीको बोली सुने "मयाउँकीरी" मेरो मुखबाट आफसे आप निस्कको। उ आई। मलाई के भनु जस्तो भयो। एक छीन दुवै तिरबाट मौनता।

"मैले तिमीलाई धेरै नै दुख दिएँ होइन" मैले नै मौनता तोडें। तर मयाँउकीरी चूप। मैले आवेशमा आएर भने— "मयाँउकीरी मेरो आँखातिर हेर"।

मेरो आँखाबाट झल्किरहेको कृतज्ञता, श्रद्धा र भक्ति उसले बुझ्न सकी कि सकीन म जान्दिन तर मैले उसको आँखामा उल्टै आफू प्रति श्रद्धा र भक्ति तथा नजानिदो किसिमबाट उसको हृदयमा अडिरहेको आफू प्रतिको चाहना पाएँ। उसको हेराइले मलाई डीठ लागे जस्तो भयो म टीक्न सकिन, मैले प्रसंग बदल्दै भने—"मयाँउकीरी अब म भोली जान्छु; तिमीले मेरो जुन सेवा गरेर मलाई जीवन दान दियौ त्यसको निम्ति म जीवनभरी तिम्रो ऋणि रहने छु"।

यस पटकको मेरो भनाइले उसको हृदयलाई चीमोटे छ क्यारे, उसले मुख खोली—"भरखर तपाइँ बिरामीबाट उठ्नु भो, कमजोरी छ अलिक दिन बसेर तंग्रिनोस्, अनि जानु होला।

वास्तवमा म फुके ढलुँला जस्तो थिएँ। उसको भनाइलाई आनाकानी नगरेरै स्वीकार गरें। तर साथै एउटा शर्त पनि राखें कि उसले रोजै

एक पटक भनित आएर कुरा गर्नु पर्छ, आफ्नो गीत सुना उन पर्छ; मन मलाई त्यसको लाग्नेछ । उसले पनि मेरो मनभाईलाई बिलकुल प्रतिवादको स्वीकार गरी ।

यसपछिदेखि मयाँक्कीरीसित मेरो घनिष्टता बढ्दै थाल्यो । उ बिस्तार बिस्तार भनित मयास्सीएर फेरि आफ्नो स्वभावद्वारा मलाई आजीत गर्न थाली । रोजै बनबाट त्याउला काटेर फर्केदा उ मेरो निम्ति पोल्टा भरी ओखर र कटुस लिएर आउँथी ।

मेरो स्वास्थ, मयाँक्कीरीको सेवा, प्रेम र स्नेह पाएर सप्रीनु थाल्यो । म अब मयाँक्कीरीसित कहिलेकाहीं घुम्न पनि जान थालें । पहाडकी शुद्ध-बुद्ध लडकीलाई म शहरको आधुनिक कुराहरू बताउँथे; उ आफ्नो पहाड-घरको भोलाभाला बनका तथा कुराहरू बताएर मेरो जानकारीको भण्डार भर्थी ।

एक दिन म मयाँक्कीरीको साथ गाउँभन्दा परको बनमा गएको थिएँ । मलाई एक ठाउँमा राखेर उ भीरमा गएर घाँस काट्ने गीत गाउन थाली । उसको गीतमा भनित प्रश्नहरू थिए । मलाई जवाफ दिन मन लाग्यो, मैले पनि जोड्ताड गरेर शब्दाई हालें । बराबरको प्रयासले धेरैनै सफलता मिल्यो, तर संगीतको शानीलाई जित्न के सकिन्थ्यो ।

मैले गीतमा उसलाई जवाफ दिएको सुनेर मयाँक्कीरी अत्यन्त प्रसन्न भई । आफ्नो कामसामा छोडेर उ भरेर आएर बसी । आज उसको हृदय भनित आफ्नो घुर्को मामामा राख्री छोड्का कुराहरू भन्न लालायीत थियो जस्तै ।

मयाँक्कीरीले भनी—

"लाहुरे दाई, तिमी किन हौ अरू लाहुरेभन्दा भिन्नै छौ । मले कुनै लाहुरेलाई तिमी जस्तो देखिन । तिमीले, मेरो मन हरेको देख्दा म जोड्ड परेको छु । भनन लाहुरे दाई, तिमीले छोडेर गएपछि म कसरी

चाह्ने।" उसको आँखा रसाएर आएको थियो।

उसको यो मुटुमा गाडिएको पार्ने भनाइलाई सुनेर मेरो हृदय छ्याछ्या भयो। मैले भिज्नाएँ भने—

"म तिमीलाई बिर्सन्न भयाँउकीरी. हाम्रो फेरि भेट हुन्छ।" उ एक छिनसम्म मौन रही, शायद मेरो कुराको सत्यतालाई आफ्नो मनभित्रको चाहनाको कसीमा घोटेर हेर्नलाई होला।

उसले लामो सास छोड्दै भनी—"तिमीलाई लाग्ला मैले, तिम्रो कुराको विश्वास गरिन, तर के गर्छौं लाहुरे दाई मलाई कता-कताबाट हो भनेझैं लाग्छ मेरो सामुन्ने रहुञ्जेलका मात्र यी सब कुराहरू हुन।"

मैले आवेशमा भयाँउकीरीको हात समाउँदै भने—"म माथि विश्वास गर भयाँउकीरी। आफ्नो हृदयको चाहनासित मेरो हृदयको चाहनालाई दाँजेर हेर, अनि तिमीलाई विश्वास हुनेछ।" वातावरण शान्त थियो। हावाको एउटा झोकाले आएर रूखका पातहरूलाई हल्लायो। प्रकृतिकी देवीलाई आफ्नो तनको रूखका पातहरूले पनि "ठिक हो, ठिक हो" भनेझैं लागेछ पयारे; उ फेरि बोलीन। बरु आफ्नो टुलुटुलु हेराइले भनिर हेरेर मेरो हृदयमा बुलेट हिर्काइ—"लाहुरे दाई, म तिम्रो पर्खाइ गर्छु, तलाई पनि चटक बिर्सेर अन्योलमा नपारे है"।

भयाँउकीरसितको बसाइले मलाई दिन बितेको थाहै भएन। म आफूको एक महिना हुन लागेको रहेछ।

एक दिन मैले आफ्नो जाने तरखर गरेँ। बिचरी भयाँउकीरीले मलाई कति रोक्न खोजी, तर म मानिन। भोलीपल्ट बिहानै म त्यहाँबाट बिदा भएँ।

भयाँउकीरी मलाई फेदीसम्म पुऱ्याउन आई। छुटिँदासेरि मेरो आँखाबाट पनि बिछोडको आँसु खस्यो। मैले आफ्नो हातको

औंठी मयाँउकीरीको हातमा लगाइ दिएँ। मयाँउकीरीको आँखा त भलभलस्त बगेर गंगा-जमुना भएका थिए। "मलाय नबिर्से लाहुरे दाई" मुश्कीलसाथ उसको मुखबाट निस्क्यो। बाटामा परसम्म संगीतको रानीको स्वर कानमा गुञ्जीरहे। मन फर्किन चाहन्थ्यो, तर खुट्टा भने अगाडि बढ्दै गयो।

मयाँउकीरीको सम्झनामा हराउँदै, औंकी-दुन्की गर्दै बर्सेनी म काठमाण्डु आइ पुगेँ। तर यहाँ मलाई एकदिन पनि मन लागेन, किनकि मादलको आवाज र पहाडी संगीतको तान यहाँ पनि मेरो कानमा कता-कताबाट आएर पथ्यो। म भोलिपल्टै घर फर्किएँ।

घर आएर पनि मलाई मयाँउकीरीको सम्झनाले उदास र चंचल गराइन थाल्यो। तर मदेसको सहरी वातावरणमा पहाडको लसंदेस केही घरेरीएकोले समयको साथ बिस्तारै मयाँउकी-रीको सम्झना धमिलिन थाल्यो। तीन वर्ष बित्दा त मैले मयाँउकीरी-लाई भुसुक्कै बिर्से भने पनि हुन्छ।

एक दिन म काम विशेषले दरभंगा गएको थिएँ। त्यहाँ एउटा होटेलमा चाय पिउन पुग्दा मेरो आँखा एउटा नेपाली ठीटो माथि पुगेर टक्क अडियो। उ पनि मतिर हेरिरहेको थियो। मैले लाख सोचें तर उसलाई कहाँ देखेको हो ठम्याउन सकिन। अन्तमा हारमा-नेर मैले उससित सोधेँ—"तिमीलाई मैले कहाँ देखेको हुँ"।

उसले "न्वाकोटमा" भन्दा मेरो आँखा अगाडी तीन वर्ष पुरानो घटना सर्र दोहरियो। मयाँउकीरीको सम्झनाले डर जस्तो लाग्यो। मैले बिस्तारै डराइडराइ—"मयाँउकीरी अहिले कस्ती छन्।" उसले एक छिन चूप लागेर भन्यो—"ओहो हजूर, उसको त नासै भयो"— मेरो मुखमा चिट चिट पसिना आउन थाल्यो, मैले जोडसित भने— "राम्रोसित भनन"। उसले भन्यो—"हजूर गएदेखि मयाँउकीरी बौलाहा जस्तै भै। जहिले पनि 'मलाई मेरो लाहुरे दाई कहाँ पुराई देऊ,' न मर्छु 'भनेर साथ कराउँथी। एक दिन उसलाई गाउँकै एउटा

बदमासले फसल्याँग फुसल्याँग पारेछ।' त्यहुरे दाईको पुराई दिन्छु भनेर भगाए छ। त्यो बदमाशले त झ्याउकीरीलाई आसामको गोहाटी भन्ने ठाममा लगेर बेची दिएछ। तर झ्याउकीरीले पनि हजुरकै नामले धोकना गर्यो छ। केहिशीप त्यो किनेको मानिसले पनि झ्याउकीरीलाई छाडीदियो। झ्याउकीरी त्यहाँबाट उम्केपछि शुद्ध पागल भएर गाँलफ्रीन थालीछ। आफ्नै गाँउको एक जनाले उसलाई समातेर कोठामा थुनि दियो। केही पनि नखाने कराई मात्र रहने हुँदा जीउले थाप्न सकेन। उ वीरामी परी र एकदिन हजूरको नाम लिदालिदैडुलाग्न लडेर बाँचेन भै फेरि कहिले पनि उठीन।"

उसको कुरा सुनेर मलाई आसपासको जमीन घुमे जस्तो लाग्यो। यसको पछि के भयो मलाई थाहा भएन। धेरै बेरपछि मैले आँखा खोलें। मेरो ओरीपरी धुप्रै मानीस जम्मा भएका रहेछन। सारणलाई तीखो पारेर यो के हो भनेर सोच्न थालें, तर फेरि मुर्छा परेछु। यसैगरी ठिक भएर म घर आइपुगें।

मेरो हृदय ग्लानी र पश्चातापले गहीरहीकन पुतला जस्तो हुन्थ्यो। मेरो कानमा झ्याउकीरीका संगीतहरू आएर भनेझैं लाग्थ्यो—"तँ अपराधी होस्, तैले नेपालको संगीतको रानीको हत्या गरीस्। अब हामी कसको कण्ठबाट निस्कने, तैले हाम्रो बिचल्ली गराइस्।"

चारैतिरको अपराधको बोझले म मरूँला जस्तो हुन्थें। तर म मरिन—बाँचे। पश्चातापको भुंग्रोमा पिल्सिएर घुटीघुटीकन मर्नलाई म आजसम्म बाँचेको छु।

झ्याउकीरीको कहानी सुनिसकेपछि तपाईंको हृदयले पनि मलाई सराप्ने छ। झ्याउकीरी प्रति तपाईंको हृदय श्रद्धा र भक्तिले भरिनेछ। म घृणाको अधिकारी छु, धिकार्नुस्, तर झ्याउकीरी प्रति श्रद्धा र भक्तिको दुइ थुँगा चडाई दिनुस्—मेरो अपराधी हृदयले धेरै नै शान्ति पाउने छ। रात्रीको सन्नाटामा झ्याउकी-रीको आवाजसुन्दा मेरो झ्याउकीरीलाई पनि एक छिनको निम्ति सम्झि दिनुस—मेरी झ्याउकीरी अमर हुनेछीन्।

ईश्वर बराल

# प्राथमिक नेपाली साहित्य १, इन्दिरस तथा विद्यारण्यकेसरी अर्ज्याल

पृथ्वीनारायण शाहद्वारा नेपाल–उपत्यकाको विजय हुनु अघि सं० १६६८ सालमा नेपाली भाषा नेवार राजाद्वारा नेपाल उपत्यकामा समादृत भइसकेको थियो । नेपाली भाषाको प्रयोग सं० १६६८ मा काठमाडौंका राजा लक्ष्मीनरसिंह मल्लको मखन टोलस्थित एउटा शिलालेखमा भएको छ । उनताकका अरू नेवार राजाहरूका समयमा लेखिएका केही नाटकमा हिन्दी, मैथिली, बंगाली इत्यादि भाषा तथा गीतहरूका साथ–साथ नेपाली भाषाको प्रयोग पनि भएको छ । संस्कृतका प्राचीन नाटकहरूमा विविध प्राकृतको प्रयोग भएझैं नेवार राजाताकका ती नाटकहरूमा यस्ता भाषाको प्रयोग भएको छ । पश्चिम नेपालमा पर्वत भन्ने एउटा रजौटा छ । अन्दाजि १७६०–१८१५ वि० तिर राज्यकाल भएका त्यसका राजा मलयबमका पुरोहित प्रेमनिधि पन्तले नेपाली भाषामा प्रायश्चित प्रदीप- को रचना गरेका थिए । यस प्रकार विक्रमीय अठाहौं शताब्दीको पुछारतिर नेपाली भाषाको धाक जमि सकेको देखिन्छ । नेपाली भाषा आफ्नु जन्मभूमि बाहिर पनि व्यापक हुन गएकोमा यसको प्रसरणशीलताको अनुमान गर्न सकिन्छ । नेपाली भाषालाई साहित्यिक गरिमा त धेरै पछिमात्र प्राप्त भयो । नेपालका मानिस पनि मानवसरह नै हुनाले तिनमा हर्ष-शोक, आशा–निराशा, प्रेम–वियोग, सन्धि–विग्रह इत्यादि रागात्मिका र तीक्ष्ण संवेदनकारी भावनाहरूको घचघचाइ अवश्य भयो नै । जुवारी-को गीतको एक गेडामा सर्वस्व गुम्पने नेपाली नर-नारीले उल्लासमा गाएको, धार्मिक चाडबाडमा संगिनी गीत गाएको, बालन

खेलेको, बाली उब्जाउँदा र काट्दा गीत गाएको, गाइ-वस्तु चराउँदा पहरा फेर्ने गरी जंगलमा कुर्लेको, रत्यौलीमा नाची-उफ्री प्रहसन गरेका, र अरू नाना प्रकारले हृदयका भावलाई व्यक्त गरेको कुन नेपालीले नहोला? युद्धको हार-जीतको अवसरमा लालबहादुरले भोटको लडाईंको सवाइ कथेझैं रणका सूरा गोरखालीहरूले पनि काव्यरूपमा आफ्ना मनमा गडेका उद्गार अवश्य नै प्रकट गरे हुनन्। हाम्रा गाइनेगीत, लोकगीतमा केही सनातनता अवश्य होला। तर खेदको कुरा यति हो, हाम्रा यी प्राचीन नासोको अत्तोपत्तो छैन, न खोजितिति नै भएको छ। तापनि नेपालमा कवि नै थिएनन् भन्ने अनुमान गर्नु भूल हुनेछ। संस्कृतमा भने नेपालका केही प्रसिद्ध लेखक, कवि र नाट्यकार भएका छन्। यस्ता नेपाली कविले आफ्नो विद्वत्ताको प्रकाश नेपालबाहिर पनि फिंजाएका छन्। नेवार राजाहरूमा, विशेषतः भादगाउँले राजाहरूमा, सबै जसो ग्रन्थकार भएका छन्। नेपाली भाषाको प्रयोग लिखित रूपमा हुनुअघि र हुने ताकतिर पनि केही नेपाली कवि र लेखक भएका छन्। कविका रूपमा वाणीविलास पाँडे (अन्दाजि १८१२–१८९० वि०), नाट्यकार कविका रूपमा शक्तिवल्लभ अर्याल (रचनाकाल १८४८ वि० तिर), दार्शनिकका रूपमा शिव शर्मा पण्डित (रचनाकाल १८६१ वि०) इत्यादिका विषयमा नेपाली समाजलाई थोर बहुत परिचय प्राप्त भएको छ। संस्कृतमा लेख्ने परंपराका साथ-साथ अवधी र भोजपुरीमा लेखिने परिपाटी पनि रणबहादुर शाहका पालामा (१८३४–६३ वि० तिर) चलेको देखिन्छ। उनका केही निर्गुण भजन छन् जुन आफ्नी मैथिल प्रेयसी कान्तमतीको मृत्युपछि सं० १८५४–५६ तिर लेखिएका होलान्। रणबहादुर शाह सन्न्यासी हुँदा 'स्वामी निर्गुणानन्द' भएका थिए। यस प्रकार नेपालीमा निर्गुण भजनको थालिन यस ताकदेखि प्रारम्भ भएको देखिन्छ। 'गोरखाली बडा वीर' शिवरामसिंह

बस्न्यातका पुत्र काजी धौकलसिंहको वि० सं० १८३३ को केलटोल-को शिलालेखमा र नारायणहिटीको नारायणमन्दिरमा भएको वि० सं० १८५० को शिलालेखद्वारा अवधी, भोजपुरीमा दोहा र कवित्तको रचना भएको देखिन्छ। यी शिलालेखका रचयिता वाणीविलास पाँडे हुन्। यस प्रकार पृथ्वीनारायण शाहको नेपाल विजय (१८३३ वि०) देखिन् लिएर रणबहादुर शाहका राज्यकाल (१८४३ --६३ वि०) सम्म हिन्दी भाषाका कविताको प्रचलन भएको स्पष्ट देखिन्छ। यसबाट यो कुरा बुझिन्छ, थिन्ताकसम्म कुनै नेपालीलाई पनि आफ्ना भाषामा कविता लेख्न सकिन्छ भन्ने विश्वास रहेनछ। नेपाली भाषाको नेपाली छन्द (झयाउरे, बालन, सवाई इत्यादि)को यस प्रकार हेलाँ गरिन्थ्यो। विद्वानहरूको मण्डलीमा संस्कृतको नै मायाजाल थियो र भाषाका कविता तथा भजनका निम्ति भोजपुरी, अवधी अर्थात् हिन्दीको नै प्रसंग लिइन्थ्यो। थिन्ताकका लिखित नेपाली कविता पाइएका छैनन् र यस्तो परिस्थिति हुनाले सवाकहरूके ह्यास्मै होओइन। पं० बाबुराम आचार्यले १८४६ वि० सं० तिरको एक र १८५० वि० सं० तिरको अर्को गरी केवल दुइ टुक्रा (जस्मा छ पंक्तिका २ कविता--रचाना) को प्रसंग दिनु भएको छ। ती टुकड़ा यी हुन्।

भातु खाय शुभान शाही तारली हान्या कुमला।
जिती आए गोरख्य जमि मार जुमला॥

(पुराना कवि र कविता, पृ० २)

जस्ले सातु गन्यो मक्कन पिंधी सिश्री मुठीमा धन्यो।
सिन्की थीचि सुकाइदियो नुरद्धिको फोन्यो र साथमा लियो॥
कोदो फाँडि फल्यो नखाइ दहिको ठेको सिकामा धन्यो।
मेडो छोडिदियो दशैंकन भनी त्यो हो बडो बुद्धिमान्॥

(ऐ० पृ० ७-८)

१८७३ वि० सं० मा ईष्ट इण्डिया कम्पनीद्वारा हार खाएपछि नेपाली आफ्नो छटपटाउँदा राष्ट्रिय गौरवबोध हुँदा मात्र नेपाली कविताको रचनाको क्रमिकता भएको देखिन्छ । यिनताकको एउटा श्लोकार्द्ध सूर्य विक्रम ज्ञवालीले दिनुभएको छ :

फिरंगी हटाई लुटीपीटि चाँडो ।
पुगी आज गंगा पखाल्नू छ खाँडो ॥

( भारती, वर्ष संख्या पृ० )

यस प्रकार नेपाली साहित्यको सिर्जनाको निम्ति भीमसेन थापाको प्रधानमन्त्रित्वकाल ( १८६३–९४ वि०सं० ) लाई नै निकै श्रेय छ । नेपाली राष्ट्रियताको जुन राँको उनले बालेका थिए त्यसैले गर्दा नेपाली भाषाको वस्तु गई संतबोध भएको छ । यस परिस्थितिमा नै १८८४ वि०सं० तिर इन्दिरस, विद्यारण्यकेसरी र वसन्त शर्माको आविर्भाव भएको छ । प्राथमिक कालका नेपाली कवीताहरुमा परमानन्द, वीरशाली, पन्त, पद्मानन्द लोहनी, बिहारीलाल, छविलाल ( पालपाली ) र वैयाकरण नेपालको पनि उल्लेख भएको छ । तर यिनीहरुमा कसैको समय ज्ञात भएको छैन । यिनमा परमानन्द, वीरशाली र विहारीलालका कुनै कृति पनि देखिएका छैनन् । वीरशाली पन्त र परमानन्द उन्नत भक्त कवि थिए भन्ने अनुश्रुति छ । भाषासप्तरत्न द्वितीय भागका केही कविताहरु सम्भवतः साविका कुनै कविहरुको हुनुमा सन्देह छैन । संस्कृत कविमा पेरैको अन्यकर्तृत्वको पूरा ब्यौरा नपाइएको झैँ हाम्रो पनि यही हाल छ । प्राथमिक कालका कविहरुमा गुमानी ( कुमाउँका, असली नाउँ लोकरत्न पन्त, १८४७– १९०३ वि०सं० ) को नाउँ पनि आउँछ । उनका कविता धेरै पाइएका छैनन् । जे-जति पाइएकाछन् तिनमा नेपालीको सर्वाङ्गीणरूप देखिन्छ पनि । चतुष्पदी श्लोकमा कतै पूर्व तीन पाउ संस्कृत र अन्तिम एक पाउ नेपाली, कतै पूर्व तीन पाउ नेपाली तथा अन्तिम एक पाउ संस्कृत र कतै पूर्व दुइ पाउ संस्कृत तथा अन्तिम दुइ

पाउ नेपाली भए तापनि नेपालीको प्रयोग कुमाउँनीजस्ता संस्कृतनिष्ठ पण्डितद्वारा र नेपालीतर तथा नेपालीभाषीतरद्वारा देखिएकोमा नेपाली भाषाको निम्ति लिनताकको प्रसंगमा कम्ती गौरवको कुरो होइन। प्रसंगका निम्ति उनका केही श्लोक उपस्थित गरिन्छन् :

कर्णेनाथ घटोत्कचे युधि हते त्वां वीक्ष्य शक्ति हतां ।
तुष्टः प्राह शचीपतिः शिवमहो पार्थाश्चिरं जीविनः ॥
एतद्भीमसुतस्य साधु निधनं मन्ये स्वसत्रोर्वधात ।
छोरा आफ्नु मर्ने चाबी त बड़ भीतकुँ छोरा गरोस् ॥

... ... ...

दिन दिन खजनाका भारिका बोकनाले ।
शिव शिव चुलिमैंका बाल मैं एक कैका ॥
तदपि मुलक तेरो छोडि मैं कोइ भाजः ।
इति वदति गुमानी धन्य गोर्खालि राजा ॥

... ... ...

कपिहेरु संग पनि रावन ले ।
क्यहि पार पाउन सकैन नहीं ॥

— — —

तर गुमानीले नेपालीको खिसी गर्न यस प्रकार श्लोकरचना कदापि गरेका होओइनन्। नेपालीमा प्रयोग गरेअनुसार उनले आफ्नु मातृभाषा कुमाउँनीमा पनि पूर्वोक्त उदाहरणको ख्यालका श्लोक रचना गरेका छन् :

रामनगरसमरशत्रुनिमित्तम् ।
कामकमाप्तवनीमधिचित्तम् ॥
[illegible]हुवाभिनि बाणो ।
पीड कुठौर कि बैद जेटाणो ॥

नेपाली भाषाप्रति प्रेम देखाउन नभई श्लोकरचनामा वैदग्ध्य

देखाउनलायक नै नेपाली भनिइ आएको होस् तापनि भाषाको शैलीको प्रसंगमा भाषाको यो प्रयोग हामीले विवेचना गर्नुपर्छ । यस्तै किसिमले नेपाली भाषाको सर्वांगीण रूप भए तापनि विशुद्धताको अभाव नेपाली भाषाका अहिलेसम्म भेटिएका सर्वप्रथम कवि इन्दिरसमा पनि देखिन्छ ।

इन्दिरसको जीवनवृत्तान्त थाहा छैन न उनको कुनै परिचय पनि पाइएको छ; केवल उनको उन्नाइस श्लोकको 'गोपिकास्तुति' पाइएको छ । यो श्रीमद्भागवत दशमस्कन्ध पूर्वार्द्धको एकतीसौं अध्यायको छायानुवाद हो । यो कविता भाषान्तरज्ञ (सर्वप्रथम १६४८ वि०सं० मा प्रकाशित) भन्ने कविताहरूको पुस्तकमा धेरै पछि र धेरै प्रयासहरुद्वारा प्रकाशित भएको छ । यसबाहेक इन्दिरसको अरु कुनै कविता भेटिएको छैन । गोपिकास्तुति-को शैली र भावपक्षबाट हामी इन्दिरसलाई धार्मिक कोटिका कविमा मान्दछौं । 'गोपिकास्तुति'-मा अवधी, भोजपुरी शब्दावली छन्, ब्रजभाषाका वाक्यविन्यास छन् र त्यसैको अनुरूप कोमलकान्तपदावली कृष्णलीलाका प्रसंगमा । नेपाली साहित्यको शैली संस्कृत-प्रधान छुट्टै लियो । यहाँ अन्यत्रको भएकोले र त्यहाँको भाषा नेपाली मिश्रित ठेट बोली भएर नेपाली भाषामा मिसिन जान्थे । नेपालीको स्वरूप अनि प्रवाह हुँदै गयो त्यति भाषा पनि पछि-पछि थपिँदै गयो । प्रारम्भिक कालको नेपाली साहित्य यस प्रकार नेपालेतर प्रभावबाट मुक्त हुन बल गर्दै थियो । हिन्दूसंस्कृतिको नासो नेपाल भएकोले धार्मिक संस्कृत ग्रन्थबाट अनुवाद गर्नु नै प्रारम्भिक कालमा लेखकहरूको लक्ष्य हुन गयो । सर्वप्रथम प्रयास गर्दा त अनुवाद गर्नु र ग्रन्थको कुराको भाव बुझ्नु नै सहजवृत्ति हुन जान्छ । त्यसो हुनाले कविताको र अनुवादको क्रम संस्कृत वर्णवृत्तानुसारका छन्दमा नै नेपाली भाषा ओर्लँदै आयो । यस प्रकार संस्कृत वर्णवृत्तानुसारको छन्दोविधानको परिपाटी यस कालमा चलिएकोले पिंगलका अनुसार 'अपि माषं मषं कुर्यात् छन्दोभङ्गं न कारयेत्' को लोकनिर्देशले शब्दहरू ब्याउन्जेल गरि कसाइए । यो परंपरा जग नै भइदियो र पछि

माध्यमिक कालमा मात्र होइन अहिले आधुनिक युगका केही कवि पनि सोही परिपाटीका छन्। गणको यथाविधि रूप राख्न दीर्घ वर्णलाई ह्रस्व पार्नु, स्वरभक्ति गर्नु, नेपालीतर शब्दको प्रयोग गर्नु माध्यमिक कालको नै परिपाटी हो। 'तिम्रो'-को निम्ति 'तिम्रि' (तिम्रि जन्मले, तिम्रि प्रीतिले, तिम्रि हुन् सबै, तिमरि सेवले, तिमरि मूर्ति हो), सम्बन्धवाची विभक्ति 'को'-का निम्ति 'कि' (विधिकि विन्तिले, प्रजकि दुख हर्या) इन्दिरसका इत्यादि प्रयोग केवल छन्दोविधानका निम्ति मात्र हुन्। निहार (हेर), आँधिभौरि (आँधिखुँवरि, आँधिधिहारि, ध+ह = भ), नाङ्गित (नङ्ग भएको), शोभमान् (शोभायमान), बुझनिहार (बुझ्ने मानिस), अकल (अरबी 'अक्ल', ज्ञान), पिलाऊ (खुवाऊ), सामरो (कालो, कृष्णका निम्ति), दरश (दर्शन), दर्द (फारसी) आदि केही प्रयोग 'गोपिकास्तुति'-मा भएका छन्। यस प्रकार इन्दिरसको कवितामा शैली कतै दुरूह भएको छ, कतै अन्वयको जालोले गर्दा अर्थ अल्झेको छ, कतै विदेशी शब्दको प्रयोगले अर्थ सजिलै खुल्दैन। तापनि उनको यस कवितामा माधुर्य निकै छरिएको छैन भन्न सकिन्न। 'गोपिकास्तुति' श्रीमद्भागवतको बडो रोचक गीतिकाव्य हो। प्रियको प्रत्याशा र त्यसको निम्ति छटपटाइहुनु, ओठाइ चल्नु र साँझको कुहुनुको चित्रणमा अति मधुर भावव्यञ्जना भएको छ। ठाउँ-ठाउँका यमक र अनुप्रासले बडो राम्रो संगीतात्मकता आएको छ र छोटो छरितो छन्दले सुन्दर गत्यात्मकता। विभिन्न प्रकाशकबाट भाषाभक्तरत्न, भाषापद्यरत्न वा भाषाभजनरत्न—का विभिन्न संस्करण प्रकाशित भएबाट इन्दिरसको 'गोपिकास्तुति' नेपाली समाजमा बहुपठित र अतिरुचिकर भएको स्पष्ट देखिन्छ।

इन्दिरसकै कडीमा हामी विद्यारण्यकेसरी अर्याललाई पाउँछौं। उनको जन्म नुवाकोटको गुनाखानी भन्ने ठाउँमा भएको थियो। उनको कुल प्रसिद्ध राजपुरोहितको थियो, त्यसो हुनाले उनको शिक्षा-दीक्षा राम्ररी नै भयो। तिनी १८८४ सालमा मात्र काठमाडौं आएका

पाए। त्यसो हुनाले १८८४ सालमा चलेको वसन्त शर्माको कविता उनले हेर्न पाएनन् होलान्। उनले ओफतु कविता सुनाखानीमा नै लेखेका हुनाले उनको शैलीमा त्यस्तो सदृरिया पारा आउन सकेको छैन। संस्कृतनिष्ठ ब्राह्मण हुनाले र उनताकको काशीवास भएको हुनाले कवितामा संस्कृत शैलीको र व्रजभाषाको प्रभावका साथ अरु हिन्दुस्थानी प्रभाव पर्नु स्वाभाविक नै देखिन्छ। काठमाडौंमा नै उनले रचना गरेको भए तथा वसन्त शर्माको रचनासित परिचित भएको भए सम्भवतः व्रजभाषाको उति सनाक प्रभाव पर्ने थिएन। त्यसो हुनाले विद्यारण्यकेसरीको कविताकाल १८८४ सालभन्दा अघिको नै देखिन्छ। वसन्तः शर्माको जन्मसाल थाहा नपाइएकोले र शैली तथा विषयमा इन्दिरसकै कडीमा देखिने हुनाले विद्यारण्यकेसरीलाई हामी इन्दिरसकै पश्चात राख्छौं।

विद्यारण्यकेसरीका दुइ कविता पाइएका छन्: एउटा 'द्रौपदीस्तुति' दश श्लोकको र अर्को 'युगलगीत' अठ्ठाइस श्लोकको। 'द्रौप दीस्तुति'-को आधार महाभारत हो। कौरवसंग पाँडवको जुवामा हार हुँदा दुशासनले द्रौपदीको चीर खैंचेको वेला द्रौपदीले श्रीकृष्णलाई पुकारा गरेको भाव यस कवितामा छ। यो कविता पनि 'भाषासप्तरत्न तथा 'भाषा नवरत्न'का अनेक संस्करणमा प्रकाशित भएको छ। यस कवितामा पर्याप्त हिन्दुस्थानी प्रभाव छ: कहीं शब्दविन्यासको तथा कहीं वाक्यविन्यासको। खैंचत, आइ नाथ शरणागत तेरी, मेरी लाज( लाजा राख कुरुक बिच मेरी ), हूँगि मैं जनम जन्मकि चेरि, प्राण मेरि धुमिगै गला गला, धर्मराजकि बडायि कीरति, सूरती, पाँच पाण्डवकि मैं पटरानी, बात राख अब नाथ शरण की, मेरी बात, बखानी, लाज गाल सब गै कहाँ कहाँ, येहि बात खुलिगै जहाँ तहाँ, टुटिगै हृदय कृष्ण हमारी, बहाना, पत्या, लोग, धन्य धन्य हरिकी वढि माया—इत्यादि शब्द र वाक्यका प्रयोगमा हिन्दुस्थानी भाषाको स्पष्ट रूप देखिन्छ।

'युगलगीत' बाबुराम आचार्यद्वारा सम्पदित 'पुरानो कवि

र कविता' (२००३), सर्वप्रथम प्रकाशित भएको छ। यो पनि श्रीमद्भागवत-बाट छायानुवाद गरिएको हो। तर छन्दमा अन्त्यानुप्रास मिलेको छैन। नेपाली भाषाका कवितामा यस प्रकार अन्त्यानुप्रास नमिलेको यो प्रथम कविता हो। तर यो परंपरा भने रहेन। पछि भाषाका यावत् कविता अन्त्यानुप्रासको साङ्लामा बाँधिन थालिए। द्रौपदीस्तुति झैं यसमा पनि हिन्दुस्थानी भाषाको पर्याप्त प्रभाव परेको देखिन्छ। बांके ( टेढो ), मोर ( मुजुर ) श्रवणपर् ( कानमा ), कालि मुरली, अधरपर्, भली ( असल ) बजी ( बज्यो ) स्त्रीलिङ्ग प्रयोग रूप मालाकि धारी, बजी ( बज्यो, स्त्रीलिङ्गप्रयोग ) सांढ (साँढे), बछिया ( बाछो ) पाऊ, पद्मकि, टेढी नजर्ले, सुगन्धकी तुलसिकी माला, खुरकि रज्, बिदीरण, पूरण, आचरज्, कन्हैया, मैया, गैया, छब् इत्यादि हिन्दुस्थानी शब्द र वाक्यहरूको प्रयोग कविले गरेका छन्। हिन्दुस्थानीको यस प्रकारको प्रभाव इन्दिरसभन्दा विद्यारण्यकेसरीमा बढता देखिन्छ। हिन्दीतर प्रभावबाट भाषा खारिँदै गएको विकासवादी सिद्धान्तलाई माने विद्यारण्यकेसरीलाई नै हामीले थालनीमा राख्नु पर्नेछ। यो कुरो उनको छायानुवादले, अनुप्रास नमिलाउने झंझटबाट उम्कने मनोवृत्तिले, भाषाको स्वतन्त्र अस्तित्व नभएकोले छन्दोबद्धतामा पनि एकरूपता दिन नसकेकोले– यस्ता साधार प्रमाणका आधारमा सजिलै मान्न सकिन्छ। नेपाली भाषाको व्याकरण ता निर्धारित भइसकेको थिएन तर विद्वान कविले संस्कृत शब्दका प्रयोगसम्म त शुद्ध गर्नु पर्ने। यस परंपरामा प्राथमिक कालका त के माध्यमिक कालका बड़े-बड़े पण्डितहरू पनि छन्। छन्दको निमित्त हुरुक मरिमेटाइबाट नेपाली कविता यस प्रकार थालिएको छ। विद्यारण्यकेसरीले छन्दोभङ्गनिवारण गर्न गाउँछन्, गाउन्या, बजाउँदा, आउँछन्, गाउँथ्या, रुचाउला र रिझाउला शब्दमा 'उ' कारको तथा 'लाइ'-मा 'इ' कारको ह्रस्वरूपतकको प्रयोग गरेको छ। यस्तै प्रकारले लोकका बिचबिचमा कसो होलामा 'सो'

दीर्घ वर्णको प्रयोग ह्रस्वोच्चारित भएको छ ।

'गोपिकास्तुति' र 'द्रौपदीस्तुति'-का छरिता लयालु छन्द छन् । त्यसो हुनाले तिनमा गत्यात्मकताका साथै गीतिकाव्यात्मकता प्रशस्त छ । 'युगलगीत'-को छन्द लामो छ । हुनत शार्दूलविक्रीडित छन्दको प्रयोगमा भानुभक्तले पर्याप्त रसात्मक लयालुता ल्याइदिएका छन् । विद्यारण्यकेसरीको भाषा आधार नेपाली नहुनाले र एउटै श्लोकमा पनि छन्दको अनैक्य हुनाले सललल बगाइ नआएकोबाट माधुर्यको अभाव भएको छ । दुवै कविले संस्कृतका शब्दलाई ज्यामन्तै गरी प्रयोग गरेका छन् । ह्रस्वका स्थानमा दीर्घ गर्नु वा दीर्घका स्थानमा ह्रस्व गर्नु ( जस्तै; दासि, सन्तती, साक्षि, देहि, लक्ष्मि, पती, गोपि, भुमि, लोभि, निवासि, अङ्गुलि, स्वामि, ), स्वरभक्ति गर्नु ( जस्तै; दरश, रतन, जनम, पूरण, कीरति ) , शब्दलाई छोट्याउनु ( जस्तै; शोभमान् ), बुइ चढाउनु ( जस्तै; विराजमान, विन्ति, ), नवीन शब्दोद्भावन गर्नु ( जस्तै, नक्षित छन् ), वाक्यको औचित्यमा ध्यान नदिनु, संस्कृतका हुन् वा भाषाका हुन् शब्दको जथाभावि प्रयोग गर्नु यिनीहरूको विशेषता हो । यस्तो परिपाटी माध्यमिक कालसम्म र आधुनिक कालका केही पुरानिया लेखकसम्म पनि पुगेको छ ।

यी दुवै कविका कवितामा अरबी र फ़ारसीका शब्दको यत्किञ्चित् प्रयोग पनि भएको छ । इन्दिरसमा हिन्दि तथा अरबी र फ़ारसीको प्रभाव विद्यारण्यकेसरीभन्दा धेरै कम्ती छ । तर विदेशी शब्द तथा वाक्ययोजना भए तापनि ती कविता नेपालीले आफलेको छैन । गीतिकाव्यात्मकतामा जुन ऐकान्तिक रसावेश, अनुभूतिको प्रगाढ मार्मिक व्यञ्जना, छन्दको सललल बगाइ र एतदर्थ अपूर्व संगीतात्मकता र कोमलकान्त पदावलीको रसमयता पाइनुपर्छ सो 'युगलगीत'-मा लामो छन्द भएको र बीच-बीचमा एउटै छन्दमा अर्को छन्द आएकोले कम्ती भएको छ तापनि सबैमा रसात्मकता, रमणीयार्थकता र प्रसादगुण अवश्य छन् । यिनै गुणले यी कविता

नेपाली साहित्यका निम्ति चिरनिधि भएका छन्।

'द्रौपदीस्तुति' र गोपिकास्तुति'– का रचयिता वीरशाली पन्त हुन् भन्ने मत सूर्यविक्रम ज्ञवालीको छ[1]। उहाँ भन्नु हुन्छ—वीरशाली पन्त मथुरामा बसेका र असल साधक भएकाले 'बडे महाराजा' भन्ने पदवी पनि पाएका हुनाले कृष्णभक्तिको कविता उनैले गर्न सम्भव छ किनकि ती कविताको शैलीमा व्रजभाषाका शब्द प्रयुक्त भएका छन् औ हिन्दीमा चलेअनुसार लिङ्गानुशासनको परिपाटी पनि निर्वाह भएको छ। तर ज्ञवालीको मत अनुश्रुतिका आधारमा मात्र छ। बाबुराम आचार्यले वीरशाली पन्तको नाम मात्र सुनिएको तर कविता नपाइएको भन्ने उल्लेख गर्नुभएको छ[2]। भाषासहरत्न तथा भाषानवरत्न–का विभिन्न प्राचीन संस्करणमा 'गोपिकास्तुति र 'द्रौपदीस्तुति'- का रचयिताका नाम क्रमशः इन्दिरस र विद्यारण्यकेसरी नै उल्लिखित भएको छ। 'युगलगीत' भने अप्रकाशित नै थियो तर सो रचना विद्यारण्यकेसरीको हो भन्ने ठोस्लो प्रमाण बाबुराम आचार्यले दिनुभएको हुनाले[3] अब कर्तृत्वको कचिङ्गल उठ्न सक्तैन। 'गोपिकास्तुति र द्रौपदीस्तुति'–को भाषा र शैली एकैनासको भएको हुनाले एउटैको रचना हुनुपर्छ भन्ने सम्भावना ज्ञवाली प्रस्तुत गर्नुहुन्छ र 'गोपिकास्तुति' तथा 'द्रौपदी-स्तुति' भन्दा 'युगलगीत' केही निर्दो भएको हुनाले पनि अघिल्ला दुइ स्फुट कविताका रचयिता एउटै हुनुपर्छ र फलतः 'युगलगीत'–का अर्कै भन्ने अर्को तर्क उहाँको छ। तर 'युगलगीत'–मा पनि हामी केही हिन्दुस्थानी शब्द औ सम्बन्ध-वाचक स्त्रीलिङ्ग–विभक्ति 'की' पाउँछौं। यो कुरा अवश्य हो,

१. भारती, वर्ष १, संख्या ५, ६, १०

२. पुराना कवि र कविता, पृष्ठ ११.

३. ए., पृष्ठ २७४.

'गोपिकास्तुति' र 'द्रौपदीस्तुति'-मा हिन्दीकरणको जति बाहुल्य छ त्यति 'युगलगीत'-मा छैन। छन्दोभङ्ग नगर्नखातिर 'गोपिकास्तुति'-मा तिम्रि जन्मले, तिम्रि प्रीतिले, तिम्रि नेत्रले, मयकि सन्तती, विधिकि निम्तिले, व्रजकि दुख् र तिमरि मूर्ति-- यी प्रयोग गर्नुपर्‍यो। तर 'युगलगीत'-का भली मुरली बाजी, नीवी खुस्किगई, बंशी हरिकी बजी, टेढ़ी नजर, सुगन्धकी तुलसिकी माला, चरणकी लीला, हरीकी मुक्तिलक्ष्मी इत्यादि स्त्रीलिङ्गवाची शब्द तथा षष्ठी विभक्ति 'की'-को प्रयोगमा नेपाली भाषासम्म त पुलिङ्गवाची 'को' षष्ठी विभक्तिको पक्षान्तर अवश्य थियो। यस प्रकार 'युगलगीत'-मा पनि हिन्दीकरणको प्रयोग भएको छ। अर्को कुरो — 'गोपिकास्तुति'-मा निहार, अकल गुम् भयो, सामरो, दरश, दई इत्यादि शब्दमात्र हिन्दुस्थानी छन्। तर 'द्रौपदीस्तुति' र 'युगलगीत'-मा अनेक अझै धेरै बढी हिन्दुस्थानी शब्द छन्। 'गोपिकास्तुति'-मा १६ श्लोक र 'युगलगीत'-मा २८ श्लोक भएकोले नै पछिल्लो कवितामा धेरै हिन्दीकरण देखिएको हो भन्ने तर्क गरे पनि षष्ठी विभक्ति 'कि' र 'की'-को शैलिको विभेद स्पष्ट छ। अझ बढ़ता हिन्दीकरण त १० श्लोकको मात्र पनि 'द्रौपदीस्तुति'-मा छ। अर्को कुरा — 'गोपिकास्तुति'-को भाषा 'द्रौपदीस्तुति' र 'युगलगीत'-को भाषाको दँजाइँमा कता-हो-कता भर्रा नेपाली भाषा छ। यसबाट यो निष्कर्ष सहजतया निस्कन्छ, 'गोपिकास्तुति' र 'द्रौपदीस्तुति'-का रचयिता एउटै होइनन् बरन् विभिन्न हुन्। अर्को तिर, 'द्रौपदीस्तुति' र 'युगलगीत'-को शैली एकनासकै देखिएको हुनाले यी दुइ कविता एउटै कविका हुन् भन्ने कुरो स्पष्ट बुझिन्छ। 'युगलगीत'-का रचयिता विद्यारण्यकेसरी हुन् भनि ज्ञवालीले भन्नुभएको अनुश्रुति हो र सो आधारलाईभन्दा शैलीसाम्यको नै बढ़ता खँदिलो आधार मान्नुपर्दा यिनै कविका यी दुइ रचना मान्नुपर्छ। अब वीरशाली पन्तको कवि हुनु वा नहुनु भन्ने कुरामाथि विचार गरौं। वीरशाली पन्त कृष्णभक्त थिए। नेपालीमा एउटा कृष्णचरित्र प्रकाशित भएको छ।

बाबुराम आचार्य पनि 'भक्तिरसको भण्डार' नभएको रचना हुनाले भन्ने वीरेन्द्रकेसरी अर्यालका तर्कका आधारमा सो कृष्णचरित्र–का कवि वीरशाली पन्तलाई मान्नुहुन्न । उनी वैष्णव साधु भएकाले 'द्रौपदीस्तुति' र 'युगलगीत'–को पाठ गर्दा हुन र यस कारण तिनको कृतित्वको प्रसङ्ग चलेको हुनुमा आश्चर्य पनि छैन ।

पुराना कवि र कविता (पृ० ११) – मा बाबुराम आचार्यले विद्यारण्यकेसरीको आजसम्म नपाइएको 'वेणुगीत' – को उल्लेख गर्नु भएको छ । भपासप्ररत्न, द्वितीय भागमा एउटा कविता 'वंशी-चरित्र' छ । यो कविता पूरा हिन्दीमा छ र कसको हो अझै थाहा छैन । प्रत्येक चतुर्थ पदको थेगो[1] जब बाजी मुरली अली रस भरी श्रीकृष्नकी बांसुरी-बाट 'युगलगीत' - का द्वितीय श्लोकको चतुर्थपद बाजी कृष्ण जहां बिर्भी संगिनी हो ज्यूनु कसोरी अब, चतुर्थ श्लोकको चतुर्थ पद जब वंशी हरिकी बजी बिरहिनी गुर्च्छा भया कामिनी- सित दाँजेर हेर्दा

वंशीचरित्र को प्रथम श्लोकः–

गैया छान उठाय पान करती पंछी न बोले कछू ।
बच्छे दूध न पीवते थननमे मुख लाइ ठाडे रहे ॥
ग्वाले दोहनिया लिये दुहतना कर लाय थम्भे रहे ।
जब बाजी मुरली अली रस भरी श्रीकृष्णकी बांसुरी ॥

सित 'युगलगीत – को पञ्चम श्लोकः–

व्रज वासी मृग गाइ सांढ बछिया आदि पशुजन पनी ।
सुन्दा बांसुरीको मधुर स्वर भए ठाडै जहांका तहीं ॥
घाँस हाली मुखमा चपाउन पनी बिर्सी नयन थिर गरी ।
ठाडो कान गरी रह्या संगिनी हो मूर्तिभन्दी चित्रका ॥

फेरि वंशीचरित्रको पञ्चम श्लोकको प्रथम पद ब्रह्मा शंकर योगि

---

१. केवल चतुर्थ श्लोकको अन्तिम पद यस प्रकारको छः जबबाजी मुरली अली रस भरी देखो हरी कुञ्जमे ॥

सिद्ध मुनिका छुटी समाधी सखी- सित 'युगलगीत' – को पञ्चदश श्लोको प्रथम पंक्ति ब्रह्मा शंकर इन्द्र चन्द्र प्रभृती सर्वज्ञ ईस्वर् पनी दौंन्हो दुवैमा भावसाम्य पाउँछौं । 'युगलगीत'–मा देखिएझैं, वंशीचरित्र-को प्रथम श्लोकमा छाइ' -को इ दार ह्रस्वोच्चारित भएको छ । लोकको विचलिपे कर्नो होला - मा दीर्घ वर्ण 'हो' ह्रस्वोच्चारितभएझैं वंशीचरित्रको नवम श्लोकमा लागी तीर कलेजे पार गहिरी जब् से ए फस्मे परी-मा दीर्घ वर्ण 'जे' तथा 'प' ह्रस्वोच्चारित भएका छन । दुवैको छन्द शार्दूलविक्रीडित छ । वंशीचरित्र को चतुर्थ श्लोकको द्वितीय पाद चोली बंद टुटी अंगबसते सारी सरक् गिरी–सित 'युगलगीत' को तृतीय श्लोकको चौथो पाद् नीवी छुटिगाई सलजानले बिक् जन्न भन्छन् सखी–मा धेरै समानता छ । वंशीचरित्र -को श्रवण शब्द युगलगीतमा पनि बारंबार प्रयुक्त भएको छ । सुख लह ठाडे रहे, सुनिरही, छोडि , छिकि, छजर— जस्ता केही यसका शब्द नेपाली अनुहारलाई लुकाउन सक्तैनन । 'युगलगीत'–मा आउने 'भाषा' बनेको कारण अन्तिर सत्ताइसौं श्लोकमा दिइएको छ त्यस्तै 'वंशीचरित्र'-को अन्तिम एघारौं श्लोकमा पनि 'भाषा' - को उल्लेख भएको छः

> योगी श्रीशुकदेवले उही भनी भाषा बनी कुछ् लिई । ( युगलगीत )
>
> भाषाकी रचना य नंदसुतके जो कुछ् बने लीजिए । ( वंशीचरित्र )

यस प्रकारको तुलनात्मक विवेचनाद्वारा 'वंशीचरित्र' – का रचयिता विद्यारण्यकेसरी नै सर्वतोभावेन देखिन्छन । सम्पूर्ण हिन्दी-मा भएकोले सम्भवतः यो कविता उनैको हो र काठमाडौं नआउँदै काशीमा लेखिएको होला पनि । द्रौपदीस्तुति - मा हिन्दीकरण बढ्ता भएकोले यो कविता वंशीचरित्र –पछिको देखिन्छ । र भाषालाई अझै शुद्ध पार्ने चेष्टा भइदिएको हुनाले 'युगलगीत' तेस्रो देखिन्छ । बाबुराम आचार्यले निर्देश गर्नुभएको वेणुगीत यै वंशीचरित्र नै हुन सम्भव छ । दुवै शीर्षक समानार्थक नै हुनाले र दुवैका शैलीसाम्यले एउटै ग्रन्थकर्तृत्व देखिएकोले हामी यस निष्कर्षमा

पुग्न सकेका छौं।

विद्यारण्यकेसरीको निम्ति नेपाली कविता रचनाक्रमको कुनै आदर्श थिएन। संस्कृतज्ञ परिवारका हुनाले यिनको कवितामा पाण्डित्यप्रदर्शन छ, तर लालित्यको अभाव पनि छैन। काशीमा नै अध्ययन भएकोले र युवावस्था तहीं बितेकोले उनको भाषामा ब्रजभाषाको टक पर्नु स्वभाविक नै भयो। ब्रजसाहित्यको उनता-कको परंपरामा काशीमा भएकोले उनमा कृष्णभक्तिको धारा उद्रिक्त भएको छ। हिन्दुस्थानीको प्रभावबाट पनि मुक्त हुँदै गएका देखि-एकाले उनमा हिन्दीतर प्रभावबाट खारिँदै जाने छटपटाइ छ।

…०❀० ..

केदारनाथ नेउपाने

# भानुभक्त: एक अध्ययन

नेपाली साहित्याकाशमा बादल बेसरी मडराइ रहेको थियो। मौसम ज्यादै खराब थियो, अवस्था अत्यन्त भयानक। मूशलधारे पानी पर्न लागेकोले जातुहरूलाई निकै कठिनाइ परिरहेको थियो। यसैमा बिस्तार बिस्तार वर्षा बन्द भयो; फाटफुट गरेर झिलिक झिलिक तारा पनि देखिन थाले। १८७१ साल आषाढ २९ गतेको दिन_नेपालको पश्चिमी आकाशमा भानु उदायो_। यस किसिमले नेपाली साहित्यले पश्चिमलाई पूर्व बनायो। शुरुशुरुमा भानुलाई राम्ररी चिन्ने मानिस थिएनन्, कतिले त चिन्न पनि चाहेनन्। अखिर भानुलाई कसको प्रकाश चाहिन्छ र? उनी आफैँ जगमगाउन थाले। त्यस बेलासम्म नेपाली साहित्यको अस्तित्व नै राम्ररी बसेको थिएन, संस्कृतका विद्वानहरू नेपालीमा लेख्नु महान् पाप ठान्दथे, संस्कृत ग्रन्थ नेपालीमा अनुवाद गरिदिनेहरूलाई संस्कृतका पण्डितहरू भन्दथे— सरस्वतीको पर्दा खोली हुर्मत लिने भँडुवा।

यसरी संस्कृतको साम्राज्य चलिरहेका बेलामा नेपालको एक छेउमा उदाएको भानुले सारा नेपाल व्याप्त गर्न थाले। उनी नेपालको घर–घरमा पस्न थाले - बिस्तार–बिस्तार उनको स्वागत हुनथाल्यो। उसो भए ती भानु को हुन्_त? ल, सुन्नुहोस्...

भानुभक्त भनी प्रसिद्ध नरमा जस्को छ नाउँ पनी।
घर् तिन्को तनहूँ त बेसि चुँदि हो गाउँ त रमघा भनी॥

श्रीकृष्णका नाती, धनञ्जयका छोरा_यी भानुले अब नेपाल व्याप्त गरे, यिनको प्रकाशबाट नै धेरैले आँखा पाए अनि देख्न लागे। यिनी काठमाण्डू आउँदा बाटोमा बालाज्यू पर्दथ्यो। बाला-

ज्यूको सौन्दर्यले भानुलाई पनि खिँच्यो। उनी लट्ठ भए, उनले एका-एक भने ...

यति दिनपछि भैले आज बालाजि देख्याँ।
पृथिवितल भरीमा स्वर्ग हो जानि लेख्याँ ॥

उनी बालाज्यूबाट अघि बढ्दै आए। नेपालको मुटु तथा केन्द्र-स्थल भई सारा नेपालको भाग्यविधाता भइरहेको काठमाण्डूमा भानुको किरण पऱ्यो। सुन्दर र रमणीय काठमाण्डू भानुको नजरमा पऱ्यो, उनको नजरले काठमाण्डूलाई स्वर्गपुरी देख्यो; उनको कलम दौड्यो, कलम भन्दै गयो :—

चपला अबलाहरु एक सुरमा।
गुनकेशरिको फुल ली शिरमा ॥
हिडन्या सखि लीकन ओरिपरी।
अमरावति कान्तिपुरी नगरी ॥ १ ॥
यति छन् भनि गन्नु कहाँ पनि याँ।
खुशि छन् मनमा बहुतै दुनियाँ ॥
जनकी यसकी सुखकी सगरी।
अलकापुरि कान्तिपुरी नगरी ॥ २ ॥
कहिं भोट र लण्डन चीन सरी।
कहिं मालभरि गछि छ दिल्ली सरी ॥
लखनौ पटना मदरास सरी।
अलकापुरि कान्तिपुरी नगरी ॥ ३ ॥
तरवार कटार छुँडा खुकुरी।
पिसतोल र बन्दुकसम्म भिरी ॥

अति शूर र वीर भरी नगरी ।
छ त कुन्सरि कान्तिपुरी नगरी ॥ ४ ॥
रिस राग कपट छल छैन यहाँ ।
सब धर्म कर्ता छ कर्ता यहाँ ॥
पशुका पति छन् रखवारि गरी ।
शिवको पुरि कान्तिपुरी नगरी ॥ ५ ॥

भानु त्यस्तरी धनी मानिस होइनन् । गरीब नभए पनि हात-मुख जोर्नको लागि दिनदिनै खर्च गर्न उनीसँग प्रशस्त पैसा थिएन । जीवन धान्नको लागि सबैले पसिना चुहाउनै पर्छ भन्ने कुरा उनीमा जरूर लागू भइहाल्दथ्यो । यसैले भानुले पनि सरकारी जागीर खाने कोशिश गरे । ज्योतिषशास्त्र पढ्दा उनीमा हिसाबको राम्रो ज्ञान थियो, बालककालमा अक्षर लेख्ने प्रशस्त रफत भएकाले उनका अक्षर पनि मोतीका दाना जस्ता थिए । यति भएपछि उसबेला जागीर खान गाह्रो थिएन । यसैले उनले सजिलैसँग जागीर भेट्टाए । पछि बही बुझाउँदा केही कागजपत्र फेला नपरेकाले भानुले जेल जानु पर्‍यो । भानु सबैका नेत्र भएर पनि आफूले राम्ररी देख्न सकेनन् । बादलले उनलाई छोप्यो । तर भानुलाई छेक्ने बादल कति टिक्न सक्छ ? सत्यलाई छेक्ने असत्यको अस्तित्व नै कतिसम्म रहन्छ र ? आखिरमा भानुले फारख पाए । बाहिर आएर उनले उस बेलाका कमाण्डर-इन-चीफलाई एउटा चिट्ठी लेखे । उनमा भानुको ठूलो भरोसा थियो । यसैले उनले लेखे:—

रोज् रोज् दर्शन पाउँछु चरणको ताप् छैन मन्मा कछु ।
रात्भर् नाच पनि हेर्छु खर्च नगरी ठूला चयन्मा म छु ॥
लाम्खुट्टे उपियाँ उडुस् ई सँगि छन् इन्कै लहड्मा बसी ।

लाम्खुट्टे हरू गाउँछन् इ उपियाँ नाच्छन् म हेर्छु बसी ॥

* ❀ *

व्यर्थमा म कुमारिचोक थुनियाँ बाँही बिरामी भई,
आयांथ्याँ घरमा बेरां अति बल्यो ठूलो विपत्ती सही ॥
काट्यां दिन् अब संच भो अन्न पनी खुन्छन् त सेरो मती ।
अर्को छैन दया रहोस् हजुरको मेरा त स्वामित् पनि ॥

❀ ❀ ❀

शरिर छ अति कच्चा अन्न जल्ले रह्याको ।
बिनति गरुँ कति यो देहमा जो भयाको ॥
बहुत फजिति पाँयाँ रोगले ग्रस्त पारी ।
शरिर हुन गयो ठिक पूर्ण झैं फेरि भारी ॥

उनी काठमाडौं मै रहेको धेरै समय भएको थियो। उनका छोरा व्रतबन्ध गर्ने उमेरमा पुगीसकेका थिए। यसैले भानुलाई आफ्नो घरतिर नगई सुख भएन। तर भानु सबैलाई प्रकाश दिने भए पनि उनीमा लक्ष्मीको प्रकाश ज्यादै कम थियो। उनीसँग व्रतबन्ध गर्नलाई पुग्ने पैसा थिएन। यसैले खर्चवर्च मागी उनले कृष्णबहादुर राणालाई दर्खास्त लेखेका थिए। उस बेलामा पनि यस्तो गर्न साहस र मातृभाषामा कविता-प्रेमको एउटा नमूना हो। उनी भन्छन्:—

जागिर्छैन धनी म छैन घरको केवल् कुदालो खनी ।
खान्थ्याँ दुःख गरेर चाकरि गर्न्याँ मान् पाउँला की भनी ॥
एक मन् चित्त लगाई चाकरि गर्न्याँ खुसी भयाछन् हरी ।
मान्माथी पनि भुक्तमान् थपिदिया कैल्है नखोस्न्या गरी ॥

चालीस वर्ष पुग्याँ म, पुत्र पनि एक् मात्रैछ आठ् वर्षको।
    क्याऊँ आज पऱ्याँ म ता: विपतमा एक्लो यहाँ छु फगत्।
कुन् पाठले अतवन्त पार्गरूँ म फेन्माँछ्र अँध्यारो जगत्॥
    गायत्री दिनु बाबुको छ अधिकार भिक्षादिनू माइको।
बालख्मा पनि बेद पढीकन सुशागर्नु गुरु गाइको॥
    यस्तो मुख्य बखत्छ यो अरू छ कुन् काम् पार् लगाइदिन्या
धेरै खिन्नि कती गरूँ चरणमा एकै कुराले छिन्या॥

भानु धेरैसम्म काठमाडौंमा बसेकाले आफ्नो घरको उस्तो हेरचाह गर्न पाएनन्। त्यसै औसरमा उनको खेत खोलाले खायो; सँधियार गिरिधारीले पनि अलिकति खेत मिचिदिए छ। जीवन एउटा आनन्दै-आनन्दले मात्र भरिएको अवस्था होइन, यसमा अनेक चढाव र उतार आउँछन। जसरी ठूला ठूला कामगर्नेहरूलाई अनेकौं कठिनाइहरू आइपर्छन् त्यसैगरी हाम्रा भानुलाई फेरी कठिनाइ झेल्नु पऱ्यो, झगडामा फस्नु पऱ्यो। संसारमा जन्मेर समाजमा बस्दा पाउने फायदा र बेफायदा उनी पनि जरूर पाउँदथे। अहिले उनले बेफायदा पाए। यसैले उनले गिरिधारीको विरुद्ध फिरादपत्र लेखे। उनी आफ्नो फिरादपत्रमा भन्दछन्:—

स्वागित् यस् गिरिधारिले अति पिऱ्यो व्यर्थै गऱ्यो झेल् पनी।
यस्को झेल उठार्नलाइ् सजिलो यो हो व्यहोरा भनी॥
स्वामित्लाइ् चढाउनाकन यहाँ क्यै श्लोक कविता गऱ्याँ।
मेरो श्लोक् सुनिबक्सियोस् न झगडा छीनिन्छ, पाऊ पऱ्याँ॥

= = = = =

साँचा हुन् जति लेखिया सब कुरा आफ्नू व्यहोरा दरी।
यी कूरा त अड्नू सवाल रितले श्रेस्ता प्रमाणले गरी॥

साक्षीतै ठहरेन पो पनि भन्या यस्मा अड्नुमा जती ।
तोक्याको छ गुनाहगार तिरु ला राख्नैन एक् दाम रती ॥२॥

= = = = =

यस्भन्दा अरुपत्रपात्र पनि छन् भोग्छन् दसी छन् सही ।
श्रोतासाक्षि कुरा कहानि पनि छन् मेरा सनद् छन् कहीं ॥
गर्न्या छैन उजुर् गर्‍याँ पनि भन्या झुट्टा गराई दिन्‌ ।
सर्कार्मा इजहार्दियाँ खुसि भई यो झेल् कसोरि छिन्‌ ॥ ३ ॥

फिराद्पत्र दिएको कैयौं दिन बिति सक्यो । उति बेलाको चलन बबोजिम तरिख दिइँदैनथ्यो, तातो पर्ने मानिसले झगडिया-लाई पक्रेर ल्याउनु पर्थ्यो । अड्डाका मानिस भोलि भोली भनी टारि-दिन्थे । कैयौं समय बितेर पनि मुद्दा छिनिएन । अड्डाका मानिस-हरुले त भोलि आउ, केही दिनपछि आऊ भन्ने कुरा त हामीलाई दिनदिनै अनुभव भएको कुरा हो । भोलि-भोलि भन्नु नै उनीह-रूको धर्म भइसकेको छ । यसैले भानुले उनीहरूको विरोधमा एउटा दर्खास्त काठमान्डूँ बडा अदालतमा दिए । उनी आफ्नो उजुरीमा भन्दछन् :—

बिन्ती डिट्ठा बिचारीसित म कति गरूं चूप् रहन्छन् नबोली ।
बोल्छन् ता ख्याल् गर्‍या छौं अनि पछि दिनदिन् भन्दछन्
भोलि भोली ॥
की ता सक्तीन भन्नू कि तब छिनिदिनू क्यान भन्छन् इ भोली ।
भोलीं भोली हुँदैमा सब घर बितिगो बक्सियोस् आज झोली॥१॥

न मृत्यू टर्न्या हो यसरि झगडामा आघि सरी ।
न कोटिन्‌को मालिक् हुनु छ घरमा दौलथ पसी ॥
ब्यहक्‌मा दिन् जान्छन् अब मन बुझाऊं म कसरी ।

कृपा राखी स्वामित् अब छिनिदिनोस् हुन्छ जगरी ।।२।।

भानुलाई कहिले काँही लहड लाग्दथ्यो, ठट्यौली कविता लेख्थे, आफनो चलाख्री भईथे । यस किसिमका कविताले हामीलाई केही कुरा सिकाई भाषाप्रेम बढाउनुको साथै मनको खुराक पनि बढाइ दिन्छ । एक पटक एक जना पाल्पाली सुब्बाले दोश्रो विवाह गरी भानुका साथी ज्योतिषी धर्मदत्तलाई आफनो आयु सोधी पठाएछन् । ती सुब्बा भानुका पनि मित्र थिए । यसैले उनले ज्योतिषीको भाषोबाट एउटा जवाफ दिए । यो जवाफमा दोश्रो विवाह गरिसकेपछि आयु सोधि पठाएकोमा पोल्पाली सुब्बालाई हपारेर ज्योतिषीको तरफबाट उनले कवितामा जबाबी चिठी लेख्दै आखिरमा उनले भने—

उल्लु छौ तिमी उल्लुलाई अहिले कुन् हो जवाफै दिन्या ।

यस्तै किसिमको ठट्यौली कविताको अर्को उदाहरण हामी भानुको कवितामा पाउँछौं । पाल्पाका एक भलादमीले आफ्नो बाबुको शुद्ध-शान्तिमा पुरोहितलाई अरू अरू चीजको साथै एउटा बन्दुक पनि दान दिएका थिए । तर पुरोहितजीलाई बन्दूकको उपयोग थाहा नभएकोले त्यो बन्दूक खिया पर्न लागिसकेको थियो । हाम्रा भानुलाई शिकार खेल्ने सौख लागेछ क्यार । उनी त्यो बन्दूक माग्न गए । उनले सोझै मागेनन् । पहिलेबाट विद्वाननले फलाम बेच्नुहुदैन भन्ने कुरामा पुरोहितजीको स्वीकृति लिनको लागि उनले भने—

> विद्वान् जनले लोहलाई बेच्नु छैन ।
> भन्ने सुन्थ्यौं यो कुरा हो कि होइन ।।

पुरोहितजीले हो भने । यसरी जालमा पारिसकेपछि उनले फेरि भने—

> लोहा बेचा मोल कसा लीनुहोला ।
> योग्यै जानी यो उसै दीनुहोला ।।

अनि भानुले बन्दूक पाए, हामीले उनको चलाकी र ठट्यौली-पनाको नमूना पायौं।

यस्तै गरी भानुका प्रकाश धेरै छन्। ती सब हेर्नु हामी एकदिनको समयमा सक्दैनौं। तैपनि प्रश्न आउँछ—उनलाई यतिका कविता लेख्ने प्रेरणा कहाँबाट आयो र उनको सबभन्दा लोकप्रिय कृति के हो ? जति ठूलाठूला वैज्ञानिक र सांस्कृतिक सिर्जना भएका छन तिनमा धेरे जसोमा प्रेरणा दिने प्रायः साना साना चीज नै बनेका छन्। न्युटनले आकर्षण शक्तिको सिद्धान्त थाहा पाए रूखबाट खसेको एउटा नासपतीको मदतले। बिजुली पत्ता लाग्यो चंगाको मदतले। यस्तै हाम्रा भानुमा कविता गर्ने प्रेरणा एक जना घाँसीले दिएछ। एक दिन घुम्न जाँदा एउटा घाँसी घाँस बेचेर जीविका चलाउँदो रहेछ, साथै अलि अलि पैसा बचाएर कूवा खनाएछ, कुरै कुराको सिलसिलामा भानुले यी सब कुरा थाहा पाए। उनलाई अपशोच लाग्छ कीर्ति राख्न केही काम गर्न नसकेकोमा। घाँसी जान्छ। भानु लेख्छन।

भर्जन्म घाँस तिर मन् दिई धन् कमायो।
नाम् क्यै रहोस् पछि भनेर कुवा खनायो॥
घाँसी दरिद्र घरको तर बुद्धि कस्तो।
मो भानुभक्त धनि भैकन आज यस्तो॥ १॥
मेरा इनार न त सत्तल पाटि क्यै छन्।
जे धन् र चीज़हरू छन् घर भित्र नै छन्॥
तेस घाँसिले कसरि आज दिएछ अर्ती।
धिक्कार हो मकन वस्तु नराखि कीर्ति॥ २॥

यो कविता लेखिसकेपछि भानुले आफ्नो कीर्ति राख्ने काम गर्ने विचार गरे। उनी अलिकति पैसा खर्च गरेर नै आउने कीर्ति-

को पछि लागेनन् । उनले सारा जीवन दिएर आफ्नो चमक फलाउने कोशिशगरे। उको कोशि नेपालीहरूको घरघरमा पुग्ने र सबैको आँखामा प्रकाश ल्याउने भयो। उस बेलाको जमाना अनुसार जनतामा ज्योति फैलाउनलाई उनले रामायण अनुवाद गर्ने निश्चय गरे। उस बेलाको नेपालीका घरघरमा पुग्न र नेपालीहरूको मनमा भाषा-प्रेम जगाउनलाई राम र सीताको नै मदत लिनु पर्ने अवस्था थियो। उस बेला आधुनिक विचारवादी नायकको मदतलिएर नेपालीहरुको घरघरमा पस्न खोजेको भए नेपाली भाषाको विकाश धेरै नै पछि पर्थ्यो, अफ यो भाषालाई हिन्दी भाषाले खाइदिन्थ्यो कि क्या हो, अनि नेपाली जातिमा शिक्षा भन्ने कुरा पनि अवश्य नै ढिलाउने थियो। तर भानुले जमाना सुहाउने काम गरी रामनामे ओढ्ने ओढी घरघर पसे। यही रामायण उनको सबभन्दा लोकप्रिय ग्रन्थ हुन आयो। यसको सरलता र लालित्य नेपालीहरूको हृदयभित्रसम्म घुसेको छ, यसलाई सबै नेपालीले चिनेको छन् । उनीले रामायण शुरु गर्दा सबभन्दा पहिले लेखे --

एक् दिन नारद सत्य लोक् पुगि गया लोक्को गरूँ हित् भनी।
ब्रह्मा ताहिं थिया पर्‍या चरणमा खूशी गराया पनी ॥
क्या सोध्छौ तिमि सोध भन्छु म भनी मर्जी भयेथ्यो जसै ।
ब्रह्माको करुणा बुझेर ऋषिले बिन्ती गर्‍या यो तसै ॥ १ ॥

यसरी भानुले आफ्नो जीवन नेपाली साहित्यको सेवामा बिताए। उनले अरू धेरै फुटकर कविताहरू पनि रचे जसको लोकप्रियता हामी सबैलाई थाहा छ। उनले बधूशिक्षा लेखे, अरू अरू कृतिहरूको रचना गरे। यसबाहेक उनले जीवनको आखिरी दिनसम्म पनि नेपाली साहित्यको लागि दिए। साहित्यको प्रेरणाले गर्दा नै उनले, मृत्यु-शय्यामा परेर पनि, रामगीता रचिरहे। उनको मन चलतापुर्जा थियो, तर हातले धोका दियो, कविको इसारामा चलेन।

तर भानुलाई कर ( किरण )को सत्याग्रहले के ल्हार्न सक्थ्यो ? उनको मनले कविता रच्दै गयो, मुखले भन्दै गयो, भानुभक्तका छोरा रमानाथको हातले कागतमा लेख्दै गयो। उनले जीवनको आखिरी कविता यसरी लेखे --

> श्रद्धा भक्ति रहोस् गुरूचरणमा मेरा वचन्मा पनी ।
> यस्लाई श्रुतिसार् बुझीकन पढोस् मूल्तत्व यै हो भनी ॥
> यस्ता रीतिसित यो पढ्यो पनि भन्या अज्ञानको नाश् गरी
> मेरै रूप् बनि जान्छ जान्छ सहजै संसारसागर् तरी ।

यसरी जीवनको अखिरीमा पनि साहित्य-सेवा नै गरी हाम्रा भानु यस संसारबाट अलप भए। तर भानु कहिल्यै हराउँछ र ? अहं । यी भानु अस्ताएर नेपाली साहित्याकाशमा अरू धेरै धेरै भानु उदाए जसको प्रकाश अहिले हामी घेरैमा परिरहेको छ ।

जनार्दन सम

# म किन लेख्छु ?

आत्मसंतोषको पूर्णता कहाँनेर छ ? आत्मसंतोषकोलागि साहित्य सृजन हुन्छ ? अथवा साहित्य चरीले सामाजिक-चेतनामा गुँड बनाइसकेपछि मात्र साहित्यिकलाई आत्म-तुष्टिको तातोले छुन्छ,— यसबारेमा म आफ्ना केही अनुभूतिहरू ओकल्दछु। यो संतोषको ओभरमा मलाई अलिकति संकोचले पनि छोएको छ। विश्वको यति ठूलो भव्य—साहित्य-वनको अपेक्षामा मेरो आजसम्मको रचना एउटा सानो हसिनाको फूल जत्रो होला। तर कुन उद्देश्य र आशा लिएर यो फूल फुल्यो। कुन व्यथाको चर्को घाम, कुन पीडाको घोर वर्षामा यो फक्र्यो। एउटा आँखाको सानो पुतलीले यो विश्व निहार्न सक्छ जस्तै मेरो यो सानो रचना फूलको उत्पादक दृष्टिकोण पनि संसारका समस्त वन जस्तै विशाल हुन सक्तछ। त्यसैले यो मेरो संकोचको कोपिलामा विकासको अपेक्षा राख्ने बल साङ्ग्रीएको छ।

साहित्यमा सदानन्दका स्वाद मिल्दछ, साहित्यको कल्पनाले सत्य—शिव—सुन्दरलाई अँगाल्छ, " रसोवैः साहित्यम " भनेर साहित्यबाट रसवरीको आनन्द लिन खोज्नेहरूको अनुभवलाई म चाहन र स्वाद लिन सक्तिन। सामान्य वातावरणबाट पन्छेर जब म साहित्यको फूल कोर्छ्ने अनुभूतिको तापमानमा घुम्रन्छु, त्यस बेला मेरो मुटु बढ्ता 'ढुक ढुक' गर्दछ। घाउ दुखिरहेको अनुभव हुन्छ। फूल कोरिसकेपछि जब पृथ्वीका धेरै मनहरूमा त्यसको प्रतिबिम्ब पाउँछु र कुनै रोगको विवरण चिकित्सकसित पोखेपछि उपचारको आशामा अलिकति तर्सेको मनले जति मात्र म त्यस बेला आत्म-संतोषको घाम ताप्छु।

यदि लेखक आफ्नै निम्ति मात्र लेख्दछ भने यो महँगीको परिस्थितिमा कलम, मसी र कागज तथा मुद्रण–यन्त्रको प्रयोजन नै छैन। उ चुपचाप ओछ्यानमा पल्टेर साहित्य–सागरमा गोता मारिरहन सक्छ। त्यसैले जब म लेख्छु, लेख्न थाल्दछु, म सम्झन्छु कि आफ्नो मनको प्रतिबिम्ब र आफ्नो अनुभूति––त्यसको अनुवर्ती समाजमा तथा भविष्यको बालक, तरुण र वृद्धमा पार्न लागिरहेछु। त्यो चित्र कस्तो होस्! जसले हाम्रो सामाजिक चेतनामा एउटा प्रतिबिम्ब दिन्छ र त्यस प्रतिबिम्बको उज्यालोमा, छाहारीमा फेरि मानवीय चेतनाको ह्रास र विकास निर्भर गर्दछ। अनि म संवेदनशील हुन्छु, सचेत हुन्छु, सतर्कताको पूल बाँद्छु। मीठा र सुगन्धी कल्पनालाई पन्छाई वास्तविकताको काँडे–झाडमा भौँतारिँदै काँढाले कोरेको दुखाइलाई लिएर गाउँछु।

साहित्यको आधार सामाजिक परिस्थितिलाई मान्न अनि मलाई कर लाग्दछ। साहित्यकारमा तत्त्युगको प्रभावले घर बनाएको म झल्झलो सम्झन लाग्दछु; जब आजसम्मका भारतीय, यूरोपीय, ग्रीक, इरानी साहित्यमा उसै युग–युगको वर्ग–विभक्त समाजको स्पष्ट छाप झल्कन्छ। साहित्य शाश्वत हुन्छ हो, किन्तु निरपेक्ष हुन्छ,– यो म कसरी भन्न सकुँ जब साहित्यविनाको समाज त हामी कल्पना गर्न सक्दछौं बरु, किन्तु समाजविनाको साहित्य कस्तो होला? कसरी होला? यसबेला मार्क्सको एक बलियो सूक्ति सम्झिइन्छ, उनी भन्दछन्– "चिन्तनलाई चिन्तकवस्तु- जो भौतिक पदार्थ छ -बाट अलग्ग छुट्याउन असम्भव छ।" अर्को– "मनुष्यको सत्ता उसको चेतनाद्वारा निश्चित हुन सक्तैन, उल्टो उसको चेतना नै उसको सामाजिक सत्ताद्वारा निश्चित गरिइन्छ।"

त्यसैले म सम्झन्छु, म र मेरो समाज एउटै हो; जब जब समाजमा घाउ लाग्दछ, मित्रो रोगले जर्जर हुन्छ, विवशताको बादल जतातत्तै छाउँछ, अनि मलाई पनि चोट लाग्दछ; रुन मन

लाग्छ लेख्न मन लाग्दछ । आफ्नो रोग थाहा नपाएर निष्क्रिकिसिन मुख नबारी उपचार नगरी मृत्युको गाँसतिर बढ्न लागिरहेका मेरा सामाजिक साथीहरूलाई खबर दिन म कलम समात्दछु । मानवताको पाठ सिकाउने गीत गाउँछु ।

हुन त मेरा रचनाहरूमा कहीं पनि प्राचीन महाकवि कालिदासहरूका काव्यमा झैं मङ्गलाचरणको देवतालाई नैवेद्य चढाउने कल्पना छैनन ; न त शेक्सपियरका साहित्यमा जस्तै भौतिक-रूप-मा मृत-आत्मा आई रहस्यवाद र रोमान्चवादको जालमा मनुष्य-चेतनालाई जकडन्छु । न त धार्मिक राहमा डोर्याई मानवीय चे-तनाको स्वतन्त्र सत्तालाई म बग्गीमा जोतेको घोडालाई झैं बनाउन चाहन्छु । किन्तु यसको अर्थ यो होइन कि म नास्तिक हुँ, मेरो कुनै धर्म छैन, मेरो इष्टदेव छैन, मेरो कर्तव्य छैन । मेरो त ईश्वर मानव ! आत्मा मानवता ! मेरो धर्म कर्तव्य ! जब बुट्टा खोदि-एका ढुङ्गाको अगाडि मानिसले घुँडा टेकेर दास बन्दै पूजा गर्दछ ; मेरो ईश्वरको अपमान भएको सम्झी मेरो हृदयमा आघात पर्दछ र मेरो ईश्वरको निम्ति म लेख्दछु । जब जब देवत्व, पुरुषत्वको खड्ग नचाउँदै थोरै मानिस चम्किन्छन, मेरो आत्मामा धेरै चोट लाग्दछ अनि म फेरि गाउँछु । मेरो आत्मा र मेरो धर्मलाई जगाउने प्रभाती गाउँछु । मेरो पनि प्रिय वस्तु छ; उसको पीडा र व्यथाको निम्ति म रुन्छु । मेरो पनि हृदय छ, त्यसैले म लेख्छु ।

म भन्छु कि यदि साहित्यकार निर्लेप भएर सदानन्दको स्वाद दिने निरपेक्ष साहित्यको सिर्जना गर्न चाहन्छ भने उ अँध्यारोमा आँखा चिम्ली त्यस्ता अलमिल्ती साहित्य कल्पिरहोस् । तर उसलाई लेख्ने हक छैन । साहित्यकारको जस्तोसुकै बहुलट्ठी सपनाको पनि छाया छिराउने स्थान समाजमा छैन । किनभने जब साहित्यकार कलमले कागतमा कोर्दछ; त त्यो प्रत्येक समाजको, प्रत्येक वर्गको हृदय-पटमा पनि कोरिन्छ । त्यो कोराइमा अवश्य नै चिकित्सकले

रोगीको पेट चिर्ने छुरीमा जत्तिकै साहित्यकारको उत्तरदायित्वको साँध लागेको हुन्छ । साहित्यकारलाई म एक भान्छेको रूपमा सम्झन्छु, जो खाना पकाउँछ । के उ आफ्नै निम्ति मात्र सबथोक पकाओस् ? के त्यो खाना अस्वस्थकर मीठो मात्रै होस् ? कि मीठो र स्वस्थकर होस् ? कि त बरु नमिठै होस् तर स्वास्थकर होस् ।

साहित्यको लक्षण के हो ?– यसमा प्राचीन आचार्यहरूका विभिन्न उक्ति पाइए तापनि समाजको केवल सौन्दर्यपक्षलाई लिएर उनीहरू उडेको देखिन्छ । काव्य–प्रकाश, साहित्य–दर्पण, रस-गङ्गाधरका केही उक्तिहरू सम्झूँ— "रमणीयार्थः प्रतिपादकः शब्दः काव्यम्', यशसेऽर्थकृते व्यवहारविदे शिवेतरक्षतये सद्यः परनिर्वृतये कान्ता सम्मिततयोपदेश युजे" अनि... "चतुर्वर्गः फलः प्राप्ति सुखाद्ल्प –धियामपि" यसरी ती ग्रन्थहरूले साहित्यको लक्षण यस्तो संभाएको छ कि— रमाइला अर्थहरूको प्रतिपादन गर्ने वाक्य नै काव्य हो । नाम कमाउन, पैसा कमाउन, व्यवहारमा छट्टु हुन, अमङ्गल–दुःख हटाउन, आपत्ति बिसाउन र महर्षिहरूका उपदेशलाई प्रेयसी झस्तै बनाई सबको दिलमा घुमाउन, अनि धर्म, अर्थ, काम, मोक्षको फल दिलाउन । यस्तै लक्षण हृदयङ्गम पारिएको फलमले नै प्राचीन साहित्य र काव्य लेखिएको छ । समाजको सौन्दर्यपक्षलाई स्वाइँ खाएको छ, निम्न वर्गको आँसु पुछेको छैन । रमाइला कुराले शोषण र युद्धका घाउ बिर्साउन खोजिएको छ । भोज राजाहरू जस्ताको वर्णन र गरकै पैसा कमाउने बाटो निकालेको छ । रमाइला, मीठा र गुजमुजैयाका कुराको अफीम खुवाएर दुःखीको दुःख-दारिद्र्यलाई बिर्साउन साहित्यका वाक्यहरूलाई अलङ्कार, उपमा, वक्रोक्तिका गहनाले सिँगारी 'रमणीयार्थः प्रतिपादक' पारिएको छ । प्रचारवाद नै साहित्य होइन; हो, तर हरेक साहित्यकारको एक दृष्टिकोण हुन्छ । कवि कुनै पनि एक दार्शनिकको रङ्ग भरिएको प्रतिमूर्ति हो । वाल्मीकिको आदि–काव्य रामायण साहित्य-दर्पणको लक्षण मिल्दो भयो; त्यसबाट

उपनिषद्को धर्म-प्रचार, राजा रामको दान-दक्षिणाद्वारा अर्थप्राप्ति, काम-पूर्ति, अनि निम्न-वर्गको दरिद्र-सद्‌भावबाट जीवन-मुक्त र मरेपछि पनि मोक्ष प्राप्ति हुने भयो होला। किन्तु त्यस्तै लक्षण मिल्दो रसात्मक वाक्य म्याक्सिम गोर्कीको उपन्यास 'आमा' 'भूतपूर्व मानिस', 'शेल्कस', 'गाकर शूद्र'-मा कसरी पाइयोस् ? यिनमा त गोर्कीकै आफ्नो दर्शन, क्रान्तिकारी रोमाञ्चवादको लक्षण अनुसार साहित्यको सृष्टि भएको छ। यसरी साहित्यको ऐतिहासिक शरीरको छाला उधिनी मीमांसात्मक दृष्टिले हेर्दा पत्ता लाग्दछ कि युगअनुसार साहित्यकारको दर्शन, सिद्धान्त र उद्देश्य बदलिँदै विकसित हुँदै गइरहेछ।

मेरो विचारमा त यस्तो लाग्दछ— साहित्य एक ज्ञानको आध्यात्मिक आविष्कार हो, जस्तो विज्ञानका अरू भौतिक आविष्कारहरू छन्। जतिसुकै गहन समस्या, जटिल प्रश्न र विचारमा साहित्यकार अल्मिइरहोस् तर उसको आविष्कार—साहित्य समग्र जनताको साझा हुनुपर्दछ। हामी रेडियो सुन्दछौं तर के मार्कोनीको जस्ति रेडियो-विद्या हामीले नजानी, रेडियोका सूक्ष्म यन्त्रहरूको जडानको कही नजानी हामीलाई रेडियो सुन्ने अधिकार छैन र ? वायुयानको कलपुर्जाको इन्जीनियर नभनी के वायुयानमा चढ्ने अधिकार यात्रीलाई छैन र ? जसरी वैज्ञानिकको मस्तिष्कको कठीन परिश्रमद्वारा आविर्भूत वस्तुहरू समाजोपयोगी र सबैको साझा हुनसक्तछ त्यस्तै साहित्यकारको गहन विचार र अनुभूतिशील चेतन मनको आविष्कार- साहित्य पनि सार्वजनिक हुनुपर्दछ। यसैले म साहित्यमा सरलता र उपयोगिता ल्याउने प्रयास गर्दछु। समाजको हरेक समस्याको कारण यौन-बुभुक्षा नै मान्ने फ्रायडको मनोविज्ञान तथा आइन्स्टाइनको भौतिक-विज्ञान, मार्क्सको अर्थ-विज्ञान र डार्विनको प्राणी-विज्ञान अनि नित्शेको शक्ति-विज्ञान र हर्बर्ट स्पेन्शरको सौन्दर्य-विज्ञान आदि समस्त ज्ञान-विज्ञानको अनुसन्धा

नमा निस्केको पसिनामा साहित्य झल्कन सघतछ; किन्तु त्यो झल्काइ आँखा चिम्लेर भावनाको आँखाले, वर्ग-विशेषले मात्र देखिने नहोस्। साहित्य सँधै पृथ्वीसित नाता जोडेर जन्मोस्। प्रकृतिका समस्त आकर्षण र आश्चर्यको सौन्दर्य-उद्बोध गराओस् त्यसले। समाजका निर्माता अनेकानेक वस्तुका स्रष्टा रचनात्मक-शक्तिको स्रोत मानवप्रति श्रद्धा जगाओस्। मानव जीवनको पीडा, व्यथा, दासता अनि स्वतन्त्र-भावनाको पाठ पढाओस्। आकाश चारी कल्पनाको यसले सङ्केत नगरोस्। मनुष्य चेतनाको स्वतन्त्र विकास र स्वाभाविक प्रस्फुटनलाई अवरुद्ध गर्ने अवैज्ञानिक सिद्धान्तसित निरन्तर यसले संघर्ष जारिराखोस्। कोरा काल्पनिक आदर्शको आकाशमा होइन, यथार्थताको भित्तामा चित्र उतारोस्। किन्तु, यथार्थलाई अँगाल्दै पाठकप्रति केवल दया र सहानुभूति उमार्ने पात्र खडा नगरोस्, ती पात्रमा विकास बाधक- तत्वसित विद्रोह जन्माउने आत्म-विश्वास, असन्तुष्टता, आत्म सम्मान र स्वतन्त्र भावनाको गहिरो समावेश गराओस्। सत्य, शिव, सुन्दरको समावेश गरी, एउटै वाक्यमा भनूँ—"मानवीयचेतना पन्छीलाई सामाजिक सत्यताको बल दिई सुन्दर भविष्यको तारा चम्केको आकाशमा विस्तृत उडानको लागि विरोधी वायुमण्डल काट्ने, आत्म सम्मानको स्वतन्त्र दुइ पखेटा जुडिदिने तत्व नै साहित्य हो।" अस्तु।

अब साहित्यप्रति मेरो प्रेरणा कसरी उत्पन्न भयो यस विषयपट्टि जान्छु। जब म छः वर्षमा टेकेको थिएँ देवनागरी लिपी बाच्नसम्म सक्ने भइसकेको थिएँ। संस्कृत अमरकोषको पारायणको पाठ मैले पण्डितजीलाई बुझाउनु पर्दथ्यो। मेरी पितामहीसित गुलियो कुरा ठग्नु र चार तले घरको लामा-लामा भरेङ्को डडौरनीमा सुरेली खेल्नु, चकचक गर्नु--जसबाट नौ वर्षको उमेरमा मेरो तिघ्राको हाड भाँचियो- ले मेरो पाठ घोक्ने समय चोर्‍यो र भोलिपल्ट दिउँसो पाठ बुझाउन नसक्ता पण्डितजीको छडीले मेरो

हत्केलोमा डाम पार्‍यो । मेरी एक सह्यार्नै आमा थिइन् जो मेरो प्रपितामहको घरायसी नाट्यशालाकी गायिका अभिनेत्री थिइन् र पितामहको नाट्यशालाकी गाउने आमा र अभिनेत्रीहरूकी गीतकी गुरुमा थिइन्। मेरो बाल्यावस्थामा मातामन्दा बरको र पितामन्दा आधारकी थिइन् उनी। उनीले मेरो त्यो अपराध र दण्डलाई घरमा हल्ला नहुने गरी पन्डितजी गएपछि कोठामा लगेर मलाई सम्भाइन—यै बुद्धिले खाला ठूलो भाग। ओलि पाठ बुझाउन सकेन भने बुवालाई बिन्ति गर्दिन्छु। म पिताजीसित अक्सर खूब डराउँथे। फेरि भनिन्—पढेर विद्वान् भएर बुवाले जस्तै किताब लेख्न सक्नुपर्दछ बाबै। त्यस बेला मेरो पिताजीका कैयौं हस्तलिखित पुस्तकबाहेक मुद्रित 'मुटुको व्यथा' र 'ध्रुव' सबैको आँखामा परिसकेको थियो। अनि भनिन्— सङ्गत ठीक भए पो,— मेरै उमेरका घरका अरू केटाकेटीलाई लक्ष्य गरेर " कुन्डकुन्ड पानी मुन्डमुन्ड बुद्धि। " अनि मलाई बोकेर गीत गुन्गुनाउँदै भरेङ चढ्दै मेरो पिताजी बस्ने तलमा पुर्‍याइन्। परिचारिकाहरूलाई आगो फुकाउँदै मसला कुटाउँदै कौसीमा बसेर माताजी तरकारी पकाउन लाग्नु भएको थियो। मासुको गन्ध भरेङदेखि नै सुँघ्दै म पुगेँ, चाख्न पनि पाएँ। अनि माताजीको आदेशअनुसार आमाले मलाई पिताजीकहाँ लगिन्। सुसज्जित एक लामो कोठा थियो। एकान्त थियो। बिस्तारै ढोका खोलेर आमाले मलाई त्यस कोठाभित्र हुलिन् अनि पिताजीलाई औंल्याएर मलाई सुस्तरी भनिन्— " उ त्यसरी लेखपढ गर्नुपर्दछ। " अनि ढोका बन्द गरेर उनी फर्किन्। फलामे अग्लो पलङको झूलभित्र वरिपरि किताबको थुप्रोको ढील बनाई पिताजी अस्पष्टसित फूलको रस झिक्न लागेको भमराले जस्तै ' भूँ भूँ ' गर्दै लयदार रचना गर्दै हुनुहुन्थ्यो। मलाई उचालेर त्यही झूलभित्र राख्नुभयो। अनि मेरो चकचके साम्राज्यवाद नष्ट भयो। कैयौं मिनेट—करीब अढाइ घन्टासम्म म त्यहीं बन्द गरिएँ। पिताजीको आँखामा कहिले चिन्ता झल्कन्थ्यो;

अनि लामो सास, अनि प्रसन्नता, अनि सतर्कता फेरि आँखीभौंको जोर्निमा रेखा, अनि चञ्चलता फेरि एकाग्रता एकैसीतले बित्यो। भूलभित्र हारमोनियम पनि थियो। 'प्राणदान' भन्ने एक अप्रकाशित नाटकको कुनै गीत शायद त्यसबेला उहाँ रच्दै हुनुहुन्थ्यो। मैले आमाले अगि भनेको कुरा सम्झें – "मैले यसै गनपर्दछ रे, खोइ... कसरी ? टाउकोमा केही पनि आउँदैन के लेख्ने ? अमरकोषको श्लोक ? कि त 'सरस्वती मया दृष्टवा' बाहुलरीको श्लोक ? ओ हो !!! मैले लेख्न सकिन भने ! के लेख्ने ? लेखेर त्यो अरूलाई कसरी देखाउने ? मलाई भयानक आतङ्क र डर अनि एक्लै पिताजीसँग बसिरहँदा पस्यार सार्‍रै लागेछ र म अकस्मात् रून लागेँ। अनि पिताजीलाई झूठो उत्तर पनि अह्माएँ,- 'भोक लाग्यो- त्यसैले।' अनि म त्यहाँबाट पठाइएँ। मेरो हृदयमा त्यही छाप निरन्तर अड्यो–मैले पनि लेख्नु पर्दछ। केही दिनपछि एउटा सानो पाकेटबूक बनाएर खल्तीमा हालेँ र बराबर त्यो झिक्तै लेख्न थालेँ-- हवा लाग्दा रूख हल्लन्छ, बाँदर दुइ हातले खान्छ, स्वास्नीमान्छेको पनि कसै–कसैको ओठमाथि भुसभुसे जुँगा हुन्छ, लम्पटमा सबैको नितम्ब रहन्छ " — यहाँ अर्के अश्लील शब्द थियो — अरू यस्तै— "फिकदानीमा सबैको थुक रहन्छ।" यसरी दिन बित्दै गयो। नब्बे सालको भूकम्पको बिम्बेको अनुहार देखेँ। आफ्नै खुट्टा भाँचिएको अनुभव गरेँ। चार तलामाथि घरबाट कोठा भासिएर मेरो पिता-माताको साथै दलीन र सत्तरीको धरापमा तल जमीनमा माटोले पुरिएँ; प्रशस्त माटो खाएँ। दश वर्षको भएँ। मलाई बाँदर चौपट्टै मन पर्‍यो। पञ्चतन्त्रको र इसपको बाँदरको कथा चोर्दै अलि अलि कथा कोर्न थालेँ।

अझै एक ठोस प्रेरणा मलाई हुत्याएर अरू संसारमा पुर्‍याउने प्रेरणा पाउन सकेको थिइन। 'बाल्येन हन्यते शास्त्रं तत्र गीतेन हन्यते" यही उक्ति सुनाएर पिताजी मलाई पढुन्जेल गीत र कवितादेखि

अलग्ग राख्ने प्रबन्ध गर्नु हुन्थ्यो। मलाई एक प्रकाण्ड विद्वान बनाउने उद्देश्य उहाँको थियो। कलाकार त उहाँ आफैं हुनुहुन्थ्यो। किन्तु मन कवितापट्टिको आकर्षण शक्तिको प्रगति थामिएर सङ्गीतको चुम्बकले म यसरी खीचिएँ कि अनि त सुत्दा, खाँदा, बस्दा, घोडा चढ्दा र पढ्दा समेत मुखले नपाए पनि मनैमनले गाइरहनथालेँ। घरका सबैले सुने। सबैबाट प्रशंसा र प्यार पाएँ। पिताजीबाट पनि इनाम पाएँ। सबै त मेरो गीतमा आनन्द मानी मलाई फुक्र्याउँथे। तर मेरो जीवन-प्रगतिको सपनामा पिताजी सधैं सतर्क हुनुहुन्थ्यो। "कहीँ यो गीतको धूनले छोराको विद्वतामा—दर्शनाचार्यको परीक्षामा आगो नलाओस्।" साँच्चि नै मेरो अनि पाठ्य-पुस्तक पढ्ने त मनै मर्यो। म पाठशाला जान्थें तर छलछाम र ठगीले घोडामा चढेर बालाजू कि त बनकाली, भँडारखालमा गएर गीत गाउँथे निर्धक्क भएर। त्यस बेला हिन्दूस्तानी रेकर्डको गीतको छाया उतारी गाउँथे। सहगल, के० सी० डे० र पङ्कज मल्लिक मेरा मीत थिए। मेरा बन्धुबान्धव सब मलाई पङ्कजको नामले विभूषित गरिदिन्थे। म फुल्दथें। अब यसरी हिन्दी गीत मात्र गाउनु भएन, यसमा मौलिकता पाइएन; नेपाली-गीत गाउनु पर्दछ भन्ने हृदयमा ठेस लाग्यो; अनि गीतहरू बनाउन थालें, अनि कविता। यसरी अन्त्यमा गीतको पखेटाले नै उडाएर मलाई एक किसानको रूपमा साहित्य-खेतमा पुर्याइ दियो। एउटा गीत लेख्न बसें—एक लय संझेको थिएँ, त्यसमा मिल्दो हुन पछिल्तिर 'रानी' शब्द आयो। किन्तु त्यसको विशेषण खोज्दा लाजलाग्यो। अन्त्यमा नीरवता शब्द पाएँ र बनाएँ—'ए नीरवताकी रानी! म नीरवतामा आउँला।" त्यो गीत मैले तेह्र वर्षको उमेरमा बनाएको थिएँ। पच्चीस वर्षको उमेरमा एच्० एम्० भी-मा त्यस गीतको रेकर्ड भरेँ। यसरी गीतको भावनाले नै मलाई लेख्ने प्रेरणा दियो। त्यसपछि रवीन्द्रनाथ ठाकुरको गीताञ्जली पाएँ। त्यसले नै वास्त-

वमा मेरो गद्य–कविताको भावनालाई खुराक दियो । त्यसै वेलादेखिन् फेरि गीत बाहेक कविता पनि रच्न थालें । पिताजीको 'मुकुन्द-इन्दिरा' आद्योपान्त मलाई कण्ठस्थ थियो । कालिदासको रघुवंशको अजविलाप हृदयस्थ थियो । यसरी प्रभाव र उत्पत्तिको विषयमा त मैले पहिले भनेझैं अनेक कारण छन् । कुनै पनि कार्यमा कारण एक मात्र हुन सक्तैन, अनेकौं हुन्छन् । अब कसरी मेरो साहित्यिक भावनाको उत्पत्तिपछि त्यसको पालन-पोषण कस्तो भयो र अहिले कस्तो जीवन व्यतीत गरिरहेछ, त्यसपट्टि दृष्टि दिन्छु । मलाई लाग्यो अलि असाधारण रचनाले मात्र अरूमा विशेष प्रभाव दिन सकिएला; अतः कसरी लेख्ने ? यसपट्टि ध्यान आकर्षित हुन लाग्यो । 'शारदा' पत्रिकाहरू पढें । प्रेमराजेश्वरी थापाको "विश्व–बागको एक कुनामा फक्री एक कली_"– वाक्यहरूमा शब्द विन्यास, छायावाद र अस्पष्टता, व्यक्तिगत रहस्य देखेर त्यो पन मैले व्यक्तिगत धन सम्झेर पर सारें । श्री भिक्षुजीका कविताहरू केवल साहित्यकारकै मात्र सम्झें — कुनै शब्दलाई कोष समेत पल्टाउनु पर्‍यो । किन्तु उहाँको "के त्यो फक्र्यो ?" कथाले भने केही खोजेको कुरा दियो । मेरै पिताजीको कति कविता म बुझ्दिन थिएँ तर नबुझेकैमा पनि त्यसमा विशेष श्रद्धा लाग्दथ्यो । जस्तो देवकोटाजीको मुना–मदन बाहेक, एक–दुई निबन्ध बाहेक बाँकी कविता हेर्दा आफूले नबुझे पनि एक किसिमको आनन्द लाग्थ्यो । तर म कसरी लेखूँ त्यसको निश्चय मैले गर्न सकेको थिइन ।

यतिन्जेल म सामन्ती वातावरणमा धर्मभिरू पितामहीको निरीक्षणमा पालिएको एक धर्म–लम्पट रोजिन्दा नुवाएर देउती बाजेको तसबीरमा 'जी' गर्ने, सुत्ता, उठ्दा, खाँदा स्तोत्र पाठ गर्ने मानिस, किन्तु पिताजीको प्रत्येक दिन खानेबेलाको गफ जसमा नित्शे र भल्टेयर आदिदेखि-लिएर महर्षिहरू, योद्धाहरू, नेताहरू, कलकारहरू ऐतिहासिक

राजा–महाराजाहरूको समीक्षात्मक फग सुन्दा–सुन्दा म यसरी एक दिन बहकिएँ कि मेरी धर्मभीरू पितामहीले चतुर्मासमा सुन्न लागेको पण्डितले खटियामाथि राखी बाच्नलागेको अबीर, फूल, अक्षताले पूजा गरिएको पुराणमा 'यो झूठो हो' भन्दै लात हानेछु । मेरो नौ वर्षमा भाँचिएको खुट्टा त्यसपछि भाँचिएको भए त्यो त्यसैको फल भन्ने कुरा चल्दथ्यो तर त्यो अघि पर्‍यो । धेरैले गाली गरे; किन्तु पिताजीले भन्नु भयो — " खुट्टाले हान्ने कस्तो मूर्ख ! बदमास ! त्यो न जतनसाथ राखी राम्ररी हेरेर त्यसको स्वार्थी भागलाई आफूले अर्को त्यसतै पुराण लेखेर कलमको जवाफले पो त्यसको अन्ध–विश्वासको हरफ केर्नु पर्दछ, बेवकूफ ।" मेरो जीवन-पन्छी यस्तै अल्झन, ठक्कर र आँधीको आहतमा बाँचेको छ । यसले कहिल्यै पनि मधुर चारा खाएर साहित्यको रस वर्षाएको छैन । भोकको कडा घाम र प्यासको सुख्खा अवस्थामा अन्तर्निहित भएर दबेको आँसुको ढीका खसाल्न खोजेको छ । मेरो तर्क पाक्तै गयो । सोह्र वर्षको भएँ । त्यस वेलासम्ममा लेखेका कवितामध्ये एउटा शारदामा छ— संझना "ए संझना तँ नआ यो बालक शिरमा ।" त्यसपछि देखेँ गोपालप्रसाद रिमालको मेरै जस्तो कविता, मैले लेख्न खोजेकै, मैलेभन्दा दुइ वर्ष अघिनै लेखिएको । किन्तु आफ्नो विचार धाराको बल बढाउने साथी मिलेकोमा सन्तोष लाग्यो । दृष्टिकोण मजबूत नबनीसकेकोले त्यस बेलाको मेरो कविता 'संझना' 'स्काइलार्क चरोको गीत ', ' के फेरि फर्कोइन ?' निष्प्राण तर यथार्थ वादकै भित्र छन् जस्तो मलाई लाग्दछ । तदनन्तर मैले दर्शनहरूको केही अध्ययन गरेँ — कपिलको सांख्य, कणादको न्याय, पतञ्जलीको योग, जैमिनीको मीमांसा । मलाई कणादकै परमाणुवादले आकृष्ट गर्‍यो । किनकि अरू दर्शनमाझैं त्यसमा पनि अध्यात्मको वैज्ञानिक निरूपण नभए पनि पदार्थ जगत्‌लाई लिएर विचार्ने विपनाको कदम पूर्वी दार्शनिकहरूमा प्रथम हो । जस्तो यूनानी दार्शनिकमा

डिमोक्रिट्सको नियमवादी परमाणुवादी दर्शन छ। पाश्चात्य दार्शनिकमा डिमोक्रिट्स, सोक्रेटिस, कान्ट र हेगेलको प्रगाढ कल्पना उपर श्रद्धा लाग्यो। तर इपिकुरसको भौतिकवाद चाहिं आफूले खोजेको ठाँउ पुग्ने टोका जस्तो लाग्यो। मेरो झुकाउ अनिश्वरवादमा थियो। संस्कृत ग्रन्थमा चार्वाकको सारा सास्त्र जलाएर बचे-खुचेको उक्ति त्यो पनि खण्डनको लागि दर्शन-संग्रहमा दिइएको— 'अजीत केशकम्बल, प्रकुधकात्यायन, मंखली, गोसाल' आदि चार्वाक महर्षिहरूको तर्कशील सिद्धान्तले बल दियो; तापनि 'भस्मी भूतस्य देहस्य पुनरागमनं कुतः' यो उक्तिलाई राम्ररी माने तापनि 'ऋणं कृत्वा घृतं पिवेत्'-को म विरुद्ध छु। सामाजिक विकासको ध्यान छोडेर एकले ऋणद्वारा घीउ पियो भने अर्कोले हतियारद्वारा रगत पिउँछ। दर्शनलाई ठीक राखे पनि जबसम्म समाजको व्यवस्थामा सन्तुलन ल्याउने नीति ठीक हुँदैन; अनि त्यस्तो नीति ठीक रहे पनि जबसम्म काल्पनिक दर्शनको पखेटा काटी वास्तविक दर्शनको निरूपण हुँदैन तबसम्म साहित्यको स्वस्थ प्रभाव समाजमा पर्न सक्दैन। यसरी म दर्शनमा खूब आकृष्ट थिएँ। यही बेला बुद्ध र धर्मकीर्तिको दर्शन तथा कार्लमार्क्स र एङ्गेलसको द्वन्द्वात्मक भौतिकवाद पढ्ने मौका मिल्यो। अनि त्यसैबेला मलाई सबभन्दा लेख्ने प्रेरणाले जोड गर्‍यो र मैले लेखें 'मानव' जो साहित्य परिषद्को कवि सम्मेलनमा सुनाईएको थियो। त्यसै बेला साथी श्रीव्यथितजीसित पहिलो परिचय भयो। उहाँले मेरो 'मानव' कविता देखेर खूबै उत्साह र प्रशंसाको लहरले मलाई बधाइ दिनु भएको थियो। अनि त्यसै कविताको दृष्टिकोण लिएर बढ्दै जाने निर्णय गरी लेख्न थालें।

म लेख्छु आत्म-सन्तोषको लागि होइन। सामाजिक असन्तुष्टताको आधारमा लेखेँ अरूलाई सुनाएर व्यथाको जलन अलिकति सेलाउँदा हुने सन्तोषको निमित्त होइन, अन्तर्निहित

भएर दबेको मानव-समाजको रोग पैल्याउन। मानवीय चेतनाको ह्रास हुँदै गएको विश्वासमा अलिकति आँसु छर्कन। दासत्वको अँध्यारोमा अलमलिएकालाई मस्तिष्कको तेलमा सानो चिराग बाली बाटो देखाउन। जगत्को अनित्यतालाई महसूस गर्न नसकी निराशामा कको रहेकालाई आशाको गीत गाई मुस्कान दिएर आशामा बाच्न सिकाउनलाई म लेख्तछु।

मेरो अधिकार त यति हो कि आफ्नो उद्देश्य, दृष्टिकोण र प्रभावलाई तपाईंहरू छेउ निःसंकोच भन्नु। किन्तु त्यस सुरभित्र, घेराभित्र, मैले कति गाउन सकेको छु, सफलताको लक्ष्य कति टाढा छ त्यो नाप्ने अधिकार मेरो छैन।

अब एक कुरा मेरो भन्नु छ, कि म किन गद्यमा कविता लेख्दछु, वार्णिक छन्दमा किन लेख्तिन। वास्तवमा कारण यो हो कि म गीत गाउँछु। त्यसैले छन्दको एकोहोरो लयमा म लयको वैचित्र्य, सुरको अभिव्यञ्जना चाहेजति पाउन सक्तिन। कि त नाटकीय भावावेशमा प्रश्न उद्गार सम्बोधनको वास्तविक स्वर र सुरमा गद्यमा कविता लेख्दछु, कि त भावना खुल्दो चाल, ताल र लयमा गीत गाउँछु। वार्णिक-छन्द मलाई यता न उताको त्रिशंकु जस्तो लाग्दछ।

—※—

चित्तरञ्जन 'नेपाली'

# नेपाल र तिब्बतको सम्बन्ध

शक्तिसिंह रामको[1] पश्चात् राजा प्रताप मल्लले नै उत्तरतिर राम्ररि आँखा गाड्को देखिन्छ। त्यो पनि तिब्बतसित, चीनसंग होइन। प्रताप मल्लले तिब्बतसित सुसंगठित राजनैतिक सम्बन्ध स्थापित गरेका थिए। यिनले चीनसित सम्बन्ध नजोडी तिब्बतसित जोडनाको कारण तिब्बतले स्वशासन ग्रहण गरेपछि, नेपालको निम्ति चीनभन्दा तिब्बत नजिक परेकोले तथा राजनैतिक दृष्टिकोणले ज्यादा महत्वपूर्ण रुएकोले हो भन्न सकिन्छ।

शक्तिसिंहभन्दापछि तथा प्रतापमल्लभन्दा पहिलेका राजाहरूले तिब्बतसित सम्बन्ध नजोडेको विषयमा स्पष्ट कारण अझ पत्ता लागेको छैन। तर पनि कोही राजाहरू आफैं दीगो तथा शक्तिशाली नभैसकेको हुनाले र कोहीलाई दक्षिणतिर ध्यान दिनु पर्ने भएकोले, तिनीहरूले उत्तरतिर सम्बन्ध जोड्न सकेनन् भन्ने अनुमान छ। अन्यथा सम्बत् ६६६ तिर दिल्लीका बादशाहलाई अर्जी तथा सेतो हाँस, बाज आदि सौगात दिएर टक छाप्ने अधिकार लिएर आएका नेपालका तत्कालीन राजा महेन्द्र मल्लले तिब्बतसित सम्बन्ध जोड्न नसक्ने कुनै कारण थिएन[2]।

त्यसो त बिलकुलै सम्बन्ध नभएको कहां हो र? दुइ देशका बीच जात्रुहरूको आवतजावत थियो, तथा सीमानाका मानिसहरूको

---

१ यिनलाई चीनका राजा युंग्लोले सम्बत् १४७० र १४७३ मा गरी दुइटा पत्र पठाएका थिए तथा 'ह्वाङ्ग' भन्ने पदवी पनि प्रदान गरेका थिए।

२ बालचन्द्रजीले आफ्नो पुस्तक 'नेपालको ऐतिहासिक रूपरेखा' पृष्ठ १६४ मा महेन्द्रमल्लले भोटसित सम्बन्ध जोडे कि भन्ने अनुमान गरेका छन्; तर यस विषयमा कसैले कुनै प्रमाण पेश गर्न सकेको छैन।

धन्द–व्यापार, विहेवारी चलेकै थियो । केवल कूटनैतिक सम्बन्धको कमी थियो जसलाई पछि प्रताप मल्लले पूरा गरे ।

प्रताप मल्ल नेपाल सम्वत्‌को आठौं शताब्दीका प्रतापी राजा थिए । उनको राज्यकालमा नेपालको स्थिति धेरै नै शान्तिपूर्ण तथा समृद्धिशाली थियो भन्ने कुरा नेपाली इतिहासका प्रत्येक छात्र-लाई थाहा भएको कुरा हो । उनको राज्यकालमा नेपालको धार्मिक, संस्कृतिक तथा कलात्मक उन्नति भएको थियो भन्ने कुरामा शायदै मत विभिन्न होला । आफ्नो आन्तरिक स्थिति मजबूत भएपछि प्रताप मल्लले राज्य-विस्तारको इच्छा तथा विशेषतः उत्तरतिर आँखा गाडे ।

प्रताप मल्लले प्रशस्त सैनिक दिएर आफ्ना सगोत्री काजी भीम मल्लाई तिब्बतको दक्षिणी भागमा हमला गर्न पठाए । यस प्रकार नेपालले तिब्बतमाथि हमला गर्‍यो ।

काजी भीम मल्ल पनि आफ्ना राजाको आदेश पालन गर्द कुती सर गरेर अगाडि बढ्दै गए । यसरी नेपालीहरूले लडाँइ जित्दै गएकोले तथा डिगर्चा समेत पुग्ने देखिएकाले अब त सएन भनेर लामाज्यूहरूले आत्म-समर्पण गरे, तथा सन्धीको प्रस्ताव पेश गरे ।

यसरी अत्म-समर्पण गरी सन्धीको प्रस्ताव लामाज्यूहरूले पेश गरेकोमा स्वीकार नगरी युद्ध जारी नै राख्न काजी भीम मल्लले उचित देखेनन्, तसर्थ सन्धी भयो, अनेकौं सर्त सहित सन्धी भयो । नेपाल र तिब्बतको बीचमा भएको पहिलो सन्धी यही थियो ।

यो सन्धी अनुसार कुति र केरुङमाथि नेपालको आधि अ-धिकार रहने भयो । यो अधिकार पछि रणबहादुर शाहको पालामा सम्वत् १८४६ को नेपाल–चीन– युद्धपछि नेपालको हातबाट गुम्यो ।

प्रताप मल्लका बेलामा काजी भीम मल्लले तिब्बतसित गरेको यसै सन्धिअनुसार तिब्बतको राजधानी ल्हासामा बसी बत्तीस कोठी नेपाली महाजनले व्यापार गर्न पाउने भए। यसै बेलादेखि ल्हासामा नेपाली महाजनहरूको कोठी रहन गएको हो र विशाल रूपमा व्यापार हुन थालेको हो।

यसै सन्धीको अर्को दफामुताबिक तिब्बतको राजधानी शहर ल्हासामा नेपालसरकारका प्रतिनिधि 'नायो' रहने निश्चय भयो, जुन कि पछि वि॰ सं॰ १९१२ सालको नेपाल–तिब्बत-युद्ध-पछि वकीलमा परिणत भयो। यसरी सबभन्दा पहिले नेपाल सरकारका प्रतिनिधि ल्हासामा रहने गयो तथा यही नै एक मात्र कूटनैतिक सम्बन्धको ठोस नमूना हो।

त्यस सन्धीको अर्को शर्त—ल्हासा तथा तिब्बतका अन्य स्थानमा रही व्यापार गर्ने नेपाली महाजनहरूसित कुनै प्रकारको दस्तूर भन्सार लिन पाइँदैन भन्ने कुरामा तिब्बतले मन्जूर गर्‍यो। साथै, तिब्बतले नेपाललाई प्रतिवर्ष बाह्र रुपैयाँ आने एक तोला चुकी सुन, एक रुपैयाँवाला तेह्र मासा चाँदी र तीन पाथी नून तिर्नुपर्ने भयो। अनि, नेपालले तिब्बतको निम्ति आवश्यक टक छापी तिब्बत पठाउने भन्ने कुरा पनि उक्त सन्धीमा परेको छ। तर नेपालबाट पठाइने ती टक र मोहर नेपालका राजाकै नाममा छापिएको हुन्थ्यो, अर्थात् तिब्बतले नेपालको टक मोहरको चलन चलाउनु पर्ने भयो, तथा नेपालबाट छापिएको टकको मूल्य पनि तिब्बतले चुकाउनु पर्ने भयो। यस प्रकार अनेकौं शर्त रही नेपाल र तिब्बतको बीच सन्धी भएको थियो।

यस सन्धीको आखिरी तर मुख्य शर्त थियो—तिब्बतले नेपाललाई छोडी भारतसित व्यापार गर्न परेमा पूर्वको बाटोबाट नगरी नेपालकै बाटोबाट गर्नुपर्दछ। अर्थात् तिब्बतले कुनै सामान भारत

लैजानु परे पनि, वा भारतबाट ल्याउनु परे पनि नेपालकै बाटो भएर लैजाने र ल्याउने गर्दथे, पूर्वतिरको भारतको बाटोबाट ल्याउन र लैजान पाइँदैनथ्यो। यस प्रकार भारतको बाटो बन्द गरी नेपालकै मात्र—बाटो हुन गएकाले नेपाल त्यतिबेला एकमात्र व्यापार—केन्द्र हुन गयो अनि आर्थिक र व्यापारिक दृष्टिकोणबाट नेपालको निम्ति यो ज्यादै महत्वपूर्ण पनि थियो।

यी सब कुरा मिलाई सन्धी गरी नेपालका राजालाई तिब्बतका लामाजूहरूले सलामीमा दिएको सुन, चाँदी तथा केही अन्य वस्तु र सौगात लिएर काजी भीम मल्ल नेपाल फर्के तर, अफशोस, यतिका काम—कुरो मिलाई फर्केका काजीलाई यथोचित शिरपाउ वा पुरस्कार दिई इज्जत गर्नु त कता कता रह्यो नेपाल फर्केपछि केवल दरबारी राजनीतिको आहुति भएर उनलाई प्राण—दण्ड मिल्यो। त्यसै बखत काजी भीम मल्लकी धर्मपत्नी सुलक्षणाले 'नेपाल दरबारमा विवेक नरहोस्' भनी सराप दिई आफ्ना पतिका लाशसित जलेर सती गइन्। यसैलाई लिएर नेपालमा आजसम्म यहाँ सतीको सराप छ भन्ने प्रचलन चलेको छ।

काजी भीम मल्लको आफ्ना प्रताप मल्लले तिब्बतसित सुसंगठित कूटनीतिक र व्यापारिक सन्धी गरी सम्बन्ध स्थापना गरेका थिए, तथा यसरी नै काजी भीम मल्लको हत्या गरेर आफ्नो गौरवपूर्ण इतिहासमा कालो पनि पोतेका थिए। हुन पनि मल्ल खानदानमा भीम मल्लको हत्या त्यो दाग थियो जुन दाग शाह खानदानमा भीमसेन थापाको हत्याबाट लागेको छ।

यिनै भीम मल्लको समय र काल विषयमा कसैसित ऐमत विभिन्न मतको देखिन्छ। बालचन्द्रशर्माले यिनलाई लक्ष्मीनरसिंहका बेलाका काजी हुन् भन्ने थिये। पछिका यिनले तिब्बतमा हमला गरेका हुन् भनी लेखेका छन्। साथै श्री गौरबहादुर प्रधानले आफ्नो

पुस्तक 'मध्यकालीन नेपाल' – मा पनि काजी भीम मल्ल लक्ष्मीनरसिंहकै समयका हुन् भनी लेखेका छन्।

भीम मल्ललाई लक्ष्मीनरसिंहका बेलाका हुन् भनी लेख्नमा उपरोक्त लेखकहरूले वंशावलीलाई प्रमाण स्वरूप पेश गरेका छन्। तर हेमराजजीकै आधारमा लेखेको भनी लेखेको लेखमा काजी भीम मल्ललाई प्रताप मल्लका पालाका हुन् भनी जनाएका छन्[1]। अनि उपरोक्त कुरा जुन लेखियो सो पनि एक प्रकारको वंशावली वा रेकर्डमा छन् तथा तिनमा पनि भीम मल्ललाई प्रताप मल्लकै समयका हुन् भनी जनाइएको छ।

साथ सम्वत् १८४६ मा भएको नेपाल–तिब्बत सन्धी सम्बन्धी कुरा खोजी लेखिएको एक पत्रमा पनि काजी भीम मल्ललाई प्रताप मल्लका बेलाका हुन् तथा उनैले तिब्बतसित सम्बन्ध जोडेका हुन् भन्ने स्पष्ट भएको छ। त्यो पत्र तत्कालीन रिजेन्ट बहादुर शाहले रणजोर खत्री र अमरसिंह थापा लगायत त्यस बखत गढी–गढीमा रहेका समस्त सिपाहीको नाउँमा लेखेका थिए, जसको नक्कल यस प्रकार छ:—

" स्वस्ति श्री सर्वोपमा योग्य श्री रणजोर खत्री श्री अमरसिंह थापा श्री बलदेव थापा [illegible] शुभ [illegible] सिपाही के आशिष [illegible] यहाँ कुशल चाहिये आगे [illegible] उप्रान्त [illegible] बादशाहका हुकुमले [illegible] आइकन [illegible] र [illegible] धर्मपत्र भयो प्रताप मल्ल राजा [illegible] काजीका पाला आधा [illegible] र [illegible] भोटको [illegible] बाँधी [illegible] काठमाडौं

---

1. हेर्नु होस् — 'नेपाल' पत्रिका अंक

ल्याई तिनु गरी बन्बेज भयो अंबा समेत हाम्रा हजूर आयो उनसँग बस-उठ गरी चिन बादशाहथें हाम्रो चिठीपत्र मानिस सर सौगात समेत अंबाका साथ पठायों तिमीहरू पनि गढी-गढीमा रहन्याको सरंजाम बन्दूक बारूद लगायत सर्गौच सब अगाव हिड़ाई जगा-जगाका कुहुया थुम समेत भै हजूर आव इति सम्वत् १८४६ साल भाद्र पद वदि २ रोज ६ मुकाम काठमाडौं । ”

यस पत्रबाट पनि भीम मल्ल प्रताप मल्लका बेलाका हुन् तथा उनकै पालामा तिब्बतसित सम्बन्ध रहेको थियो भन्ने साबित हुन्छ । सरकारी तहबाट लेखिएको यस पत्र अवश्य पनि सरकारी रेकर्डको आधारमा लेखिएको हुनुपर्दछ ।

यस प्रकार काजी भीम मल्लले राजा प्रताप मल्लका समयमा तिब्बतमाथि हमला गरी जितेर तिब्बतसित सन्धी गरेका थिए ।

यसै वखत प्रताप मल्लका समकालीन गोर्खाका राजा राम शाहले पनि तिब्बतको भूमिमा आँखा गाडेका थिए ।

वारपाक जितेपछि गोर्खाका राजा राम शाहलाई तिब्बत तथा तिब्बतको सीमाना पुग्दा बाटोमा परेका ससाना रजौटाहरूका राज्यहरू जित्ने इच्छा भयो । उनैले सरदार भवानीसिंहको नेतृत्वमा फौज पठाई लड्न पठाए । बाटोमा पर्ने ससाना रजौटाका राज्यहरू जित्दै यो फौज केरूङको पश्चिमी सीमानामा पुग्यो । गोर्खाली फौज यसरी अगाडि बढेको देखेर केरूङस्थित तिब्बती फौजले डरले रुन थाल्यो, तथा गोर्खाली-सित हामी लड्न सक्दैनौं भनी कुरा बनाएर बाटो छाडिदिए । केरूङका फौजको यस कुरामा पत्यार परी सरदार भवानीसिंह त्यहींबाट पनि

अगाडि बढेर कुकुरघाट भन्ने स्थानमा पुगे। त्यसै मौकामा केरुङका तिब्बती सेनाहरूले धेरैको संख्यामा गोर्खाली फौजलाई घेरा दिए। लड्न त गोर्खालीले खूब लडेका थिए तापनि अन्त्यमा उनीहरूको हार भयो। सरदार भवानीसिंह लगायत समस्त गोर्खाली फौजका नायकहरूको टाउको काटी दिगर्चा लामाकहाँ लगियो।

यस प्रकारको हारको समाचार सुन्नेबित्तिकै राजा राम शाह आफैँ फौज लिएर लड्न भनी गए। खिन्च्यान भन्ने ठाउँ हुँदै राम शाह अगाडि बढे। तिब्बतको भूमिमा यो फौजले खुट्टा हाल्नेबित्तिकै घोर घमसानसँग लडाईं भयो। शुरूमा तिब्बतले जितेको थियो तापनि आखिर गोर्खालीको जीत भयो र उनीहरू कुकुर-घाटसम्म पुगे। त्यहाँ कुकुर-घाट भन्ने ठाउँमा एउटा ठूलो ढुंगामा गोर्खाली र भोटे दुवै लिपिमा 'साँध' भन्ने लेखी त्यहाँको पहाराको निम्ति केही फौज र एक नायक छोडी प्रशस्त धन-दौलत लिएर राजा राम शाह फर्के।

त्यहाँ त्यो ढुंगा अद्यापि छँदैछ तापनि आजभोलि त्यस ठाउँमा तिब्बत सरकारको अधिपत्य छ। त्यो अधिकार वि. सं. १८४९ को नेपाल चीन युद्धपछि नेपालको हातबाट तिब्बतको हातमा गएको थियो।

गोर्खाका राजा राम शाहले त्यसैताका थाम्चो ख्योम्बा लामासित पनि केही सम्बन्ध जोडेका थिए। सम्वत १८३२ सालमा सिंहप्रतापले तिब्बतसित गरेको धर्मपत्रमा उक्त कुराको उल्लेख गरिएको छ, जसबाट राम शाहले थाम्चो ख्योम्बा लामासित पनि केही सम्बन्ध स्थापित गरेका थिए भन्ने साबित हुन्छ।

यसबाट यता नेपाल कान्तिपुर र उता गोर्खा दुवै राज्यहरूले तिब्बतसित कुटनीतिक सम्बन्ध स्थापना गरेका थिए भन्ने स्पष्ट हुन्छ। गोर्खाका राजा राम शाहले तिब्बतसित जोडेको यो सम्बन्ध उनका पालासम्म एक प्रकारले कायमै थियो, तथा कुनै प्रकारको गोलमाल

उत्पन्न भएको थिएन। गोर्खाका राजाका हैसियतमा पृथ्वीनारायण शाहले तिब्बती अधिकारीसित सम्बन्ध जोड़ेका थिए र पत्र--व्यवहार पनि गरेका थिए।

तिब्बत र गोर्खाको वाणिज्यव्यापार र टक-सम्बन्धी सम्बन्ध पृथ्वीनारायण शाहको बेलामा पनि कायमै थियो। सम्वत् १८१२ सालमा तिब्बतका देवाहरूले पृथ्वीनारायण शाहलाई एउटा पत्र लेखी वाणिज्यव्यापारको विषय जिकिर गरेका थिए। पत्रको नक्कल यस प्रकार छ:—

"स्वस्ति श्री श्री श्री मन्महाराजाधिराज श्री श्री श्री राजा पृथ्वीनारायण शाहदेवलाई श्री छो आंपाजोर देवा धा लुगुदेवा श्री कुंजो ग्यल्पोन श्री छिटुंदो श्री वांग्यु एति हामीले आजसम्म पठायाको जस्तै लेखि पठाया सुनको भाउ भोट निज छिना लायाले जस भाउ गन्याको हो सोही भाउको भन्दा जेठ भाउहेरि पहिलेको चलै छैन अब उप्रान्त सुनको भाउ घटौं बढौं गर्नाले पठायाका कर्मोको सुना पनि आज पुग्या पाछि दिनु अथवा चार दिन भित्र पुऱ्याइ दिनु सुनको भाउ घटाया बढाया अड्काया श्रीकामिनी श्रीसुम्बी श्रीमाताजु श्रीनिक्षु छुम श्रीसौधको हामी-हरु कुनै सुनको भाउको अघि लायाले गन्याको सहि सदा रहा कोआ नअड्काया कुनै केरि सुनको भाउमा पहिलेको गन्या श्रीनीप श्रीगिम्भु छैनको मठ भत्कायाको पाप लाग्ला कुरि निजका सुनको यो करार हो कुरि पाहिराको सुना चाँदी पाछि दिनु छवि सम्वत् १८१२ पौष सुदि १४ रोज ६ शुभम्"

यस धर्म-पत्रबाट यो स्पष्ट हुन्छ कि पृथ्वीनारायण शाहले गोर्खाका राजाका हैसियतमा तिब्बतसित सम्बन्ध जोडेका थिए तथा राम शाहले स्थापित गरेको सम्बन्धलाई चालू नै राखेका थिए। सम्वत् १८२६ तिर पनि पृथ्वीनारायण शाहले समस्त नेपालको राजाको हैसियतमा ल्हासा-का ध्याँजोयसित पत्रव्यवहार गरेको देखिन्छ। ध्याँजोयको पत्रको जवाफमा उनले सुखिम ( सिक्किम ) तिमीहरूकै हो हामीले लिने छैनौं भनी लेखेका रहेछन्। अझ यो पत्र पनि पठाउन सकेको न हुन सक्ने कसैको धारणा छ।

यता कान्तिपुरका राजा प्रताप मल्लले स्थापना गरेको नेपाल–तिब्बत सम्बन्ध र थिति बन्देज उनका पालादेखि जय प्रकाश मल्लको समयमा ल्हासा पठाइने टकहरू खोटो छापी पठाउन थालेका थिए जसले गर्दा तिब्बतको व्यापारिक क्षेत्रमा गडबडी मच्चियो तथा जुन पछि गएर रणबहादुर शाहको पालामा लडाइँको कारण पनि हुन गएको थियो।

गोर्खा र नेपाल ( कान्तिपुर ) दुवै राज्यहरूको तिब्बतसितको यो सम्बन्ध गोर्खा र नेपालको आपसी लडाइँ पर्नुभन्दा अगाडिसम्म कायमै थियो, अर्थात् नेपाल-गोर्खा-युद्ध कालमा गोर्खा र नेपालको तिब्बतसितको यो सम्बन्ध टुटेको थियो। गोर्खालीले नेपाल जितेपछि पनि पृथ्वीनारायण शाहको पालामा नेपालले तिब्बतसित विशेष सम्बन्ध राम्रो रूपले राख्न सकेको थिएन, तथा एक प्रकारले रोकिएकै थियो जुन पछि १८३२ सालमा सिंहप्रताप शाहले एउटा सन्धी गरी पुनः चालू गराएका थिए।

नेपाल कान्तिपुर र गोर्खा दुवै राज्य आपसी युद्धमा सम्मिलित हुनुभन्दा अगाडि यी दुवै राज्यको परस्परमा राम्रो सम्बन्ध पनि थियो। विक्रम सम्वत् १८१४ सालमा नेपालका राजा जयप्रकाश मल्लले गोर्खाका राजा पृथ्वीनारायण शाहका नाममा नेपाल र गोर्खाका आपसी सम्बन्ध तथा यी दुवै राज्यका तिब्बतसितको सम्बन्धका विषयलाई लिएर एउटा धर्म-पत्र गरिदिएका थिए।

जयप्रकाश मल्लले पृथ्वीनारायण शाहको नाममा गरिदिएको धर्म-पत्रअनुसार कान्तिपुर नेपालका वकील गोर्खामा रहने गोर्खाका वकील कान्तिपुरमा रहने तथा गोर्खा र कान्तिपुरका वकीलहरू तिब्बतमा रहने, र संयुक्त रूपले माल सामानको भारो फोर्ने भन्ने निर्णय भएको थियो। यस प्रकार तिब्बतमा गोर्खाको पनि वकिल थिए भन्ने प्रमाणित हुन्छ।

टक सम्बन्धी कुरा लिएर उक्त धर्म-पत्रमा लेखिएको छ कि गोर्खाको मोहर रुपैयाँ कान्तिपुरले चलाउनू, कान्तिपुरको मोहर रूपैयाँ गोर्खाले चलाउनू। यसैले यो सिद्ध हुन्छ कि गोर्खा र नेपाल राज्यहरूमा उस बेलादेखि नै द्वैध मुद्राको प्रचलन थियो। भोट तिब्बतमा पठाउने मोहर रूपैयाँ गोर्खा र नेपालले बराबर पठाउनु भन्ने त्यस धर्म-पत्रमा लेखिएबाट यो पनि स्पष्ट हुन्छ कि तिब्बतमा गोर्खाको पनि मुद्राको प्रचलन रहेछ।

ल्हासा स्थित कान्तिपुर र गोर्खाका वकीलहरूको मन्जूरीबेगर कुनै माल सामान ल्हासाभित्र लग्न खोजेमा जफत गर्ने तथा यसरी जफत गरिएको मालसामान उक्त दुवै राज्यले बरोबर बाँडी लिने भन्ने कुरा लेखेर दुइ राज्यका व्यापार-सम्बन्धी विषयमा पनि स्पष्ट गरिएको छ। यसको साथै तिब्बत र भारततिरबाट आएको सुन, चाँदी, मोहर, रूपैयाँ सबै दुवै राज्यले बाँडि लिनू भनेर त्यस पत्रमा लेखिएको छ। यस बाहेक गोर्खा र नेपालका कोही बासिन्दा तिब्बत जान परे पनि नुवाकोट भएरै जानु पर्दछ भन्ने लेखिएबाट पनि नुवाकोट त्यस बखत व्यापार केन्द्र थियो भन्ने स्पष्ट हुन जान्छ।

यसरी जयप्रकाश मल्लले पृथ्वीनारायण शाहका नाममा एउटा धर्म-पत्र गरिदिएका थिए, जसमा नेपाल र गोरखा दुवै राज्यलाई समान रूपमा मानिएको छ, तथा व्यापार र राजनैतिक सम्बन्ध स्थापित गरिएको छ। त्यस पत्रको नक्कल यस प्रकार छः—

स्वस्तिश्री मन्महाराजाधिराज श्री श्री मज्जय प्रकाश मल्ल देवले स्वस्तिश्री मन्महाराजाधिराज श्री श्री मन्नृप पृथ्वीनारायण शाहदेवकन धर्म पत्र लेखि दियाँ काठमाडौंको गोर्खाको टकसार टकसार चलाउनु रुपैआमहा कपट नघाल्नु दुवै टकसारमा एकै चास्नी गर्नु गोर्खाका रुपैआ काठमाडौंले चलाउनु काठमाडौंका रुपैआ गोर्खाले चलाउनु भोट रुपैआ जिनिस पठाउंदा दुवैको बराबर पठाउनु भोटमा गोर्खा काठमाडौंको वकील बसाउनु दुवै वकीलले ठेचो मारी माल चलाउनु दुवैका मन बाहिकको ल्यायाको लगायाको माल खोस्नु काठमाडौंले खोस्या आधा गोर्खाकन दिनु गोर्खाले खोस्या आधा काठमाडौं कन दिनु काठमाडौंका रुपैआ यहां गोर्खाले नचलाया साखित गर्नु दण्ड गर्नु गोर्खाको रुपैआ इहाँ काठमाडौंले नचलाया साखित गर्नु दण्ड गर्नु पाटनबाटो आयाका महाजन लुटि नखानु काठमाडौंमा गोर्खाको उकील बसाउनु गोर्खामहा काठमाडौंका उकील बसाउनु उकीलका मतले भारि फोर्नु माल हेर्नु भोट बेपार गर्दा कुवाकोटको बाटो गर्नु गोर्खाको माल जाहिर गरि ल्यायाको काठमाडौंले नखोस्नु काठमाडौंको माल जाहिर गरि ल्यायाको गोर्खाले नखोस्नु लुकाइ ल्यायाको खोस्नु भोटबाट आयाका सुनारुपा बराबरी लिनु मधेसबाटो आयाका सिका बराबर लिनु पाटन गोर्खाले खानु नालदुम काठमाडौंलाई दिकन काठमाडौंको काम गर्नु पाटन गोर्खाका हात चल्याका दिन

काठमाडौंले थाम्नु पर्नु काठमाडौंका हात आयाका दिन गोर्खाकन सौंपि दिनु अधिका गोर्खाका पछिका काठमाडौंको एस करारमा रह्या धर्म्मको बृद्धि होस् करार नराख्या पञ्चमहा पातक लागोस् सम्वत् १८५४ राज ३ मिति पौष वदी ८ लिखितमिति सुभम्—"

बाबुराम आचार्य

# भीमसेन थापाको पतन

इसवी सम्वत १८३२ का आरम्भमा भीमसेन थापाको प्रतापसूर्य मध्याह्नमा पुगेको थियो। आफू जनरल वा सेनापति कहिन्थे तापनि आफ्ना अधीनमा रहेका ६ हजार जति कम्पूपल्टनका बलले राज्यका अधिनायक बनेका थिए। सामान्य बोलचालमा मुख्त्यार कहिन्थे तर कविहरू मन्त्री र अंग्रेजहरू प्रधानमन्त्री ( प्राइममिनिष्टर ) भन्दथे। श्री ५ स्वामीज्यूका समयमा अट्ठाइस वर्ष अगाडि खडा भएको मन्त्रि-मण्डल खिएर बचेका मन्त्रीहरू शक्तिहीन भई भीमसेन थापाका सहायककार बनेका थिए। तिनमा गुरु रंगनाथ पण्डितज्यू र काजी दलभञ्जन पाँडे छँदैथिए। चौतरीया प्राण शाह १८२९-मा परलोक हुँदा उनका छोरा फत्यजंगसाह भर्ना भएका थिए। भीमसेन थापा लगायतको प्रति वर्ष पजनी हुँदा तो तीन जनाको पनि थमौती हुन्थ्यो। यस थमौतीका दिन अरु चौतरीया, काजी, सरदार आदिको पजनी हुँदा पालो पुर्याउनलाई खोसिने, भर्ना हुने र स्थान बदलिइने धेरै हुन्थे। कम्पूपल्टनका अफिसरमा भीमसेन थापाले आफ्ना भाइभतिजा, नातादार र विश्वासपात्र अफिसर मात्र राखेका थिए। एक भाइ रणवीरसिंह थापालाई कमाण्डर-कर्नेल र भतिजा माथवरसिंह थापालाई कर्नेल गराएका थिए। यिनको र अरु कप्तानदेखि जमदारसम्मका अफिसरको प्रायः प्रतिवर्ष थमौती हुन्थ्यो। बुढाखाडा र रोगी सिपाही प्रति वर्ष निकिइन्थे। पाल्पामा चार पल्टन रहेका हुनाले भीमसेन थापाले त्यहाँ आफ्ना भाइ-भतिजालाई मात्र प्रान्तपाल गराइ राख्ने गरेका थिए। डोटीअछामको मुख्य मुकाम सिलगढी भएको र त्यहाँ दुइ पल्टन रहेको हुनाले पुष्करशाह, दक्षशाह र ज्यानशाहलाई आलोपालो गरी प्रान्तपाल गराउने गरेका थिए। पाँडे, बस्न्यात आदि पुराना खानदानका काजी सरदारहरूलाई आलो पालो गरी हाकिम गराएर पठाउँदथे। सर्वत्र फौजी- शासन हुनाले रैती

थिचिएका थिए। सरकारको विरुद्ध उठ्ने आँट कसैमा नरहेको हुनाले शान्ति कायम थियो। अंग्रेज, रुस र चीनसँगको सम्बन्ध पनि मैत्रीपूर्ण रहेको थियो।

राजसिंहासनमा रहेका महाराज राजेन्द्रविक्रम शाह अठार वर्षका थिए। यिनका दुइ महारानी साम्राज्यलक्ष्मी र राज्यलक्ष्मी एक–डेढ वर्ष कान्छा थिए। जेठी साम्राज्यलक्ष्मीपट्टि दुइ छोरा र कान्छीपट्टि एक छोरी पैदा भएका थिए। श्री ५ स्वामीज्यूकी विधवा महारानी ललितत्रिपुरसुन्दरीदेवी यिनकी रक्षिका भएर शासनको बागडोर लिइरहेकी थिइन्। तर यो बागडोर लिनु नाम मात्र थियो। लालमोहरको छाप यिनका हातमा रहन्थ्यो। राजेन्द्रका नामबाट सनदपत्र लेखाएर भीमसेन थापा पठाउँदथे। चुपचापसँग तिनमा छाप लगाइदिनु यिनको काम थियो। जर्नेल ज्यूका विचार विरुद्ध केही गर्न सक्तैनथिन्। तैपनि यिनलाई र राजेन्द्रलाई कसैले बहक्याउन नपाउन् भनेर भीमसेन थापाले रणवीरसिंह थापालाई हरदम राजभवनमा नै राख्ने गरेका थिए। अरू गुरुपुरोहित, भारदार आदिले राजेन्द्र र महारानीहरूसँग भेटगर्ने काम परेमा पनि रणवीरसिंह थापा साथमा रहन्थे। राजेन्द्रलाई उचित शिक्षा नदिएर भीमसेन थापाले कातर बनाइराखेका हुनाले यस निगरानीको याद थिएन। तर यिनका महारानीहरू बाठा हुनाले भीमसेन थापा र ललितादेवीका निगरानीबाट उम्कने इच्छा गरी राजेन्द्रसँग गुनगुनाउँदथे। राजभवनभन्दा भीमसेन थापाको बागको महल ठूलो र सुन्दर थियो। राजभवनमाभन्दा उहाँ भारदारहरूको जमघट ज्यादा हुन्थ्यो। यो देखेर युवती महारानीहरू जल्दथे।

राजभवनभित्र बाहिरका कुरा नजाने गर्नलाई भीमसेन थापाले सबै बाटा थुनेका थिए तापनि एउटा बाटो खुला थियो। राजभवनमा केटी–सुसारे असर्दो हुँदा अपवित्र हुन्छन् भनेर प्रतिमास दश दिन छुट्टी दिने नियम थियो। छुट्टीका समयमा आफना घर-डेरामा आउँदा भीमसेन थापाका गुन–बेगुन सबै किसिमको कथा सुनेर लैजान्थे।

भीमसेन थापाले पराक्रमी दामोदर पाँडे आदिको हत्या गराएको, बीरभद्रशाह आदिको आँखा फोरेर सर्वस्व लिएको इत्यादि कथा पनि युवती महारानीहरूले सुनी राजेन्द्रलाई होशियारी सिकाउन थालेका थिए। यस साल मार्चमा काठमाण्डूमा हैजाको प्रकोप ज्यादा भयो। यसै व्यथाले अप्रिलका आरम्भमा वृद्ध्यू महारानी ललितादेवी परलोक-भइन्। यो घटना भीमसेन थापाको पतनको सूचक सिद्ध भयो। लालमोहरको छाप साम्राज्यलक्ष्मीले लिएर यसमा रहेका शक्तिको अन्दाज लगाई स्वतन्त्र हुने चेष्टा गर्न लागिन्। यो थाहापाएर यिनका निग्रानिका निमित्त रहेका रणवीर थापाले आफू मुख्त्यार वा प्रधानमन्त्री बन्ने इच्छा राखेर साम्राज्यलक्ष्मीलाई उचाल्न थाले। भीमसेन थापाले यो चाल बुझेर रणवीरसिंह थापालाई हप्काउँदा यिनले नोकरी छाडी काठमाण्डूबाट बीसमील फरकमा रहेको आफ्ना घर सीपामा गई बसे। यिनका बदलामा स्वयं भीमसेन थापा राजभवन नजिकका एक बंगलामा डेरा जमाई बस्नथाले। यसै समयमा राजेन्द्र सामुली बेरामी हुँदा राजवैद्य सरदार एकदेव उपाध्ययले औषधी टक्र्याउन जाँदा महारानीहरूले खान दिएनन्। राजेन्द्रकी मुमा सिद्धिलक्ष्मीले शासनको बागडोर लिने उद्योग गर्दा भीमसेन थापासँग जोड नचली असफल भएका थोरै दिनपछि मरेकी थिइन्। भीमसेन थापाका आज्ञाकारी वैद्य एकदेवले नै विष खुवाई मारेका हुन् भन्ने एक हल्ला कानकान फैलि-रहेको थियो। मुखबाट निकाल्ने साहस कसैको थिएन तापनि यो हल्ला महारानीहरूले पनि सुनेकाले राजेन्द्रलाई रोकेका थिए। यो खबर पाएर भीमसेन थापा चौकन्ना भए। १८३३-का आरम्भमा पजनी आउँदा भीमसेन थापाका तजबीज बमोजिम पजनी भयो। तर राजेन्द्रले भीमसेन थापाको धर्मौनी नगर्दा अकमक्क परे। साम्राज्यलक्ष्मीका माइतीपट्टिबाट पुष्करशाहसँग केही नाता थियो। उनैलाई भीमसेन थापाका बदलामा मुख्त्यार बनाउने यिनको उमेद थियो। तर भीमसेन थापाका सैन्यबल देखि डराएर साम्राज्यलक्ष्मीले र पुष्करशाहले समेत

ओट गर्न सकेनन् र केही दिनपछि भीमसेन थापाको थमौती भयो। अघिल्ला साल पाल्पाका हाकिम बख्तावरसिंह थापा परलोक हुँदा उनका छोरा त्रिविक्रमसिंह थापा अस्थायी हाकिम बनेका थिए। उनका उपर भीमसेन थापाको विश्वास थिएन र रणवीरसिंह थापलाई फकाई फुल्याई बोलाएर 'छोटा जनरल' भन्ने दर्जा दिएर १८३३-का मार्चमा पाल्पामा पठाए।

१८१६ देखि काठमाण्डूमा अंग्रेजी राजदूत रहे तापनि भीमसेन थापाका होशियारीले तिनीहरूलाई नेपालका राजनीतिमा हस्तक्षेप गर्ने मौका दिएका थिएनन। काठमाण्डू उपत्यकाका वरिपरि जंगलमा शिकार खेल्नु र हिमालयको मनोहर दृश्य हेर्नु मात्र तिनको काम भएको थियो। एक वर्ष रहेर १८३३-का आरम्भमा सर हर्वट म्याडक जाँदा यिनकाबदलामा बी० एच० हगशन अंग्रेज राजदूत भएर आए। आठ वर्ष अगाडिदेखि सहायक -दूत भएर रहेका हुनाले फुर्सदका समयमा नेपालको भूगोल र भाषाहरूको अध्ययन गरेका थिए। यस कारण नेपालीसँग विशेष परिचित थिए। भीमसेन थापाले थमौती रोकिँदा यिनीसँग दुःख पोखेका थिए। भीमसेन थापासँग छुटकारा पाउन साम्राज्यलक्ष्मीले पनि यिनीसँग संदेश पठाएकी थिइन तर सुनेको नसुन्यैं गरेर यस कलहबाट आफ्नो लाभ गराउने उमेदमा लागे। आपसका कलहले हुने हानी देखेर भीमसेन थापाले शासनका काममा राजेन्द्र र साम्राज्यलक्ष्मीसँग सोधपुछ गरी उनको चित्त बुझाउन थाले।

राजेन्द्रले रक्षा, अर्थ र परराष्ट्र सम्बन्धी काम लिए। साम्राज्यलक्ष्मीले न्यायविभाग, कुमारीचोक र अरु निजामती काम लिइन। तर राजेन्द्र महारानी साम्राज्यलक्ष्मीका दास बनेका हुनाले यिनका विभागमा पनि प्रायः उनै काम गर्दथिन। तैपनि भीमसेन थापाका सैन्यबल देखि देखेर यिनका तजबीजलाई बदर गर्न सक्तैनथे। यस्तो भए पनि परस्परका छलफलबाट शासनको काम चल्दा तीन वर्षसम्म राज्यको व्यवस्था

राम्रा तरेहले चल्यो।

१८३३–का सितम्बरमा भयङ्कर भूकम्प भई धन–जनको ज्यादा हानी हुँदा राजेन्द्र, साम्राज्यलक्ष्मी र भीमसेन थापा समेत नोक्सानी पुरागर्नतिर लागे। दिसम्बरमा पंजाब केसरी रणजितसिंहको पत्र आउँदा राजेन्द्र र भीमसेन थापाले पनि लाहोरमा मात्र होइन बर्मा र ईरानमा पनि आफ्ना दूतकासाथ खलितापत्र पठाए। लंदनमा पनि विलियम चौथाछेउ खलितापत्र लिएर मातवरसिंह थापालाई पठाउने अठोट गरी १८३४–का नवेम्बरमा 'छोटा जनरल' गराई सिंहनाद पल्टन खडागरेर तिनका तैनाथमा दिए। पाल्पामा रहेका रणवीरसिंह थापालाई पूरा जनरल दिँदा 'फुल जर्नेल' कहलाए। भीमसेन थापाले मातवरसिंहका सोह्र वर्षका भतिजा शेरजंग थापालाई कम्याण्डर कर्नेल गराए। यस तरहसँग दुइ वर्षसम्म शान्ति कायम गरी यिनले फेरि आफ्नो शक्ति बलियो बनाए।

साम्राज्यलक्ष्मी र भीमसेन थापाका कलहबाट फाइदा उठाउनका निमित्त हगशनले कमर्सियल ट्रिटी गर्ने कुरा उठाउँदा भीमसेन थापाले मंजुरी ता दिए तर सर्तका कुरा नमिल्दा अनेक मस्यौदा लेखिएर च्यातिए। यस कारणले भीमसेन थापालाई गिराएर फत्यजंगशाहलाई मन्त्री गराई आफ्ना सरकारको र आफ्नो समेत मतलब गाँठ्ने उद्योगमा हगशन लागे। मातवरसिंह थापा लन्दन जाने तिथी निश्चय भएपछि अक्टुबरमा राजेन्द्र र साम्राज्यलक्ष्मी दंग भई भीमसेन थापालाई कम्याण्डरन्इन चीफ भन्ने पदवी दिए। नवेम्बरमा लन्दनसम्म जाने अफिसर र जम्दार एक्काइस जना र कलकत्ता सम्म जाने ६५० सैनिक लिएर ठूलो ठाटसँग मातवरसिंह थापा कलकत्ता गए। यस समयमा बडालाठ खाली हुँदा सरचार्ल्स मेटकाफ अस्थायी बडालाठ बनेका थिए। यिनले मातवरसिंहको बडो स्वागत गरे। तर हगशनको सूचना पाएर राजदूतका हैसियतले लन्दनमा जाने राहदानी नदिई उनले ल्याएको खलितापत्र मागी आफैंले चलान गरे। यतिञ्जेलसम्म अंग्रेजहरू

भीमसेन थापाका मित्र छन्। यसैं मित्रताका भरमा भीमसेन थापाले नेपाललाई बचाइराखेका छन् भन्ने विचारले नेपालका राजाप्रजा सबैका दिलमा घर जमाएको थियो। १८३६–का मार्चमा मातवरसिंह थापा असफल भई फर्कँदा भीमसेन थापा र अंग्रेजहरूका बीचका मित्रताको पर्दा खुल्यो। राहदानीको बन्दोबस्त नमिलाई मातवरसिंह थापालाई रवाना गर्नु भीमसेन थापाको ठूलो भूल थियो। यसै भूलले यिनको पतनकाललाई नजिकै ल्यायो।

दामोदर पाँडेका छोरा रणजंग पाँडेलाई रणवीरसिंह थापाका आग्रहले भीमसेन थापाले मन नपरी- नपरी कप्तानी दिएका थिए। रणजंगसँग इख लिएर घमण्डी मातवरसिंह थापा सलामसम्म पनि फर्काउँदैनथे। यस कारणले मातवरसिंहलाई मात्र होइन आफना पिता र दाज्यूहरूको हत्याको बदला लिनालाई भीमसेन थापालाई समेत गिराउने मौका रणजंगले ताकिरहेका थिए। यस विषयका संदेश साम्राज्यलक्ष्मी छेउ भित्रसम्म पठाइरहेका थिए। मातवरसिंह फर्केका एक महिनापछि यिनकी विधवा भाउज्यूले यिनका अनुचित सम्बन्धबाट बच्चा पैदा गरिन्। यो गुप्ती कुरा रणजंगले बाहिर फैलाइदिँदा लाजले मुख देखाउन नसकी बिरामीको बहानाले मातवरसिंह थापा बोर्लाङ (गोरखा) का घरमा गए। भीमसेन थापाले ढाकछोप गर्नाका निमित्त यिनलाई गोरखाका हाकिम बनाए। यस समयमा राजकोषमा धनको कमी छँदाछँदै पनि मातवरसिंहले डेढ लाख रूपियाँ नाच-तमासामा फजूल खर्चमा कलकत्तामा फुकेका हुनाले साम्राज्यलक्ष्मी जागेकी थिइन्। यो भर्ना गर्नलाई भीमसेन थापाले ख्रति रूपियाँ सरकारमा बुझाई साम्राज्यलक्ष्मीको दिल ठण्डा गराएर यस सालको अन्त्यमा भएका पजनीमा आफनो थमौती गराए। तर मातवरसिंह थापाका नैनाथमा रहेका जंगी, मेगजीन, तोपखाना आदि झीकेर अरूका नैनाथमा जाँदा भीमसेन थापा सैन्यबलले हीन भए।

अब भीमसेन थापाले गरेका कम्पूपल्टनका संगठन उपर जो खर्च बढेको थियो त्यसका उपर विचार हुन थाल्यो। मारा जागिरदारका खान्कीमा जग्गा भर्ना थिए। जागिरदारहरु रैतीहरुलाई निचोरेर तोकिएका खान्गीभन्दा दोब्बरभन्दा बढी उठाउँदथे। दृष्टान्तका निम्ति चारहजार रुपियाँको जग्गा भर्ना भएका कप्तान आठ–नौ हजार (अचेलको विक्रीले एक लाख) जति उठाउँदथे। तर कप्तानको संख्या तीसभन्दा बढी थिएन। यो अन्धाधुन्धी रोकेर खान्गी घटाई जगेरा बढाउने कामको अधिकार राजेन्द्र र साम्राज्यलक्ष्मीले रंगनाथ पण्डितज्यूलाई दिए। गुरुज्यू, चौतरीया र काजी समेत कप्तानभन्दा बढी नपाउने हुनाले गुरु रंगनाथ जलेर यस काममा अघिसरेका थिए।

१८३७–को आरम्भमा नै भीमसेन थापाको मुख्त्यारी धेरै दिन टिक्दैन भन्ने सबैले देखेका थिए। मुख्त्यारीकै लालचा लिएर रणवीरसिंह थापाले हजूरमा आउन पाउँ भनी राजेन्द्रलाई लेखी पठाए। शायद् रणजंग पाँडेले मित्रसम्म यो सल्लाह दिएका थिए। थापाहरुलाई काठमाण्डूमा जम्मागर्ने साम्राज्यलक्ष्मीको मुराद हुँदा बोलाइन र आए पनि। तर भाइको चाल नबुझेर भीमसेन थापा दंगभई आफ्नो काम यिनलाई सौंपी धर्मकार्यको बहाना देखाई अघिल्लमा बोलाइ गए। वास्तवमा सहायताका निमित्त मातवरसिंह थापालाई फुल्याएर ल्याउन गएका थिए। साम्राज्यलक्ष्मीले भीमसेन थापालाई उहाँ जान र मातवरसिंह थापालाई ल्याउन समेत मन्जुरी दिइन्। कम्पूपल्टन गैह राजेन्द्र र साम्राज्यलक्ष्मीका अधिकारमा आइसकेका भए तापनि आफ्नो विश्वास नहुँदा हनुमादल पल्टन खडागरो आफ्ना हजूरमा राखे। यसै समय रणजंग पाँडेलाई काजी गराई हजूरीया बनाएर यिनका पिताको सर्वस्व भएको जग्गा- जमीन फोइदिए। यिनका भाइ रणदल पाँडेलाई काजी गराएर पाल्पाका प्रान्तपाल बनाई पठाए। भीमसेन थापा र यिनका भाइ- भतिजाहरू आफआफ्ना काममा बहाल थिए। छ वर्षअगाडि देखि राजभवनको हेर्चाह गर्नाका निमित्त नजिकै

बंगलामा भीमसेन थापा रहने गरेका थिए, भात खान मात्र घर जान्थे। तर यो काम रणजंग पाँडेले लिएका हुनाले भीमसेन थापाले नै राजेन्द्र र साम्राज्यलक्ष्मीलाई भेटेर आफ्नो दुखदर्द सुनाउन कठीन भइरहेको थियो। भीमसेन थापालाई गिराएर मात्र चित्त नबुझी उनको सर्वस्व गराउने बहाना साम्राज्यलक्ष्मीले खोजीरहेकी थिइन्। कालगतिले यिनका छ महिनाका बालख छोरा देवेन्द्रविक्रम शाह २४ जुलाइका दिन परलोक हुँदा भीमसेन थापाले वैद्य द्वारा विष मिलेको औषधी खुवाएर मेरो छोरालाई मरायो भन्ने मुद्दा रातभरमा तर्जुमा गरिन। राजेन्द्र पनि सहमत भएर भोलिपल्ट बिहानै हनुमानदलका सैनिक पठाई भीमसेन थापालाई सुतेकै बंगलामा पक्री नेल ठोकेर कैद गरे। अर्को दिन यिनका भाइ-भतिजा समेत पक्रिएर कैद भए। यसै मितोमा १८०४ देखि आरम्भ भएको भीमसेन थापाको चौंतीस वर्षको मुख्त्यारी खतम भयो। यस समयदेखि उठेको अशान्तिको लहर दशवर्षसम्म रहेर श्री जंगबहादुर राणाका बाघपन्जामा शासनको बागडोर पुगेपछि मात्र बिलाएर गयो।

—☰○☰—

इन्द्रसुन्दास

# त्यो घाँसी (?)

एक दिन कुनै एकान्त ठाउँमा बसेका बेलामा त्यो घाँसीको सम्झना हुँदा आफ्नो मनमा एउटा आकस्मिक प्रश्न उठ्नाले हरि मनको आँखाका अगाडि एउटा यस्तो दृश्य उपस्थित भयो जुनचाहिं यहाँ केही शब्दमा चित्रण गर्ने दुस्साहस गरिएको छ।

टंटलापूर घाम लागिरहेको थियो, कुहिरो कतै थिएन, माथि कहाँबाट झरेको खोलो कुलुलुलुलु बगिरहेको थियो। नजीकमा बाक्लो वन थियो; पहाडी चराचुरुङ्गीहरू आनन्दले गीत गाइरहेका थिए। रङ्ग-बिरङ्गका पुतलीहरू निर्धक्कसित उडिरहेका थिए। पहाडका भिरालो खेत-बारीमा परिश्रम गरिरहेको हली, कोदाले, आइमाई, लोग्नेमान्छेहरू, चरनमा चर्दै गरेका वस्तुभाउ, तिनलाई हेर्ने गोठाला, केटाहरू यता-उता दुइ-चार छाप्राहरू र कमेरो माटोले लिपेका एकाध तले घर पनि टाढा-टाढामा देखिन्थे। पारी एउटा डाँडो पनि उभिएको देखिन्थ्यो। त्यो ठाउँका सबै प्राणीहरू स्वच्छन्द देखिन्थे। त्यहाँ एक कुनामा एउटा घाँसी खुर्पाले घाँस काट्दै रास लाउँदै थियो। त्यसले आफ्नो थोत्रो सुरुवाल घुँडासम्म सुर्केर लाएको थियो, ठाउँ ठाउँमा फाटेको पनि थियो। त्यसले लाएको भोटो पनि पुरानो मैलो अनि रात-दिन घाँसका भारी बोकेकाले पिठिउँमा ठूलो छाप परेको थियो। टोपी पनि मैलले कटकटिएको थियो। एउटा च्याकले पटुकाले त्यसले आफ्नो कम्मर कसेको थियो। त्यसको दाह्री पनि निकै दिनदेखि नखौरेकाले लामो भएको थियो। केस पनि, लामा लामा अनि ठाउँ-ठाउँमा फुलन पनि थालेका थिए। बूढेसकालले त्यसलाई छोए जस्तो देखिन्थ्यो। त्यो अग्लो कदको मोटो नभए पनि निर्दो र निरक्षर भए पनि ढाटो देखिदैनथ्यो; गरीब भए पनि मनसफ्को देखिन्थ्यो। अलिपर खोलाका छेउमा एउटा ठूलो चिप्लैटी ढुङ्गामाथि एक जना भर्खरका युवक निर्धक्कसंग पल्टेका देखिन्थे। तिनको अनुहार

उज्यालो, हात-गोड कलिला, मुखमा पालिएका जस्ता देखिन्थे तर तिनको खुम्चिएको भकुटीले भने छरिएको मनलाई एक ठाउं खैंची ल्याउन सक्दा जो ज्योती सृजना हुन्छ त्यस द्वारा एउटा अदृश्य वस्तु हेर्ने चेष्टामा तौ लागे जस्तो बताउँथ्यो।

हुन सक्छ, अरूलाई त्यो घांसीको कल्पना गर्दा बेग्लै किसिमका दृश्य आउंदाहुन्, आउनै पर्ने पनि हो, किनभने कुनै दिन मानिसका विचारधारा एउटै दिशातिर बाल्तान् भन्नु गाह्रो छ, बगि हाले पनि आफ्ना आफ्ना ढङ्गले बग्छन्। तर एउटा कुरो के छ भने त्यो ठाउंका वर्णन वा त्यो घांसीको चित्र अङ्कित गर्नमा तलवितल परे तापनि आफ्नो जीविका चलाउनलाई घांस काट्दै गरेको पहाडमा बग्ने खोलाको पानी जस्तो शुद्ध हृदय भएको त्यो घांसी र घामका न्यानोमा वा थकाइले लम्पसार परेर ढल्केका ब्राह्मण युवकको जो भविष्यमा अर्थात् अहिले नेपालीका आदिकवि भानुभक्त भनेर नेपाली-संसारको परिधि नाघेर पनि एउटा ठूला जगत्‌मा प्रशिद्ध हुन लागेका छन् त्यहाँ भेट भएको एक प्रकारले अहिलेलाई पक्कै ठहरिएको छ। यो गुरुतर भेट भएका कुरामा कसैले सन्देह गर्ने ठाउं देखिंदैन किनभने यसरी भेट भएको एउटै कहिले पनि नहराउने सबूत छदैछ:—

भरजन्म घाँसतिर मन् दिइ धन् कमायो।
नाम् क्यै रहोस् पछि भनेर कुवा खनायो॥
घाँसी दरिद्री घरको तर बुद्धि कस्तो।
मो भानुभक्त धनि भैकन आज यस्तो॥
मेरा इनार न त सत्तल पाटि क्यै छन्।
जे धन् र चीजहरू छन् घरभित्र नै छन्॥
त्यस घाँसीले कसरी आज दिएछ अर्ति।
धिक्कार हो मकन बस्नु नराखि कीर्ति॥

तनहूँ जिल्लाको रमघा गाउँमा त्यो पुरानो मस्र्याङ्दी खोलो अझ पनि बग्दो हो। साँच्चिनै खोजीनीति गरे त्यो घाँसी र भानुभक्त भेट भएको ठाउँको पनि निधो लाउन सकिँदो हो। यस कारण आफूलाई ता यस्तो लाग्छ, त्यो खोलाको छेउको महत्वपूर्ण ठाउमा आधुनिक नेपाली भाषाका जन्मदाता भानुभक्त, तिनका गुरुतुल्य त्यो घाँसीका स्मृतिमा जसरी उस बेलामा भानुभक्तले माथिका पक्तीहरू ढुङ्गामा कोरेका थिए उसरी नै अहिले ती नै पंक्तीहरू कोरिएको स्तुप खडा गर्ने आयोजन भए उत्तम ठहरिने थियो।

तर यो प्रसङ्गमा एउटा कुरो भने प्रश्नका रूपमा आएर खडा हुन्छ। अवश्य कुरा सामान्य छ तैपनि यो किन यस्तो पर्न गएको हो जस्तो लाग्छ। शायद् अरूका हृदयमा पनि यो प्रश्न बेला- बेलामा उठेको होला। भानुभक्त जस्ता कविले कसरी यो जड कुरो लेख्न बिर्सेका हुन् अर्थात् भन्नको तात्पर्य के हो भने त्यो उदार हृदय घाँसी जो आफ्ना कति इच्छालाई मारेर आफ्नो स्वार्थलाई बिर्सेर अरूको भलाइ गर्न पाउनमा आनन्द मान्दथ्यो, हुन ता नाउं पनि रहन्छ भन्ने एउटा अभूपत्र लुकेको देखिन्छ–त्यस्ता घाँसीको नाउं कविले उल्लेख गर्न बिर्सन पर्ने कारण के थियो ? भनौ भने एक हिसाबले त्यो घाँसी तिनका गुरुतुल्य थियो। त्यही घाँसीले ता खोलाको छेउका त्यो शून्य ठाउंमा युवक भानुभक्तलाई कवि–लोकमा प्रवेश गर्ने चेतना जागृति गराइ दिएको थियो। भानुभक्तले घाँसीको गुण यथेष्ट मानेको प्रमाण उनले उनको त्यति नै खेरि कविता–शक्ति जागृत हुंदा कहाँ कोरौँ, कहाँ लेखौँ भन्दै छटपटिँदा कागज–कलम छेउमा नहुंदा आफ्ना हृदयबाट उर्लेर आएको प्रथम उद्‌गार आफैं सुतेको ढुङ्गामाथि सर्सर्ति खरीले कोरेको कविताले दिन्छ। तर अदना घाँसीलाई गुरुसम्मको एउटा ऊचो स्थान दिन कहाँसम्म मनासिब होला भन्ने अर्को प्रश्न उठ्छ तर महात्मा दत्तात्रय अवधूतले चौबीस प्राणी जस्तै माकुरो, मौरी, माछा, मृग, गिद्ध, हात्ती, परेवा, इत्यादिलाई आफ्ना गुरुहरू भनी केही सँकोच नमानी सहर्ष स्वीकार

गर्न सक्ना भानुभक्त कविले त्यो घाँसी–त्यो आत्माधारी मनुष्यलाई गुरू नभए पनि गुरू जत्तिकै मान्नमा कनैबाट अपठ्यारो पर्ने कारण ता सोझो हिसाबले हेर्दा देखिए जस्तो लाग्दैन।

हो, क्रौञ्चका भालेपोथीमध्ये एउटालाई निर्दयी शिकारीका तीखो बाणले आफ्ना आँखाकै अघिल्तिर मुतुक्क पारिदिँदा वाल्मीकिका हृदयमा असह्य चोट परेर रामायणको धारा बगाई उनले आफ्नो हृदयलाई शान्त गराएका थिए। विषयवासनाको बाक्लो कुहिरोले छोपेर उनलाई अन्धो बनाउँदा उनकी स्त्रीले सो पर्दा चिर्दिदा तुलसीदासले पनि रामायणको सृजना गरेका थिए। उसरी नै दरिद्र घाँसीका अर्तीले भानुभक्तले उत्तिखेरि आफ्नो जीवनको कर्तव्य–पथ चाल पाएर अमरकीर्ति रामायण तयार पारे, आफ्ना जातिलाई दान दिएर गए। यी घटना ता अति सामान्य हुन। वाल्मीकि, तुलसीदास र भानुभक्त एउटा बेग्लै श्रेणीका व्यक्ति हुनाले यस्ता घटनाले प्रभावित भए। उनका हृदयतन्त्री सूक्ष्म भएकोले मात्र यी घटनाको महत्व उनीहरूले बोध गर्न सके। अरू साधारण श्रेणीका मानिस सरह भए यी घटनाले तिनलाई हत्तपत्त किन यो विझाउँदथ्यो भन्ने तर्क यो सम्बन्धमा अघिलो देखिने छैन। वाल्मीकिले क्रौञ्चपक्षीको वेदनाको, तुलसीदासले आफ्नी स्त्रीका बुद्धिको र भानुभक्तले घाँसीका अर्तीको तारिफ गर्नमा लठ्ठिएर आफ्ना आफ्ना विचारलाई माथि अरू माथि त्योभन्दा पनि माथि उड्न नदिएको भए वाल्मीकि रामायण, राम–चरित–मानस र सातकाण्ड रामायण लोकले पाउने थियो के भन्ने शंका हुनसक्तछ। हो, वाल्मीकि स्वकृत रामायणसँगै अनि तुलसीदास राम–चरित–मानस सगसँगै अक्कासिएर गए, फिरेनन्; परन्तु भानुभक्तसित भने रामभक्तीसा कत्ति नै अक्कासिएर गए पनि फिर्ने शक्ति थियो। उनी मानिस जात्तै थिए- उनी हिँड्दथे, डुल्थे, खान्थे, बस्थे, ठट्टा गर्थे, हाँस्थे सहमा प्याच्च भन्थे, आँखाले देख्दाउँथे। उनको निरीक्षण गर्ने तीव्र शक्ति अजोडको थियो। थुना परेका ठाउँमा लामखुट्टे, उपियाँ, उडुसका

चर्तिकला देख्ता उनले एउटा मजाको कविता रचे। गजाधर सोतीका घरमा वास बस्नजाँदा त्यस घरकी स्त्रीले अतिथि-सत्कार गर्न चुक्दा तिनलाई तोकेर झट्ट एउटा मर्म पर्ने श्लोक बनाएर छोडि राखे। अर्को पटक उनका मित्र तारापतिका घरमा वास बस्दा त्यस घरका ब्राह्मणीहरूको रातभरीको कचिंगल सुनेर बिहान हुँदा नहुँदै एक सय चवालीस पंक्तीको वधू-शिक्षा तयार गरी मित्रका हातमा दिइ राखेर आफनो बाटो लागे। अतएव माथि व्यक्त गरिएका कतिपय कारणहरू आफना समक्ष राखेर विचार गर्दा यस्तो तीखो निरीक्षण शक्ति भएका व्यक्तिले कविले जसका आँखाबाट कुनै विशेष कुरो छल्किन पाउँदैनथ्यो भने जसलाई कविता-भूवनमा प्रवेश गर्न प्रथम ढोका जुन गुणी मानिसले उघारि दियो, त्यसलाई अर्थात् त्यो घाँसीलाई बिर्सनु, त्यसका नाउँ-ठाउँ सम्मको वास्ता नराख्नु, अघि होस् वा पछि नै होस्. यो कुरो अल्प-संकेतसम्म नदिनु, किन हो जस्तो लाग्दछ। यो कुराको पुष्टी ता भन् कविले निजको परिचय स्पष्टरूपमा दिन भने नबिर्सेको कुराले दिन्छ। जस्तैः—

स्याहाङ्को अति बेस देश् तनहुँमा थी कृष्ण ब्राह्मण् थिया।
खुप् उच्चाकुल आर्य्यवंशि हुन गैं सत्कर्ममा मन् दिया॥
विद्यामा पनि जो धुरन्धर भई शिक्षा मलाई दिया।
इनको नाति म भानुभक्त भनि हूँ यो जानि चिह्नी लिया॥
भानूभक्त भनी प्रशिद्ध नरमा जस्को छ नाऊँ पनि।
घर तिन्को तनहूँ त बेसी चुँदि हो गाऊँछ रमघा भनी॥
प्रख्यात् छन् सब लोकमा ति गुणी हुन् विद्वान् कवी खुप् थिया।
यो प्रश्नोत्तर बुझ्नलाई सजिलो भाषा बनाई दिया॥

मानिसका मनमा कति कारण पर्दा अनेक कौतूहल उत्पन्न हुन्छन्; त्यस्तै भानुभक्तको व्यक्तित्व माथि चिन्ता गर्दा यो एउटा क्षुद्र कौतूहलले आफना मनभित्र जन्म लिँदा बाहिर उज्यालोमा राख्ने चेष्टा गरिएको हो। फेरि अचेलका हामीलाई ता भानुभक्तलाई अनेक दृष्टिकोणबाट हेर्न

मनलाग्छ। भानुभक्तले आफना विद्वान बाजे पण्डित श्री कृष्ण आचार्यको प्यारो काखमा बसेर बच्चैदेखि संस्कृतको अध्ययन गर्ने सुऔसर पाएको भए तापनि उनले सरल भाषामा, चोखो नेपालीमा, त्यो घाँसीको बोलीमा कविता रचे, जो अघि कहिल्यै भएको थिएन।

"नहिँड्को जन निर्जन बाटो कविजी तिमिले पहिल्यायौ।
नेपालीको स्वर्ण दिवस त्यो नजिक पुगेको देखायौ।"

यसले ता उनी मरेर पनि जीवित छन् एवं नेपाली जातिलाई पनि जीवित राखेका छन्! फेरि उनेको नाउँसँग उ पनि गाँसिएको हुनाले अजम्मरी रहने छ– त्यो घाँसी?

—— ४ ——

हरिहरनाथ रेग्मी

# नेपाल स्वर्ग हुन्छ कि ?

जन–जागृतिको ढाड राजनैतिक चेतना र साहित्यको विकास हो । तर यी दुवै एकै चोटी घाम झुल्केझैं कुनै राष्ट्रमा पनि भएको छैन,– विकासको पाइलो कछुवाको जस्तो हुन्छ– ढीलो हिड्ने– एक शताब्दीको एक पाइला चालेर विश्वका राष्ट्रहरूले आफ्नो सभ्यताको जग गाडेरे भन्ने कुरा विद्वानहरू गर्दा रहेछन । यसो भन्ने अधिकार मेरो थिएन । किनभने म एक बुझक इतिहासकार होइन । तर हाम्रोचाहीं राष्ट्रमा विकासले कछुवाको चाल नलिएर खरायोको चालमा चलेको देख्दा र साहित्यिक चेतना पनि एकै चोटी हामीमा मूल फुटेर निस्केको झरना जस्तै झरझराएको हुनाले मैले हर्षले फुल्नु परेको छ र गन्थनाउने धृष्टता नै गरेँ भन्नु पर्‍यो ।

अन्य राष्ट्रहरूमा राजनैतिक वाद, बहस, चर्चाहरू छन भने ती यथास्थानैमा होलान् र ती कोरा राजनैतिक मात्र होलान । तर हामीले त भाग्यवश अति-महा-राजनीतिमा प्रवीणता प्राप्त गरिसकेका छौं ! अन्तर्राष्ट्रीय क्षेत्रमा हाम्रो स्थान जरूर भविष्यमा अति उज्वल हुने आशा हाम्रो छ र यो आशा पनि चाँडै नै सफलिभूत हुन्छ । हामीलाई मोटा, बाक्ला एक हजार एक सए पृष्ठभन्दा कम नभएका पुराना, सड्ल, थोत्रा राजनीति–शास्त्रहरूमा वर्षौंसम्म दिमाग घोटेर, विचार विमर्शमा दाँत कटकटाएर माथापच्चिसी गर्नु पर्दैन । अरू राष्ट्रका राजनीतिज्ञहरूले जस्तै अनुसन्धान र व्यावहारिक रूपमा परिणत गर्ने साह्रको कष्ट समात्नु पर्दैन । आफ्नो मौलिक विचारधाराको वेगलाई गति दिन हामीलाई फुर्सत छैन भने हामीलाई टल्स्टस्ट्वी, गान्धी, रूसो आदिको अध्यनको भयाउलो केलाई चाहिएको छ र ? पचास डलर नै जाओ भए पनि तीनकौडीमा चाहिएको छैन । बूढो भएर अनुभव सिद्धि गर्ने बानी पनि हाम्रो छैन । हामी त हामीनै छौं । हाम्रो हाम्रै विशेषता छ ।

हामी प्रकृतिका बालक उसैको काखमा जन्म्यौं, हुर्क्यौं र हामीलाई राजनैतिक चेतना पनि प्रकृतिबाटै प्रेरीत भएको छ। कुनै संस्था, शिक्षा–मन्दीर वा विश्वविद्यालयले हामीसाथि गर्व गर्न आउने छैन। हामी कसैका उपज होइनौं। हामी पाठ पढ्दैनौं। हामी त क्रियाशील छौं। हाम्रा प्रत्येक घरका सिकारी कुराहरू आफ्नो पटुका च्यातेर झण्डा बनाउँदै नारा लाउँदछन्। जुलुस हाँकी खेल्दछन्। चूलोमा बस्ने बाहुनी बज्यै बिजयलक्ष्मी पण्डितको कुरा झिकिहाल्ने साहश गर्छिन्। तपाईंको थाँघी खेत जोत्नेकै हुनु भन्ने सिद्धान्त लिएर झण्डै–झण्डै तपाईंको कोट मेरो हुन्छ भन्ने साहश गरिहाल्दछ। ओरदार केटाहरू डाक्टर अम्बेदकरभन्दा चर्को भएर घण्टा को बाउन्न ओटा विधान लेख्तछन्। र सरकारको गुट्टु त भर्खै घडीको लङ्गुर जस्तो हुन्छ।

यस्तो थाम लागे जस्तो चेतना विश्वका कुनै राष्ट्रहरूमा एकै चोटी जागृत भएन। म ठोकेर भन्न सक्तछु यो हाम्रो अलौकिक गुण हो र एकमात्र हामी प्रकृतिपेरित भैं भनेर मैले माथि नै भनिसकेको छु। हाम्रो टुँडिखेलमा अद्भूत बिजुली–शक्ति छ। प्रत्येक हुवाका मुनामा ह्याम्पडन वा हम्पेनको उत्तेजित आत्मा रमिरहेको हुन्छ। हामीमा विचित्र प्रतिभा–शक्ति, जोश र हौसला उत्पन्न हुन्छ। सहशा हाम्रो शारीरिक क्रियामा अनौठा किसिमको प्रतिक्रया हुन्छ। हामी आफूलाई बिर्सिदा रहन्छौं। थामीको आडमा रेल चढेर्फै हाम्रो आङ्मा अब्राहमलिङ्कन, निश्चे, गोर्की, मार्क्स आदि चढ्दा रहेछन्। हामीलाई आफूले बोलेको थाहा हुँदैन। हजारौं सिद्धान्त आदर्श गंगाजीको प्रथम मुहानर्फै धारावाहिक रूपले निस्किन्छन्, प्रतिपादन हुन्छन् र खण्डन हुन्छन। यो कुदत प्रतिभाको मंच टुंडिखेलले बेलायतको लोकसभा र अमेरिकी सिनेटलाई अति निम्नस्तरको तूल्याउँछ।

यो भन्न जरुर अत्युक्ति हुने छैन कि टुँडिखेलका उपजहरूले एक दिन विश्वमा साह्रै ठूलो चकाचौंध गर्नेछन्। झोइटिङ्ले पोइले पनि रगत जमालेर थाहा कित्तै, खुला ठदाएको मैले देखेको छु। फुलपातीको बढाईमा सिपाहीले माथितिर फर्काएर बन्दूक पड्काउँदा पनि आमै

र वाचै गर्ने कायरले पनि मुड्की उचालेर, औंला ठड्याएर, कमीज च्यातेर भोलि देखि गोलीको पर्वाह् नगरी जुलुस हाँकेर अन्यायी प्रति विरोध प्रदर्शन गर्ने आँट गर्दो रहेछ। पाटीका खल्ला मसिना अक्षरका विरोधी भए पनि नसा-नसा रोमाञ्चित भएर दाह्री-दाह्री युग्म कार्ल मोर्क्सलाई र लुइ फिसरलाई गर्विलो हाँक गरेका मैले देखेको छु। यो शक्ति चानचुने होइन, यो अनुपम हो। त्यसैले यो शक्तिशालिनी टुडिखेल जिन्दाबाद होसु। राष्ट्रसंघको सदस्यता नपाएकै भए पनि कसैको हामीलाई डर थिएन। हाम्रो एक व्याघ्र-गर्जन नै महा अणु-शक्तिको विस्फोट छ।

विहानीपख यो प्रतिभाशाली बैठक आफ्नो कारखानामा गर्मागरम भएको हुन्छ। यो मेला भएको देख्ता हामीलाई यो विश्वास हुन्छ कि अब नेपाललाई बेलायतको दाँजोमा पुग्न पचास वर्षसम्म पनि जरूर लाग्ने छैन; मेरो यो धारणा छ। कारण बेलायतको अठारौं शताब्दी हाम्रो देशमा उत्रिसकेको छ। त्यस बेला बेलायतमा साहित्यकार, कलाकार, कानूनवेत्ता र राजनीतिज्ञहरू उत्पादन गर्ने कारखाना चिया-पसलहरू र कफि-हाउसहरू थिए। कवि पोप्, गोल्डस्मिथ र विद्वान् डाक्टर जोनसनको मण्डली यहींका उपज थिए। आज हाम्रो देश पनि जोडतोडले प्रगति गर्दै छ। अनगिन्ति चिया-पसल र कफि-हाउसले देश गुल्जार हुँदै छ। एकसेएक कलाकार, साहित्यकार र राजनीतिज्ञहरू अथवा भनूँ सर्वतोमुखी प्रतिभाशाली कति युवकहरू उत्पादन गर्ने कारखाना हुँदै छ।

चिया पसल हाम्रो जीवनको स्रोत हो। यहाँ हामीलाई हर किसिमको प्रेरणा मिल्दछ। प्रत्येक टेबिलमा विभिन्न विषयका तर्कहरूको धाराप्रवाह हुन्छ। ढोका सबैलाई खुला छ। जो कोही एक गिलास चियाको नाताले आफूलाई क्षणभर भने पनि अन्तर्राष्ट्रीय व्यक्ति मान्न सक्तछ। नया उत्साह, नया उमङ्ग र अलौकिक जोशको प्रदर्शनी हुन्छ। यो हाम्रो देशमा लोभलाग्दो मात्र नभएर अनुकरणीय पनि छ।

हजारौं विचार विमर्श हुन्छ, बृहत योजनाहरू तयार हुन्छन्, नेपाल हराभरा हुन्छ, रेल, ट्राम दगुर्न थाल्दछन् क्षणभरमा नै शिवपुरीको प्रहोड स्विटजरल्याण्ड र टुडिखेल हाइड पार्क सर्कस बन्दछ। पाँच मिनेटभित्र अलादिनको म्याजिक ल्याम्पलेझैं देश सभ्यताको पराकोष्ठामा पुग्दछ। हाम्रो धरातलमा स्वर्ग उत्रन्छ। बाल्दोङ सम्मेलनको मधुर वातावरणलाई खलबलयाउने सर जोन कोटलेवाला कोही निस्के भने तत्काले अर्को टेबिलबाट शान्तिका पुजारी मिष्टर चाउ बोलिहाल्दछन्। बहसको उष्णतामा नेहरू मूर्ख, गान्धी बेवकूफ, कविहरू शब्दजाली र विश्वविख्यात कवि टी० एस० इलियट फासिस्टवादका समर्थक मानिन्छन्। विद्वताको लडाइँ चल्दछ। कसैको सिस्नो जस्तो भाषा छ भने कसैको निल्कैम्टरको छर्रा जस्तो मुख छ। कोही आफ्नो दुइ औंला विपक्षीको नाक देखी तान्दै ल्याउछन्। देशप्रेमको बाढी र भूँइचालो एकैचोटि आउँछ। बिचरा कमजोर चियाका कपहरू निर्दोश छँदाछँदै टुक्रिइन्छन्। भौतिक स्वर्गमा परिणत हुने देशको प्रेममा रोमाञ्चित भएर पशाले आफ्नो नोकसानीको गणना गर्दैन। सायद त्यो निर्जीव र मूक टेबिल पनि भावुक भएर विद्वानहरूको पचासौं लात्ती र मुक्कीको वेदना थाहा पाउँदैन।

यस प्रकार हाम्रो प्रकृतिप्रेमीरीत राजनैतिक चेतनाले बौद्धिक विकासतिर घचेट्दि रहेछ। हाम्रो हार्दिक विकासको स्तर पनि उत्तरोत्तर प्रगति गर्दो छ। दैनिक बाउन्न कविसम्मेलन, बयालीस साहित्यिक गोष्ठीले हाम्रो हृदय-कलसप पखाल्दो छ। हाम्रो साहित्य पुरानो धुल्याहा भाकुरे सब्दजाल फाडेर नयाँ जन जागृतिको शुभ-प्रभात ल्याउँदै छ। हामीलाई ठूलो गौरव छ कि आजका हाम्रा नव कवि, युग-कविहरूले अति सरल भाषाले अलंकृत गरिएका लहलहाउँदा कविता गाउँदा कसको मुटु निचोरिएर आँखाबाट पानी नआउला। जस्तै एक जन कवि आफ्नी प्रितमाले धोका दिएकोमा विशादमय रोदन गर्दछन्:—

प्रिये ! मैले तिमीलाई कसरी पर्खें,

चरा कराई   राखेक थिए,
चाँदनी लागेको थियो,
प्रेमी-मिलनमा दुस्मन भैकन
भ्यागुता बोले, मेरो दील पोल्यो, प्रिये !

यसमा हृदयका टुक्रा-टुक्रा छन। प्रियेको सम्बोधनमो कविको भावना जम्मै उद्वेलिएको छ। 'भ्यागुता बोले, मेरो दील पोल्यो'–यो उक्तिमा त आत्माको खुलापत्र नै दिइएको छ। शब्द मार्मिक छन, अर्थ स्पष्ट छ–ध्वन्यात्मक छ तर ध्वनि सरल छ। यो हो हाम्रो आधुनिक विजय।

महाकवि वर्ड्स्वर्थले कविताको रूप र निर्माण–कलाको ड्याउलो बनाएर हामीलाई अल्याङ– मल्याङमा राखेका थिए। त्यो भ्रम आज चकनाचूर भइसकेको छ। पुराना विचारधाराका कविहरूले कैयौं शताब्दीदेखि हामीलाई अपठ्यारो वार्णिक छन्दको गलपासो भिराएका थिए। देवकोटाको 'पागल' नामक कविताले जनतालाई ठग्नु पर्दैन। यस्ता कवितालाई हाम्रा अत्याधुनिक साहित्यमहारथीहरूको हाँक छ। आज हाम्रो युग बेग्लै छ। हामीलाई इन्द्रेनीको लोभ छैन। हामी चाहन्छौं यथार्थता। प्रतिक्रियात्मक शब्दजाल र रूपको आडम्बरमा हामी ठगिन्नौं। हामीले साहित्यिक क्रान्ति गरेर आफ्नै ढंगको छन्द र रूप अपनाएका छौं। हामी जति प्रगतिशील छौं उति नै हाम्रो कविता प्रगतिशील छ। जता ताने पनि जति खुम्च्याए पनि हुन्छ। न अनुप्रासको आडम्बर न लघु-गुरुको झन्झट। उल्टो कवि-हृदयलाई छन्दको अवरोधमा पार्नु प्रतिक्रियावादी पन हो। शब्दजालको गुन्द्रीयोपन छर्केर हामीलाई झुक्याउने एउटा प्रतिक्रियावादी कविताको नमूना हेरौं:—

चिम्ली लोचन दीर्घकाल तपमा खोलेर वामन्तिका
नाच्दी सुन्दर तालले पवनमा देखी फुलेकी लता

चिमेझैं तिमी को गोरी रूलाइकन
मुस्काएर फुलपाउँदा शिव दिउन् कल्याणको चुम्बन ।

यो शब्दाडम्बरले भरीपूर्ण छ । कुनै मार्मिक तत्व छैन । 'कन' सपकोले 'चुम्बन' हुनु पर्ने यो श्रम हो । कविता होइन । किनभने शब्दको सुनौलो जालमा कविको काम नलाग्दो अल्छी कल्पना मात्र छ । मानव–जीवनको यथार्थतातिर सङ्केत छैन । आर्थिक समानता र असमानताको गन्ध लेस मात्र पनि छैन । आधुनिक समयमा यस्ता कवितालाई कसरी कविता भन्ने ? कविता त यो हो जसमा मानव–जीवनको यथार्थ चित्रण छः—

डल्ला फाँर्नेलाई पाटी छैन, ठूलो घरमा बस्ने मोरो
तेरो कुकुर मासु खान्छ, गरीब चिथरोलाई सटमास छैन.
मेरो छोरो कालो, तेरो गोरो, रगत चुस्ने कस्तो मोरो !

यस्तो करुणक्रन्दनले प्रत्येक साहित्यिकको हृदय टटोल्दछ, आँसुका धारा बहन्छन । हृदयदेखि हामी एकै स्वरमा भन्छौं–यो हो मानव–जीवनको मार्मिक गाथा ! यो हो कविताको सच्चा रूप !

यसप्रकार हामीले साहित्यमा नव–युग निर्माण गरी देशलाई सभ्यताको पराकाष्ठामा पुर्याउने छौं । चाँडै नै हामीमा यस्तो विद्युत–शक्ति संचार हुने छ कि हामी भूगोलमाथि उक्लेर विश्वमा बेजोडको हाँक दिन सक्नेछौं । यस्तो राजनैतिक चेतना र साहित्यिक विकाशले गर्दा हामीले विश्वमा नेतृत्व गर्नमा के बेर ? अझै मेरो धारणा छ, नेपाल स्वर्ग हुनेछ कि ?

—०☰०☰०—

Jitendra Vaidya

गोठाले

## प्रतिक्रिया

[ राणाशाहीको विरुद्ध भएको षड्यंत्रको भंडाफोड भयो । गणेशमान प्रभृति षड्यंत्रकारीहरु काठमाण्डूमा गिरफ्तार भई जीवन र मृत्युको दोसाँधमा झुण्डिरहेका छन् । श्री ५ महाराजधिराज भारतमा शरण पर्न जानु सक्नुभएको थियो र उहाँका सात वर्षका नाती ज्ञानेन्द्रलाई राजगद्दीमा राखी राणाशाही आफ्नो तानाशाहीलाई कायम गर्न अझै कसिरहेको छ । नेपाली कांग्रेसले क्रान्तिको उद्घोष गर्दै वीरगंजमा सशस्त्र हमला गरी नौदिनसम्म क्रान्तिकारी सरकार कायम गरि हट्नु पर्‍यो । नेपालका अरु इलाकाहरुमा पनि विद्रोहको आगो सल्किसकेको छ तर सफलता हासिल भएको छैन । भारतको सीमानाबाट नेपाली कांग्रेसको सशस्त्र फौज भित्र घुसेको मार्ग हो र राजधानीमा शान्ति छ भन्ने राणाशाहीको भनाई कहाँसम्म सत्य हो भनी बुझ्न बृटेन तथा अमेरीकाले भ्रमणकारी राजदूत एजलर डेनिंगलाई काठमाण्डूमा पठाइ रहेको छ ।

डेनिंगको आगमनको दिन । एक सुब्बाको घर ! सुब्बाको छोरा रमेशको कोठा । पलंग र दुइटा मेच । बाहिर सडकतिर हेरेको तीनओटा झ्याल । भित्तामा एक दराज ।

रमेश झ्यालतिर जान्छ, बाहिर एकछिन हेर्छ, फर्कन्छ र मेचमा बस्दछ । एक छिनपछि फेरि उठ्दछ र कोठामा

यताउति टहल्न थाल्दछ । ]

रमेश—(स्वतः) यदि म पनि…… …

[ रमेशकी आमा भित्र आउँछिन् ]

आमा—रमेश ! आज के छ हँ ? मानिसहरू लसरी हुल बाँधेर उतातिर गइरहेकाछन् ।

[ झ्यालतिर जान्छिन् ] ··

रमेश—( व्यंग्यपूर्वक हाँसेर ) मर्न गइरहेका छन ।

आमा—( फर्केर ) के ?

रमेश—हो, आमा मर्न गइरहेका छन, ( मुस्तरी मुस्तरी ) भेडाबाखा जस्तै काटिन गइरहेका छन, ( हाँस्छ ) हो आमा ! राणाजीलाई यिनीहरूले के सम्झेका छन ! उनीहरूसित के छैन, तोप छ, बन्दुक छ, सिपाही, गोला, बारूद अनि उनीहरूको एक सय वर्षको राज ।

आमा—( डराएर ) के त साँच्चिकै यी निहत्था मानिसहरू सिपाहीसित लड्न गइरहेछन ? के कुरा गरेको ? मान्छेहरूलाई के भएको, सबै त बहुलाएनन् !

रमेश—हो सबै बहुलाए ! ( ठूलो स्वरमा ) राणाजीहरूसित के छैन ? वीरगंजमा कांग्रेसले लातखाएर फर्कनु पऱ्यो। नौ दिनको राज चलाएर भाग्नु पऱ्यो । ( अझ जोडसँग हाँस्दछ । )

आमा—तँलाई के भयो ? आज ! तँ पनि…… ….

रमेश—केही पनि होइन । म सोच्दै छु । तर महाराजधिराज कहिले पनि फर्कने छैनन, कहिले पनि । छोरा पनि नाती पनि !

आमा—हो ! यो त साह्रै नराम्रो कुरा हो ।

**रमेश**—तर ज्ञानेन्द्र होइबक्सिन्छ ! ( दुवै आपसमा हेराहेर गर्दछन । केही बेर शान्ति । )

**आमा**—( झ्यालमा गएर ) सडक एकदम सुनसान भइसके छ; सबैले पसल थुनेछन । अँ, ऊ त्यो चुरोटपसल मात्रै खुलेको रहेछ ।

**रमेश**—शहरमा काल नाचिरहेको छ ।

**आमा**—( **फर्केर चकित भएर ताक्छिन्** ) तंलाई यो के भएको आज, तैंले किन यस्तो कुरा गरेको आज ?

**रमेश**—सारा शहर मसान होस । सबै घर खरानी बनोस्, मानिस एक पनि नबाँचोस् ! म, तपाईं र बा अनि तपाईंकी बुहारी मात्रै बाँचुन् । अनि कति मज्जा आउने छ !

**आमा**—( हाँस्दै ) कस्तो बहुला कुरा गरेको । हामी मात्रै कसरी बाच्छौं ? तेरो कुरा सुनें कि मत त्यसै ...... खोइ त्यनिका काम छ । ( **बाहिर निस्कनलाई ढोका सम्म पुग्छिन र फर्केर रमेशलाई निहाछिन्** । )

**रमेश**—बा बाच्नु हुन्छ, तपाईं बाच्नु हुन्छ र म खरानीको थुप्रोमाथि बाँसुरी बजाएर घुमुँला र तपाईं की बुहारी नाच्ली ।

**आमा**—( **फर्केर भित्र आउँदै** ) के तं ...

**रमेश**—होइन आमा ! म किन ?( **मेचमा बस्दछ** )

**आमा**—तँ कहीं पनि नजा, कतै नजा । अरूलाई जानदे ! हाम्रो के बिग्रेको छ ।

**रमेश**—केही बिग्रेको छैन, केही पनि बिग्रेको छैन । आरामसाथ खान्छौं, बस्छौं । ( **शान्ति** )

आमा—तेरो बा अब आउनु भएको छैन। यहाँसम्म किन आउनु भएन ? मलाई डर लाग्दछ ! उहाँ आज सिंहदरबारमा महाराजकहाँ ! मलाई डर लाग्दछ ! होइन यो के भएको !

रमेश—म त्यस बखत काँग्रेसमा काम गरेको भए ! मतिरबाट कुरा नबुझेको भए !...

आमा—रमेश, नै !

रमेश—म पढेलेखेको नभए ! मैले केही पनि नपढेको भए कति बेस हुने थियो।

आमा—महाराजधिराजलाई किन आनु परेको होला, रोज उनेको त हो नि ! राणाजीले बेस गरे, ( रमेश हाँस्दछ ) तँ किन हाँसेको ? यो कुरा तलाई के भएको छ ? तँ आफ्नो आफ्नो [illegible] बस्। हाम्रो [illegible] तलाई के को दुःख। तँ बालक [illegible] कति दुःख [illegible] अनेक थोक गरेर हामीले यो घर [illegible] तलाई थाहा छैन, कति दुःख काटेर तलाई [illegible] पालेँ। [illegible] हुलहालबाट बचिस्। दैवले हामीलाई [illegible] महाराजको निगाह। तेरो बाबाचि रहिने [illegible]। खेत बारी [illegible] गरिदियो। ( एकछिन शान्ति ) उसो भए तँ कहाँ जान्छ, ( झोक्किएर जाँदै ) महाराजधिराज-संग हाम्रो के लिनुदिनु छ र ! [ बाहिर निस्किन्छिन् र भन्याङ चढेको आवाज ]

रमेश—( आफ्नो भएको जुत्ताले झुण्डाले हिर्काएर ) तर ......सवाल प्रजातन्त्रको ... छ !
( अर्को जुत्ताले फेरि हिर्काएर ) प्रजातन्त्र नै किन ?
[ सिंढ्यमा आमाको ' रमेश, रमेश ' भन्ने

आवाज र नेपथ्य बाट आमाको 'रमेश छोरा' भन्ने आवाज ]

**रमेश**—( विद्रूप हाँसोको साथ झ्यालमा जान्छ ) को ? श्याम ? म यहाँ छु। हेर म झ्यालमा बसिरहेको छु। साथि आऊ ! [ फर्केर जुत्तालाई हिर्काउँछ, र खसेको कागज टिपेर च्यात्दछ। नेपथ्यमा भन्याङ उक्लेको आवाज ]

**श्याम**—( ढोकामा आएर ) के गरिरहेको कोठामा एक्लै ?

**रमेश**—( विछ्यौनामा बसेर ) हेर म बसेको छु।

**श्याम**—[ मेचमा बसेर ] छोड ठट्टा। दुनियाँमा के हुन लागेको छ, सोचेका छौ ?

**रमेश**—म के सोचुँ ? मलाई के भएको छ र ? हेर म आरामसंग सुत्दछु [ पल्टिन्छ, र एकदम उठेर ] दुनियाँ नहस-नहस होस ! मलाई के ?

**श्याम**—रमेश ठट्टा छोड। म त आज जुलुसमा जान्छु।

**रमेश**—अँ ! [ व्यंग्यपूर्वक मुस्कुराएर ]

**श्याम**—राणाशाहीलाई खतम गर्नु छ।

**रमेश**—अँ।

**श्याम**—आज फैसला छ, प्रजातन्त्र हुने र नहुने। दुनियाँको जीत र हारको।

**रमेश**—अँ।

**श्याम**—तिमीलाई थाहा छैन होला। आज एस्लर डेनिङ्ग नेपाल आउने। अहिले सम्म आइपुगेको हुनु पर्दछ। उनी यहाँको स्थिति जाँच गर्न आउने।

रमेश—हो, थाहा छ ।

श्याम—आज फैसला छ । सारा संसारलाई हामीले देखाउनु छ, भन्नु छ– हामीलाई त्रिभुवन चाहिएको छ, प्रजातन्त्र चाहिएको छ ।

रमेश—ऊँ...... !

श्याम—आज म जान्छु, म त सगै छाड्दिन, चाहे मरूँ, चाहे बाँचूँ ।

रमेश—[ खिल्का छाडेर ] आज मर्ने इच्छा तिमीलाई कहाँबाट पैदा भयो । तिमी मर्न जान्छौ ? तिमी मरेर के हुन्छ ? तिमी मर्दैमा प्रजातन्त्र आउने, नमर्दैमा प्रजातन्त्र न आउने, गजबको कुरा गर्‍यौ । प्रजातन्त्र आएर नै तिमीलाई के भइहाल्छ र ? ( हतारिएको स्वासको आवाजमा तर राणाजी जादैन । ( क्रमशः स्वर ठूलो पार्दै ) म जान्न, म किन जाऊँ! त्यस्ता मान्छेहरूको साथमा लागेर 'इन्कलाब जिन्दाबाद' कराउनु आफ्नो अपमान गर्नु हो ! ( अलि मसिनो स्वरमा ) दुनियाँ हसाउनु हो !

श्याम—म त जान्छु ।

रमेश—म तँलाई समात्दछु र पुलीसलाई सुम्पिदिन्छु । म सी. आइ. डी. हुँ, म जासूस हुँ । म राणाको भयानक मान्छे हुँ । सबै मलाई सी. आइ. डी. सम्झिनछन्, भने म सी. आइ. डी. नै हुँ । मान्छे मेरो आँखा बचाएर पर्चाबाजी गर्छन् र पर्चा बाड्दछन् भने म त्यही मान्छे हुँ जसलाई जासूस भन्दछन् । मान्छे मसित डराउँदछन् भने म साँच्चिकै तिनीहरूको शत्रु हुँ! म राणाको मान्छे हुँ । सबै मरेपछि म भोज खान्छु र मुर्दा-माथि हाँसी हाँसी उफ्रन्छु ।

**श्याम**—रमेश !

**रमेश**—तिमी यहाँबाट निस्क । जाऊ, बाहिर जाऊ । तिमी मर कि बाँच मलाई वास्ता छैन । ( **केही बेर शान्ति** ) कति बेस हुन्थ्यो ! या म मरूँ अथवा सबै मरून् !

**श्याम**—रमेश ! म एउटा कुरा भनूँ ? हिँड जुलुसमा जाऔं ! मौका यही हो, तिमीमा लागेको दाग मेट्ने ।

**रमेश**—( **उठेर उत्तेजित हुँदै श्यामको नजिक गएर** ) म, म अवसरवादी होइन । ( **श्यामको कुम समातेर** ) तिमी मलाई के सम्झि रहेछौ ? म हातें मानिस होइन । ( **कुम छोडेर** ) जाऊ, गइहाल, जाऊ तिमी यहाँबाट ।

**नेपथ्यमा सन्याङ्ग ओलेको आवाज** )

**आमा**—( **ढोकाबाट** ) किन, झगडा गरेको ?

**श्याम**—( **उठेर** ) केही पनि होइन, आमै ( **निस्किन्छ** ) ।

**आमा**—किन ? के कुरा ?

**रमेश**—केही पनि होइन; आमा तपाईं जानुहोस । मलाई शान्तिसित बस्न दिनु होस् ( **ढोका थुन्न खोज्दै** )

**आमा**—हुन्छ । ( **जान्छिन्** ) ।

**रमेश**—( **ढोका थुन्छ** ) केही पनि होइन ( **सिरानमा मुक्की हिर्काउँदै** ) केही पनि होइन ( **हतकेलोमा कपाल गाडेर लेट्दछ** ) केही पनि होइन । ( ढोका घच्घच्याएको आवाज ) मानिस किन मलाई बस्न दिँदैन । ( **नेपथ्यमा रमेशकी स्त्रीको आवाज** ) को ?

**स्त्री**—म, ढोका खोल्नुहोस न ।

रमेश—किन ?

स्त्री—खोल्नुहोस न भनेको ।

रमेश—( उठेर ) मलाई किन विनसित्ति दिक्क गर्छौ ढोका खोल्छ ।

स्त्री—हेर्न आफ्नो तपाईं के गरि रहनु भएको छ भनेर ।

[ रमेश नपुंसकताको अनुभव गरेर लाज मान्छ

किन ?

रमेश—( चिच्याएर ) के भन्छ्यौ, तिम्रो पतिदेवता कीरा जस्तो आँखामा पल्टिरहेछ । र तिमी हाँसिरहेकी छ्यौ ।

स्त्री—म, म, म……

रमेश—( तीव्र गतिले आफ्नी स्त्रीलाई समातेर छातीमा टाँसेर ) मानिसले मलाई मारे भने तिमी हाँस्ने त छैनौ ?

स्त्री—( आफूलाई छुटाउने कोशिश गर्दै ) छोड्नुहोस न, के भनेको होला मान्छेः म त केही बुझ्दिन ।

रमेश—तिमी आँसु चुहाउँछ्यौ त ? तिमी हाँस्ने त छैनौ ? ( केही हाँसेर ) मैले सबैलाई मारे भनेनि ?

स्त्री—छाड्नोस्, छाड्नोस् न भनेको, ढोका खोलै छ कोही आउला ।

रमेश—( छाडेर, शिथिल भएर मेचमा बस्दछ ) मैले पनि कस्तो कस्तो सपना देखेको थिएँ ।

स्त्री—( तर्सेर ) मानिसले तपाईंलाई किन मार्ने ? तपाइले कसैको के बिगार्नु भएको छ र ! बाले जागीर खानु भयो त आफ्नो पेटको लागि ।

रमेश—मैले पनि आफूलाई नेता बनेको कल्पना गरेको थिएँ, भाषण गरेको देखेको थिएँ । राणा खतम भएको, क्रान्ति गरेको, देश

स्वर्ग भएको, मानिस मानिस जस्तो भएर बाँचेको कल्पना गरेको थिएँ।

[ नेपथ्यमा आमाको 'बुहारी, बुहारी' बोलाएको आवाज ]

( उत्तेजित भएर ) तर म एक्लो छु, र एक्लै लड्दछु। चाहे राणाशाही खतम होस्, चाहे त्रिभुवन फर्कोस्। म एक्लै लड्दछु। सारा दुनियाँ एका तिर, म एक्लै एकातिर! ( हाँसेर स्त्रीको च्यूँडो समातेर ) मानिस मलाई कुल्ची कुल्ची मार्नेछन्, थुकी थुकी सडाउने छन्। त्यस बखत तिमी ताली बजाई बजाई उफ्रनु।

[ नेपथ्यमा आमाको आवाज- 'बुहारी! ए! बुहारी चाँडै आउन' स्त्री जाऊँ कि नजाऊँ गरेर सकाउन्दिरहेछे ]

चिन्ती छ, तिमी जाऊँ, मलाई फिक्र नगर। [ स्त्रीको अनुहार रूचे हुन्छ। स्त्रीलाई धकेलेर बाहिर पठाउँछ ]

[ नेपथ्यमा आमाको आवाज- 'बुहारी! आज सबैलाई के भएको छ ? ] थाहा छैन आज सबैलाई के भएको छ। मानिस किन मर्न चाहन्छन्। राणाशाही किन खतम हुन खोजिरहेछ। पसल किन बन्द भएको। ( व्यंग्यपूर्वक ) इन्कलाब जिन्दावाद, इन्कलाब जिन्दावाद, राणाशाही मुर्दावाद! ( भयभित भएर ) तर राणाशाही खतम हुँदैन, हुँदैन।

[ शान्ति, कोठा अँध्यारो हुँदैजान्छ, इयालतिर जान्छ, र खापामा ताल्दिँदै गाउँछ ] मलाई भय नमार [ ढोका बन्धच्याएको आवाज ] को ?

सुब्बा—( नेपथ्यबाट ) म, तँ छस् ? ( रमेश शुष्क हाँसोले ढोका-तिर ताक्छ ) किन बोल्दैनस् हँ ?

रमेश—तपाईंलाई थाहा छैन कि म यहाँ छु भनेर।

सुब्बा—( रमेशको स्वरले ) ढोका खोल्न।

रमेश—मलाई ज्वर आएको छ।

सुब्बा—म भन्छु, ढोका खोल्

[ रमेश अतिशय शान्तिमग्न, मानौं कुनै घटनाको निम्ति तयार छ, ढोका खोल्दछ। सुब्बा भित्र आउछन् ]

मलाई डर लागेको थियो, तँ पनि कतै बाहिर गएर ……अनि म चाँडै आएँ। ( गुप्तैसा हालेर मानौं स्वरमा ) सुनिस् ?

[ ढोका थुनेर ठिकिकसँग लाउछन् ]

रमेश—( व्यंग्यपूर्वक मुस्कुराएर ) अहँ।

सुब्बा—यो अंग्रेज आइसके छ, नाउँ केरे ……अँ…।

रमेश—एजलर डेनिंग।

सुब्बा—( सशंकित भएर ) तँलाई थाह छ ? अँ त सुन ( यताउति हेर्दछ ) सिंहदरबारमा आठपहरिया र सिपाहीहरू गोली गट्ठा लिएर तमतयार छन्। केही हुन्छ, अवश्य केही भएर छोड्दछ। टुँडिखेलमा पनि सिपाहीहरू संगीन तानेर तमतयार छन्। मैले देखेको; म दौडँदै आएँ। लरीमा पुलीस र सिपाही भरिएर चोकमा गएका छन् रे। मुल्कु बेपरवाहसँग गोली चलाउने हुकुम छ रे। आज केही हुन्छ। भन्छन् पचासौँ हजारको जुलूस आइरहेको छ रे। आज रगतको खोला बग्दछ।

रमेश—( मुस्कुराएर मानौं केही भएको छैन ) अरू।

सुब्बा—तँ हाँस्छस्, आज जरूर धेरै मानिस मारिने छन। कांग्रेस उत्तातिर हारिरहे छ रे। के भएको होला ? मान्छेलाई डर छैन राणाशाही मुर्दावाद भन्न। मान्छे यहाँसम्म पनि भन्न लागे—मोहनशम्शेर मुर्दावाद, शुक्रराज, गंगालाल जिन्दावाद। आखिर राणाजीले कहाँसम्म सहुन्। आज केही हुन्छ।

रमेश—अरू ?

सुब्बा—( लामो सास फेरेर ) हामीले कसको के बिगारेका थियौं र। कमायौं, खायौं। आफ्नो पसीनाको कमाइले घर बनायौं। बाटोमा मानिस मलाई घुरेर हेर्छन। एउटा मानिसले मलाई भर्खर भर्खर भन्यो—यो टोपीको ब्याज कति दिनलाई ?

रमेश—त्यस मानिसलाई तपाईंले केही गर्नु भएन त ? म भएको भए त्यसलाई त्यहीं मारि दिन्थें।

सुब्बा—किन कसैसित बोल्नु। आफ्नो सोझो बाटो लिनु पर्दछ। अब मानिस अर्कै भई सके। चुपचाप लागेर सोझो बाटो लिनु पर्दछ।

रमेश—तपाईंको काथरपन देखेर मलाई डर लाग्छ कि कतै म घरैलाई नसल्काइ दिऊँ। ( हाँस्छ ) सोच्छु कि कतै तपाईंको सारा सम्पत्तिलाई चकनाचूर पारिदिऊँ।

सुब्बा—( आश्चर्यान्वित भएर ) के ? मै पनि ... ( नेपथ्यमा खलबली )

रमेश—कहीं म ......[ नेपथ्यमा मानिस दौडेको र कराएको खलबली बढ्दै जान्छ। एक मान्छेको भन्याँग चढेको आवाज।

सुब्बा—तँ ... !

रमेश—( अतिशय दयाको भाव देखाएर हाँस्दै ) मलाई केही पनि भएको छैन। मलाई के हुन्छ र! मेरो खुट्टा पहिले नै चिप्लिसकेको छ।

[ ढोका ढकढक्याएको आवाज ]

सुब्बा—को ?

कृष्णबहादुर—( नेपथ्यबाट ) म !

सुब्बा—( ढोका खोलेर ) किन आएको ? के ? केही…… ?

कृष्णबहादुर—हो, भागेर आएँ। टुँडिखेलमा, मोहिँटी असनमा अन्धाधुन्ध लाठीचार्ज भइरहेछ। गोलीको आवाज पनि आइरहेछ। धेरै मान्छे घाइते भएका छन्।

सुब्बा—मैले भनेकै थिएँ।

[ रमेश घृणाले बाबुको मुख ताक्दछ, आमा भित्र आउँछिन् ]

कृष्णबहादुर—मानिस तितरबितर भइसकेका छन्। गौचरमा नै गोली चलाउन लागेका थिए। भीडले ईंट–पत्थर लट्ठी लिएर पुलीसलाई लखेट्यो। भागाभाग पुलीसको। भञ्जासित अंग्रेजलाई मोटरमा राखेर मोटरलाई घेरेर जुलूस अगाडि बढ्यो। मानिसले अंग्रेजलाई पर्चा दिए—त्रिभुवन जिन्दाबाद, प्रजातन्त्र लिइ छोड्छौं भन्ने! जुलूसमा मानिस अलाख थिए। पछि बागमतीको पूलनिर पुग्दा पुलीसको ट्रक रेसमा आयो र भीडलाई कुल्चेर अगाडि बढ्यो। भीड छ्यान्न–छ्यान्न भयो। टियर ग्यास र लट्ठीको त अन्धाधुन्द वर्षा भयो। मानिसको भागाभाग; म पूलबाट हाम्फालेर भागें।

आमा—कस्तो दिन देख्नु परेको होला!

सुब्बा—( डराएर ) तिमी सरासर किन यहाँ अयौ त? मानिस

तिम्रो पछि लागेका होलान । तिमी जाऊ, म हाल्छु ।

रमेश—वा ! रीस उठ्छ कि तपाईँको घाँटी निमोठुँ ।

[ सुब्बा कानलाई विश्वास नगरे झैं वाल्ल परेर हेरिरहन्छ । रमेशकी स्त्री ढोकामा खडा हुन्छे । ]

आमा—के ? के भनेको नेले !

रमेश—जोश उठ्छ कि तपाईँलाई……

आमा—रमेश ! के तँ बहुलाइस्, के बेहोसमा कुरा गरेको ?

रमेश—साँच्चिकै घरमा आगो लगाइदिन्छु ( कोठातिर ताक्छ, अनि सबैलाई त्यसै आगोमा होमिदिन्छु ।

आमा—( चिच्याएर ) रमेश !

[ रमेश सुब्बासँग आँखा जुधाएर अगाडि बढ्छ र घाँटी निमोठ्नलाई हात बढाउँछ । ]

सुब्बा—के भनिस ? ( रमेशलाई गालामा एक चट्कन दिएर ) लौ यही होइन ?

[ रमेश मानौं मस्तिर बिउँझिन्छ र उफ्रेर ढोकामा पुग्दछ । उभिएकी स्त्रीलाई धकेलेर निस्किन्छ । स्त्री पछारिन्छे । ]

रमेश—( नेपथ्यमा भन्याँग ओर्लंदै ) इन्कलाब जिन्दावाद । राणाशाही मुर्दावाद !! मोहनशम्शेर मुर्दावाद !!!

आमा—( ढोकाबाट बाहिर निस्किन्छिन् ) रमेश ! रमेश !!

[ नेपथ्यमा-सडकमा खल्बली । रमेश चिच्याई कराएको आवाज--राणाशाही मुर्दावाद । आमा फेरि भित्र पस्दछे र

रुमालमा मुख । रमेश ! रमेश !!

( कृष्णबहादुर बाहिर निस्कन्छ । नेपथ्यमा रमेशको आवाज--' आइज पुलीस, आइज सिपाही ! ' सुब्बा पत्थर जस्तै उभिरहेका छन् । अब शिथिल भएर बस्दछन् ।

# प्रभात

--गोविन्दबहादुर मानन्धर एम्० ए०

स्थान—झ्यालखाना ।

समय—रातको अन्तिम प्रहर ।

[ चारैतिर सन्नाटा छ । कतै केही आवाज सुनिदैन तर कहिलेकाहिं पालेहरूको 'खबर्दार' को, कैदीहरुले 'प्याट्ट प्याट्ट' उपियाँलाई मारेको, नेलहत्कडीको 'छ्याल्र्याङ छुलुंङ' र परबाट कुक्कुर भुकेको सुनिन्छ । झ्यालखानाको सिपाही ट्याङ-ट्याङ गरेर तीन बजाउँछ । अनि भित्रबाटै दुइतीन जनाले आपसमा कुरा गरेको सुनिन्छ ]

पहिलो—सर्कार हाम्रो दुश्मन भयो भंदैमा जाडोले पनि हामीसंग दुश्मनी किन गर्नु परेको होला । कस्तो मुटु छेड्ने जाडो । ( छ्ल्याङ छुलुंङ यताउता गर्न खोज्छ )

दोस्रो—हिमालको जाडो कस्तो हुन्छ त ?

पहिलो—पोहोर त यस्तो थिएन ।

दोस्रो—पोहोर तिमी झ्यालखाना भित्र पनि त थिएनौ ।

पहिलो—हो त्योत । तर हामीलाई मात्रै यस्तो जाडोमा किन राखेको । जब कि हाम्रा साथी राजनीतिक कैदीको रूपमा बंगालामा 'रूमहिटर'ले न्यानो गरी रहेछन ।

दोस्रो—किनभने उनीहरू नेता हुन, तिमी हामी त टहलुवै नहुँ उनका आदर मान्ने ।

पहिलो—हामीले साथ नदिए उनीहरू कहाँबाट नेता हुन्थे र ।

दोस्रो—भए पनि त उनीहरूले हामीलाई अगाडो बढाउन हामीले अहिले पाएको जस्तो दुःख कति बाजी पहिल्यै भोगी सकेका छन। त्यसलाई किन बिर्सन्छौ।

पहिलो—भैगो। तर जे भए पनि हामी ज्यानमारा त हैनौं। हामीलाई ज्यानमाराहरूसंग किन राखेको ?

दोस्रो—ज्यानमारा होइन भंछौ ? सरकारमा बस्नेको निम्ति के हौ सोचन ?

पहिलो—त्योन देखाइको फरक हो। ज्यानमारा आफ्नो निम्ति अरूलाई मार्छ। तिमीहामी अरूको निम्ति आफू मछौं। फरक छैन ?

[ 'हा हा हा' गरी कोही हाँस्छ ]

दोस्रो—ज्यानमारालाई ज्यानमारा भने; यस्मा हाँस्नु पर्ने के थियो। के तिमी ज्यानमारा हैनौ ?

ज्यानमारा—हो। तर तपाईंहरूको बुद्धि देखेर मलाई हाँस्न मनलाग्यो। तपाईंहरू देशको हैन नेताको टहलुवा बनेको देखेर।

पहिलो—किन ?

दोस्रो—के मतलब ?

ज्यानमारा—मतलब के ? तपाईंहरू यो त सोच्नु हुन्न कि मैले कसैको ज्यान लिन किन बाध्य हुनु पऱ्यो।

पहिलो
दोस्रो —किन ?

ज्यानमारा—किन ? ( हाहाहाहा हाँस्छ )। पेटको निम्ति। आफ्नो पेटको निम्ति हैन नेपालको भविष्यका तारा नेपालको सन्तानको निम्ति। अनि तपाईंहरूलाई जुन सरकारले अपराधी भन्यो मलाई पनि त त्यसैले ज्यानमारा बनाएको होनि। तपाईंहरू किन बिर्सनु हुन्छ।

दोस्रो—होत। त्यसैले त हाम्रो यो हविगत भइ रहेछ। नेता पनि हामी सरहै भइदिनु पर्थ्यो। किन आफु मात्रै न्यानो गरी बस्छन्।

पहिलो—आफ्नो दूनो सोझयाउन, किन। हामी भने टाढ़ाबाट आयौं थिनीहरूलाई मदत गर्न। आज कहाँ छन ?

[ यतिकैमा यताउती मान्छे दौडेको सुनिन्छ। उठेको र लड़ेको अनि दौडादौड गरेको। सिपाहीहरूले रोक रोक भनेर कराएको अनि अश्रुगैस छोडेको अलि बेरपछि गोली चलेको आवाज आउँछ। भ्यात्त भ्यात्त दुई तीन जना लडेको सुनिन्छ। अनि सबै शान्त हुन्छ। भित्रबाट पहिलोलाई धकेलि दिन्छ, 'छयाङ' 'भ्यात्त' अनि दोस्रो लाई 'छयाङ' 'भ्यात्त'। दुवै जना लड्छन्। केही पछि एउटा उठन खोज्छ। उठन सकेन; यस्तै कतिबाजि गरेपछि बल्लबल उठछ। अर्को चाहिं लड़ेको लड्यै हुन्छ। पहिलो दोस्रोलाई उठाउन खोज्छ, बचबच्याउँ छ। ]

—उठ, उठ न।

[ उ उठ्दैन। खुट्टा समातेर तान्छ। तै पनि उठ्दैन। अनि नाक समातेर बेस्करि हल्लाउँछ। छोडि दिन्छ। दोस्रो हात खुट्टा तन्काए जस्तो गर्छ। बिस्तारै आँखा उघार्छ र यताउति आँखा घुमाउँछ। भन्छ ]

—कहाँ ?

पहिलो—मामाघरमा कहाँ अब ?

दोस्रो—( एकहात टेकेर उठ्दै ) हँ……( टाउको हल्लाएर यता उति हेर्छ )

पहिलो—( दोस्रोको आँखामा आँखा गाडेर ) मैले पहिले भनेको त होनि। तिमीले नै क्रान्ति क्रान्ति भनेर त होनि। यस्तो गोलघरमा

बस्नुभन्दा मलया मानें कति रमैलो कति ।

दोस्रो—हो तिम्रो निम्ति त । नेपाल नेपालीको निम्ति ? तिमी एउटा मलाया भाग्न सक्छौ, तर अरू ?

पहिलो—अरू अन्त जाउन । यस्ता ठाउँमा बस्नु सट्टा मर्नु नै बेस ।

दोस्रो—हो मलायामा गोलीको तारो बन्न छोड़ेर यहाँ बनि दिए देश सप्रन्छ यसलाई किन बिर्सन्छौ ।

पहिलो—बिर्सन सकेको भए त भैं हाल्यो नि । बिसन नसकेर त तिम्रो पछि लागें ।

दोस्रो—फेरि मलाई के भन्छौ त । तिमीले बुझेकै रहेछौ ।

पहिलो—बुझेर त यो आफत पर्‍यो ।

दोस्रो—यो आफत होइन । काँढ़ा न भाँचि फूल टिप्न सकिँदैन थाहा छैन । आजको हाम्रो दुःखले भोलि नेपालको भाग्य सपार्छ । फेरि न कसैलाई मलाया जानु पर्छ न अन्त कतै ।

पुलीस इंन्सपेक्टर ( प्रवेश गर्दै )—हो हो यही कुहिइनु अन्त किन जानु !

एउटा सिपाही—यिनीहरू तीन जाना थिए । यौटा मर्‍यो अरू दुइटा यिनै हुन ।

[ यो सुनेर दुबै कैदी आपसमा मुखामुख गर्छन् वाछ परेर । ]

इन्सपेकटर—यिनै हुन देशद्रोही, शांति भंग गर्ने, सुरक्षा कानून तोड्ने यिनीहरूलाई यसै राख्नु । पानीसम्म पनि न देउ । बनाउन् आफ्ना सरकार । ( कैदीहरूतिर हेर्दै ) तिमीहरू प्रगतिशील हौ नो टुडिखेलको गफ होइन । अब अँध्यारो कोठामा बनन प्रगतिशील । उज्यालो देखिहाल्छौ नि तिमीहरू ।

[ दोस्रो चाहिं हातले तिम्रा निरको घाउ थिचेर थचक्क बस्छ । ]

पहिलो—उज्यालो तिमीले देखाउनु पर्दैन। हाम्रो पनि पालो आउँछ, कहिले सासुको पालो कहिले बुहारीको ! ( स्वगत ) आउँछ, भन्नु पर्दैन, अवश्य आउँछ। [ टाउको हल्लाउँछ ]

इंस्पेक्टर—अहिले त, भोलिदेखि आँद्रा छुर्ती खेल्न थाल्छन् अनि तेरो काल आउँछ। उज्यालो त कुन्नि ? अनि हाम्रो बूटलाई सलाम नगरी के भो आउँदारहेछ हेरौंला।

पहिलो—तिमी हामीलाई आफू जस्तै संझन्छौ। पहिले छोरी-बुहारी बेचेर भुँडो भर्‍यौ अब नैतिकता बेचेर लड्छौ। तिमी गरीब देशको रगत चुस्ने ब्वासा हौ, बगरे कसाई हौ। दाजुभाईको घाँटी रेटी-रेटी आफ्नो पेट पाल्ने कुक्कुर हौ। साम्राज्यवादीको तलुवा चाट्ने।

इंस्पेक्टर—चाट्ने ! लौ चाट् ( कोर्रा हान्छ )

[ पहिलो हत्कडी लगाएको हात उठाएर इन्स्पेक्टरलाई हान्न खोज्छ। तर सिपाही लाग्छ। इंस्पेक्टर अट्टाहास गर्छ ]

—हेर उज्यालो अब आफैं ( जान्छ )।

[ पहिलो आफ्नो हातबाट बगेको रगत हेर्छ। अनि तारीको फूल झार्छ आफ्नो माथामाथि ]

—के भोकिन्छस्, भन् उज्यालो आउँछ कि आउँदैन ?

[ रगतले मुछिएको हत्कडी साथीको टाउकोमा बजार्न खोज्छ। दोस्रोले पहिलोको मुखमुद्राको भयानकताको आभास पाउँछ। अनि हतपताएर भन्छ ]

—आउँछ, आउँछ।

पहिलो—हो अहिले ठीक भनिस्। ( अलि विचार गरेर ) मत मलाया जानुको सट्टा यता मारिंदिले यस्तो दुःख किन रोजिस्

दोस्रो—( टाउको उठाएर ) पानी।

पहिलो—पानी, तेरो ससुराले कहाँ पठाएको छ र। भन्न त, किन यता लागिस् ?

दोस्रो—म ? म, म किन यता लागेँ। अँ ............एक दिन विदेशमा एउटा विदेशीले भन्यो—" जहाँ विश्व–शान्तिका अग्रदूत बुद्ध जन्मे, जहाँ चीनलाइ संस्कृतिको झल्को देखाउने अणिको जन्मे, जहाँ एशियाको एकताको निम्ति मन तैयार हुने र साम्राज्य-वादीहरूको विरुद्ध प्रथम स्वतंत्रताको संग्रामलाई आह्वान गर्ने भीमसेन थापा जन्मे, प्रकृति, संस्कृति र बहादुरीको त्रिवेणीमा बेहिएको देशमा जन्मेको तिमीहरूलाई हामी धेरै भाग्यमानी संझन्छौं।" म झस्केँ। नेपाल जाऊँ–जाऊँ लाग्यो। पहाडी बाटोमा हिँड्दै थिएँ 'नेपालीले माया मार्‍यो बरिलै, जन्मेको देश.......' सुनेँ, अनि बास खोज्दै यताउति जाँदै थिएँ। एउटा केटीको क्रंदन सुनें। त्यतै गएँ। देखें। बाबुले बेस्करी पिट्न लागेको रहेछ। सोधें बाबुले भन्या के गर्नु यस्ती मोरीलाई नपिटेर। भैंसी दुनो दुनो गरिरहेछ। घाँस काट्न जा भनेको यो मोरी अह्नारिएर हिड्दिरहिछ। यो सानी छ र! सात, सात वर्षकी भईसकी। भैंसीको दूध नबेचे खान पाईदैन, घाँस नदिएपछि भैंसीले के दूध दिन्छ।' सुनें, मेरो चित्त कुणियो। एकातिर विदेशीको बयान, अर्कोतिर सातवर्षकी केटीको यो दशा। कहाँ नेपाल सुंदर, शान्त, विशाल, कहाँ नेपाली शोषित, पीडित, कंकाल। अलमल्ल परेँ। मेरो दिमाग घुम्न थाल्यो—म ......म.... अनि के गरें.... ( टुनमुनिन्छ )

पहिलो—( यताउति हेरेर ) पानी चाहियो, मेरो साथी लड्यो, पानी ( कराएर )।

पालो बसेको सिपाही—के गर्नु। आफिसर त्यो छन्। न कराउ है।

[ पहिलो दोस्रोतिर जान्छ र नियालेर हेर्छ । दोस्रो उसले हेरेको देखेर डराउँछ र अलि डराएर आँटेको जस्तो गरी भन्छ ]

—आउँछ, आउँछ पक्का आउँछ ।

पहिलो—के आउँछ ?

दोस्रो—मेरो कलेजाको टुक्रा, आँखाको जादू, मायालुको टुना सबै थोक आउँछ ।

पहिलो—कस्तो रै छ. के भन्छ, जादू आउँछ कि टुना ?

दोस्रो—नरिसाउन ऊ पर हेर आइसक्यो ।

[ यत्तिकैमा तीन चार जना नेपथ्यमा दौडेर आएको सुनिन्छ र उ तिनीहरु भन्छ ]

—फेरि आयो ।

[ यसै बेला नारा सुनिन्छ ' इन्किलाब जिंदाबाद ' ]

पालो बसेको सिपाही— के आयो ?

—हूल आयो तर बन्दूकबाट गोली आएन ।

पालो बसेको सिपाही—के भन्छ !

—जुलुस आउँदा कमाण्डरको हुकुम कसैले मानेन ।

पालो बसेको सिपाही—मानेन······ ? ( अचम्म पर्छ )

—दाजु-भाइको अपराध नथाहापाई गोली चलाउन्नौं भनेर हात-हतियार राखिदिए ।

पालो बसेको सिपाही—ठीक न हो········· ?

[ यत्तिकैमा जुलूस नजीक आइपुग्छ । अनि दोस्रो पहिलोतिर हेरेर भन्छ ]

दोस्रो—हेर ती आइपुगे ।

पहिलो—कहाँ ?

( दोग्री नेपथ्यतिर औंल्याउँछ । घुग्लुक पर्छ । नेपथ्यमा कोलाहल हुन्छ । बिजुली चम्कन्छ । अनि अंधकार । फेरि एकाएक झिलमिले प्रकाश । पृष्ठभूमिमा हिमले आच्छादित पर्वत श्रृंखलाहरू देखिन्छ र बीचमा अर्द्ध गोलाकार अरुणोदय हुन्छ )

( 'लै वीर होस्, लै वीर होस्' को टयूनमा पर्दा बिस्तार बिस्तार बन्द हुन्छ )

रमेश ' विकल '

## सर्टिफिकेट

[ पर्दा बाहिर 'सेक्रेटरी ······ विभाग' लेखेको एउटा काठको प्लेट छ । सबै शून्य छ । फगत नेपथ्यमा एक दिक लाग्दो स्वरले भायोलिन बजिरहेको छ । ठीक त्यसै बखत एक जना बाइस–तेइस वर्षको मलीन अनुहार र मामुली पहिरनको एउटा ठिटो मञ्चमा । उ पहिले आशा–निराशाको आँखा प्लेटमा फ्याँकछ । अनि पर्दामा उत्सुक दृष्टिले हेर्छ ।

मयलपोश–सुरुवालमाथि पटुका बाँधेको, त्यसमाथि अर्धानो कैलो जीनको कोट लाएको, नील-चापले दाह्री--जुँगा भएको एउटा मान्छे पर्दा उचालेर बाहिर आउँछ । आफ्नो हातको पियन-बुक पल्टाएर एक बाजी हेर्छ र फर्केर पाइला उचाल्छ । युवक चञ्चल हुन्छ । उ दुइ पाइला बढ्दछ । ]

युवक—( नम्र स्वरमा ) ओ दाइ, ओ······!

आगन्तुक—( युवकतिर फर्केर ) को ?······के चाहियो ?

युवक—सेक्रेटरी साहेब हुनु हुन्छ ?

आगन्तुक—हुनु हुन्छ । किन ?

युवक—एक पटक बाहिर·········

आगन्तुक—( झर्को मिसिएको स्वरमा ) भर्खरै आराम गर्न लाग्नु भएको छ । ( युवकको मामुली भेषमा उपेक्षाको दृष्टि

पर्खाँई भित्र पस्दछ । युवक त्यसै टोह्लाइरहन्छ । एक छिनपछि एउटा बूढो बाहिर निस्कन्छ र उतिर नहेरी जान्छ । युवक कुनै ढोकेले अँटमा हेर्न थाल्द-छ । )

निर्धो भित्र पस्छ । एक जना अलि सिपाही अनुहारको मानिस पनि बाहिर निस्कन्छ । युवक फेरि उतिर बढ्दछ । )

युवक—ए दाइ···

( दोस्रो आगन्तुक घृणा मिसिएको आँखाले युवकको सम्पूर्ण शरीरमा दृष्टिपात गर्दछ अनि··· )

दोस्रो आगन्तुक—( ठाँसाको स्वरमा ) के··· ?

युवक—भित्र सेक्रेटरी साहेबलाई···

दोस्रो आगन्तुक—( कुरा काटेर झर्कंदै ) आफ्नो काममा जाऊँ कि हजार जनाको खबर पुर्याऊँ ! ( जान्छ )

( युवक सधाँझैं भएर टोह्लाउँछ । केही बेरपछि एक जना भलाद्मी अनुहार भएको ठिटो भित्र जान लागेको देखेर उता जान्छ । )

युवक—ओ मिष्टर, यता हेर्नोस न ।

भलाद्मी युवक—( उसको टाउकोदेखि पाइतलासम्म हेरेर ) भन्नोस् ?

युवक—भित्र जानु हुन्छ भने सेक्रेटरी साहेबलाई बाहिर आनन्द आएको छ भनिदिनुहोस् ।

भलाद्मी युवक—हुन्छ । ( भित्र पस्दछ । )

( एक क्षणपछि एक जना ठिटो बाहिर निस्कन्छ र आनन्दलाई अचम्मको आँखाले केही बेर हेर्छ । )

ठिटो—को ? तपाईं को ? भित्र आउनु रे ।

[ ठिटो भित्र पस्दछ । साथै आनन्द पनि भित्र पस्छ, पर्दा खुल्छ । भायोलीनको स्वर केही मधुरो हुन्छ । भित्र एउटा आधुनिक ढङ्गको अफिसकोठा देखिन्छ, लामो र टलक्क टल्कने टेबिलमाथि कागजका फाइलहरू, पेपर-वेट, मसीदानी, फाउन्टेन पेन इत्यादि छन् । टेबिलको चारैतिर चार-पाँच ओटा मेचहरू-जसमा दुइटा खाली र तीन ओटामा मानिसहरु छन् ।

आनन्द भित्र पसेर एक जना रवाफिलो पोशाक, सुनौला फ्रेमको चश्मा लाएका मानिसलाई नमस्कार गर्दछ । ती महाशय सेक्रेटरी हुन् । सेक्रेटरीका आँखा पलकको निम्ति सुनौला चश्माभित्रबाट आनन्दतिर उठ्छ । अनि फेरि अगाडिका मेचमा बसेका भलादमीहरूसँग पहिलेकै प्रसङ्गमा कुरा गर्न थाल्दछन् । ]

सेक्रेटरी—अब भन्नोस्, यत्ता भएपछि तपाईं हामी त के ? मतिलेलाई पनि निर्वाह गर्न गाह्रो परिसक्यो ।

एक भलाद्मी—फेरि हेर्नोस् न देशको यो परिस्थिति छ, तर हाम्रा देशका ठिटाहरू र केवल हो-हल्ला मच्चाउनुसिवाय अरू केही काम गर्न होइनन् । यता सरकारको आलोचना गरेका छन्, उता अनेक उन्नतिको गफ छाँटेका छन् , यत्ति हो ।

दोस्रो भलादमी—उन्नति गर्नु नाम शून्य । बाबु-आमाका काखैमा नाच्न पाएका छन् ।

( आनन्द अधीर भएर छटपटाउँछ । )

सेक्रेटरी—सरकारले पनि के गरोस्; जनताको सहयोग नभई सरकार चल्दैन, जनता र बोल्दैन सक्यो, खालि आलोचना र गाली–गलौज बाहेक केही जानेको छैन । कताबाट हुन्छ ।

दोस्रो भलादमी—( कुराको प्रसङ्ग बदलेर ) साँच्ची 'जनसेवा'मा 'साकी' फिल्म लागेको छ रे भन्छन् नि; तपाईंले हेर्नुभयो, कस्तो छ ?

सेक्रेटरी—अँ, राम्रो छ भन्छन्, हेर्न पाएको छैन, हेरौँला नि ।

( सेक्रेटरी कलिङ्ग बेलमा हात राख्तछन् । एउटा गुण्डो अनुहार परेको ठिटो अगाडि आएर उभिन्छ । )

ए कृष्णबहादुर, जाओ, साथिबाट त्यो हिजोको जवाफ लिएर आइज ! ( कृष्णबहादुर जान्छ अनि साथीहरूतिर.. ) अँ तपाईं कहाँको त्यो भाले कहाँ हाल्नुभयो नि ?

दोस्रो भलादमी—छ । एउटा लेग–हर्नको पोथी फेरि ल्याएको छु, पाँचओटा बच्चा पारेको थियो; दुइटा मऱ्यो, तीनओटा बाँकी नै छ !

एक भलादमी—ए, लेगहर्नको बच्चा छ भने त एउटा मलाई पनि है ।

दोस्रो भलादमी—हुन्छ । ( घडी हेर्दै ) ओः अबेला पनि भइसक्यो, जाऊँ ।

( आनन्द अझ अधीर भएर चलमलाउँछ । दुवै भलादमी उठ्छन् । )

सेक्रेटरी—हवस्, पाल्नोस् त । यताँलाई के भनिरहनु पर्छ र !

( दुवै भलादमी जान्छन् । सेक्रेटरी आनन्दतिर फर्किन्छन् । )

सेक्रेटरी—अँ, आनन्द ! बस न, किन उभिइरहेको । ( आनन्द एउटा मेचमा बस्दछ । )

अँ, के छ हालचाल ?……यसपाला आई० ए० फाइनल दिएको होइन, के भयो ?

आनन्द—( शून्य स्वरमा ) द्वितीय श्रेणीमा निस्केको छ ।

सेक्रेटरी—अँ, डिभिजन त राम्रै ल्याएछौ त ।……अँ, अरू ?

आनन्द—के हुन्थ्यो, रात-दिन पेटको हाहाकार छ…… काम शून्य छ । ( अनि आफ्नै धूनमा ) पिताजी जानु भएपछिको यो चार वर्ष……ओफ……

सेक्रेटरी—के गर्छौ ? सबै कुरा पैसैले गर्छ ।

आनन्द—पैसैको निम्ति त यो हाहाकार छ । फेरि आफैं पिठोको सामल गरेर बल्ल-तल्ल आई० ए० पास गरें……तर चारैतिर ढोका बन्द छ……

सेक्रेटरी—( आनन्दको एकोहोरो प्रलापमा ध्यान नदिएर ) ए, बाहिरको छ हैं ?…ए श्यामे !

आवाज—श्यामे छैन हजुर ।

सेक्रेटरी—को छ ?……ए सानुचा, यता हेर् हेर् ।

आनन्द—किन यस्तो हाःहाः; पहिले पढ्नै कठीन, पढे पनि काम पाइँदैन भने के भयो ?

सेक्रेटरी—आफ्नो मान्छे हौ, सकेसम्म गरेको छु । माथि सिफारिस पनि गरेर पठाएको छु, तिम्रो भाग्य कस्तो छ ? अब । ( सानुचा एउटा चंख अनुहारको ठिटो आउँछ । ) ए सानुचा ( पाँच रुपियाँको नोट झिकेर दिँदै ) ला, एक प्याकेट क्याप्स्टन लिएर आइज । ( सानुचा जान्छ । ) मैले गर्नु गरि दिएको छु, त्यो त तिम्रो भाग्य ! ( अड्डेर ) यसो अन्त पनि कोशिश गर्दै

गरन। तब पो एकातिर नभए अर्कोतिर हुन्छ।

आनन्द—कोशिश त गर्दै छु। सात-आठ ओटा दर्खास्त हालें; तर कतै पनि सफल भएन। कतै त छ: महीनाको तलब अगाडि नै कबोल्नु पर्छ। पैसा दिन सक्ने भए… त…

सेक्रेटरी—ट्यूसन गरेका छैनौ ?

आनन्द—म जस्ता आई० ए० त के ग्रेजुएट नै हजारौं बेकार छन। नून खान नपाउने बेलामा मास्टर राखेर कसले पढ्दछ ! फेरि २०।३० रुपियाले……

( त्यसै बेला टेलिफोनको घण्टी बज्छ। सेक्रेटरी रिसिभर कानमा लगाउँछन्। )

सेक्रेटरी—हलो…हो…म…के ?…नियुक्ति भयो एक वर्षको एस० एल० सी०-को म्याद दिएर ?… त्यो पोष्टमा त मैले एक जना नियुक्ति गरेर पठाएको… के ठाउँ माथिबाट ?………
( सेक्रेटरी रिसिभर फालेको भावले राखेर मुस्केरा हाल्दै करुण दृष्टिले आनन्दलाई हेर्छन् अनि दिक्क स्वरले ) हाम्रो केही अधिकार छैन।… तिम्रो भाग्यै त्यस्तो।

आनन्द—( शंकाको स्वरले ) के, भएन ?

सेक्रेटरी—( उसैगरी ) माथिबाटै, एक व[illegible]को म्याद दिएर नियुक्ती…तिम्रो भाग्यै त्यस्तो।

आनन्द—( आवेश रोकेर ) अब आशै छैन त ?

सेक्रेटरी—( झर्केझैं गरेर ) मैले सकेसम्म गरेकै हो। तिम्रो भाग्यै त्यस्तो। फेरि भए छ भने हेरौंला। अहिले जाउ। तर पैसा नभई केही हुन्न सम्झि राख।

( आनन्द बज्राहत झैं भएर सेक्रेटरीको मुखमा केही बेर हेर्दछ। सेक्रेटरी आफ्नो काममा लाग्छन्। अनि

उ खल्तीबाट सलाई र एउटा कागत झिक्छ। सलाई कोरेर कागतमा लगाउँछ, कागत हुर–हुर बल्दछ।

सेक्रेटरी—( झस्केर ) ए, के बालेको अफिसमा, निभाऊ।

( आनन्द बोल्दैन टवाल्ल परेर हेरिरहन्छ। उसको भाव देखेर सेक्रेटरी आत्तिन्छन्। आनन्दलाई झँगेल्दै )

ए, आनन्द निभाऊ भनेको, के बालेको त्यो ?

आनन्द—( झस्केर ) हँ⋯⋯आई० ए०–को सर्टिफिकेट।

( क्रमशः सर्टिफिकेट जल्दै जान्छ। आनन्द र सेक्रेटरी टोल्हाएर त्यसको लपटमा हेरि रहन्छन्। )

मुरलीधर भट्टराई

# छन्द-रसालंकार

छन्दबद्ध कविता नै संगीत हो। संगीतमा कठोर पत्थरलाई समेत पगाल्ने शक्ति रहेको छ। कोमलकान्त पदावलीले कुन जन्तुको हृदय मात्र पगाल्न सक्दैन र। निर्विवाद छ संगीतबाट चराचर आकृष्ट हुन्छन्। गाउने इच्छा नहुने र केही न केही नगाउने मनुष्य आजसम्म उत्पन्न भएर हिंड्न सकेको छैन। अलि अलि मात्रै शिक्षा प्राप्त गरेका व्यक्तिलाई पनि कविता लेख्ने अभिलाषाले कुत्कुत्याइ रहेको हुन्छ। नवयुवकहरू प्रायः लालायित देखिंदै छन्। छन्द शास्त्रबाट अपरिचित कवि, निदान नजानेको वैद्य, व्याकरण नपढेको पण्डित केवल हांसोका साधन मात्र हुन्छन् भन्नु पनि उचितै कुरा हो। छन्द, भाव, रस, अलङ्कारका विशद व्याख्यान भएका ग्रन्थहरू भारतका सबै उन्नत भाषाहरूमा हामी देख्दछौं। नेपालीमा पनि बिलकुलै नभएको त होइन तर सानो भैकन यौटै पुस्तकमा छन्द, रस र अलङ्कारको संक्षेपमा परिचित गराउने लेख मेरो विचारमा यही पहिलो हो जस्तो लाग्दछ। परीक्षार्थीहरूलाई यी विषयका विभिन्न लेख पढेर ज्ञान प्राप्तगर्न निकै कठिनता परेको देखेर नै यो लेख लेखीएको हो। यसले साहित्य प्रेमी सबैलाई र इन्टरका छात्रहरूलाई समेत पूर्ण सहायता दिनेछ। परीक्षा भवनमा प्रवेश गर्ने बेलामा समेत छात्रहरूले यस लेखलाई एक नजर दिएर गए भने अवश्यमेव सफल मनोरथ हुनेछन्।

## ।। परिभाषा ।।

१. अनुस्वार, विसर्गयुक्त वर्ण र संयुक्त अक्षरको आदिवर्ण गुरू ( दीर्घ ) भनिन्छ। हरेक चरणको अन्त्य वर्ण पनि विकल्पले Alternation गुरू ठानिन्छ।

२. तीन अक्षरको एक गण हुन्छ।

३. गण जम्मा आठ हुन्छन् ।

४. " मय, रस, तज, भन " थी नै गण हुन ।

५. पहिलो गुरू, दोस्रो लघु, पहिला पंक्तिमा, दुइ गुरू, दुइ लघु, दोस्रो पंक्तिमा, चार गुरू, चार लघु, तेस्रो पंक्तिमा क्रमशः लेख्नु गण बन्दछन् ।

| रूप | | | भेद | गणनाम |
|---|---|---|---|---|
| S | S | S | प्र | म |
| । | S | S | द्वि. | य |
| S | । | S | तृ. | र |
| । | । | S | च. | स |
| S | S | । | प. | त |
| । | S | । | छ. | ज |
| S | । | । | मा. | भ |
| । | । | । | आ. | न |

## ( १ ) अनुष्टुप छन्द ॥

गुरू लघुको क्रम नमिल्ने भएको हुनाले कुनै विद्वानहरूको मतमा यो मुक्तक छन्दमा आउँछ । तर चारै चरणमा बराबर वर्ण रहने हुनाले यसको गणना वार्णिक वृत्तमा नै उल्लिखित हुन्छ । यसका चारै चरणमा आठ आठ अक्षर रहन्छन् । चारै चरणमा छैंटौं अक्षर गुरू र पाँचौं लघु हुन्छ । २।४ चरणमा सातौं ह्रस्व, १।३ मा सातौं दीर्घ हुन्छ । जस्तैः––

आत्मा काटिन्न पोलिन्न गीताको उपदेश छ ।
खुलेको स्वर्गको ढोका हेर यो कति वेस छ ॥

## ( २ ) इन्द्रबज्रा—ततजगग ।

यस छन्दमा ३।६।७।८ अक्षर लघु हुन्छ । " हो इन्द्रबज्रा यदि तौ जगौगः " ।–SS।.SS।.।S।.SS। जस्तैः–

को भाग्यशाली ? जसमा छ तोष ।
को योग्य हो देखदछ जो स्वदोष ॥
को पापचारी ? जसमा छ शेखी ।
को वीर हो जो छ महाविवेकी ॥

( ३ ) उपेन्द्र वज्रा—जतजगग—ISI.SSI.ISS.SS

" उपेन्द्र वज्रा प्रथमे लघौसा " इन्द्रवज्राका चारै चरणका पहिला अक्षर लघु छन भने उपेन्द्र वज्रा हुन्छ । जस्तैः—

न देशमा शक्ति कुनै छ थोरै ।
न अन्धकारै छ यहाँ अघोरै ॥
तथापि हल्ला किन यो गरेको ।
बिचार केही नलिई भरेको ॥

( ४ )॥ उपजाति छन्द ॥

१।३ चरण इन्द्रवज्राको र २।३ चरण उपेन्द्र वज्राको छ भने उपजाति हुन्छ । जस्तैः—

दी विश्वको मानवमा प्रकाश ।
गरेर आत्मोन्नतिको विकाश ॥
यो आर्यको देश विशाल पारौं ।
विवेकले यो अविवेक मारौं ॥

( ५ वसन्त तिलका—तभ ज ज ग ग—SSI.SII.ISI.ISI.SS

" हो त्यो वसन्त तिलका तभजा जगौगः " यसमा १ २।४।८।११।१३।१४ गुरू हुन्छ । जस्तैः—

साथी छ त्यो नर छ साथ दिने नपर्दा ।
के हो कसो अब हुने कुन काम गर्दा ॥
यी बुद्धिको तहमहाँ मल आइ भर्दा ।
के हो सुकर्म बुझिएन विवेक मर्दा ॥

( ६ ) मालिनी—नन म य म—III.III SSS.ISS.ISS

यस छन्दका हरेक चरणका प्रथम ६ अक्षर लघु अनि तीन गुरू हुन्छ विचार गर्नु। जस्तैः—

जब बन बन बस्थे अज्ञ भै अन्यजाति ।  
हिमगिरि तलमा थ्यो सभ्यता भाँति भाँति ॥  
ऋषिवरहरू हाम्रा ज्ञान विज्ञान दीक्षा ।  
सकल जगतमा गै दान दिन्थे सुशिक्षा ॥

( ७ ) शार्दूलविक्रीडित—म स ज स तत ग—SSS।IIS।ISI।IISSS।SSI।S
यो छन्दमा आदिका तीन वर्ण गुरू अनि ६।८ पनि गुरू नै हुन्छन् र १२।१३।१४।१६।१७। पनि गुरूनै हुन्छन्। यो नेपालीहरूको प्रख्यात पियारो छन्द हो। जस्तैः—

दोटा कुक्कुर मार्गमा उदरको चिन्तालिई घुम्दथे।  
हाम्रो फूट भयो र कष्ट हुनगो भन्ने कुरा गर्दथे ॥  
हाम्रो मेल भए अवश्य सुखको वर्षा हुनेथ्यो भरे ।  
हे बाबै, नलडौं अवश्य अवता भन्दै प्रतिज्ञा गरे ॥  
यस्तै बीचमहाँ खसे जमिनमा टुका जसै मासुका ।  
बिर्सी त्यो अघिको कबोल दुइमा पर्दो भयो युद्ध हा ॥  
आफैं लत्पत रक्तमा हुनगए मुर्छा परे भै धिर ।  
कौवा आई लुटी लिएर नभमा उड्दो भयो आखिर ॥

( ८ ) वंशस्थ छन्द—ज त ज र—ISI।SSI।ISI।SI।
उपेन्द्रवज्रको चारै चरणका उपान्त्य वर्ण—अन्त्यको भन्दा पहिलो ( penultimate ) लघु र १२ चाहीं दीर्घ छ भने वंशस्थ वृत्त बन्दछ। जस्तैः—

न देशमा प्राकृत द्रव्य शून्य भो ।  
न आर्यको देश हुरे अपुण्य हो ॥  
छ दोष खाली जनको अबोधता ।  
छ प्रश्न जाने अब देशले कता ॥

( ९ ) द्रुतविलंबित—न भ भ र—III।SII।SII।SIS
" द्रुतविलंबितमाह नभौ भरौ "यस छन्दमा ४।७।१० र १२ अक्षर गुरू हुन्छ जस्तैः—

युवक हो अब देश बढाउनोस् ।
पढि स्वयं अरुलाई पढाउनोस् ॥
मनदिई व्यसनादि हटाउनोस् ।
अधम त्यो मद्पान घटाउनोस् ॥

( १० ) शिखरिणी–य म न स भ ल ग–ISS०SSS०III०IIS०SII०IS

रसैरूद्रैर्भिन्ना य म न स भ ला गः शिखरिणी । जस्तैः—

सबैको रक्षाहोस् सकल जनता सज्जन बनुन् ।
सबैले साराको हितवचन मात्रै अब भनुन् ॥
म देखौं सारामा जगतपतिको प्राकृत छवी ।
उदाउन् सेवाको झलमल भई सुन्दर रवि ॥

× × × × इति छन्द × × × ×

॥ रसभाव वर्णन ॥

“ काव्यं रसात्मकं वाक्यम् ”– रसात्मक वाक्यलाई काव्य भन्दछन् । यस शास्त्रका प्रमुख आचार्य श्री भरत मुनि हुनु हो । यो काव्य तीन प्रकारको मानिएको छ । गद्य, पद्य र चम्पू । चम्पूमा गद्य पद्य मिलेको हुन्छ । रस र भावले पूर्ण भएको निर्दोष काव्य–शास्त्रको अध्ययनबाट खाली मनोरञ्जन मात्र हुने होइन किन्तु मोक्ष–परमानन्दको प्राप्तिसम्म पनि सुलभ हुन्छ । साक्षात श्रुति भगवती पनि “ रसोवैसः ” भन्दै रसरूप ब्रह्मको प्रतिपादन गर्दछीन ; रस्यते आस्वाद्यते ईति रसः– अन्तः करणले जसको आस्वादन गर्छ स्वादलिन्छ त्यो रस हो । रस मुख्य नौ छन् । भरतमुनि शृङ्गार रसलाई रसराज भन्नु हुन्छ । आजकल अबुझहरू शृङ्गार र अश्लीललाई, प्रेम र मोहलाई समेत एकै त होनी भनठान्दछन् । यस रोगको औषधि ऋषि प्रणीत दिव्य ग्रन्थहरूको अध्ययन बाहेक अरू केही पनि छैन ।

रसको आश्रय भाव हो । भाव भन्ने वस्तु विभिन्न वस्तु र स्थितिको संपर्कमा आउँदा मनः सरोवरमा उदयहुने तरङ्ग या विकार हो । भवन्ति ईति भावाः, अथवा काव्यार्थान् भावयन्ति इति भावाः– इत्यादि व्युत्पत्तिहरूबाट पनि भावको रसको आधार ठहर्न आउँछ ।

भाव चार प्रकारका हुन्छन । १ विभाव २–अनुभाव ३–व्यभिचारी भाव ४–स्थायीभाव । यिनै चार भावहरूको संयोगबाट रसको उत्पत्ति हुन्छ । संचारी भावलाई व्यभिचारी भाव पनि भन्दछन । यो ३३ प्रकारको छ । प्रत्येकको व्याख्यान गर्नु यहाँ उति आवश्यक नदेखेकोले छाड्न्छि । यो संचारी वा व्यभिचारी भाव जलमा तरंगझैं उत्पन्न र लय भइरहन्छन् । विभाव दुइ प्रकारको छ १–आलंबन र २– उद्दीपन । आलंबन त्यो विषय हो जसमा पात्रको आश्रय निर्भर रहन्छ । जुन कुराले भावलाई प्रबल पार्दछ त्यसलाई उद्दीपन- विभाव भन्दछन । करुण रसमा जस्तै श्री सीताजी आलंबन, सीताजीका प्रत्येक संबन्धित वस्तु उद्दीपन–विभाव, शोकस्थायी भावबाट करुण रसको प्रादुर्भाव भयो । त्यो श्री रामजीको विलापमा देखिन्छ । अनुभाव बाहिरी लक्षणको नाम हो । यो कायिक, मानसिक र सात्विक तीन प्रकारको हुन्छ । शरीरको चेष्टा, मनको विकार, रोमाञ्च आदि प्रभावबाट यी तीन कुराको ज्ञान हुन्छ । विभावले भावलाई अंकुरित गराउँछ र अनुभावले त्यसलाई आस्वादन योग्य बनाउँछ । स्थायीभाव रसको उत्पत्ति नहुन्जेल रहन्छ । यस कारण यसलाई स्थायीभाव भन्दछन् । स्थायीभाव नौ प्रकारको हुन्छ । प्रत्येकबाट आफ्ना आफ्ना रसको उत्पत्ति जान्नु । जस्तैः—

| | स्थायीभाव | रस |
|---|---|---|
| १ | रती | श्रृंगार |
| २ | उत्साह | वीर |
| ३ | क्रोध | रौद्र |
| ४ | हास | हास्य |
| ५ | आश्चर्य | अद्भूत |
| ६ | भय | भयंकर |
| ७ | शोक | करुण |
| ८ | प्रेम | वात्सल्य |
| ९ | जुगुप्सा | बीभत्स |

**१–श्रृंगार रस**

काला केश विशाल भाल रसिला मोतीसरी दाँत छन्।
राता ओठ चिरेका पान सरिया, गाला निकै रक्त छन्॥
ज्योत्स्ना झर्दछ मुस्कुराहट महा छन् नेत्र नया गाजले।
को हो त्यो महिपाल लठ्ठ नहुने हेर्दा छली लाजले॥

**२–वीर रस–**

आगो हाले मशाल, सागर त्यसै पग्लन्छ ठन्डा बनी।
चन्द्रका कोपलन्छ, छिन्नभिन्न भइ त्यो आगिन्छ आँधी पनि॥
पैले गोष्ठ मुठ्ठीदेखि आइले लाखौं शताब्दीतक।
मेरो यो इतिहास हो, म जगमा पग्ला कोहीसंग॥

**( ब्राह्मणको**

**३––रौद्र रस––**

आँसुको दहमा नुहाउँछु, चीमा पानी झल्काउँछ त्यो।
मुटुका अँगार अस्थि–पञ्जर–बिना शैय्या बनाउँछ त्यो॥
मैलो मरम–सिताय अट्टमरमा केही लगाउँछ त्यो।
हाहाकार मरी रिठो अरु कुनै संगीत गाउँछ त्यो॥

**( लेखनाथ )**

**४–विभत्स रस–**

चिप्रा मूत्र र शुक्र धातु र दिसा सिंगान लादका झरी।
ज्वालामासु र रक्त रोल थुक औ हड्डी र आँसु भरी॥
राम्रैको मुटुरो छ यो तन यहाँ हावा छ खाँदीएको।
छी छी! गन्ध लिएर चन्दछ सबै फोरेर नै छिद्र यो॥

**(५)–हास्यरस–**

कृष्ण बालक हौ टेवा दिन्छौ हातैहरू भनी।
गोवर्धन समाएछन् गोप बालकले पनि। १।
नौनी लुटेर खाएको काम आज दियौ भनी।
मुटुन्दमा दिए थाप बुद्ध गोपालले अनी। २॥

( ६ )—भयङ्कर रस—

कोही साथ नली पुगें म वनमा खो चूक भै रातमा
मेरो देह थियो थिएन अथवा के पो थियो हातमा ॥
फुल्यो ढक भएर देह म बटें हेर्दै बलेको चिता ।
सुन्थें कुक्कुरको प्रचण्ड स्वर यो आगो बलेको कि ना ॥

( ७ )—अद्भुतरस—

गर्दा गोपालले हाइ पाई ब्रह्माण्ड दर्शन ।
क्षोराके, नन्दको रोभी गर्छिन चरण पर्शन ॥

( ८ )—करुणरस—

प्रेम बोलि लिन प्रीति बसाली ।
पालि पोसि पिँजराबिच हाली ॥
बाजलाई चिडिया कुन देला ।
निर्दयी ममरिको कुन होला ॥

( कालिदास )

( ९ )—वात्सल्य रस—

जान्छिन् आज शकुन्तला घर भनी उठ्नो छ चिन्ता अति
प्रीतीको मनमा प्रवाह बहँदा रोकिन्न आँसु रति ॥
हाम्रोभैं वनवासिको पनि भयो यो गत् भने यो घडी ।
बल्छन धैर्य गरी गृहस्थ कसरी छोरी बिदाई गरी ॥

( शंभुको अनु० )

॥ अलङ्कार ॥

काव्यका तीन भेद छन । ध्वनि, व्यङ्ग र अलङ्कार । यिनमध्ये सर्वोच्च स्थान ध्वनिको छ । व्यङ्गको दोस्रो र अलंकारको तेस्रो स्थान मानिन्छ । यस प्रकरणमा अलंकारको विशेष चर्चा चलाइन्छ । अलंकरोति इति अलंकारः— अर्थात सौन्दर्य वर्धक वस्तु विशेषको नाम अलंकार हो । शरीरको निम्ति गहनाहरूसँ काव्यको निम्ति पनि सौन्दर्य बढाउन अलंकारको आवश्यकता पर्दछ । अलंकारका दुइ भेद छ । शब्दालंकार र अर्थालंकार । शब्दालंकारमा शब्द वैचित्र द्वारा काव्यको शोभा बृद्धि गराइएको हुन्छ । अर्थको चमत्कार द्वारा काव्यको

सौन्दर्य बढ़ाउने कलाविशेषलाई अर्थालंकार भन्दछन। भामह, दण्डी आदि अलंकार शास्त्रका आचार्य मानिन्छन।

शब्दलंकार ६ प्रकारको छ। वक्रोक्ति, अनुप्रास, यमक, श्लेष, पुनरुक्तवदाभास र चित्र।

( १ ) वक्रोक्ति

वक्रोक्ति श्लेषर (pun-to play on words) ( काकु-त्यसो नभए यसो न भन्ने ) अन्य अर्थ कल्पना द्वारा कसैका वाक्यको अर्कै अर्थ लगाइन्छ। अनेक अर्थ हुने पदलाई श्लिष्ट पद भन्दछन।

उदाहरण—

को हौ ? हूँ घनश्याम, जाउ गिरिमा वर्षा यहीं गै गर।
हे राधे, म न कृष्ण पो, अब न भो चाँडै पुँडो लौ सर॥
हे मुग्धे, हरि हूँ, हरे, अब निर्मा ज़ाऊ मकै छन् जहाँ।
हे प्यारी, म न श्याम पो, तृण भई के काम आयौ यहाँ॥

यहाँ श्री कृष्णले भन्नुभएको आफ्नो नाम घनश्याम, कृष्ण, हरि, श्याम पदहरूलाई मानवती राधाजीले मेघ, कालो वस्तु, वानर र सामाधीसको अन्यार्थ कल्पना गर्नु भयो। यसकारण श्लेष वक्रोक्ति अलंकार भयो।

काकु वक्रोक्तिको उदाहरण—

कालो बादलको घटा नभमहाँ गर्ज्यो अमार्थै गरी।
झञ्झावायु बढेर लौन पथमा ढुङ्गा गुँड वेसरी॥
एक्ली आज मलाई देखि विधिले गर्नु नगर्नु गऱ्यो।
डेरा श्री पतिदेवको अब सखी त्यै देशमानै पऱ्यो॥

यस वाक्यमा नायकको घर आउनु भन्ने कुराको निषेध छ किन्तु सखीद्वारा यसै वाक्यको काकुद्वारा अन्यार्थ यही कल्पना हुन्छ कि " नायकको त्यै देशमानै डेरा पऱ्यो र ? अपितु परेको छैन। "

( २ )। अनुप्रास अलङ्कार। Alliteration

अनु-पछाडि, प्र-ठीकसंग, आस-वर्णविन्यास गर्न, यही अनु-

प्रासको अवयवार्थ हो। अनुप्रासका दुइ भेद छन। वर्णानुप्रास र शब्दानुप्रास। वर्णानुप्रासमा निरर्थक वर्णको आवृत्ति हुन्छ [r-| e'ition] शब्दानुप्रासमा सार्थक वर्णको। शब्दानुप्रासलाई लाटानुप्रास पनि भन्दछन। वर्णानुप्रासमा छेकानुप्रास र वृत्यानुप्रास मुख्य छन। छेकमा अनेक वर्णको एकै फेर सादृश्य हुन्छ।

( क ) छेकानुप्रासको उदाहरणः—

हिमाल चुली काखमा डुली त्रिशूली आफ्की।
प्रेमको धारा बगाइ सारा सुकीर्ति पाफ्की॥
पर्वत फोरी प्रेमको डोरी तोरण गर्सेकी।
गानको तान सुनेर हो वा खिलिनि हाँसेकी॥

चुली, डुली, धारा, सारा, फोरी, डोरी, गान, तान शब्दहरूको आवृत्तिले गर्दा छेकानुप्रास अलंकार पर्‍यो।

( ख ) वृत्यानुप्रासको उदाहरणः—वृत्तिको अर्थ भिन्न भिन्न रसको लागि भिन्न भिन्नै वर्णको आवृत्ति हो। परूप र कोमल दुइ प्रकारका वृत्ति छन, परूपमा कठोर र कोमलमा कोमल वर्ण विन्यास हुनु पर्दछ। जस्तैः— कोमलमा

वंशीको तान सुनेर कान भसङ्ग भयो नी।
पग्लन्छ मन ए श्याम घन गोकुल गयौ नी॥

परूपको उदाहरणः—

अन्ड र बन्ड नवक ठुक पर्गेला देखेर।
चुटिन जाउला थप्पड खाउला भन्दछु लेखेर॥

( २ ) शब्दानुप्रास अथवा लाटानुप्रासको सामान्य अर्थ। यसमा शब्द र अर्थको पुनरूक्ति हुन्छ र तात्पर्यमा मात्र भिन्नता बुझिन्छ। जस्तैः—

हजूर साथ ए मेरो नाथ, बनै छ महल।
जीवननाथ, नदेखे साथ, बनै छ महल॥

" बनै छ महल " यो वाक्य पूर्वार्ध र उत्तरार्ध दुवैमा छ। अर्थ

पनि एकै छ। तर तात्पर्य भिन्न छ। पूर्वार्धमा राम भए सीताजीलाई वन महल बराबर छ। उत्तरार्धमा श्री रामको दर्शन नपाएमा महल वनै तुल्य छ।

(३) यमक (Rhyme)

क्रमशः वर्णको आवृत्तिलाई यमक भन्दछन्। जस्तैः—

मदनको दनको दनदन बली।
पवनको वनको रस गो जली॥
गगनको मनको वनमै पमी।
गजब भो जब पेन्दक यो शशी॥

(४) श्लेष

श्लेष— पदभंग श्लेष र अभंग श्लेष गरेर दुइ प्रकारको छ। पदभंग श्लेषको उदाहरणः

हे पूतनामारणमा सुदक्ष।
जघन्य काकोदर भो विपक्ष॥
भो किन्तु रक्षा उसको दयालु।
शरण्य यस्ता प्रभु छौ कृपालु॥

यो पद्यमा श्री रामजी र कृष्णजी दुवैको स्तुति छ। श्री रामजीको पक्षमा-पूत+पवित्र, नामा+नाम छ जस्को, रणयुद्धमा दक्ष+चतुर, काकोदर+जयन्त। श्री कृष्णजीको पक्षमा—पूतना मारणमा दक्ष तथा काकोदर कालिय नागमा पनि दया गर्ने।

अभंग श्लेषः- "सेवक जन जदता हरन हरि" यो वाक्यमा पदको अभंग नगरी दुइ अर्थ हुन सक्छ। जस्तै कि हे हरी। सेवक जनको अज्ञान हर, हे सूर्य ! जाडो र अँध्यारो हर इत्यादि।

(२)। अर्थालंकार।

(१)॥ उपमालंकार॥ (Simile)

'With which some thing is compared' उपमान

र उपमेय To be compared अनि उपमा Comparision को पद ज्ञान भएपछि उपमालंकार जान्न सजिलो हुन्छ। उपमेय जस्लाई उपमा दिइन्छ, उपमान जस्को उपमा दिइन्छ। जस्तैः— हरि पद कोमल कमल सरी, यस वाक्यमा हरि पद उपमेय, कमल उपमान छ यसकारण उपमा अलंकार भयो।

( २ ) ।। रूपक अलंकार ।।

उपमेयमा उपमानको निषेध रहित आरोपलाई रूपक भन्दछन्। जस्तैः—

नभ सरोवरको विधु पुष्पको।
सरर झर्छ मयूख पराग यो ॥

नभरूपी सरोवरका शशी रूपी कमलको ज्योत्स्नारूपी सुमन रज झर्दछ। यो " रूपी " पद लाग्दा ठीक अर्थ निस्कने हुनाले उपमेय— नभ, विध, मयूखमा उपमान सरोवर, पुष्प, परागको निषेध रहित आरोप भयो र यो रूपकालंकार भयो।

[ ३ ] संदेहालंकार

कुनै वस्तुको विषयमा सादृश्य मूलक संदेह या संशय भयो भने संदेहालंकार हुन्छ। जस्तैः—

मेघबाट खसेकी यी, विजुली हुन् कि के अरु।
अथवा चाँपको माला, के होलान् अरु यी बरु॥

श्री जनक नंदिनी सीताजीलाई अशोक वाटिकामा देख्दा हनुमान्‌जीलाई चपला विजुली हुन् कि अथवा चंपक माला हुन् भन्ने संदेह हुन्छ। यसकारण यो संदेहालंकार भयो।

[ ४ ] अपन्हुति अलंकार

अपन्हुतिको अर्थ हो ढाक्नु या लुकाउनु। उपमेयलाई लुकाएर उपमानलाई देखाइने हुनाले यसलाई अपन्हुति अलंकार भन्दछन्। जस्तैः—

इन्द्रानी व्हेन हैं त्यो, त्रिभुवन नृपको कीर्तिको हो पताका।
व्हेनन् तारा झुल्का, सुमन पनित्रिने मम शाखा--लताका॥

व्हैनन् नी सूर्य हेर्छन् त्रिवुध रथ चढी देश हाम्रो बनेको ।
त्यो कालो चन्द्रमाको न भन पदक हो राम पट्टै मनेको ॥

शाद्धी आर्थी र तिनका पनि अनेक भेदले गर्दा अपन्हुहि धेरै किसिमका छन् ; तर यति याद गर्न सकेमा अरू अपन्हुति पनि भावले ताड्न सकिन्छ ।

[ ५ ] ॥ उत्प्रेक्षालंकार ॥

उत्प्रेक्षामा उपमेयमा उपमानको संभावना देखाइन्छ । जस्तैः—

प्रति प्रति लतिका औ, वृक्षको पास जाई ।
गुञ्जरित मधुपाली, के भनेको सुनाई ॥
सब तरु लतिका यी भाग्यमानी " यहीं हो ।
प्रतिदिन हरिजीको रासलीला यहीं थ्यो ॥

वृन्दावनमा गुञ्जने भ्रमरावलीको शब्दमा यो उत्प्रेक्षा गरियो कि मानो श्री कृष्णको लीलाभूमि बताइरहेका छन् । मानो [ मन्ये ] शब्द उत्प्रेक्षाको परिचायक हो ।

[ ६ ] व्यतिरेक अलंकार

उपमान भन्दा उपमेयलाई ठुलो तुल्याएमा व्यक्तिरेकालंकार हुन्छ । जस्तैः—

राधाको मुख चन्द्रझैं, भन्छन् यी मतिरंक
निष्कलंक मुख यो सधैं, उसमा प्रकट कलंक ॥

( ७ ] भ्रान्तिमान् अलंकार

यौटा वस्तुलाई भ्रमवश अर्को ठान्नुमा भ्रान्तिमान अलंकार हुन्छ । जस्तैः—

वास्ना साँचै आनि महकिलो केतकी स्वर्ण जस्तो ।
पद्मै ठानि चपल भमरो फस्न गो हाय कस्तो ॥
काँडाले प्वांख फाटे नज़र गुम भए फूलको राग पर्दा ।
जानै बस्नै नसकि भमरो आत्तियो भूल गर्दा ॥

[ अनूदित ]

केतकीलाई कमल ठानेर त्यसमा फस्नजानु चपल मधुपको भ्रान्ति भयो । अतः यो श्लोकमा भ्रान्तिमान् अलंकार पर्‍यो ।

### ( ८ ) दृष्टान्त अलंकार

दृष्ट–प्रत्यक्ष भएको वस्तुलाई लिएर अर्को अदृष्टको अन्त्य खोज्ने हुनाले यस अलंकारलाई दृष्टान्त अलंकार भन्दछन। उपमा र दृष्टान्तको तुलनात्मक अध्ययन गर्नु। दृष्टान्तको उदाहरण:—

अम्बोधि मन्थन सुरासुरले गरेथे।
पीयूष दान यस श्री हरिले लिएथे॥
गर्दा अनेक कविले रसको मथाई।
रामायणी रस दिए तुलसी पीयाई॥

यो श्लोकको पूर्वार्ध र उत्तरार्धमा बिम्ब प्रतिबिम्ब भाव परेको छ। यी दुइको समानता देखाइएकोले दृष्टान्त अलंकार भयो।

### ( ९ ) प्रतिवस्तुपमालंकार

प्रतिवस्तु माने उपमान र उपमेयको पृथक पृथक समान धर्मको शब्द भेद द्वारा बयान गर्नुलाई प्रतिवस्तूपमालंकार भन्दछन्।

वीरको मुखमा हासो हुन्छ दुःख परे पनि।
सुन टल्कन के छाड्थ्यो पीलिँदै ठोकिंदै भनी॥

यस श्लोकको पूर्वार्धमा उपमेय र उत्तरार्धमा उपमान वाक्य छ। दुवैको दुःख र पिटिनु भन्ने समान धर्म पनि देखाइएको छ। यसैकारण प्रतिवस्तूपमालंकार भयो।

### ( १० ) व्याजस्तुति अलंकार र व्याजनिन्दा अलंकार

व्याजको अर्थ छल हो। निन्दाबाट स्तुति र स्तुतिबाट निन्दा भएमा यो अलंकार पर्दछ। तलका उदाहरणबाट यो अलंकार स्पष्ट हुन्छन्। जस्तै:—

( क ) निन्दामा स्तुति—

गोपाल, पाउ पक्रेका, वोला दुध निकै भनी।
नदिने यो भयौ कृष्ण, आमाको दुध नै पनी॥

यौटा भक्त भगवान् श्री कृष्णसँग भन्दछन–गोपाल, गोठालाको संगत गरेर प्रशस्त दूध पिउँला भनेको त आमाको दूध पनि नपाइने भयो ए। अर्थात् कृष्णको चरण पक्रने मुक्त हुन्छ, मुक्त पुरूषको

जन्म हुँदैन, नजन्मे पछि दूध आमाको पनि कसरी खान पाउने र यसमा तिमी मोक्ष दिने हौ भन्ने स्तुति छ।

( ख ] स्तुतिमा निन्दा—

धन्य तिमी ठगी गरी होटलमा खाने।
काम केहि नगरेरै नेता हुन जाने ॥
नाक गयो कान गयो रित्तो भयो देश।
धन्य तिमी निख यसै बदल्दैछौ भेष ॥
नाक गयो कान गयो लाज के को छ र।
धन्य तिम्रो धैर्य सार्थी केको मान्थ्यौ डर ॥

॥ अरू अलंकारका नाम ॥

| | | | |
|---|---|---|---|
| १ अतिशयोक्ति | ५ पर्याय | ९ अप्रस्तुत प्रशंसा | १३ विधि |
| २ दीपक | ६ यथासंख्य | १० उल्लास | १४ प्रतिषेध |
| ३ स्मरण | ७ परिसंख्य | ११ तिरस्कार | १५ अनुमान |
| ४ उल्लेख | ८ परि करांकुर | १२ सामान्य | १६ हेतु |

सत्यमोहन जोशी

# तामाङ लोक गीतको एक झल्का

अंग्रेजहरूको बल–डान्सको झल्का दिने पूर्वाञ्चलका राई–लिम्बू–हरूको धान-नाच आदि लोक-नृत्य र लोकगीत, डचहरूको कन्ट्री-डान्सको समकक्षामा आउने पश्चिमाञ्चल नेपालका डोटेलहरूको 'रामखेल' र 'देउडा' लोक-नृत्य र लोक गीत, न्यूजिल्याण्डका आदिवासी माउरीहरूको लोक-नृत्य र लोक-गीतलाई बिर्साउने उत्तराञ्चल नेपालका ओलाङ्चुङे, मनाङे, मुस्ताङे लोक-नृत्य र लोक-गीत, दक्षीण भारतको 'कथाकलि' दाँजोमा आउने मध्याञ्चल नेपालको लेकाली गुरूंग-मगरका 'घाटुका' भाव-नृत्य, भावुक लोक-गीत, अनि उत्तर भारतकै विभिन्न नृत्य र गीतको हावभावमा मिल्ने दक्षीणाञ्चल नेपालका थरूवानी, दनुवारी, तेली—आदिका लोक-नृत्य र लोक-गीतलाई पनि हामीले चिन्ने र बुझ्ने हो भने, उत्थान र प्रचार गर्ने हो भने आजको नेपालको गण-गुंजको रूप र संस्कृतिलाई हामी परिष्कृत र उन्नत रूपमा देख्न सक्छौं। होइन भने, हामीले हामीलाई नचिनी हामीले हामीलाई नै होच्याउने बाटो सिवाय केही छैन। तर नेपालको सभ्य संस्कृति दर्शाउने हो भने यस क्षेत्रमा सरकारले बाटो पहिल्याउनै पर्दछ; जनताले त्यस बाटोमा हिंड्नै पर्दछ। अनि आजको रेडियो नेपाल आजैको जस्तो मात्र नगर हुँदैन, न आजको साहित्य समितिहरू उही परम्परामा मात्र गठित भइरहनु ठीक छ, न आजको सिनेमा–हललाई हिन्दुस्थानी र अंग्रेजी फिल्मले रङ्गाई राख्नु उचित छ।

उस बेला को [illegible] समय थियो जुन बेला हामीहरू अगाडि बढ्दै जानुको सट्टामा पछि-पछि हट्दै बस्नु पर्दथ्यो। हिउँचुलीमा घाम झुल्के पनि आँखा बन्द गरी बस्नु पर्दथ्यो; अनि नेपाली सभ्यता र

संस्कृतिका एकाध ठेकदारहरूले नै नेपाल र नेपाली माथि मनोमानी गरिरहेका थिए।

तर आजको परिवर्तन पछिको नेपालमा समयसँग हामीले दौड़धूप गर्नु परेको छ, कछुवाको चालले भए पनि। हामीलाई थाहा छ, एक खास जातिले मात्र नेपाल बनेको छैन। नेपालमा विभिन्न जातिहरू छन, अनि यी विभिन्न जातिहरूले नै नेपाललाई एक बनाएको छ, नेपाली राष्ट्रीयतालाई कायम गरेको छ। अनि नेपालको उक्त राष्ट्रीयताको निम्ति विभिन्न नेपाली जातिहरूमा समान र स्वतन्त्रता मूलभूत आधार हुने पर्दछ, यसैमा हामीहरू भोलिको नेपालको सुनौलो सपना देख्न सक्ने हुन्छौं।

अनि नेपालका विभिन्न जातिहरूमा उपत्यकाको दायाँ–बायाँमा (पूर्वतिर धेरै) एक तमाङ जातिको पनि बल्दो बस्ती छ। यो जातिलाई ठूलो मात्रामा हामीले पिछडिएको देखेका छौं। हुन पनि यो जातिको समाज अनौठो छ। यो जातिमा शिक्षा छैन, यो जाति विकसित छैन। राणा–शासनमा यो जातिका छोरीचेलीहरू दर्बारै नानी र सुसारे बने पनि यो जातिमा कुनै परिवर्तन भएन, न परिवर्तनको साधन नै उपलब्ध गराइ दिए। यो जाति पहिले जस्तो थियो आज पनि उस्तै छ।

तर यही जातिलाई राम्ररी निहालेर हेरेमा यही जातिले पनि नेपालको संस्कृतिमा आफ्नो देन दिएको छ। यो जातिका तामाङहरू-लाई नचिनीकन नेपाललाई चिन्न अलमलिनु पर्ला जस्तो हुन्छ। यसको मूल करण हो–यो जातिमा भएको लोक–साहित्यले गर्दा।

नेपाली लोक–साहित्य–क्षेत्रमा, प्रकृतिको काखमा हुर्केका तामाङ जातिका नरनारीहरूले जतिको प्रकृतिको चित्रण आफ्ना लोकगीतमा स्वभावतः गरेका छन, यसको तुलनामा अरू लोकगीत पाउनलाई हामीले अझ निकै अन्वेषणको कार्य चालू गर्न बाँकी नै छ जस्तो लाग्दछ।

उदाहरणको निम्ति तिमाल[1] देवी जात्रामा लाग्ने मानिस र आइमाइ मिलेर भोटे सेलोको लयमा गाउने एक युगल गानको लोक-गीतलाई लिउँ :—

ओसेँम् नो बा गेंकुङ गाङ
चुरेँम् नो बा महाभार गाङ
खोक्भाइ नो बा तिमोल गाङ
तिमाल : गाङ्ला नोमाइ थ्री
००० ००० ०००
सिल्कति दोङ्लेन मेल-गाडी दोङ
मेल-गाडी दोङ्ला तालेरी
सँपे पुखरी खिलडी बा
सोम दिङ नाङ्ला पुँ पुर
००० ००० ०००
ए न्याला मायाला दिल दो बा
पैतलो मुनि माहुँ छ
तेरो न मेरो जल माया
लुख्याउनलाई गाहुँ छ ।
०००

१. तिमाल पूर्व १ नं. दाप्चा पुगेपछि तामाङ जातिको बस्ती शुरु हुन्छ । तामाङहरूको ज्यादा बस्ती तिमाल डाँडामा छ । यसै डाँडामा तामाङहरूको बस्ती भएको बीसबाइस ओटा गाउँहरू छन । यी गाउँहरूमा मकै, कोदो, फापर आदिको खेतीको साथसाथै धान्ने कपासको खेती पनि रोसी खोला र कोसी-खोलाको गल्छीरमा प्रशस्त भएको देखिन्छ। तामाङ जाति ज्यादै परिश्रमी छन् । लोग्नेमानिसहरू काठ र फलेकको खूब व्यापार गर्दछन्। स्वास्नीमानिसहरू तान चलाएर खाडी र घरबुना बुन्दछन । तिमाले खाडीको नाउँ ज्यादै प्रचलित छ ।

यस लोकगीतमा यही भाव पोखिएको छ कि हाम्रो गाउँको पारीपट्टि अग्लो, राम्रो सैलुङ डाँडो छ, उस्तै वारीपट्टि लहरे माहाभारतको डाँडो छ; अनि यी सैलुङ र माहाभारतका डाँडाभन्दा अग्लो तिमालको डाँडो शोभायमान छ, जहाँ हाम्रो बस्ती पनि छ, जहाँ हाम्रो प्रेम अंकुरित भएको छ। पश्चिम महाकालीदेखि पूर्व मेचीसम्म जुन डाँडाको श्रेणी शृंखलाबद्ध भएको छ, त्यसलाई महाभारतको लेकले नामकरण भएको शायद तिमाले तामाङहरूको लोकगीतको आधारमा हुन सक्तछ, कारण 'महाभारत'को नाम उच्चारण गरिएको अर्को लोक-गीत हामी कम पाउँछौं"।

अनि अग्लो तिमाल डाँडाकै गाउँमा प्रकृतिले यसरी हरियाली छाइ दिएको छ कि सिमलको वृटाको फेदमा र पाङ्रा वृटाको फेदमा माया-प्रेमलाई एक गोठो पारी सर्पले चेह्री दिएको छ; तर तीन वर्ष बितिसक्यो प्रेमी र प्रेमीकालाई नजाने किन होला प्रेम-बिछोडमा पारि राखेको छ। प्रेमीका माइतमै बसेकी छ।

जीवनमा अनेक दुःख-सुख आइपरे; तर तीन वर्ष दिल--माया जिउँदै छ। प्रेमीले प्रेमीकालाई आफ्नो दील पोखेर माया गरेकै छ, त्यस्तै प्रेमीकालाई आफ्नो जल-माया सुम्पेकै छ, इत्यादि।

बिना साहित्यको भाषा बोल्ने अशिक्षित जातिमा पनि यसरी उच्च साहित्यका विचार धाराको उद्गार लोकगीतमा परम्परा भएर, सजीवतामा प्रवाहमय भएर बगिरहेको देख्ता लोक-गीतलाई एक उच्चस्थान नदिइकन हामीहरू बस्न सक्तैनौं। यही नेर नेपाली लोक-गीतले नेपालको संस्कृतिको पूर्णता झल्काउन खोज्दछ। अझ यो लोक-गीतको समन्वय भएको चाड-जात्राले, यो लोकगीतसँग उनिएर जाने लोक-नृत्यले, यो लोक-गीत गाउने प्रेमी र प्रेमीकाको रहन-सहनले, भाषा, लय, भेषा, तरजले, तालका वादन वस्तुले चोखो नेपालीपनाको विज्ञापन दिने कुरा बाँकी नै छ।

फेरि, हामीहरू तामाङ्के लोक-गीतको एकाध अरू उदाहरण लिएर हेरौं जसमा सहृदयता र भावुकताको गति लयदार भई झल्केका छन्।

झोरिला कामैं दोङला नाई
तोङलामा लिसो मिम्बा साई
हंगारि बिस्कुन साङ्मा भि
एल्बे सोंहिला माहिला थम
XXX XXX XXX
एलल्वे कान्छी माहिली झो
अचाई मुनी न्याई पाङला
सोंहिली झोर्छान् कान्छी झो
एल्व्हे झामे च्याङ्बा झो

—यस लोकगीतमा पनि यही भाव छिपेको छ कि प्रेमी र प्रेमीकाको बीचमा जुन प्रेम अंकुरित भएर फल्दो–फुल्दो हुने हो त्यसमा कतैबाट विघ्न–बाधा आइपर्‍यो भने प्रेममा विछोड पनि आइपर्दछ। जस्तो बोटमा अंकुरित, पल्लवित र पुष्पित भएर फल–फूल पाकि राखेको हुन्छ तर त्यस बेला भयङ्कर आँधी–ब्यारी र झरी आयो भने ती पाकेका फलफूल झर्न कुहिन बेर लाग्दैन।

रोसी र कोसी खोलाका गह्रामा रात–दिनको मेहनतले धानको खेती गरी दुइ-चार मुरी अन्न भित्र्याउँछन् अनि आँगनमा घाम लागेको दिनमा धान सुकाउँदा प्रेमीका अनजानमा लोक–गीत अलाप्छे जहाँ उसको प्रेमी पनि देखा पर्दछ। अनि सोंहिला, माहिला, कान्छी, माहिली इत्यादिको सम्बन्ध जोड्दै दोहरी गान पनि चल्दछ। यसै बेला सैलुङ र महाभारतका डाँडा–पखेरामा प्रतिध्वनित भएका लयदार लोक–गीत तिमालका वरिपरि गुञ्जिन थाल्दछन्। यसै लोक–गीतमा प्रेमीले प्रेमीकालाई र प्रेमीकाले प्रेमीलाई 'मेरो कुरा सुनि देऊन' भन्दै टुक्काका साथमा गेड़ा भिक्तै जान्छन्।

अझ यो लोक गीतका जन्मजात कलाकारहरू प्राकृतिक सौन्दर्यमा मुछिएर छायावादी कविसँ जस्तो हान्दै सांकेतिक भाषामा पनि गला फुटाउन थाल्छन् र अलमलिएको कुरालाई समाधान गर्न खोज्दछन् । जस्तै :—

रैकुर लेकानि महाभार् लेक
वन-कालिजले हान्यो वेग !
जस्तो त रैकुर लेकैमा
हिउँ पर्छ कि पर्दैन ?

×× ×× ××

भाउको माहिली माहिलीले
हाम्रो त मान्छे काले छ,
हाम्रो कालो सर्दैन
मन पर्छ कि पर्दैन ?

फेरि, कृषि–प्रधान देशका हट्टाकट्टा तिमाले खेतालाहरू प्रेम–मिलनको रसीलो बाटोबाट एकछिन मोडिएर मधुर–सुनौला सपनामा यसरी लोक-गीतको झन्कार संकारित गर्न थाल्दछ । जस्तै :—

राम-घेनु ला छु शिरलाक मो
म्हेले म्वैंबा राम लछु
सिरिमा लाक्मी फोम बोल बा !

—अर्थात् एउटै बाबुका कोखमा जन्म लिएका दुइ भाइ राम र लक्ष्मण संगसँगै खेतमा गोरू जोत्न थाल्दछन्; अनि उता लक्ष्मी हलो जोत्दै गएको खेतमा डल्ला फोर्दै जान्छे । राम-लक्ष्मणलाई उनेर गाएको लोक-गीत हामी अरू जातिका लोक-गीतमा पनि देख्तछौं, तर धार्मिक दृष्टिकोणबाट आदर्श पुरूष मानेर मात्र । यस तामाङे लोक-गीतमा भने राम, लक्ष्मण र लक्ष्मी (शायद सिता होलिन )लाई हली र खेताला बनाएर लोक-गीतमा उनिदिएका छन्, शायद् यो शुद्ध हृदयको विशुद्ध उद्गार र सरल कल्पना हुन सक्तछ ।

यी तिमाल डाँडाँको कवि र कवित्रीहरू केवल प्रेम-मिलनको मात्र गीत नगाई जीवनलाई अलि हलुँगो र चंगा बनाउन हिमालका चुचुरासम्म पनि पुग्दछन्। अनि डाँफे–चरीसंग उठ–बस गरी सुखमय जीवन बिताउन पनि आकांक्षा गर्दछन्। जस्तै :—

वनको चरी समाती लेऊ
पिँजरामा हालेर
चाहारा खुवाई गुनाउँला
XXX XXX XXX
बाबुको साहिला माहिलाले
एक छेउ बसी सुनौला।
XXX XXX XXX

अझ यी तिमालका तामाङ्के लोकगीतमा क्रमबद्ध वर्णनको शैली धारवाही भएर लोकसाहित्यमा उत्रेको नमूना पनि हामी देख्न सक्तछौं।
जस्तै :—

मिदिम थान वा काम सारी
याङ लाम बोल्थे नाम सारी
छेमी खान वा घेउलाम ग्रा !

—यसमा लोग्नेमानिसको संक्षिप्त परिचय दिइएको छ,—गाउँ उसको बोल्थे नाम सारी हो, पेशा उसको भीरमा गएर घाँस काट्ने र गाई–भैँसीलाई ख्वाउने हो।

च्यानम गोदे थुमगा छे
चरन न्याम्ना मालबाटार
पानी–घाट न्योम्ना कोन दर्स्यू।

—यसमा गोठको वर्णन छ। थुमगा छे भन्ने गोठ हो, मालबाटार भनेको गाई वस्तुको चरन हो, अनि पानीघाट चाँहि कोन दर्स्यू।

दुम्जाला मायौं साँभोलामे
महादेव पखाँली थुम्बाला
दरसन लामा रामरो भौ

—यसमा दुम्जा गाउँको पर्खालमा उत्पत्ति भएका महादेव-दर्शनको वर्णन छ।

लुंसु घाट्ला दयावासि
चोगाम् वाल्चा वाडाना
चुने लावां गुर्मुला
यो मान दाला मुन खानन्
चौ'री स्योम् निन् खार्गी स्यो !

—यसमा तिमाले दर्शन–शास्त्र घुसाइएको छ। मानिसको शरीर परिवर्तनशील भई अनित्य छ। उसलाई बाँचे पनि मरे पनि भव–सागर पार गराइदिने 'माझी'को अवश्यक पर्दछ। यसैले सपनामा पनि 'माझी'लाई भव–सागर तारि देऊ भनी पुकारा गर्दछ।

असार मैन्हा रोपाइंला
मंसीर मैन्हा दाइंला वा
XXX XXX XXX
गोवांवा मीला पलमान दुवार
पलुङ्गालो नाम छाठा सेभिन मान्

—यसमा असार मैन्हामा रोपाइँ गरी मंसीर मैन्हामा धान काटेर दाइँ गर्ने कृषक जीवनको चित्र दर्शाइएको छ।

कानचुर येरो काल पानी
क्यासैमा क्यार क्यार निमानी
खर्दर पाटी मेदां गोठ
दाम्चो येरो देमज्या वा

—यसमा तिमालबाट नेपाल आउने बाटोको वर्णन र दोपचा गाउँको वर्णन रोचक भावमा भएको छ।

अनि आखिरमा आएर तिमाल डाँडाका तामाङहरूमा पनि प्रेम-जीवनकै चोखो छाप पर्न आएको देखिन्छ, जुन कि विभिन्न

जातिका लोकगीतको एक मूल आधार हो। यसैले यो लोकगीतले तिमाल गाउँलाई यसरी चन्काउँछ।

यही हो तामाङ लोकगीतको एक झल्का। यस्तै लोकगीतका झल्काहरू नेपालका विभिन्न जातिहरूमा हामी पाउन सक्तछौं। अनि यस्तै लोकगीतको खोजी-नीतिमा पनि हामीले लाग्नु परेको छ। यस्तै लोकगीतको उत्थान र प्रचारबाट लोकसाहित्यको जग बसाली हामीले उच्च र उन्नत साहित्यको पनि सिर्जना गर्न परेको छ। यसैमा नेपाल र नेपालीको गौरव गर्ने कुरो छ।

—꧁—꧁—꧁—

खलील जिब्रान

# स्वदेशी बन्धु !

मेरा देशबन्धु तिमी के खोज्दछौ ?
तिम्रो इच्छा के छ ?—
के म अर्थरहित शब्दजालले भव्य भवन बनाऊँ,
कि स्वप्नका छाना भएका मन्दिरहरू ?
अथवा तिमी मलाई आदेश दिन्छौ
कि म फटाहा र अत्याचारीले बनाएको जग्गै भत्काइ दिउं ?
तिमी आफ्ना बौलट्ठी इच्छा भन !
मेरा देशबन्धु, तिमी सबाट के गराउन चाहन्छौ ?
के म तिम्रो सन्तोषको निमित्त बिरालोलेझैं म्याउ गरूं ?
अथवा आफ्नै आनन्दकालागि सिंह–गर्जन गरूँ ?
मैले तिम्रालागि गीत गाएँ, तर तिमी नाचेनौ !
मैले तिम्रालागि आँसु बहाएँ, तर तिमी रोएनौ !
के अब म एकै समय हाँसु-रोउँ !
तिम्रा आत्मा भोकको ज्वालामा छटपटाइरहेका छन,
र पनि ज्ञानका फल यस उपलकाका दर्शनहुंगाभन्दा धेर छन्।
तिम्रा मुटु तिर्खाले सुकेर झर्न थालेका छन,
र पनि, तिम्रा बासको छेउमै जीवन--स्रोत बगिरहेको छ !
तिमी किन तिर्खा मेट्दैनौ !
समुद्रमा ज्वारभाटा र
चन्द्रमामा पूर्णता र वक्रता आउँछ नै,
हरेक युगको आफ्नो हिउँद र वर्षा पनि हुन्छ,
तथा पृथ्वी र आकाशको मध्यमा विचरण गर्ने नजम्मेको
—देवताको छायाझैं

प्रत्येक वस्तु पृथक् पनि हुन्छ, हुन्छ ।
तर न सत्य बद्लिन सक्तछ न बिर्सिइन ?
अनि, तिमी किन यसको आकृति कुरूप पार्न खोज्दछौ ।
रात्रिको शान्तिमा तिमीलाई डाकेर
मैले चन्द्रमाको गौरव र ताराहरूको प्रतिष्ठा दर्शाउन खोजें,
तर तिमी आफ्नो तन्द्राबाट झस्केर बिउभयौ
र भयले तरवार समाल्यौ—अनि चिच्यायौ—
खै शत्रु खै, पहिले शत्रुलाई नै सिध्याऔं ?
र बिहानी पख जब साँचीनै शत्रु आएको थियो,
मैले फेरि तिमीलाई डाकें,
तर तिमी प्रगाढ निद्राबाट बिउँझेनौ,
तिमी भयमा गुजुल्टिएका थियौ र आफ्ना सपनाका इन्द्रेनी—
—जुलूसमा व्यस्त थियौ ।
मैले तिमीलाई भने—" आऊ पर्वत शिखरमा चढी
हामी विश्वको सौन्दर्य हेरौं । "
र तिमीले प्रत्युत्तरमा भनेथ्यौ—
" यसै उपत्यकाको गम्भीरतामा हाम्रा वंशज हुर्के,
यसैका छायामा मरे र यसैको माटोमा बिलाए ।
अब उनले अरूको लोभमा नत्यागेको यस भूमिलाई
हामी कसरी त्यागौं ? "
मैले तिमीलाई भने—" आऊ,
सागरलाई सौन्दर्य दिने समथरमा जाऔं । "
र तिमीले कातरतासाथ मलाई भन्यौ—
" पातालको हलचलले हाम्रो आत्मा तर्सिने छ,
र गहिराइको त्रासले हाम्रो तन निर्जीव हुने छ । "
मेरा देशबन्धु, मैले तिमीलाई प्रेम गरें,
तर मेरो प्रेम मेरो निमीत्त दुःखदायी र तिम्रालागि व्यर्थ भयो ।

र आज, म तिमीलाई घृणा गर्दछु;
र घृणा त यस्तो भेल हो जसले शुष्क हाँगा र
जर्जर घर बगाएर लैजान्छ !
मेरा देशबन्धु, तिम्रो निर्बलतामा मैले दया गरेँ,
तर मेरो दयाले तिम्रो निर्बलता मात्र बढायो
र जीवनको निमित्त व्यर्थ तिम्रो अल्छीपानालाई हुर्कायो ।
र आज, तिम्रा अस्थिरता देखेर मेरो आत्मा
तिमीलाई बचाउँदैन र तिमीदेखि डराउँछ ।
तिम्रा तिरस्कार एवं आत्म–समर्पणमा म रोएँ,
र मेरो आँसु हिमकणमा परिवर्तित भए,
तर तिम्रा दुम्सिएका निर्बलतालाई तिनले निर्मल पार्न सकेनन
बरु स्वयं मेरो दृष्टिको पर्दा बनाइदिए ।
मेरो आँसु तिम्रो ढुंगे-मुटुमा पुगेनन,
तर तिनले मेरो अन्तरात्माको अन्धकार पखालिदिए ।
आज म तिम्रा कण्ठपर खिस्सी गरिरहेको छु,
कारण हाँसो नै त हुरीको अगुवा हुंकार हो:
यो पछाडि कदापि आउँदैन ।
मेरा देशबन्धु, तिम्रो अभिलाषा के छ ?
तिम्रो इच्छा के छ ? कि यस निश्चल जल–तलमा
तिम्रो आकृतिको भूत दर्शाउँ : ?
आउ,ल, अब हेर कि तिमी कति कुरूप छौ ?
नियाल र चिन्तन गर !
भयले तिम्रा केश पिलिसएर सेता भइसके
तिम्रा आँखा त झुरिसके,
र ती अब खोका प्वाल मात्र छन,
कातरताले स्पर्श गरेका तिम्रा गाला उपत्यकाका काला
खाडल जस्ता देखिन्छन,
र तिम्रा ओठलाई मृत्युले चुम्बन गरेर शिशिरको पातझैं

पहेलो पारिसक्यो ।
मेरा देशबन्धु, तिमीले खोजेको कुरा के हो ?
तिमीलाई आफना सन्तान नठानेर
परित्याग गरिसकेको जीवनबाट तिमी के माग्दछौ ?
तिम्रा आत्मा त धर्माचार्य एवं टुनामोहनी गर्नेका पन्जामा कठाँग्रीसके,
र तिम्रा शरीर निरंकुश एवं रक्तपातीका नङ्ग्रामा जकडिएका छन,
तिम्रो देश विजयी शत्रुको पाइतालामुनि काँपिरहेको छ,
यसबेला,
त्यानो घाममा सगर्व उभिएर पनि तिमी के गर्नसक्तछौ ?
तिम्रा तरबार खियाका म्यानमा छन्
तिम्रा भाला भाँचिएका र ढाल धूजापाती छन् ।
अनि किन तिमी रणसंग्राममा उभिन्छौ ?
आडम्बर तिम्रो धर्म,
मिथ्या तिम्रो जीवन,
र शून्यता तिम्रो अन्त हो।
तब किन तिमी बाँचेका छौ ?
के मृत्यु दयनीयहरूको एक मात्र सम्बल होइन र ?
जीवन त
जवानीको सहगामी संकल्प,
प्रौढ़ताको परिश्रम र बृद्धावस्थाको बुद्धि हो ।
तर तिमी, मेरा देशबन्धु,
तिमी त बृद्ध र निर्बल नै जन्म्यौ।
तिम्रा तन जर्जर र शीर निहुरिएका थिए;
यत्तिमा पनि तिमीले बाल्यावस्था अँगाल्यौ,
र धापमा दगुरी आपसमा ढुंगा हान्नथाल्यौ ।
ज्ञान त जीवनको तप्ततालाई उज्ज्वल पार्ने किरण हो,
-----र सबै इच्छुक यसको उपभोग गर्न सक्तछन्-----
तर तिमी, मेरा देशबन्धु, अन्धकार खोजेर प्रकाशबाट भाग्दछौ,

तिमी पर्खन्छौ कि ढुंगा पग्लेर बग्न थालोस् ।
तिम्रो देशको दुरावस्था तिम्रै अपराध हो……
म तिम्रा पापलाई क्षमा गर्दिन
कारण तिमीलाई आफूले गरेका कुराको ज्ञान छ ।
मनुष्यता त पर्वत-निधि समुद्र-गर्भमा डोऱ्याउने
एउटी गीतमय सरिता हो,
तर तिमी, मेरा देशबन्धु,
तिमी त विषालु सर्प एवं किटयुक्त
निस्पन्द गतिहीन धाप हौ ।
आत्मा एउटा यस्तो पवित्र नीलो प्रकाश-पुन्ज हो,
जो सुख्खा भारपात निरन्तर बालि रहन्छ,
जो हुरीसँगै चढ्केर देवीहरूको मुहारलाई उज्ज्वल पारिरहन्छ ।
तर, तिमी, मेरा देशबन्धु,
तिम्रा आत्मा त हावाले उडाएर हिउँमा फिँजारेको खरानी जस्तो छ
जस्लाई बवन्डरले उपत्यकामा सदाकोलागि भन छरिदिने छ ।
आह, मृत्युको मायारूपलाई देखेर नतर्स,
मेरा देशबन्धु,
उसको महानता र करूणाले तिम्रो तुच्छता छुनलाई नै अस्वीकार गर्ने छ ।
तिमी छुरादेखि पनि भयभित नहोऊ,
उ पनि तिम्रो खोक्रो मुटुमा घुस्नलाई स्वीकार गर्ने छैन ।
म तिमीलाई घृणा गर्दछु,
मेरा देशबन्धु,
कारण तिमी गौरव एवं महानता रूचाउँदैनौ ।
म तिम्रो शत्रु हूं,
कारण तिमी बुभनलाई समेत अस्वीकार गर्दछौ कि
तिमी देवीहरूका शत्रु हौ ।

[ अनुवादकः— शंकर गार्गेय ]

रवीन्द्रनाथ ठाकुर

# साहित्य

उपनिषद्‌ले ब्रह्मको स्वरूपलाई तीन भागमा विभक्त गरेको छ : 'सत्यम्,' 'ज्ञानम्,' र 'अनन्तम्'। चिरन्तनका यी तीन रूपहरूको अनुसार मानव आत्माको पनि निश्चय नै तीन रूप छन्। यी तीन रूपहरूमध्ये एउटा हो 'म हुँ', दोस्रो हो 'म जान्दछु', र यी दुइ रूपको साथसाथै एउटा अर्को कुरा छ जसको यहाँ हामीले चर्चा गर्नु छ, र त्यो हो 'म व्यक्त गर्दछु'। अंग्रेजीमा भन्नु पर्‍यो भने हामी यसलाई I am, I Know, I express, भन्दछौं। मनुष्यका यी नै तीन दिशा हुन्, र यी तीन ओटालाई लिएर एक अखण्ड सत्य बनेको छ। सत्यको यही तीन भावले हामीलाई प्रतिक्षण विभिन्न कार्यहरू र प्रवर्तनहरूका लागि प्रेरित गर्दछन्। हामीले बाँच्नु छ, यस निम्ति हामीलाई गाँस, बास, कपास र स्वास्थ्य चाहिन्छ। यसकोलागि नै नाना प्रकारको सग्रह, संरक्षण र गठनु-कार्य भएका छन्। 'म हूँ' यस सत्यको यही भावले नै मनुष्यबाट नाना प्रकारको कार्य गराउँद छ। अनि 'म जान्दछु'को प्रेरणा पनि कुनैभन्दा कम छैन। यो 'जान्नु'को आयोजन अत्यन्त नै विराट् छ र त्यो आयोजन क्रमशः बढ्दै नै जान्छ। यसको मूल्य पनि मनुष्यको लागि ज्यादै नै ठूलो छ। मानव-सत्यको अर्को पनि एउटा दिशा छ र त्यो हो 'म व्यक्त गर्दछु'। 'म हूँ' यो भाव ब्रह्मको सत्य-स्वरूपको अन्तर्गत छ, 'म जान्दछु' ब्रह्मको ज्ञान-स्वरूपको अन्तर्गत छ, र 'म व्यक्त गर्दछु' चाहिँ ब्रह्मको अनन्त-स्वरूपको अन्तर्गत छ।

'म हूँ' यस सत्यको रक्षा गर्नु जसरी मनुष्यको आत्मरक्षामा शामेल भएको छ, त्यसरी नै 'म जान्दछु'को रक्षा गर्नु पनि आत्मरक्षा

नै हो; किनभने मनुष्यको स्वरूप ज्ञान–स्वरूप हो। यसनिम्ति, मनुष्यले कस्तो र के खाएर तागत लाग्दछ। यतिमात्र जान्नु पर्दछ भन्ने कुरा होइन। मनुष्यले आफ्नो ज्ञान–स्वरूपको प्रयोजनले गर्दा रात–दिन परिश्रम गरेर मङ्गल ग्रहमा देखिने त्यो टाटो के हो? त्यसलाई पनि जान्नु–बुझ्नु पर्दछ। यस कुराको खोजीमा सम्भव छ, उसको दैनिक जीवन झंझटमा परोस् तैपनि उसले त्यो कुरालाई बुझ्नै पर्दछ। अतएव, मनुष्यकालागि आफ्नै उसको ज्ञानमय प्रकृतिसँग सङ्गति राखेर ज्ञान–विज्ञानलाई जान्नु नै साँच्चिकै जान्नु हो, आफ्नो प्राणमय प्रकृतिसँग एकान्त रूपबाट संयुक्त भएर जान्नु वास्तविक जान्नु होइन।

'म हूँ' र 'मैले बाँच्नु छ'—यो ज्ञान जब आफ्नो संकीर्ण परिधिमा बस्दछ तब आत्मरक्षा र वंशरक्षाले केवल हाम्रो 'अहं'लाई समाप्ति रहन्छ। तर जुन हद्सम्म मनुष्य 'अरूको स्थितिमा नै मेरो स्थिति छ' भन्दछ त्यस हद्सम्म नै आफ्नो जीवनमा उ अनन्तको परिचय दिन्छ, र त्यसै हद्सम्म 'म हूँ' र 'अन्य सबै हुन्'—यस स्थितिका बीचको पर्खाल पनि टाढा हुन जान्छ। अरूसँग आफ्नो एकत्व–बोधको जुन महात्म्य प्रकट हुन्छ त्यो आत्माको ऐश्वर्य हो। त्यही मिलनको प्रेरणाले मनुष्य आफूलाई किसिम–किसिमबाट व्यक्त गर्दछ। जहाँ मनुष्य एक्लो छ त्यहाँ उसको प्रकाश हुँदैन। आफ्नो अस्तित्व कायम राख्ने असीमता-बोधलाई, अर्थात् अरूहरूको अस्तित्व (स्थिति)मा आफ्नो अस्तित्वको अनुभूतिलाई मनुष्य आफ्नो तुच्छ दैनिक व्यवहारमा लुकाएर राख्न सक्तैन। यस्तो दशामा त्यो महाजीवनको प्रयोजन-सिद्धिकालागि उ नाना प्रकारका सेवा र त्यागमा प्रवृत्त हुन्छ; अनि त्यस महाजीवनको आनन्दलाई–आवेगलाई अनेक किसिमका साहित्यहरूमा, भास्कर्यमा, स्थापत्यमा, चित्रहरूमा र गीतहरूमा व्यक्त गर्दछ।

मैले पहिले नै भनिसकेको छु, 'केवल आफूलाई मात्र टिकाउने व्यापारमा पनि ज्ञानको प्रयोजन हुन्छ। तर, त्यस ज्ञानमा दीप्ति

हुँदैन । ज्ञानको राज्यमा जहाँ असीमको प्रेरणा हुन्छ त्यहाँ मनुष्यमा शिक्षाको कैयौँ उद्योग, कति पाठशालाहरू, कैयौँ विश्वविद्यालय, कति विक्षण, कति परिक्षण, कैयौँ आविष्कार, र कैयौँ उद्भावनाहरू हुन्छन्, कुनै ठीक छ! त्यहाँ मनुष्यको ज्ञान सर्वजनीन र सर्वकालीन भएर मानवात्माको सर्वत्र प्रवेशाधिकारको घोषणा गर्दछ । यस अधिकारको विचित्र आयोजन विज्ञानमा, दर्शनमा विस्तृत भइरहन्छ, तर, उसको विशुद्ध आनन्द–रस नाना रचनाहरूमा–साहित्यमा र कलामा प्रस्फुटित हुन्छ ।

हमी देख्तछौँ कि पशुहरूमा जस्तै मनुष्यमा पनि जसरी आफूलाई टिकाइ राख्ने इच्छा प्रबल छ, पशुहरूकै समान मनुष्यमा पनि जसरी प्रयोजनीय ज्ञानको कौतूहल सदा सचेष्ट छ, ठीक त्यसैगरी मनुष्यमा एउटा अर्को कुरा पनि छ र जुन कुरा पशुहरूमा पाइँदैन,—त्यसले मनुष्यलाई आफू मात्र जीवित रहने क्षुद्र सीमामा कैद गर्दैन, बरू त्यसको बाहिर ल्याउँदछ । यही मनुष्यको प्रकाशतत्व हो ।

यो प्रकाश ऐश्वर्य हो । जहाँ मनुष्य दीन छ त्यहाँ प्रकाश हुँदैन, त्यहाँ त उसले जे–जसो ल्याउँद छ त्यही खान्छ । जसलाई म स्वयं नै सम्पूर्ण शोषण गरेर निःशेष पार्न सक्तिन त्यसमा नै प्रकाश छ । फलाम तात्दा–तात्दा जबसम्म दीप्त ताप सम्म पुग्दैन तबसम्म त्यसमा प्रकाश आउँदैन । तापको ऐश्वर्य हो उज्यालो । मनुष्यका जो–सब भाव आफ्नै आवश्यकहरूमा भुक्त हुँदैनन्, जसको प्राचुर्यलाई उ स्वयं आफूमा बटुलेर राख्न सक्तैन, जो स्वभावतः नै दीप्यमान छ, त्यसैबाट मनुष्यको प्रकाशको उत्सव हुन्छ । रूपिज्ञामा त्यो ऐश्वर्य कहाँ छ ? जहाँ त्यसले मेरा एकान्त आवश्यकताहरूलाई पार गरेर जान्छ, जहाँ त्यो मेरो खल्तीमा लुकेर बस्दैन, जहाँ त्यसको समस्त रश्मिहरू मेरै कृष्णवर्ण 'अहं' द्वारा सम्पूर्ण रूपबाट शोषित हुँदैन, त्यही त्यसमा अशेषको आविर्भाव हुन्छ; र त्यो अशेष नै नाना रूपमा प्रकाशमान छ । त्यो प्रकाशको प्रकृति नै यस्तो छ कि हामी सबै त्यसकालागि भन्न सक्तछौँ,

'यो त मेरै हो।' त्यसले जब अशेषलाई अङ्गीकार गर्दछ त्यसै बखत ऊ व्यक्ति–विशेषको भोग्यताको मलिन सम्बन्धबाट मुक्त हुन्छ। अशेषको प्रसाददेखि वञ्चित त्यो विशेष–भोग्य रूपिञाको वर्बरताबाट वसुन्धरा आज पीडित भइरहेकी छन्। दैन्यभन्दा ठूलो अरू कुनै भार छैन। रूपिञा जब दरिद्रताको वाहक हुन्छ तब त्यसका पाङ्ग्राको मुनि नजाने कैयौँ मनुष्य पिँधिएर धूलोमा मिल्दछन्। यही दैन्यको नाम प्रताप हो, प्रकाश होइन, यो केवल दाह मात्र हो, र यो जसको छ त्यसैको मात्र छ, यसनिम्ति यसको अनुभव गर्न सकिन्छ, तर स्वीकार गर्न सकिन्न। निखिलको यो स्वीकार गर्नुलाई नै प्रकाश भन्दछन्।

यो प्रतापको रक्त–पङ्किल अपवित्र स्पर्शलाई प्रकृति आफ्नो श्यामल अमृतधाराले पुछ–पाछ गरिदिन्छिन। पुष्प 'सृष्टिको अन्तपुर' बाट सौन्दर्यका शाखा सजाएर ल्याउँदछन् र प्रतापका कलुषित पदचिन्हहरूका लज्जाले बार–बार ढाकिइन्छन्। तिनीहरूले हामीलाई थाहा दिइरहन्छन कि "हामी साना छौँ, हामी कोमल छौँ, तर हामी नै चिरकालिक छौँ; किनभने हामीलाई सबैले वरण गरेका छन्। अनि त्यो जो उद्यत–मुष्टि विभीषिका छ, जो ढुङ्गामाथि ढुङ्गा राख्तै आफ्नो किल्लालाई अभ्रभेदी बनाउँदै गइरहेको छ त्यो केही पनि होइन, किनभने स्वयं आफूसिवाय अरू कसैले त्यसलाई स्वीकार गरिरहेको छैन,—माधवी वितानको सुन्दरी छाया पनि त्यो भन्दा अधिक सत्य छ।"

यो जुन ताजमहल छ, यस्तो सुन्दर ताजमहल,—यसको कारण हो शाहजहाँको हृदयको प्रेम। उनको विरह–वेदनाको आनन्दले अनन्तलाई स्पर्श गरेको थियो। आफ्नो सिंहासनलाई शाहजँहाले जुन सुकै स्तरमा राखेका हुन, तर ताजमहललाई उनले आफूबाट मुक्त गरेर गएका छन्। यसमा 'आफ्नो र अर्काको' केही पनि छैन, त्यो त अनन्तको वेदी हो। शाहजँहाको प्रतापले दस्युवृत्ति गर्दा आएको लूटको धन जति सुकै धेरै किन नहोओस्, त्यसले शाहजहाँकै थैलीको पेटसम्म भर्न सकेन, यसैबाट त्यो मृत्युको अन्धकार विलीन भयो। अनि, उनको

चित्तमा परिपूर्णताको उपलब्धिको उद्भव हुने बित्तिकै उनले त्यस दैववाणीलाई आफ्नो भँडारमा, आफ्नो राज्यमा र साम्राज्यको विपुल विस्तारमा कहीँ पनि बाँधेर राख्न सकेनन्। अनि त उनले सर्वजन र सर्वकालको हातमा समर्पण गर्नु सिवाय अर्को कुनै उपाय पाएनन्। यसैलाई भन्दछन् प्रकाश हाम्रो देशमा जे-जति मङ्गल अनुष्ठान हुन्छन्, ती सबैमा ग्रहण गरिने मन्त्र हो 'ॐ'-अर्थात् 'हो'। ताजमहल त्यही नित्य-उच्चारित 'ॐ' मन्त्र हो; निखिलको सनातन मूर्तिमान ग्रहण मन्त्र। शाहजहाँको सिंहासनबाट त्यो मन्त्र पढिएको थिएन। परिणाम के भयो भने कुनै बखतमा उनको शक्ति जति सुकै महान् भएको भए तापनि, आखिरमा उनी स्वयं 'नास्ति' भएर नजाने कहाँ विलुप्त हुन पुगे। यसरी नजाने कैयौँ ठूल-ठूला नामधारी 'नास्ति'को दल आफ्नो गर्वित दर्प लिएर विलुप्तीतिर गइरहेका छन्, तोपको गर्जन र बन्दीहरूका नेल र हत्कडीको झन्कारले तिनीहरूको कान बहिरो भएको छ,—तर यी सबै माया हुन्, आफ्नै मृत्युको नैवेद्य लिएर तिनीहरू कालरात्रि-पारावारको कालीघाटतिर गइरहेका छन्। तर, ती शाहजहाँकी कन्या जहाँनाराको एउटा क्रन्दनको गीत? त्यसमात हामीले भनेका छौँ, 'ॐ'।

तर, के हामी आफूले दान गर्न खोज्ने बित्तिकै दान गर्न सक्तछौं? यदि हामीले 'तुभ्यमहं सम्प्रददे' भन्ने बित्तिकै उ आएर हात पसारि हाल्छ त? नित्यकाल र निखिल विश्व त यही भन्द छ कि 'यदेतत् हृदयं मम'-सँगसँगै तिम्रो सम्प्रदानको मेल हुनु पर्दछ। तिम्रो 'अनन्तम्'ले जेदिन्छ म त्यसैलाई स्वीकार गर्दछु। मेघदूतलाई जो उसले स्वीकार गरेको छ त्यो उज्जयिनीको आफ्नो सम्पत्ति होइन, विक्रमादित्यका सिपाही-सैनिकले पहरा दिएर त्यसलाई उनको अन्तःपुरको हंसपादिकाहरूको इलाकामा रोकेर राख्न सकेका थिएनन्। विद्वानहरू आपसमा 'मेघदूत' ईसाभन्दा पचास वर्ष अघिको र पचास वर्ष पछिको रचना हो भनी वादविवाद गरिनै रहुन्, तैपनि 'मेघदूत'को अङ्ग-अङ्गमा सबै समयको छाप लागेको छ। आलोचकहरू यो रचना छिप्रा नदीको तटमा भएको थियो कि गङ्गाजीको किनारमा भनी विवाद

गर्दै रहुन, तर मन्दाक्रान्ता छन्दमा पूर्व–पश्चिम वाहिनी सम्पूर्ण नदीहरूको कलकल रव मुखरित भएको छ। अर्कोतिर यस्ता रचनाहरू पनि खचाखच भरिएका छन् जसका अनुप्रासका छटाको झिलिक–मिलिकले सभाका हजारौँ मान्छेलाई विमुग्ध पारेको छ; यस्ता रचनाको विशुद्ध स्वादेशिकता देखि हामी कति नै उत्तेजित किन नहोउँ, तर ती कृतिहरूको देश र काल सीमित छ। सबै देश र सबै कालकालागि नभएकाले ती कृतिको दशा त्यस कुलीन कुमारी केटीको समान छ जो आफ्नो व्यर्थ कुल–गौरव कदली–वृक्षलाई समर्पित गरी निःसन्तान भएरै इहलीला समाप्त गर्दछे।

जहाँ उपनिषद्ले ब्रह्मको स्वरूप 'अनन्तम्' हो भनेको छ; त्यहाँ ब्रह्मको प्रकाशको बारेमा के भनेको छ? भनिएको छ, '<u>आनन्द-रूपममृतं यद्विभाति</u>।' यही नै हाम्रो मूल कुरा हो। सारा संसार नै यदि भयालखान हुँदो हो त सबै सिपाही मिलेर राजदण्डले खूब धक्का दिएर पनि हामीलाई त्यहाँबाट हटाउन सक्नैनथे। अनि हामी हड्ताल गरेर बस्दथ्यौँ र भन्थ्यौँ, 'अब हाम्रो खानुपिउनु बन्द।' तर यहाँ हामी स्पष्ट देख्तछौँ कि " चारैतिर                    छ भन्ने कुरा होइन, अरू पनि केही छ।

मेरो हृदय बराबर मुग्ध हुने गर्दछ। यसको के आवश्यक? ……जुन मजदूरहरू कडा मेहनत गर्दछन् तिनीहरू ज्याला पाउदछन्, तर उनीहरूको हृदयकालागि कसैको पनि कपाल दुख्तैन। मिल मजासँग चलि नै रहन्छ। मिल मालिक जो एकको चार बनाउँदछन्, तिनीहरू ती मजदूरहरूको मनोहरणकालागि एक पैसाको पनि फजूल खर्च गर्दैनन्। तर यस संसारमा यो मनोहरणको आयोजनको कुनै अन्त छैन। अर्थात् हामी देख्तछौँ कि यो ( महज ) केवल बोपदेवको व्याकरणका रूखा सूत्रहरूका जाल होइन, यो त काव्य हो! मतलब के हो भने <u>व्याकरण त दासी समान पछाडि छ</u>। <u>रसको लक्ष्मी अगाडि खडा छन्</u>। तब के यसको प्रकाशमा दण्डीको दण्ड मात्र छ, अथवा कविको आनन्द पनि?

यो जुन सूर्योदय र सूर्यास्त छ, आकाश र धरतीको बीचोबीच यो जुन आनन्दको प्लावन छ, यसमा त कुनै जबरदस्त पालेको तकमाको चिह्न हेर्न पाइन्न। अवश्य नै भोकको पनि एक तागिता हुन्छ, तर त्यो तागिता त सफासँग 'नास्ति'को छाप लागेको चीज हो। 'हो' पनि छ भोक मेटाउने त्यस फलमा, रसना जसलाई आग्रहकासाथ आत्मीय मानेर अभ्यर्थना गरी ग्रहण गर्दछ। अनि त फेरि कसलाई अगाड़ि र कसलाई पछाडि हेरूँ? व्याकरणलाई कि काव्यलाई? भोजनशालालाई अथवा भोजनको निमन्त्रणलाई? गृहकर्ताको उद्देश्य केमा प्रकट हुन्छ, जहाँ हामी निमन्त्रण पत्र हातमा लिएर दौड्दै आउछौँ त्यहाँ हेरूँ अथवा हाम्रालागि आसन ओछ्याइएको ठाउँमा? सृष्टि र सिर्जना एउटै कुरा हो। सिर्जनकर्ताले परिपूर्णरूपबाट आफूलाई विसर्जन गरिदिएको छ, बाँडि दिएको छ, यसैसँग हाम्रो जिउ जोडिएको छ; त्यसैले हामी भन्दछौँ, 'ओहः ज्यान बाँच्यो।'

'शुक्लपक्षको आकाश चाँदनीले पूर्ण भएको छ,—यो आश्चर्य जनक समाचारलाई तबसम्म त हामी बिर्सिरहन सक्तछौँ जबसम्म बैठकमा चलेको वादविवादमा मस्त रहन्छौँ, तर रातको दश बजे जब त्यो खुला मैदानको अगाडिबाट घर फर्कन्छौँ तब हाम्रो गहिरो चिन्ताहरूलाई चिरेर जुन प्रकाश हाम्रो मनको आँगनमा आएर तब उभिँदा त्यसलाई देखेर हामी के भन्दछौँ? हामी 'आदन्द रूपममृतं यद्विभाति' भन्दछौँ। यो जुन् 'यत्' छ, 'आनन्द' रूपमा जसको प्रकाश छ त्यो कस्तो र के वस्तु हो? के त्यो शक्ति-वस्तु हो?

भान्छा घरमा शक्तिको प्रकाश लुकेको छ। तर भोजनको थालमा के त्यस शक्तिको प्रकाश छ? मुगल सम्राटले आफ्नो शक्तिलाई प्रकाश गर्न खोजेका थिए। तर त्यस विपूल काठ-फूसको प्रकाशलाई कहीँ भन्छन् र? उसको त्यो मूर्ति कहाँ गयो? औरङ्गजेबका कैयौँ आधुनिक औतारहरूले पनि रगतका रेकाहरूमा शक्तिका प्रकाशको ज्यादै-विपुल आयोजन गरेको छ। तर, जो 'आविः' छन्, जो

प्रकाश स्वरूप छन्, आनन्दरूपमा जो व्यक्त भइरहेका छन्, तिनीहरूले अहिले देखि नै ती रगतका रेखाहरूमा रबड रगेड्न शुरू गरेका छन्। अनि, तिनको आलोक–रश्मिको कूचो यस्ता व्यक्तिहरूका आयोजनहरू-को कूडा–करकट माथि पर्न थालेको छ। किन भने, उनीहरूको आनन्द नै प्रकाश हो, र प्रकाश नै आनन्द उनीहरूको हो।

यदि आफनो यस प्रकाशलाई ढाकेर उनीहरूले शक्तिलाई नै सामुन्ने राखेको भए, त उनीहरूलाई मानेको बराबर अपमान मेरोलागि अरु केही पनि हुन सक्तैन।

म जापान जाँदा खेरि मेरो जहाज तूफानमा पऱ्यो। म डेकमा बसेको थिएँ। मलाई खतम पार्न हावाको एउटा हलुको निश्वास नै प्रशस्त थियो, तर, श्याम–सागरको वक्षस्थलमा पागल आँधीको नाचको जुन आयोजन भइरहेको थियो त्यो त मेरो अन्तरको पागल मनलाई मत्त पार्नलाई नै थियो। त्यस समारोहको द्वारा नै एउटा पागलसँग अर्को पागलको रहस्यालाप सम्भव हुन सक्यो। मानि लिउँ, म कतै डुबेर मरि हालेको भए, के त्यो यसभन्दा ठूलो कुरा हुन्थ्यो? रुद्रवीणा बजाउने उस्तादले आफनो यस रुद्रवीणाको शागिर्दलाई फेनिल तरङ्ग–ताण्डवको बीच चक्र–वायुका द्रुततालको दुइएक तान सुनाइ दियो। अनि त्यही मैले 'तिमी मेरो आफनो हौ' भन्न सकेँ।

अमृतका दुइ अर्थ छन्; एउटा 'जुन मर्दैन,' अर्को जुन परम रस हो'। आनन्दले जुन रूप लिएको छ, त्यो भयो 'रस'। अमृत पनि यदि त्यही रस हो यने त फेरि रसको कुरा पुनरुक्ति मात्र हुन्छ। अतः यहाँ म अमृतको अर्थ 'जो मृत्युहीन छ' भन्दछु; अर्थात आनन्दले जहाँ रूप ग्रहण गरेको छ त्यहीँ त्यो प्रकाशले मृत्युलाई अतिक्रम गरेको छ। जसलाई हेऱ्यो, त्यही कालको डर देखाउँछ। तर, कालको राज्यमा बसेर पनि जसको उससँग असहयोग छ त्यो कहाँ छ?

अब हामी आफनो कुरामा आऔं। काव्य जो छन्दमा गाँसिइन्छ, रूपदक्ष जुन रूप–रचना गर्दछ त्यो यदि आनन्दकै प्रकाश हो भने, त त्यो मृत्युञ्जयी हो। यो 'रूपदक्ष' शब्द मैले नयाँ पाएको हूँ, एउटा प्राचीन शिलालिपिमा, 'आर्टिस्ट' शब्दको यो एउटा उत्कृष्ट प्रतिशब्द हो।

काव्य अथवा चित्रको त समाप्तिमा समाप्ति हुँदैन। मैले 'मेघदूत' सुने, चित्र हेरेर घर फर्के, तर मनमा कुनै किसिमको अवसाद त लिएर आइन। गाना जब 'सम'मा आएर थामिन्छ तब हामी गहिरो आनन्दले टाउको हल्लाउँदछौं। 'सम'को अर्थ हो अडिनु, त्यसमा आनन्द किन छ? किनभने आनन्द रूपलाई रोकेर रोकिँदैन। तर रूपिक्रा जब सिद्धिइन्छ तब त्यसको 'सम'मा हामी टाउको हल्लाएर 'अहा' भन्दैनौं।

गाना थामियो,—तैपनि त्यो शून्यको तरह, अन्धकारमैं किन थामिएन? यसको कारण छ, गीतमा एउटा यस्तो तत्व छ जुन सारा विश्वको आत्मामा छ, यसनिम्ति त्यो त्यही 'ॐ'को आश्रय लिएर थामिन्छ। त्यसकालागि कहीँ कुनै खाल्डो छैन। यस गीतलाई मैले नसुने पनि, प्रत्यक्षतः त्यसलाई कसैले ग्रहण गरून् या नगरून्, यसबाट केही बन्ने–बिग्रिने होइन। काव्य र चित्रमा नजाने कैयौं अमूल्य निधिहरू हराएका छन्। तर यो एउटा खाली बाहिरी घटना हो, एक आकस्मिक व्यापार। मूल कुरा जे छ त्यो के हो भने ती रचनाहरूले आनन्दको ऐश्वर्यलाई प्रकाशित गरेको छ, प्रयोजनको दीनतालाई होइन। यदि त्यस दीनताको स्वरूपलाई हेर्नु छ भने एक पटक जूटमिलहरूमा जाऔं, जहाँ गरीब किसानहरूको रगतलाई पाङ्ग्रामा पेलेर चक्रदोब्बर मुनाफामा परिणत गरिइन्छ। गङ्गाजीको तटमा वटवृक्षको आश्रयमा भएको त्यो पुरानो भग्नावशेष मंदिरलाई नासेर विराट मुख बाई जुन कारखाना आफ्नो अग्ला चिम्नीहरू द्वारा धूवाँ ओकलिरहेको छ त्यो कारखाना त्यस लुप्त भग्नावशेष मन्दिर भन्दा पनि मिथ्या छ। किनभने आनन्द–लोकमा त्यसकालागि ठाउँ छैन।

वसन्तमा राशिका राशि कोपिलाहरू झर्दछन्; त्यसमा कौनै डर छैन, किन भने यिनीहरूको क्षय हुँदैन। वसन्तका शाखाहरूमा अमृत छ। त्यसबाट रूपको नैवेद्य भरीपूर्ण हुन्छ। सृष्टिको प्रथम युगमा जुन भूकम्पका राँगाहरूले आफना सीङको हनाइले भूमिगर्भको तप्त पङ्कलाई बाहिर उडेलि रहेका थिए ती फेरि फर्केर आएनन्; रसातलको आवरण-लाई च्यातेर जुन अग्नि–नागिनी पृथ्वीको मेघाच्छन्न आकाशलाई डस्न चाहन्थी, थाह छैन, कुन बाँसुरीको कस्तो तान सुनेर त्यो शान्त भई। तर, हरियो घाँसको कोमल चुम्बनले आकाशको नीलो आँखा हमेशा ठण्डा भइरहन्छ। घाँस बराबर आउँदछ र हमेशा भइ नै रहन्छ। मेरो घरको ढोकाको नजिकै केही काँडे बिरूवा छन्; ती बिरूवामा वसन्त ऋतुको लाड–प्यारमा फूल फूल्दछन्। कण्टकारीको फूल। ती फूलका बैजनी रङको कोमल छातीमा तातो सुनको हलुका सुनौला छीटा परेको छ। आकाशतिर आँखा उठाएर जुन सूर्यको त्यस फूलले ध्यान गर्दछ, मानो त्यसको छातीमा त्यो ध्यान नै मीठो भएर टाँसिएको छ। यी फूलहरूको के ख्याति छ ? अनि किन यी झरी–झरीकन ढल्दैनन् ? तर त्यसले नोकशान के छ ? संसारका अनेक ठूलठूला पहलमानहरू देखि यी निर्भय छन् आफ्नै मनको आनन्द भित्र बस्दछन्। यी त अमृत हुन्। यी प्रकट नहुँदा पनि यी भइनै रहन्छन्।

महाकालको दरबारमा मृत्युको घनले पिटी–पिटीकन अमृतको जाँच हुन्छ। ईसाई पुराणमा ईसाको मृत्यु-सम्वादमा यही कुरा आउँदछ। के मृत्युको चोट खाएर नै उनको अमरताको शिखा उज्ज्वल भएर प्रकाशित भएन ? तर, एउटा कुरा सम्झनु पर्दछ, तिमी–हामीले टाउको हल्लाएर दिने सहमतिलाई ‘ अमृतको प्रकाश ’ भन्दैनन्। हाम्रो स्मृतिको परिमाणको अनुसार त्यसको अमृतत्वको परिमाण हुँदैन। यदि त्यसले पूर्णताको आविर्भावलाई आफ्नो छातीमा टाँसेर आएको छ भने, त क्षणमै त्यसले नित्यको छवि देखाइ दिएको छ भन्ने कुरा बुझ्नु पर्दछ। हाम्रो धारणा त्यसका आश्रय होइन।

हुन सक्छ यी सबै कुरा तत्वज्ञानको कोठामा गएर बसुन। म जस्तो एक अनाडी मान्छेले विश्वविद्यालयमा भएको तत्वज्ञानको आलोचनामा भाग लिनु नसुहाउने कुरा हो। तर, म अध्यापकको मञ्चमा यी कुरालाई भनिरहेको छैन। आफ्नो जीवनको अभिज्ञताले भित्र–बाहिरबाट रसको जुन परिचय मैले पाएको छु, त्यसैबाट मैले क्षण–क्षणमा आफ्ना प्रश्नहरूको उत्तर संग्रह गरेको छु। अनि तीनैलाई म यहाँ पारिरहेको छु। हामी सँग परमपुरूषलाई दिने एउटा संज्ञा छ, र त्यो हो सच्चिदानन्द। यस सँज्ञामा आनन्द नै अन्तिम कुरा छ, यसभन्दा बाहेक अरू केही होइन। त्यसै आनन्दमा प्रकाशको तत्व छ भने त 'कला द्वारा हाम्रो कुन हित–साधन हुन्छ अथवा हुँदैन' भन्ने प्रश्नको माने नै छैन।

कलकत्ता-विश्व विद्यालय
व्याख्यानमाला
१६ फागुन १६८० साल

हेनरी सिन क्री वीज—
( पोलयाण्ड )

# ' को भादि '

व्यसन र व्यभिचारले पूर्ण भएको नेरोको दर्बार भरीमा पेट्रोनियस मात्र एक व्यक्ति थिए, जस्लाई सौन्दर्य-चेत थियो। 'सौन्दर्यको पारखी' भन्ने उपाधि खुद सम्राट्‌ले नै उनलाई प्रदान गरेका थिए। पूर्णतया यिनले आफ्नो जीवन पाशविक व्यसनमा बिताएनन्। व्यसनाशक्त भोजभत्ता र मारकाट प्रति उनको मनमा जुन वैराग्य-भावनाको उत्पत्ति भयो त्यो कुनै नैतिक चेतनाको निर्देशनबाट नभएर केवल सुन्दर प्रतिको अभिरुचिबाट नै हुन आएको थियो। त्यसैले उनी प्रेमाशक्त भएका आफ्ना नातादार नवयुवक मार्कस भिनिसियसको प्रेमका समस्याहरू आफूलाई चाख र अभिरुचि नभए पनि एकोहोरो सुनिदिन्थे। कुनै एक पराजित जंगली राजाकी छोरी लिजियासँग मार्कस भिनिसियस मोहमुग्ध भएका थिए। यी राजकन्या लिजीया रोमन सेनापति ओलसको परिवारमा केवल आश्रय मात्र पाएर होइन कि त्यस आफ्नै छोरीझैं लाड-प्यार पाएर हुर्केकी थिइन्। धर्मात्मा र नैतिक चेत भएका ओलस परिवारले मार्कसकी रखौटी हुन लिजीया कदापि सुम्पने छैनन् भन्ने पेट्रोनियसलाई विश्वास थियो। तर आफ्नो शक्ति र दरबारको धाक जमाएर भने पनि प्रेमपीड़ित नवयुवक सेनापति मार्कसको आकांक्षा पूर्ण गरिदिने वचन उनले दिएका थिए।

पेट्रोनियस दृढ़ प्रतिज्ञ थिए। भोलिपल्टै राजमहलबाट ओलस परिवारलाई एउटा पत्र आयो। लिजीयाले राजमहलमा नगई सुख पाइनन्। शोकाकुल ओलस परिवारले अवश्यम्भावी खतरा देखेर चूँ सम्म गर्न नसकी लिजीयालाई पठाउन बाध्य हुनु पर्‍यो। उनीहरूले लिजीयाका सहेलीहरू र अङ्गरक्षकहरू समेत साथ लाएर पठाइदिए। यी अङ्गरक्षकहरू मध्ये एक जना अर्सस भन्ने लिजीयाको बालककाल-

देखिका ददा पनि थिये। यिनी बडा भीमकाय बलिष्ट लिजीयन पहलमान थिए; तर यिनको हृदय बालकको जस्तो सरल थियो। कालको मुखबाट बाँचे पनि कलङ्कको टीको लाउन यो केटी जाँदैछ भन्ने कुरा मनभरी बुझेर पनि लाचारीसाथ उनीहरूले लिजीयालाई बिदा गरे। त्यस समयका अरू रोमनहरूले जसरी लुकी–छिपी अर्कै धर्म र विश्वास अपनाएका थिए लिजीयाले पनि त्यही विश्वास र धर्मले आफूमा ढाढस बाँधेकी थिइन्—अर्थात् उनी क्रिस्तान धर्मकी अनुयायी थिइन्।

पूरा दुइ दिन सम्म उनले राजमहलमा बस्नु पर्‍यो। पहिलो दिनकै साँझमा अश्लील र व्यसनपूर्ण दरबारीया रंगमंचमा उनले सामेल हुनु पर्‍यो। जुन मार्कस भिनिसियसलाई उनले ओलसको घरमा देख्ता रूपवान, सुन्दर नवयुवक भने जस्तो लागेको थियो, आज उनैले एउटा बौलट्टी–जड्याँहाले गरे जस्तो गरी आफू सँग प्रेम–परिणय गर्न खोजेको देखेर उनको सातो गयो। असभ्य ढंगले आफूलाई हातपात गर्न लाग्दा आफनू बचाउ गर्न नसकेर उनी झण्डै मूर्च्छा परेकी थिइन्। अर्ससले तात्कालिक सुरक्षाको निम्ति उनलाई उनकै खोपीमा लगेर लुकाए। भोलिपल्ट लिजीयाको सम्पूर्ण आशा, भरोशा भताभुङ्ग भयो। कारण यो पर्‍यो कि आज बेलुकीपख उनलाई जबरजस्ती मार्कस भिनिसियसको घरमा लगिँदै छ भन्ने सुइँको पाइन। तर जब उनलाई पाल्कीमा हालेर लगिँदै थियो, सडकमा हूलदङ्गा मच्चियो। यही गोलमाल भएको मौका पारेर अर्सस आफनी युवती मालिकनीलाई लिएर सफलतासाथ छारतोस हुन सके।

हात परिसकेको माल उम्केर गएको र आफनो सारा प्रयत्न विफल भएको देख्ता मार्कस रीसले आगो भए। परिणाम स्वरूप आफना मित्रहरू सँग पनि उनी बेमिजास गर्न थाले र घरका मानिसहरू सँग त निष्ठुर नै भए। पेट्रोनियसले आफनी नीजी केरीया केटी यूनीस मार्कस-लाई उपहार स्वरूप भेट चढाए। उनले स्वीकार गरेनन्। खुद्दै यूनीसले पनि आफनो मालिकको घर छाडेर जाने मनशाय गरिनन्। यस दासीको

भूर्याइँ देखेर पेट्रोनियस छक्क परे। पछिबाट उनले बुझे कि उसको यो अचाक्ली लिंडे-ढिपी उने प्रति उसको आशक्ति हुनाले भएको हो। आज जब उनले अर्कै आँखाले उसको सौन्दर्य र प्रेमलाई केलाएर हेर्दा उनलाई यो अनुभव भयो कि जीवनमा एउटा अत्यन्त नै महत्वपूर्ण चीजलाई उनले त्यसै गुमाइ रहेका रहेछन्।

विरहले आकुल भएका आफ्ना नवयुवक नातादार भाइको खायसकालागि उनले लिजीयाको खोज खबर गर्न किलोनाइडिस भन्ने एक जना ग्रीक जासूसलाई नियुक्त गरे। उनलाई पहिल्यादेखि हिँड्दा किलोले एकजना क्रीस्पस भन्ने क्रिस्तानधर्मावलम्बी व्यक्तिको घरसम्म पुगेर लिजीया पनि क्रिस्तान नै पो रहिछन् भन्ने सुइँको फेला पाऱ्यो। सुन्नासाथै क्षणभर नटिकेर भिनिसियस त्यहाँ पुगिहाले र तत्काले त्यो केटी उनको हवाला गरियोस् भनी हाँक सुनाए। उनले अर्ससको गणना नै गरेनन्। यी जंगली पहलमान नवयुवक रोमनमाथि जाइलागे र मरणासन्न पारिहाले। होस फर्केपछि उनले देखे क्रिस्तानहरू आफ्ना सिद्धान्तका अटल अनुयायी भएर उनलाई घर आएका मित्रलाईझैं बड़ो स्नेहले सेवा र सुश्रुषा गरिहेका छन्। बिरामीबाट विस्तार-विस्तार उनी तङ्गीउन्जेल उसको सुश्रुषा गर्ने पनि तीनै लिजीया थिइन्। उनले कल्पना गरेभन्दा बढी भएर उनको हृदयमा कुमारी लिजीया प्रति उनको विशुद्ध प्रेमले स्थान जमायो। आफ्ना वरिपरि बस्ने क्रिस्तानहरूले बनाएका धर्मोपदेशहरू उनी चाख मानेर आदरपूर्वक सुन्न लागे। त्यस घरमा प्राय आवत-जावत गर्ने क्राइष्टका महा शिष्य पिटरको मधुर तथा शिष्ट व्यवहारबाट उनी प्रभावित भएका थिए। तर लिज़ीयाको हृदयमा भने घोर संघर्ष र सन्देहहरू उथल-पुथल भइरहेका थिए। उनले आफ्नो हृदय खोतलेर हेर्दा विधर्मी भिनिसियस प्रति आफू प्रेमाशक्त भइसकेकी पाइन्, र क्रिस्पसको सम्मति अनुसार उनी घर छाडेर भागिन्। रोगमुक्त भइसकेका भिनिसियसले उनलाई खोजे तर विफल हुनु पऱ्यो। उनले महाशिष्य पिटरसँग आफ्नो गुनासो पोखे। यी नवयुवकको सच्चाइबाट विचलित भएर उनले यी दुइको युगल

जोडीलाई स्वीकृति दिनाको साथै लिजीयालाई आफ्नोप्रेमीको बाहुलीमा सुम्पि पनि दिए।

यो शुभ–विवा सिद्धिएको मात्र थियो भिनिसियस आएन्टियममा बोलाइए—यहाँ सम्राट नेरो आमोदमा जाफत उडाइरहेका थिए। सम्राट प्रति दिन भ्रष्ट र अत्याचारी हुन थाले। अन्त्यमा उनको वहुलठ्ठी सनक पराकाष्ठामा पुग्यो। सम्राटले सम्पूर्ण रोम सहर नाश हुनेगरी आगो सल्काइदिने आदेश दिए। कारण उनलाई जलेको रोमको भग्नावशेष माथि यौटा गीत लेख्ने लहड लागेको थियो क्रोधित जनताले अपराधी चिन्ने माग गर्दा संत्रस्त सम्राटले क्रिस्तानहरूमाथि यस कुराको दोषारोपण गरे। अनगिन्ती क्रिस्तानहरू वेपरवाह सँग काटिए, मारिए। कैयौं दिनसम्म यो हत्याकाण्ड जारी रह्यो। भिनिसियस र पेट्रोनियसले आफ्नै सर्वनाशलाई अँगालेर बचाउने प्रयत्न गर्दा गर्दै पनि लिजीया कैदमा परिन्। उनको हत्या हुने दिन आइपुग्यो। यौटा जंगली साँढेसँग उनको ददा अर्ससले कुस्ती भिड्नु पर्ने भएको थियो। नैराश्यले विवश भएका भिनिसियस आफ्नी प्रियतमाको शीघ्रातिशीघ्र मृत्यु होओस् भनेर भगवानसँग पुकारा गर्द थे। तर अर्ससले जंगली साँढे माथि विजय पाए। कुमारी लिजीया र पहलमानले ज्यान माफी पाउनु पर्दछ भनी जम्मा भएको भीडले हल्ला मचायो यसो गर्न नेरोलाई करै लाग्यो। क्रिस्तान धर्म अपनाइ सकेका भिनिसियस लिज़ीयालाई लिएर सहरबाट भागे। क्रिस्तान धर्मलाई समर्थन गरे बापत सम्राटको अनुग्रहबाट च्यूत भएका पेट्रोनियसले सम्राट्को हुकूम बमोजिम सुन्दरी यूनीसलाई साथ लिएर आत्म–हत्या गरे। नेरो खुद आफैं पनि धेरै टिक्न पाएनन्। सारा जनता, दरबारीयाहरू नै, उनका मित्रहरू पनि उनको विरोधमा खडा भए। उनको बौलट्ठी र अत्याचार देखि वाक्क भएर, सबै मिली उनलाई गद्दीबाट च्यूत गराए। भारदारको अदालतले उनलाई प्राणदण्डको सजाँय सुनायो। आत्महत्या

गर्ने ह्याउ उनमा नहुनाले उनकी एउटी विश्वासी नोकरनीले ठूलो ममताले उनको हत्या गरिदिइन् ।

सन्त पिटरको जीवन पनि चाँडै नै अन्त्य भयो। आफ्ना अनुयायीहरूको करकापले सहरबाट भाग्दै जाँदा बाटोमा क्राइष्टको दर्शन पाए। पिटर्‌ले भने—"क्वो भादि ?" (कतातिर जानुहुन्छ प्रभो ?)। क्राइष्टले उत्तरमा भन्नु भयो—"म दोस्रो पटक फाँसीमा लट्किन जान लागेको छु।" पिटरलाई कर्तव्यको ज्ञान भयो। अनि आफ्ना अनुयायीहरूका साथै शहीद हुन उनी रोमतिर फर्के।

[ प्रस्तुत कर्ता—हरिहरनाथरेग्मी ]

*⟨⋯*⋯⟩*

# नगर्नै काम

— एण्टन चेखव

महाविद्यालयका मिगुएव भन्ने एक जना बहिदार बेलुकीपख टहलिँदै टहलिँदै टेलिग्राफको खम्बानेर आइपुगेपछि टिक्क उभिए र लामो सुस्केरा हाले। ठीक यहा ठाउँमा आजको हप्ता दिनअगाडि पहिले उनेको घरमा बसेकी नोकरनी एग्नियाले उनलाई फेला पारेर नराम्रोसंग च्याफ–च्याफती पारेकी थिई। "पख्लाउ, तिमीलाई, लाटा–सोझा केटीहरूको सर्वनाश पार्न भा,का तिमी, तिमीलाई कोई कोई पार्न मैले जानेकी छु,—हेरत बालक ल्याएर तिम्रो ढोकामा फ्यांकिदिन्छु। अनि गर्छु कारबाही बाँवै! हेरिराख, तिम्री स्वास्नीलाई गएर सारा पोल खोल्छु कि खोल्दिन!"

'पाँच हजार रूबल मेरो आफ्नो नामबाट बैंकमा जम्मा गरिदेऊ' भनेर उसले उनीसंग धरपकड् गरेकी थिई। यी सब कुरा मिगुएवले झलक संझे र लामो सुस्केरा ताने। क्षण भरको मूढ मतिले गर्दा आज यसरी अपसोच र चिन्ताग्रस्त हुनु परेकोले भित्रदेखि कोप्पिई कोप्पिई पछुतो गर्दै आफैलाई धिक्कार्न थाले।

मनमा यही कुरा खेलाउँदै उनी आफ्नो बङ्गलामा आइपुगे। ढोकाको खुड्किलामा थ्याच्च बसे। रातको ठीक १० बजेको समय हुँदो हो। बादलको एक छेउबाट चन्द्रमाको एक पाटा खुला देखिन्थ्यो। चुरोट सल्काउँ भनेर खल्तीमा सलाई छाम्दा कुहिनोले एउटा कुनै नरम चीजसंग ठेस लाग्यो र उनले आफ्नो दाहिने कुहिनोमा दृष्टि दिए। आफ्नो छेवैमा एकासि सर्प देखिँदा जसरी अत्तासिइन्छ उसैगरी तत्काल उनको आकृति आतङ्कले कालो नीलो भयो। उनले देखे—ढोकाकै छेरको खुड्किलामा कुनै कुराको पोको ठिङ्ग रहिरहेको छ! कुनै लाम्चिलो आकारको वस्तुलाई हवाको दोलाईले पत्याएर बेरेको जस्तो छ। पोकाको

एकछेउ अलिकता खुला हुनाले यी बहिदार महाशयले आफ्नो हात घुसारेर यसो छामी हेरे, अलि तातो र फेरि चिसो चिसो पनि भए जस्तो उनलाई लाग्यो। जेल फोडेर भाग्ने प्रयत्नमा लागेको अपराधी झैं संत्रस्त भएर आफ्नो चारैतिर आँखा घुमाउँदै छटपटी गर्न लागे।

क्रोधले दाह्रा किट्दै मुड्की उजाउँदै उनले भने " साँच्चै छाडेर नै गईछ त राँडीले। त्यो ...... त्यो ... हरे शिव शिव' मेरो घीनलाग्दो पापको पोको यही हो त ! "

'हरे दैव ! अब कसो गरूँ ! सारा भेद खुल्यो भने !! उनकी पत्नीले उनलाई के भन्लिन !!! अड्डाका साथीभाइहरूलाई कसरी मुख देखाउने हो ! नाक चेप्राउँदै महामहीमले पैतालाको मासु तालुमा पुग्ने गरी घोचेर भन्नेछन " हा ! हा ! श्यावास्। उमेर ढल्के पनि मन त तरुनै छ हो कि ? ...... सेम्योन् इराग्रो विच् ! तँ-तँ ... बदमासको घण्टो ! " यी सब कसरी खपूँ ! सारा ग्रीष्मकालीन आगन्तुकहरूको फौजको अगाडि यस कुराको भण्डाफोर नभई छाड्ने छैन ! अब उप्रान्त घरानिया परिवारहरूमा मलाई ठाडै ढोका बन्द नहोला र !! यस्ता घटनाहरू प्रायशः पत्रिकाहरूमा प्रकाशित हुन्छन– के त अब मिगुएवको तुच्छातितुच्छ नाम समस्त रसियामा फैलिइन्छ त !!! यी सब कुरा मनमा खेलाएर उनी भय, क्रोध र लज्जा अनि .......... ले शिथिल भए।

बङ्गलाको बीचको भयाल खुलै रहेछ। उनकी पत्नी आन्ना फिलिपोवनाले भोजनको निमित्त टेबुल सजाएर राख्न लागेको स्पष्ट-संग उनी सुनिरहेका थिए। चोकको मूलढोकाको छेवैमा बसेर ढोके यर्मोले तीनकुने तारको बाजामा शोकपूर्ण धुन छेडिरहेको थियो। अब बाजाको अवाजमा बच्चा बिउँझेर च्याँहा च्याँहा रोइदियो भने सारा कुराको रहस्य खुल्ने भयो शीघ्रातिशीघ्र कुनै कार्य गरिनहालेमा फसाद आइलाग्ने देखेर मिगुएव आकुल-व्याकुल भए। " छिटो छिटो कसैले देख्नुभन्दा अगावै यो बालकलाई लगेर कसैको ढोकामा राखि-दिन्छु। "

मिगुएलले एक हातले पोको उचाले। कसैले झट्ट देखेर शङ्का नगरोस् भन्नाका हेतुले स्वाभाविक ढंगमा सरासर सडकतिर निस्के।

कति पनि कुनै असर नपरे जस्तो भान पार्न खोज्दै उनले घोत्लिएर सोचे– " कहीं नभएको कस्तो घीनलाग्दो परिस्थिति यो ! छीः छीः छीः, महाविद्यालयको इज्जतदार कर्मचारी आज बच्चा बोकेर सडक सडक घुमुँ– छीः छी ! कसैले मलाई यस परिस्थितिमा देखेर सब कुरा बुझिदिए भने !! त्राहि गोविन्द बाबा ! मेरो··· मेरो··· भैगयो··· भइनै हाल्यो ! बरु यही ढोकामा पो छाडिदिउँ क्यार यस्लाई त !······ हरे ! हरे ! कसरी गर्नु होला ए यस्तो त ! भयालहरू सब खुलैछन्– सायद् मानिसहरू हेरिरहेका पो छन् कि ! धिक्कार ! कहा छोडुँ यसलाई ! अँ ! माएलिकन साहूहरूको घरमा लैजानु पर्‍यो क्यार ! उनीहरू धनी पनि छन्– सहृदय पनि छन्। खुसीसाथ बालकलाई काख लिइदिन के बेर छ र ! "

यद्यपि माएलिकन साहूहरूको घर, नदीको किनार नजीकको टाढा सडकमा पर्दथ्यो तापनि, मिगुएलले बालकलाई त्यहीँ छिट्टा लाइदिने मसक आँट गरे। उनी मनमनै गम्न लागे " यसले हात–खुट्टा फ्याँकेर च्याहाँ च्याहाँ नगरिदिए कस्तो रमाइलो करामात हुन्थ्यो बा ! साच्चै कस्तो हो कि ! एउटा मामुली कागत–पत्र हाल्ने ब्याग च्यापे झैं म आज एउटा मनुष्य–प्राणीलाई काखीमनि च्यापिरहेछु। अरू सबै जस्तो जिउँदो–जाग्दो, आत्मा र चेतन भएको, एक मनुष्य–प्राणीलाई च्याप्दै छु········ जनी गर ! दैव !— माएलिकनहरूले यसलाई काख लिइदिए भने बिचरो मानिस त हुन्थ्यो········ ! के बेर छ र ! उ अध्यापक होओस् वा नामी सेनापति होओस् वा ग्रन्थ कारै पो हुन सक्छ कि ! आज म भने यसलाई फोहर–मैलाको पोको झैँ घिच्याइरहेको छु। हुन सक्छ के ! आजको ३०।४० वर्षपछि उसको सन्मुख पर्ने आँट ममा नआओस्······ "

कागतीको बोटहरूको कालो, बाक्लो छायाँमा लम्बे बारहरूको बगलैबगल निर्जन र संकीर्ण गल्लीमा हिँड्दा हिँड्दै मिगुएलको मनमा

'मैले ठूलो निर्दयता र पाप गरिरहेछु' भन्ने लाग्यो ।

"हरे ! राम ! राम ! कस्तो नीचपन ! यो भन्दा बढी अर्को कुन चाहिँ नीच कर्म हुन सक्ला भनी सोच्नु त ! मैले किन यस बिचरा बालकलाई एकबाट अर्को ठोकामा घिच्याइरहेको ! यसको जन्म भयो—यसको अपराध जरूर होइन ! यसबाट मलाई कुन हानी भयो भनी म सोचूँ ! धिक्कार ! बदमास हामी ! पापी हामी ! मोज मज्जा गर्छौं हामीहरू, दण्ड भोग्ने बिचरा निरपराध दुधे बालकहरू ! छीः छीः सोच्दा पनि आफैसंग रिस उठेर आउँछ—भूल गर्ने म, निर्मम दैवको मार यो अज्ञान बालकले भोग्नुपर्छ ! मापलिकनहरूको हिसा त म लाउँला सही, तर उनीहरूले यसलाई अनाथाश्रममा नपठाउलान र ! जरूर पठाउँछन, अनि यान्त्रिक नियमको परिपाटीमा को को को को अपरिचितहरूका माँझमा परेर यो हुर्कला । यसले न प्रेम, न माया न आत्मियता पाउनेछ कहीँ ...... अनि ... अनि पक्कै जुत्ता सिउने सार्कीको व्यवशायमा तालिम पाउन यसले बाध्य हुनुपर्दछ ! हरे शिव ! रक्सी धोक्न शुरू गर्ला, अश्लील फोहर गाली शिक्ला, हुन सक्छ भोकभोकै पर्ला ! इज्जतदार, कुल-घरानियाँ महाविद्यालयको कर्मचारीको छोरो सार्की बनोस् त ! ...... राम राम ........ यो त मेरो रगत र मासु पो त ए ............ "

कापतीका बोटको छायाँलाई पार गरिसकेर उनी टहटह जून लागिरहेको सडकमा आइपुगे। अनि, सिगुण्वले पोको फुकाए। बालकको मुखमा एकपल्ट टुलुक्क हेरे ।

अनि बिस्तारै गुनगुनाउँदै भने " आम्मै ! हेरन सुतेको ! साह्रो चोर भाते तँ ! आम्मै ! नाक त लौ दुरुस्त आफ्नै बाबुको जस्तै—मुने मेरै जस्तो पो रहेछ, होकि, चित्तिरी ! मिन्द्रामा छ बरा ! आफ्नो बाबुले आफूलाई हेरिरहेको उसलाई पत्तो छैन ...... उफ् ... यो सब नाटक हो केटा ! ...... मलाई क्षमा गरेस् केटा ! ...... क्षमा गरेस् है ! तेरो भाग्य त यै ! ...... "

यसो भनी हेर्दा यी बहिदार महाशयलाई साह्रा शरीरका इन्द्रियहरू निमोठिए कि जस्तो प्रतीत भयो। हत्तरपत्त बालकलाई कपड़ाले बेरेर काखीमनि च्यापदै लम्के। माएल्किनको घर नआइपुगुन्जेल बाटाभरी उनको टाउकोमा यस्तै व्यावहारिक र सामाजिक प्रश्नहरू उब्जदै विलाउँदै गर्न लागे। उनको छातीभित्र चित्त कुँढिइरहेको थियो। " म असल् नेक मानिस हुँदो हुँ त सब कुरालाई पैतालामनि हालेर यस बालकलाई आना फिलिपावनाको काखमा सुम्पेर मैले भन्नुपर्दथ्यो— माफ गर, मैले घोर पाप गरें, जो दण्ड दिन्छयौ मलाई देऊ,यो निरपराध, अज्ञान बालकको हत्या हामी नगरौं। के भयो त— हाम्रो पनि त सन्तान छैन नि यसैलाई हामीले काख किन नलिनु ? " उनी जाती छन् जरूर स्वीकार गर्नेछन् अनि आफ्नो सन्तान आफैसंग रहन्छ नि...... "

उनी माएल्किन्को घरनेर आइपुगेर एक छिन के गरूँ कसो गरूँ भएर ठिङ्ग उभिइरहे। एक छिन आफूलाई आफ्नै बैठकमा बसेर पत्रिका पढ्न लागेको र नजीकै एउटा सुलुत्त नाक भएको सानु केटो आफ्नो ड्रेसिङ्-गाउनको फुर्कासंग खेल्न लागेको कल्पना गरे। यस कल्पनालाई पनि छेडेर उनको मस्तिष्कमा उनका अड्डाका साथीहरूले आँखा झिम्क्याएर खिस्सी गरेको, महामहिमले ठिंठिं गर्दै मुटुसम्म चिम्ने गरी भनेको तस्वीर उत्रन थाले। चित्त काटिई रहे तापनि उनको छातीभित्र न्यानोपन, खेद र कोमलता एकै स्थानमा मुछिएको थियो।

बड़ो सतर्क भएर बालकलाई बरण्डाको खुड्किलोमा राखिदिए। अनि विदाइ-सूचक ढंगले हात हल्लाए। फेरि एकपल्ट मुखमा गाँठो परेर सिरिङ्ग भए जस्तो लाग्यो। उनले अलि गाँठो पारेर भने " माफ गरेस् केटा! म पापी हुँ! कर्म चण्डाल हुँ! मेरो विरूद्धमा कुनै खराबी नसोचेस् हैं बाबै! " उनी फर्केर जान पछाडी त हटे, तर...... घाँटी सफा गर्दै उनले भनेः—

" आः! जसो होला होला, किजात् परवाह राखे! भन्ने मोराहरूको मुख कहाँ थुन्न सकिन्छ! बालक त नलिई म ज्यान गए पनि जान्न! "

मिगुएल्ले बालकलाई टपक्क टिपेर लमलम लम्कँदै अगाडि बढे।

"मेरो कुरा काटिरहुन सही–मैले त सरासर गएर घुँडा टेकेर आना फिलिपावनासंग पुकारा गर्नु छ। उनी जाती छिन, पक्का पनि मेरो परिस्थिति बुझिदिने छन्……।

अनि हामी दुवै मिलेर बालकलाई माथि लिएर जाउँला…… छोरो रहेछ भने ब्लाडिमीर र छोरी रहिछ भने आना नाम राख्नुपर्ला! जेहोस हामी दुवैको बुढेस्कालमा सुख त होला।"

उनले आँटेको कुरा पुऱ्याए पनि। डर र लाजले नीलो-कालो हुँदै आँखाबाट बर्बर आँसु चुहाउँदै उनी बङ्गलाभित्र पसे। उनको मनमा आँटेको कुरा पुगिहाल्दछ कि भन्ने आश पनि थियो। चिताएको कुरा पुगेमा हुने परम सुखको अस्पष्ट चेत एनि थियो। उनी आफ्नो पत्नीको छेउमा पुगे। उनको अगाडि घुँडा मारेर बसे। बालकलाई भूइँमा राखेर सुँक सुँक गर्दै उनीसंग भन्न लागे:—"आना फिलिपावना! पहिले मेरो कुरा सुनिदिने, उनिगर, अनि जे उचित सजायँ छ, देऊ…… मैले घोर पाप गरेँ……यो मेरो बालक हो……एग्नियालाई संझन्छ्यौ तिमी? त्यसै रौंडीले गर्दा मलाई यो भुक्तमान पारी……"

शरम र डरले उनी झण्डै बेहोशै थिए। पत्नीबाट जवाफको प्रतीक्षासम्म पनि नगरी जुरुक्क उठे। बेमरी पिटाइ खाएको मानिस झैं उनी दगुरेर बेजोड्ले बाहिर निस्के।

"उनले फेरि नबोलाएसम्म म यहीँ बाहिर पर्खिरहन्छु। त्यति बेर उनी सह्मालिएर केही सोच-विचार गर्ने मौका लिऊन"

तीन कुने बाजा हातमा लिएको ढोके यर्मोले उनको नगीचैबाट गयो। उनको मुखमा पुलुक हेरेर कुम जर्कायो। एक मिनट पछि फेरि फर्केर आयो र फेरि कुम जर्कायो।

किच दाँत देखाएर उसले गनगनाउँदै भन्यो—"कस्तो रमिता भयो यहाँ! सुन्नु' भयो कैले हजूर! हाम्री धोबिनी आएक्सीन्या

भर्खर यहीं थिई, मालिक ! मोरीले आफ्नो बालक यही खुड्किलोमा छोडी छ। आफूचाहिँ मसंग मित्रपट्टि कुरा गर्दै थिई। कुन चाहिँ स्वाँठले बच्चा टिपेर कुलेलम भएछ……के थाह पाउनु र त्यस्तो होला भनेर !"

एकदम डाँकोले निलेर मिगुएल्ले भने—"के रे ? के भनेको रे तैंले ?"

यमीलेले आफ्नो मालिकको सन्काईको मतलब आफ्नै ढंगले अर्थ लगायो र कपाल कन्याउँदै लामो सुस्केरा हाल्यो, अनि भन्यो—"साह्रै अफसोच छ हजुर ! आज कल गर्मीको छुट्टी छ……एउटी आइमाई नभई…नभई त सकिँदै नसकिने……मालिकसंग धक लाग्छ…खै।" क्रोध र बिस्मयले आफूलाई ट्वालट्वालति मालिकले एकोहरो हेरिरहेको देखेर र आफू दोषी पक्डिएकोले पनि अलि अकमकिएर उसले खकार्दै भन्यो :—

"के गर्नु, जुर ! यसो गर्नु अपराध नै हो हुन त—तर के लाग्दो-रहेछ र ! बाहिरिया मानिसहरू घरभित्र ल्याउन हजुरबाट मनाही गरिबक्सेको थियो। मलाई थाह पनि छ, तर के गर्नु र; हालसालै आफ्नै चिना-पर्चीका पनि कोही नै भएनन्। एग्निया छँदा भने मकहाँ अरू कुनै पनि आइमाइहरू आउँदैन थिए। छ न त घरमा एउटी थिइ नै ! तर अहिले चाहिँ खै के भनुँ हजुर ! सबै आफैँ बुझिबक्सियोस् न……। बाहिरिया नल्याई त सकिँदै नसकिने। एग्निया छँदा त यस्तो कुनै…" भूइँमा जोडले खुट्टा ठटाउदै मिगुएल्ले चड्केर भने—"घस्की जा पाजी !" अनि उनी सरासर आफ्नो कोठातिर लागे।

क्रोधित तथा आश्चर्यचकित आनाफिलिपावना पहिले कै आसनमा बसेकीबस्यै थिइन्। आँसुले लथपथ भएको उनको आँखा बालकमाथि केन्द्रित थिए।

फुस्रो चेहरामा जबरजस्ती मुसुक हाँस्न कोशीश गर्दै अलि

काक् काक् गर्दै मिगुएलले उनीसंग भने—" भो, भैगो, यो सब त मैले ख्याल ठट्टा पो गर्न खोजेको त ······· केवल हँस्सी मात्र गर्न खोजेको हो—अरू केही हैन ······ यो त ··· धोबिनीको बच्चा पो त ······ मैले ······ मैले तिमीसंग जिस्किने चेष्टा मात्र गरेको ··· यसलाई उठाएर ढोकेलाई बुझाइ देऊ।"

[ अनुवादकः— हरिहरनाथ रेग्मी ]

# संपादकीय

अब यस २०१३ सालको शानदार प्रारंभका शुभ लक्षणहरू तर्फ पाठक वर्गको ध्यानाकर्षण गर्दै, सर्वांगीन राष्ट्रउन्नति, जनविकाश, तथा साहित्यिक पुनरुद्दीपनका लागि आफ्ना हार्दिक शुभकामना चढाउन पाउनु हामी आफ्नो सौभाग्य संझन्छौं। नवश्रृंगार सुशोभिता प्रकृति आफ्ना अनुपम छटा चारौं तरफ देखाएर, राजाहरूका शिरोमणी, नेपाली प्रजातंत्रका युगका प्रवर्तक, विश्व इतिहासका पानामा एक अप्रतिभ उदाहरण, स्वर्गीय श्री ५ त्रिभुवनका अन्तरात्माका अंशसिद्ध अभिलापालाई परिपूर्णता तर्फ बढाउने सच्चा चेष्टा लिएका बढाँका योग्य सुपुत्र प्रजातंत्र प्रेमी, राष्ट्र विधाता, देशनिर्माता श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवका शुभ राज्याभिषेकको धूमधामको अवसरका लागि, अलिगुंजन तथा पुष्पप्रस्फोटनका सांकेतिक चेष्टाहरू साथ, पर्वत, उपत्यकामा एक अभूपूर्व सजीवताले प्रसन्न देखिन्छिन्। हाम्रो आशा र विश्वास छ कि यो वर्ष नेपाली साहित्य कलाका क्षेत्रमा एक सुनौला युगको प्रारंभिक संवत्सर रहने छ।

हामी वालुवा माथि विश्वासको सदन निर्माण गर्दैनौं हाम्रा ठोस आधारहरू अवश्य छन्। हामी केवल शुभ राज्याभिषेकका रंगीचंगी झिलिमिलि आतसवाजीले मात्र आनन्दले उन्मत्त हुने किसिमका बालक वर्गको बीचमा छैनौं। राजकीय विधिविधान र शान, रवाफ एक औपचारिक आवश्यकता मानिन्छन्। तर यस उज्यालो धूमधामलाई हामीले ता विशाल-गौरवका महाकार्यहरू, जो साथ साथ शुरू भइरहेछन्, तिनको प्रारंभको खुशियालीको बाहिरी उज्यालो भन्दा बाहेक अरूकुरा मानेका छैनौं। नेपाली साहित्य एकाड्मी प्रति श्री ५ महाराजाधिराजको तत्परताको प्रतिज्ञा तथा हृदयाल्हादक सदीच्छा, जो यसका निर्माणार्थ प्रारंभिक समितिका अध्यक्ष द्वारा हामीमा

विदित हुन आएको छ; एक यस्तो वस्तु हो जसको मूल्यको कदापि अत्युक्ति हुनशक्ने छैन यस्तो एक एकाडमी प्रजातंत्र नेपालको परम आवश्यकता थियो। हाम्रा वर्तमान नरेशमा हामी कवि र कलाकार समेत जो पाइरहे छौं, सो हाम्रो वर्तमान युगको परम सौभाग्य हो। साहित्यिक तथा कलाकारहरूले आफ्नो भित्री मर्म बुझ्न शक्ने एक युगनिर्माता भावुक राजा पाएका छन्। यस युगमा पनि सरस्वतीले अंधा गल्लीमा बसेर रूनु पर्‍यो भने हामी फेरि विवेकको पूजा गर्न छाड्ने छौं। एकाडमीले कसरी कलात्मक तथा साहित्यिक सिर्जनाको स्तरको उत्थान गरी, प्रतिभाको आत्माबाट उत्तम र उत्कृष्ट वस्तु खिच्ने काम गर्दछ; कसरी प्रतिभा र विद्वत्ताको सभ्ययुग सुहाउँदो कदर गर्दछ, कसरी एक राष्ट्रिय भाषा तथा भावना द्वारा सर्व जातिलाई एक सुनौला सूत्रमा सम्बद्ध गरी, टूटफूटले सताउन लागेको नेपाल राष्ट्रलाई एक विशाल एकतामा ल्याउन सक्छ; कसरी आधा जसो प्रवासी नेपालीलाई मातृभाषा तथा मातृभूमि संझी नेपाली रहीरहन शिकाउँछ; कसरी यसले उदीयमान प्रतिभालाई प्रोत्साहन दिएर निजी स्थान भविष्यमा लिन शिकाउँछ; कसरी यस्तो एकाडमी रहनाले, श्री ५ महेन्द्रले प्रजाका चमत्कारी कलम द्वारा त्यही राष्ट्र निर्माणको काम आर्को तवरले गरिबक्सने छ जो श्री ५ पृथ्वीनारायण शाहले अगाडि नेपालीको विजुली तरवार द्वारा गर्न शक्नु भएथ्यो; कसरी सभ्य संसारमा नेपाली मस्तिष्कको चमत्कृति दर्शाएर विश्वको प्रगतिशील इतिहासमा नेपालीको निजी हिस्सा बढ्न जाने छ; ई सब कुरा हामीले यहाँ विस्तृत व्याख्यान गर्नको शायद जरूरत पर्दैन। यत्ति हामी आशा गर्न शक्छौं कि यस एकाडमीका लागि अधिकार पत्रको घोषणा शीघ्र हुनजाला तथा शुभ राज्याभिषेकको सुनमा यसले सुगंध थप्ला; र कि साहित्य, कला क्षेत्रका निर्विवाद प्रतिष्ठाका व्यक्तित्वहरू मात्र यसका प्राथमिक सदस्यका हैसियतमा कदर साथ मनोनीत हुनेछन्।

आर्को तरफ श्री ५ राजनामाबाट त्रिभुवन विश्वविद्यालयको लागि प्रारंभिक खर्च प्रदान गरिबक्सेको र त्यसको शिलान्यास शीघ्र गरिबक्सिने घोषणा गरिबक्सेकोमा, नेपाली जनता समस्त हर्षोत्फुल्ल भएको छ। दुइ कोटी आँखा एकबार रसाएर आएका छन्। श्री ५ त्रिभुवनको आत्मा यस युगको सर्वोच्च नांगो तारा जस्तो देखिन आएको छ, जसले सर्वस्व त्याग गरी, राष्ट्रलाई अनंतकाल ऋणी बनाई, केवल ज्योतिको रूपमा अखंड धपधपाकार मात्र लिएको छ। राजमातालाई हामी नेपाली विन्ति चढाउन शक्छौँ—

" कुपुत्रो जायेत क्वचिदपि कुमाता नभवति " यस महान् कार्यका प्रति हाम्रो भावना दर्शाउन हामी अरू लवज पाउन्नौं उपर्युक्त एकाडमी तथा विश्वविद्यालय मात्र पनि नेपाल राष्ट्रका इतिहासमा यस्ता अपूर्व देन हुनेछन् जसले नेपाली जाति-नै विशाल उन्नतिको ऊँचाइमा पुग्ने बाटो पाएर आध्यात्मिक सगरमाथा चढ्न सचेष्ट मात्र रहने छैनकि आरोहणको विजय पनि दूर भविष्यमा प्राप्त गर्नशक्ने छ। यस साललाई हामी बौद्धिक उद्दीपनको साल भनेर अंकित गर्न शक्छौं। भौतिक उन्नतिका छायाहरू यसपछि दुगुरेर आएका पनि हामी अवश्य देख्ने छौं। हामी भविष्य वेत्ता नभए पनि, यी भविष्यवाणी वैज्ञानिक तथा मनो वैज्ञानिक आधारमा रहेकाछन् भन्ने हाम्रो पूरा विश्वास छ। हामी प्रगतिका लेखक तथा पाठक वर्गको ध्यान आर्को तर्फ पनि आकर्षण गर्न चाहन्छौं। श्री मती कमलशाहबाट दिइने १२ सालका सर्वोत्तम रचनाको कमल पुरस्कार शुभराज्याभिषेक समयको पछि प्रदान गर्ने हाम्रो विचार भएको छ। के हामी फेरि साहित्य प्रेमी महाराज श्री ३ जुद्धकी यी सुपुत्रीलाई वहाँको साहित्य प्रेमको यस्तो प्रशंसनीय भावनाका लागि फेरि औ फेरि धन्यवाद नचढाँउ ? अहा ! यस्तो आदर्श दृष्टान्त गुणन गर्न पाए, के हाम्री भाषा रूँदी हुन् त ?

ग्राहक-वर्ग तरफ प्रगतिले प्रगति नाम सार्थक बनाउनु यहाँहरूमा आधारित छ। हामीहरूले वार्षिक चन्दा पाउन ढीलो हुनजाँदा, यसको

प्रगति गर्न शक्तैनौं भन्ने कुरा यहाँहरूलाई हामीले दोहऱ्याइ रहनु पर्ने कुरो होइन। अभावुकतालाई हामी मानव मृत्यु संझन्छौं—विशेष यो साहित्य कलाका क्षेत्रमा भाषा प्रति सहृदयता नै नेपाली मात्रको नेपालीयता हो। जावो चन्दा प्रदान गर्ने विषय वहाँहरू झंझटका बीचमा भुलन शक्नु हुन्छ। त्यसो भए दिनको एकवार प्रातः कालमा सरस्वतीको पाठ गर्दा नेपाली भाषा र साहित्य उनको हामी तर्फको सजीव अंग संझिदिनु होस्. जसको एक हिस्सा प्रगति हो। आजको जागृति कालमा एक प्रधान साहित्यिक पत्रिकाको कदर या पोषण गर्न नजान्नु भावनाहीनताको महापाप हुने छ। के हामी मंत्रिवर्ग तर्फ पनि यो उजूर नगरौं कि जन प्रतिनिधिका स्वरूपमा खडा हुन आएर वहाँहरूले एक प्रतिठित साहित्यिक पत्रिका "प्रगति" प्रति त्यति मात्राको सहायक भावना देखाउनु भएको छैन जत्ति राणाहरूका पालामा "शारदा" ले पाएको थियो? यस प्रारंभिक संकटकोलिन अवस्थामा के यस साहित्यिक पत्रिकाका वांछनीय संख्या नेपाल सरकारले खरीद गरेर वितरण गरिदिन शिकाइरहनु पर्ने कुरा होला?

नरेन्द्र यंत्रालय काशी